अमेरिकाको विश्व–सम्राट बन्ने गोप्य योजना !

# मूल्याङ्कन

विचार - अन्तर्क्रियामुखी मासिक

चैत्र–बैशाख
२०४९/५०



रु.१०/-

बेल्जियमका कम्युनिष्ट नेता
सँग अन्तरवार्ता

बांग्लादेशमा
कम्युनिष्ट आन्दोलन
री
घि बढीरहेछ ?

लोड-सेडिङ्ग
किन ?

## संझना दहालको शहादतले
## आन्दोलनसँग के मागेको छ ?

# NEPAL GRINDLAYS BANK

CONNECTING THE ANZ GROUPS EXTENSIVE INTERNATIONAL NETWORK WITH IT'S GROWING NATIONAL PRESENCE IN NEPAL

## NEPAL GRINDLAYS BANK


ACROSS THE GLOBE - AROUND THE NATION
BRINGING INTERNATIONAL STANDARD BANKING SERVICES TO THE KINGDOM OF NEPAL.

" THE BETTER BANK "

MEMBER ANZ GROUP

# नसुर्ताउनुहोस !

बलियो, टीकाऊ र स्तरीय टायरहरुका लागि
अब विदेशको मुख ताक्नु पर्ने दिनहरु गए ।



स्वदेशी श्रम, पूंजी र सीपबाटै
अब नेपालमा
उच्च स्तरीय टायरहरुको उत्पादन प्रारम्भ भइसकेको छ ।
जुनसुकै सवारी साधन र सडक स्थितिका लागि
भरपर्दो, टिकाऊ र अन्तर्राष्ट्रिय गुणस्तरको
नेपाली टायरहरु प्रयोग गरी निर्धक्क हुनुहोस् ।

स्वदेश भनौं
स्वदेशी
प्रयोग गरौं ।

गोरखकाली रबर उद्योग लिमिटेड

यस भित्र


# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

वर्ष: ११, पूर्णाङ्क: ११
२०४९/५० चैत-बैशाख



## संझना दहालको शहादतले आन्दोलनसंग के मागेको छ ?


**संझना दहाल–हत्या काण्ड स्थलगत विवरण**

## सडक-संघर्षका लागि जनता र कार्यकर्ता तयार तर नेतृत्व बेतयार!

हालको संघर्ष स्थगनबारे क. चित्र ब. के.सी., क. रोहित क. माधव नेपाल, क. सी.पी. मैनाली र क. लिलामणि पोखरेलका विचारहरु ६-१२







क. गोदेरीस गीर्ट


- o वांगलादेशमा कम्युनिष्ट आन्दोलन कसरी अघि बढ्दैछ ? २०
- o भारतमा हाल कुन कुन सांस्कृतिक धाराहरु विद्यमान छन् ? का. कंचनकुमारसंग कुराकानी ३०
- o "दाइजो नलिऔं अंश लिऔं" - महिला दिवसका उल्लेखनीय प्रसंगहरु १७
- o हालको लोड सेडिङ्गको जरो कारण के हो ? १३
- o कर्मचारी संगठनका संयोजक सीताराम नेपालसंग कुराकानी - ३७
- o सन्धि ऐनमा संसोधन किन गरिदै छ ? - ३८

o समाजवादको असफलता: वेल्जियमका कम्युनिष्ट नेताको आँखामा

**घटना-प्रवाह**
जर्मनीमा गोञ्जालो प्रतिरक्षार्थ भेला - ५
नेकपा संयुक्तको महाधिवेशन - ३९
भरत देवकोटाको हत्या र राजनीति - ३९
स्यावास उत्तर कोरिया - ४०
रुसमा खाली भाँडाको जुलूस - १६

**नीति/संस्कृति**
होली ! परपीडक संस्कृति - चन्द्रदेव नेपाली - १९

**दर्शन /दिग्दर्शन**
विचार कसरी बनाउने ? - प्रज्ञानरत्न -३१

**धारणा**
चेतना स्तर कि हठवाद ? - डि. आर. पोखरेल - ३२

**आँखी झ्याल**
पूँजीवादी मुलुकको ताजा हाल - १४

**अन्तर्क्रिया**
नेपाली कम्युनिष्ट आन्दोलनका आधारभूत समस्याहरु: ६ जना नेताहरुको विचारको सार - ३५

**साहित्य**
पारिजातको कविता - २९

**विश्व -कम्युनिष्ट आन्दोलन**
कम्युनिष्टहरुको अन्तर्राष्ट्रिय स्कूल - १४
यूक्रेन कम्युनिष्ट पार्टी-महाधिवेशन -१८
रुसी कम्युनिष्टहरु एकीकरणतिर - ३६

**जन- जीवन**
बंधुवा र खेतीहर मजदूरहरु - १५

**जन-स्वास्थ्य**
क्यान्सरबाट बच्न के गर्नु पर्छ - २८

**खेलकूद**
टेनिस जगतमा देब्रेहरुको कमाल - कुमार लामा - २७

**विज्ञान- प्रविधि**
प्राथमिक कण र पदार्थको बनावट डा. केदार खनाल - ३३
१९९२ का नयाँ वैज्ञानिक आविष्कारहरु - ३३
पृथ्वीमा ठक्कर लाग्न आउने नयाँ उपग्रह - ३४

**पर्दा/रंगमंच**
"सिम्मा" पछिको "क हाली" - २६
पाकिस्तानी टेलिफिल्म "कसक" - २९
फिल्म "मनोकामना" - २८

**पाठकको कुरो ४६**

**हाम्रो मूल्यांकन - ४**





## विश्व-सम्राट बन्ने अमेरिकी गोप्य योजना, जुन गोप्य रहेन २४



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

**व्यवस्थापन सहयोगी**
वेख बहादुर महर्जन

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.का लागि सवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
**"मूल्यांकन" मासिक**
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, भोछें, ख-२,२३७
काठमाडौं- २३
फोन २१३६९४
पो.व.नं. ३०२६ काठमाडौं

*आवरण फोटो: स्व. संझना दहाल/ फोटो सौज्न्य अ.ने.रा.स्व.वि.यू. (हितमान शाक्य) /फोटो: ए.बी.सी. फोटो, बागबजार /। /कला दिलीप महर्जन, संघराम महर्जन*
*कम्प्युटर सेटिङ: मल्टी च्यानल कम्प्युटर, बागबजार / मुद्रण: शिवशक्ति प्रिन्टर्स प्रा.लि., बागबजार /*

## हाम्रो मूल्याङ्कन

# चैत्र १ को "उपत्यका बन्द" पछि

*छ वटा वामपन्थी पार्टीहरुको संयुक्त पहलमा गिरिजा सरकारको राष्ट्रघात, संविधान घात र महँगीको सवाललाई लिएर भएको चैत्र १ को उपत्यका बन्द अत्यन्त सफल रह्यो । बन्दमा आम जनताले देखाएको समर्थन र सक्रिय सहभागिताले विशाल जनमत कतापट्टि छ भन्ने कुरा प्रष्ट पारेको छ ।*

*नेपाली कांग्रेस खुदै पनि आफू सत्तामा नरहँदा जायज मागहरुमा यस्तै बन्दहरुको आयोजना गर्ने गर्थ्यो । गएको आन्दोलनमै उसले यस्तो कार्यक्रमको आयोजना गरेको थियो । तर सत्तामा आएपछि उसले विपक्षले जायज मागमा गरेको बन्दप्रति त्यस्तै व्यवहार गऱ्यो, जस्तो पंचायती तानाशाहीले गर्ने गर्थ्यो । उही जालझेल, उही घूसपैठ गरेर तोडफोड गर्ने प्रयत्न, उही सरकारी संचार माध्यमद्वारा "बन्द आंशिक सफल" भन्ने झूठ प्रचार, उही "बन्द" द्वारा जनताको जीवनलाई अस्तव्यस्त पार्न खोज्यो भन्ने आरोप, उही बस रोक्यो, ऐना फुटायो भन्ने आरोप । यस्तो प्रतीत हुन्थ्यो, नेपाली कांग्रेसको सरकारले आफू विपक्षमा हुँदा गरेको "बन्द" को अनुभव यति छिटै भुलीसक्यो ।*

*बन्द प्रतिको अप्रजातान्त्रिक व्यवहारले देखाएको छ- संस्कृति र आचारमा नेपाली कांग्रेसको सरकारको व्यवहार र पंचायती तानाशाहीको व्यवहारमा खासै अन्तर छैन । नत्र, त्यस्तो कुन "बन्द" हुन्छ, जसमा पसल थुन्न र बस रोक्न अनुरोध गर्ने प्रयत्न हुँदैन ? त्यस्तो कुन "बन्द" हुन्छ, जसमा जनतालाई अलिकता असुविधा हुँदैन ? एक दिनको अलिकता असुविधाले धेरै दिनको लागि सुविधा होस् भनेर न "बन्द" को आयोजना गरिन्छ । मूल प्रश्न त माग न्यायपूर्ण र जायज छ कि छैन को हो, माग जनताको वास्तविक माग हो कि होइन को हो । बहुदलीय प्रजातन्त्र आएर पनि जनताका जायज मागमा जनताले "बन्द" जस्ता विरोध कार्यक्रम गर्न नपाउने हो भने, प्रजातन्त्र आयो भनेर महशूस गर्ने कसरी ? के का आधारमा?*

*यस बन्दका दिन सरकारले झडप र तोडफोडलाई प्रायोजित गर्न प्रयत्न गरेपनि आन्दोलनको फील्ड नेतृत्वले होशियारी र सुझबुझपूर्ण प्रयत्नद्वारा यसलाई असफल पार्न गरेको जमर्को प्रशंसनीय थियो । यही प्रयत्नको परिणामस्वरुप बन्द शान्तिपूर्ण रह्यो र सफल पनि ।*

*कुनै पनि प्रजातन्त्रमा शासन सत्ताको निम्ति मूल आधार भनेकै जन सहभागिताद्वारा जाहेर भएको जनमत हो । तर बन्द सफल भएर पनि गिरिजा सरकारले बन्द मार्फत अभिव्यक्त भएको व्यापक जनमतबाट के सिक्यो त ? त्यसको कदर उसले कसरी गऱ्यो त ?*

*जनताले विरोध कार्यक्रम मार्फत आफ्नो मत व्यक्त गर्ने, तर प्रजातन्त्रवादी भनिएको सरकारले भने त्यसबाट केही नलिने, त्यो सुन्दै नसुन्ने हो भने यो कसरी प्रजातन्त्र भयो ? जनमतको, जन आकांक्षाको कदर सरकारले नगर्ने हो भने जनताले विरोध कार्यक्रम गर्नु, सभा, जुलुस, हडताल गर्नुको तात्पर्य नै के रह्यो ? के जनताले त्यत्रो ठूलो जन-आन्दोलन गरेको यस्तै जनमतप्रति बिल्कुलै बेपर्वाह - पंचायती स्थिति फेरि दोहऱ्याउनलाई हो ? जनताले हरेक पटक भित्तै पुग्ने खालको ०४६ सालको जस्तो आन्दोलन गरेपछि मात्र सरकारले जनमत सुन्ने स्थिति हुने हो भने यो व्यवस्था र पंचायतमा अन्तर नै कहाँनेर रह्यो ?*

*हालको संविधान निर्माण गर्दाखेरीको व्यापक जनमत के थियो भने प्राकृतिक स्रोत लगायत विदेशसित गरिने कुनै पनि गम्भीर, दिर्घकालीन प्रकृतिको र महत्वपूर्ण सन्धि सरकारले मनपरी तवरले नगरोस्, सिंगै राष्ट्रलाई विश्वासमा लिएर गरोस् । त्यही जनमत मुताविक संविधान र सन्धि ऐन २०४७ मा त्यस्ता सन्धिहरु संसद्को दुई तिहाइ बहुमतले पास गरेपछि लागू हुने प्रावधान रह्यो । तर विडम्बनाको कुरा, गिरिजा सरकारको लागि यो जनमत पनि घाँडो भएको छ किनकि टनकपुरको जस्तो राष्ट्रघाती र भारतमुखी सन्धि गर्न यसले उसलाई रोक लगाएको छ । यही रोक फुकाउन जनमतको बिल्कुलै विपरीत गएर, गिरिजा सरकार सन्धि ऐनमा संशोधन गरेर संविधान र ऐनको त्यो प्रावधानलाई नै पंगु पार्न प्रयत्न गर्दैछ । यसको लागि गिरिजा सरकार संसदको झिनो बहुमत र राज्यसत्तालाई जबर्जस्ती प्रयोग गर्दैछ ।*

*अहिलेको गम्भीर प्रश्न के हो भने - जब कुनै सत्ता जनमतलाई यसरी हरेक पटक, हरेक किसिमले कुल्चने गर्छ र फगत आफ्नो स्वार्थ सिद्धिका लागि जे पनि गर्ने गर्छ, त्यो सत्तालाई जनताले के का आधारमा जनताको सत्ता मान्ने ? के का आधारमा प्रजातान्त्रिक सत्ता मान्ने ?* ◉

## घटना प्रवाह

# रुसमा भईरहेको सत्ता-संघर्ष

*रुसमा अहिले चरम संकटग्रस्त र अलोकप्रिय येल्त्सीनलाई ढल्नबाट बचाउन पश्चिमेली पूँजीवादी मुलुकहरु प्रयत्न गर्दैछन् । त्यहाँका कम्युनिष्टहरु फेरि एकीकृत हुने, संगठित हुने र शक्ति संचय गर्ने प्रयत्न गर्दैछन् । पुराना "समाजवादी" नोकरशाहहरु सेना र संसदको बलमा सके फेरि सत्तासीन हुने, नसके सत्ता बाँडचुँड गर्ने प्रयत्न गर्दैछन् । रुसमा अहिले संघर्षरत मूल प्रवृतिहरु यिनै हुन् ।*

*येल्त्सीन अहिले रुसमा अलोकप्रियताको शीखरमा छन् । दुई वर्षमै उनको पूँजीवादी सुधारवादप्रति जनताको मोहभंग भएको छ । यो मोहभंग अरु कसैले गरेको हैन, एक वर्षमै २००० प्रतिशतसम्म मूल्यवृद्धि, चरम गरीबि, अभाव, बेरोजगारी र सामाजिक असुरक्षाले गरेको हो । कम्युनिष्टहरुको जुलुसमा लाखौं संख्यामा मानिसहरु ओइरिन थाल्नु र हालै गरिएको जनमत सर्वेक्षणमा फेरि ७० प्रतिशत मानिसहरुले पुरानै व्यवस्था*



*नयाँ जार .... येल्तसीन*

*योभन्दा राम्रै भन्नु, त्यो मोहभंगको स्पष्ट संकेत हो ।*

*पश्चिमेली साम्राज्यवादको लागि येल्त्सीन ढलेर कम्युनिष्ट आए पनि, पुराना नाम मात्रको "समाजवादी" नोकरशाहरु आए पनि उनीहरुको स्वार्थमा चर्को वज्रपात हुने हो । यसबाट संसारभरि एक छत्र प्रभुत्व कायम गर्ने उनीहरुको स्वार्थमा धक्का लाग्नेछ, उनीहरुको रक्षा खर्च बढ्नेछ, र उनीहरुको कल्कलाउँदो नाफा बजार-संभावना स्वाहा हुनेछ । त्यसैले अब येल्त्सीन कुनै पनि बेला ढल्न सक्छन् भनेर खतरा-बोध गरेका पश्चिमेली साम्राज्यवादी मुलुकहरु अहिले धक फुकाएर येल्त्सीन-बचाउको निम्ति थैली खोल्दैछन् । क्यानडाले ४० करोड डलरको सहयोग दिने घोषणा गरिसकेको छ । अमेरिका १ अरब ६० करोड डलरको थैली खन्याउँदैछ । अप्रिलमा जापानमा हुने जी - ७ को बैठकमा मुख्य छलफलको विषय हुनेछ येल्त्सीनलाई कसरी बचाउने ? जी - ७ ले अहिले ४० अरब डलरको सहयोग दिने घोषणा गरेको छ । अहिले*

( गत अंकको पृष्ठ ३३ को प्राथमिक कण सम्बन्धी लेखका लेखक डा. केदार खनालको नाम छुट्न गएकोमा सच्चाईएको छ । )



क्यानडाको भ्यानकोवरमा यसैबारेमा अमेरिकी राष्ट्रपति क्लिण्टनले येल्त्सीनलाई भेट्दैछन् । यो भनेको निकै गंभीर खतराबोधको अभिव्यक्ति हो ।

उता फेरि झन् झन् लोकप्रिय हुँदै गएका कम्युनिष्टहरु रुस व्यापी एकीकृत पार्टी बनाउन प्रयत्न गर्दैछन्

उनीहरु एकातिर सभा सम्मेलनद्वारा आफूलाई फेरि संगठित पार्ने, पहिलेको घटनाको समीक्षा गर्ने र परिवर्तनको निम्ति विचार-स्पष्टता हासिल गर्ने प्रयत्न गर्दैछन् । अर्कातिर, सडकमा निस्केर जनताको असन्तुष्टिलाई निकास दिने र संगठित गर्ने प्रयत्न गर्दैछन् ।

यसै सिलसिलामा पूर्व सोभियत संघका १३ वटा गणराज्यका ४०० प्रतिनिधिहरु सहभागी भएको सोभियत संघव्यापी २९ औं एकीकृत महाधिवेशन हालै संपन्न भएको छ । त्यहाँका सबैभन्दा ठूला पार्टीहरुमध्ये नीना एन्द्रिभाको अखिल संघीय बोल्शेभिक कम्युनिष्ट पार्टी र रुसी कम्युनिष्ट श्रमिक पार्टी अहिले विश्वव्यापी संबन्ध बढाउन पनि कार्यरत देखिन्छन् । तर अहिले त्यहाँका कम्युनिष्टहरुको मुख्य चुनौति उनीहरु कति राम्ररी पहिलेका गल्तीहरुको समीक्षा गर्छन र नयाँ वस्तुवादी क्रान्तिकारी रणनीति बनाउँछन्, त्यहाँका जनतामा आफ्नो छवि सुधारेर कति राम्ररी आफ्नो पकड र नेतृत्व कायम गर्न सक्छन्, त्यहाँको सेनामा कति राम्ररी राजनीतिक कार्य गर्न सक्छन् र कति राम्ररी विश्व श्रमिक वर्गसित अन्तर्राष्ट्रिय संबन्ध कायम गर्न सक्छन् भन्ने हो । यी चुनौतिहरुको सामना कसरी गरिनेछ भन्ने कुरामा उनीहरुको भविष्य निर्भर हुनेछ । अहिले पुराना "समाजवादी" नोकरशाहहरुबाट उनहिरु कति र कसरी भिन्न र उन्नत छन्, त्यो नै प्रष्टत: छुट्टीसकेको छैन, कम से कम अन्तर्राष्ट्रिय स्तरमा ।

संघर्षको अर्को थलो भएको छ संसद, जहाँ येल्त्सीन र रुश्लान खास्तुलानोभ बीच संसद बलियो हुने कि राष्ट्रपति बलियो हुने भन्ने सवालमा घमासान संघर्ष हुदैछ । अन्तर्राष्ट्रिय चर्चाको शीखरमा यही संघर्ष छ । पूँजीवादी संचार माध्यमहरु यसलाई कम्युनिष्ट कट्टरपन्थी र उदारवादबीचको संघर्ष भनेर प्रचार गर्दैछन् । तर वास्तविकता त्यस्तो देखिन्न । रुश्लानको कुनै सैद्धान्तिक अडान देखिन्न, न त समस्याहरुप्रतिको उनको दृष्टिकोण नै मार्क्सवादी देखिन्छ । संसद र येल्त्सीनको संघर्षको मूल मुद्दा दुईमध्ये को बढी शक्तिशाली हुने भन्ने सवालमा केन्द्रित देखिन्छ, बजार-अर्थतन्त्रको बाटो कि साम्यवादी बाटो ? भन्ने सवालमा केन्द्रित देखिन्न, रुसलाई अहिलेको महासंकटबाट कसरी क्रान्तिकारी उपायद्वारा मुक्त गर्ने ? भन्ने सवालमा केन्द्रित देखिन्न ।

विवाद यसरी मात्राको देखिन्छ । गुणको देखिन्न । रुश्लान अघिल्लो दिन महा- अभियोग लगाउने कुरामा दृढता देखाउँछन्, भोलिपल्ट यही अप्रिल २५ मा भने जनमत संग्रह गर्ने र फेरि आम निर्वाचन गर्ने कुरामा संझौता संपन्न गर्छन ।

त्यसैले यो संघर्ष मूल रुपमा कम्युनिष्टहरु र पूँजीवादीहरुको बीचको संघर्ष हैन । यो ती पुराना राज्य र पार्टी नोकरशाहहरु र येल्त्सीनबीचको संघर्ष झैं देखिन्छ, नियन्त्रणहीन बजार-अर्थतन्त्रले गर्दा जसको नाफा, सुविधा, सहुलियत, शक्ति, प्रतिष्ठा पनि चकनाचूर भएको छ । त्यसैले उनीहरु सेना र संसद्को बलमा फेरि "हिजोकै समाजवाद" फर्काउन उद्यत छन्, जहाँ नोकरशाहहरुको लागि स्वर्ग थियो । संसदमा उनीहरुको पकड बलियो देखिन्छ । सेनामा के स्थिति छ, स्पष्ट हुन सकेको छैन । तर पश्चिमेली साम्राज्यवादको स्वार्थको लागि भने उनीहरु सत्तामा आउनु पनि ठूलो खतरा भएको छ । अहिले कम्युनिष्टहरु र उनीहरुबीच केही कुरामा साझा सहमति हुन सक्ने प्रष्ट देखिन्छ, त्यो हो- येल्त्सीनको सट्टा संसदलाई शक्तिशाली बनाउने र आगामी जनमत संग्रहमा येल्त्सीनको उदारवादी नीतिलाई परास्त गर्ने ।

अहिले पश्चिमेली साम्राज्यवादको रणनीति भने येल्त्सीनलाई तानाशाही अधिकारले सुसज्जित पार्ने, डलरको ओइरोले जनतामा थोरै पनि राहतको अनुभूति गराउने र सोभियत राष्ट्र र सेनालाई यथासंभव कमजोर पार्ने रहेको छ ता कि यो फेरि महाशक्ति बन्नै नसकोस् र रुसको लगाम वाशिंगटनको हातमा भईराखोस् । अध्यादेशद्वारा शासन गर्ने येल्त्सीनको घोषणा त्यसैको अभिव्यक्ति थियो, जसलाई संसदले र रुसी अदालतले नाकामयाब बनाई दिएको छ । तर पश्चिमेली साम्राज्यवादको मूल सपना पूरा हुन्छ कि हुन्न भन्ने सवाल चाँहि रुसी जनता र रुसी कम्युनिष्टहरुले विगतबाट पाठ सिकेर कति बुद्धिमत्तापूर्ण बाटो समात्नेछन् भन्ने कुरामा आधारित हुनेछ । विश्व इतिहास साक्षी छ - डलरको ओइरोले मात्र संसारको कुनै भ्रष्ट तानाशाह ढल्नबाट जोगिएको छैन । — ●—



## जर्मनीमा गोञ्जालो प्रतिरक्षार्थ अन्तरराष्ट्रिय भेला

अमेरिकी साम्राज्यवादको निर्देशनमा पेरुको तानाशाही राष्ट्रपति अल्बर्टो फुजिमोरीको सरकारद्वारा गिरफ्तार गरिएका का.गोञ्जालो उर्फ डा. अबिमायल गुज्मानको जीवन प्रतिरक्षार्थ विश्वव्यापी अभियान थाल्ने क्रममा गत फागुन १६ र १७ गते जर्मनीको डुइसबर्गमा एक अन्तर्राष्ट्रिय सम्मेलन भएको छ ।

डा.गुज्मानको जीवन प्रतिरक्षार्थ बनेको अन्तर्राष्ट्रिय आकस्मिक समितिको आयोजनामा विश्वका ३३ वटा भन्दा बढी देशका करीब एक हजार प्रतिनिधि र पर्यवेक्षकहरुको सहभागितामा सम्पन्न सो सम्मेलनको क्रममा "पेरुको वर्तमान राजनीतिक अवस्था र पेरुको क्रान्तिमा महिलाहरुको भूमिका" आदि विषयमा छलफल भएको थियो । सम्मेलनमा डा. गुज्मानका ससुरा तथा पेरुका प्रसिद्ध कम्युनिष्ट नेता का. कार्लोस ला टोरो, सासू तथा महिला नेतृ डेलिया ला टोरो, पेरुको प्रसिद्ध पत्रिका "एल डायरियो" का सम्पादक लुइस बोर्गा तथा प्रसिद्ध अमेरिकी लेखिका क्यारोल एण्ड्रियास जस्ता हस्तीहरुको पनि सहभागिता थियो ।

सम्मेलनले ल्याटिन अमेरिकामा अन्तर्राष्ट्रिय आकस्मिक समितिको विस्तार गर्ने, आगामी मे महीनाको मध्यतिर अन्तर्राष्ट्रिय संघर्ष दिवस मनाउने प्रस्ताव पारित गर्नुका साथै, प्रत्येक देशबाट २ जनाको प्रतिनिधित्व हुने निर्देशक समिति मासुद रि हिमीको संयोजकत्वमा गठन गरेको छ, जसमा नेपालको तर्फबाट डा. बाबुराम भट्टराई र अजय शर्मा रहनु भएको छ । उक्त कुरा डा. बाबुराम भट्टराईले एक पत्रकार सम्मेलन गरी जानकारी दिनु भएको छ ।

यसैबीच का.कार्लोसले का. गोञ्जालोलाई छुटाई छाड्ने घोषणा गर्नु भएको एक महीना पनि नबित्दै दक्षिणी पेरुको क्विनकोरो डे कस्को नामक जेलमा पे.क.पा (साइनिङ पाथ)का छापामारहरुले आक्रमण गरेर ३२ जना बन्दी कामरेडहरुलाई रिहा गर्न समर्थ भएका छन् । गत चैत्र १५ गते राति अचानक जेलका गार्डहरु फूटबल खेलिरहेको बेला साइनिङ पाथका छापामारहरुले विस्फोटक पदार्थ प्रयोग गरेर जेलमा भ्याङ्ग पार्दै नागरिक पोशाकमा रहेका साइनिङ पाथ र अर्को गुरिल्ला संगठन टुपाक आमारु क्रान्तिकारी आन्दोलनका कामरेडहरुलाई घोडा र गाडीमा राखी भगाएका थिए । त्यस घटनामा ३ जना कामरेड र एक प्रहरीको मृत्यु भएको थियो । यस घटनाले बन्दी कामरेडहरुलाई भगाउने र जेल विद्रोह गर्न लगाउने परम्परा रहेको पेरुको कम्युनिष्ट आन्दोलनमा का. गोञ्जालोको पनि कतै यसरी नै रिहा गरिने त होइन भन्ने आशालाग्दो प्रश्न उठेको छ । —●—

### छाप्दा छाप्दै

यसैबीच चैत्र २१ गते सबेरै फुजिमोरी सरकारले का.गोन्जालोलाई अत्यन्त कडा सुरक्षामा जेल सरुवा गरी ला पुन्ता नौसैनिक अखाडाको जेलमा विशेष रुपमा बनाइएको फालामे कोठामा लगेको छ । त्यस्तै १९८४ देखि सशस्त्र संघर्ष गरिरहेको टूपाक आमारु रिभोल्यूशनरी मुभमेन्ट (MRTA) का ४१ बर्षीय नेता का. भिक्टर पोली अर्थात कमाण्डर रोलाण्डोलाई पनि आजीवन कारावासको सजायसहित पुनो जेलमा पठाइएको छ ।

यसैबीच २ हजार जना व्यक्तिहरु शंकास्पद विद्रोहीको रुपमा समातिएका छन् र २४६ विद्रोहीहरु रिहा भएका छन् । ●

# जन-आन्दोलन किन तेज र व्यापक पार्न सकिएको छैन ?

टनकपुरको मुद्दा, महँगी, विद्युत र पानी महशूल र देशव्यापी कांग्रेसीकरण यस्ता मुद्दा हुन्, जसबारे जनताको समर्थन र चासो छ भन्ने कुरा पटक पटकको घटनाले पुष्टि गरेको छ । अदालतको फैसलाको दिनको जन -चासोको स्थिति र चैत्र १ गतेको उपत्यका बन्दको सफलताले त्यो फेरि पुष्टि भएको छ । तर जन समर्थनको स्थिति र कार्यकर्ताको मनस्थिति दुबै अनुकूल हुँदाहुँदै पनि जन आन्दोलन झन् झन् तेजिलो, जनव्यापी र उपलब्धीमूलक हुनुपर्ने ठाउँमा यो ओरालो लागिरहेछ । उता नेपाली कांग्रेसको सरकार भने संसदमा, आन्दोलन शिथिल भएको मौका पारेर, सन्धि ऐनमा बलजफ्ती संशोधन गर्न उद्यत छ । यो संगीन घडीमा सडक आन्दोलन किन उठिरहेको छैन ? के ले बाधा पुऱ्याई रहेछ आन्दोलन उठाउनलाई ? यो विषय सबैको जिज्ञासाको विषय भईरहेछ ।

यस सम्बन्धमा हामीले यस पटक आन्दोलनको नेतृत्वको रुपमा रहेका प्रमुख वामपन्थी घटकका महत्वपूर्ण सदस्यहरुको विचार प्रस्तुत गर्न लागिरहेछौं । आशा छ, उहाँहरुका विचारले आन्दोलन नउठ्नुका पछाडिको वास्तविक कारण पत्ता लाग्नेछ र फेरि सशक्त आन्दोलन उठाउने उपाय स्पष्ट हुनेछ - मूल्याङ्कन)



## एमालेका साथीहरुको संघर्ष नबढाउने नीति रह्यो

चित्रबहादुर के.सी.

पोलिटब्यूरो सदस्य, वर्तमान आन्दोलनका प्रमुख वार्ताकार, ने.क.पा.(मसाल)

चैत्र १ को "उपत्यका बन्द" भन्दा पहिलेका कार्यक्रमहरु त्यति प्रभावशाली भएका थिएनन् । हामीले विभिन्न ठाउँमा विभिन्न चरणको कार्यक्रम दियौं । स्थिति तातै आएपछि नेपाली कांग्रेसको अराष्ट्रिय र अप्रजातान्त्रिक तौर तरीकाको विरुद्धमा उपत्यका बन्द शानदार किसिमले सफल भयो ।

त्यसपछि चैत्र ३ गते त्यो भन्दा उच्च स्तरको कार्यक्रम दिनु पर्छ भनेर हामी चार पार्टीहरु बस्यौं । त्यो बैठकमा खासगरी एमालेका साथीहरुले आन्दोलन यो भन्दा उच्च स्तरको दिन सकिन्न, *Grass root* मा, गाउँ गाउँमा जानुपर्छ भन्ने धारणा ल्याउनु भो । *Grass root* मा गएपनि राष्ट्रिय स्तरको उपत्यका बन्द भन्दा उच्च स्तरको जन आन्दोलनको कार्यक्रम दिनुपर्छ, जनताले साथ दिन्छ भन्ने हाम्रो भनाइ रह्यो । तर यही कारणले त्यसपछिका संयुक्त पार्टी बैठकहरुमा उच्च स्तरको आन्दोलनको कार्यक्रम दिनका लागि कुनै निर्णय हुन सकेन ।

सामान्य रुपमा आन्दोलन दिवस र शहीद दिवस मनाउनका लागि संयुक्त भईराख्नु पर्ने कुनै जरुरी छैन । नेपाली कांग्रेसको जनविरोधी, अप्रजातान्त्रिक र अराष्ट्रिय तौरतरीका, महँगी, जनतामाथि भएको थिचोमिचोको विरुद्धमा जानका लागि, कम भन्दा कम, भौतिक शक्ति तयार भईराखेको स्थिति थियो । ४ पार्टीको कार्यगत एकता भईराखेको थियो । तर एमालेका साथीहरुको संघर्षलाई अघि नबढाउने, संघर्षलाई रोक्ने नीति रह्यो । यसले देशलाई घाटा पुऱ्याएको छ, जनता र कार्यकर्तामा निराशा छाएको छ ।

त्यसैले, हाम्रो पार्टीले संघर्षलाई अघि बढाउन चाहने शक्तिसित मिलेर संघर्षलाई अघि बढाउनु पर्छ भन्ने विचार लिएको छ ।

अन्याय अत्याचारको अचाक्लीको कारणले पार्टीहरु भन्दा जनताहरु संघर्षको पक्षमा आएका छन् । हामीले नभन्दा पनि जनताहरु आफैं पनि अहिले उकुस-मुकुसको स्थितिमा छन् । यो स्थितिमा जनताको समसामयिक समस्यालाई लिएर जुन जुन पक्ष संघर्ष गर्न तयार हुन्छन्, ती ती पक्षहरुसंग सम्पर्क गर्दै संघर्षलाई अघि बढाउनु पर्छ भन्ने हामीले निधो गरेका छौं । ●



## एमालेले आधा मनले मात्र संघर्षको काम गरेको छ

नारायणमान विजुक्छें (रोहित)

ने.म.कि.पा.का शीर्षस्थ नेता,
अहिलेको आन्दोलनका प्रमुख वार्ताकार

टनकपुरको मुद्दाको गम्भीरताबारे बुद्धिजीवि वर्ग जसरी अवगत भएका छन्, गाउँ गाउँका जनता त्यसरी अवगत भएका छैनन् । वा हामीले यसबारेको जानकारीलाई गाउँ गाउँसम्म पुऱ्याउन सकेका छैनौं । महँगी, प्रशासन र शिक्षा एवं विकास कार्य र जीवनका हरेक क्षेत्रमा भएको कांग्रेसीकरणलाई हामीले जसरी उदिङ्ग्याउनु पर्ने हो, त्यसरी गर्न सकिएको छैन ।

वास्तवमा संसदको मुख्य प्रतिपक्ष एमालेले संघर्षमा आधा मनले मात्र काम गरेको देखिन्छ । संघर्ष व्यापक र तेजिलो नहुनुको मूल कारण यही हो । एमाले भित्रका दक्षिणपन्थी तत्वको संभौतावादी नीति नै संघर्ष शिथिल बनाउनको निम्ति जिम्मेवार छ ।

गाउँ र तराइका किसानको समस्यालाई उठाएर यो आन्दोलनमा सरिक गराउन सके व्यापक जनता आन्दोलित हुने सम्भावना म देखिरहेछु । यो कुरा ४ वाम समूहको बैठकमा पनि मैले उठाएको हुँ । प्रधानमन्त्री मात्र होइन, अन्य मन्त्रीहरुको समेत सभा, समारोह बहिष्कार गर्ने पक्षमा म छु । बलियो र ठूलोको अगाडि झुक्ने प्रवृति वास्तवमा गैर - क्रान्तिकारी चरित्र हो । यसको विरुद्धमा दृढ संघर्ष नगरी नेपाली कांग्रेसको पेलेरै सबकुरा ठीक गर्ने प्रवृतिलाई हराउन हामी सक्दैनौं ।

सरकार अहिल्यै पेलेर आउँछ भने हामीले पनि उसलाई उसको प्रतिकूल स्थितिमा तानेर लैजानु पर्छ । गाउँ गाउँको संघर्षमा उसलाई नतानेसम्म ऊ निर्बलियो हुँदैन । उसको सप्लाइ लाइनलाई भताभुंग नपारेसम्म उसलाई कमजोर पार्न हामी सक्दैनौं । यसो गर्न संघर्षलाई शहरबाट उठाएर गाउँ गाउँ सम्म लानु पर्छ । हतारिएर हुँदैन । हतारिएर उसको ठूलो शक्तिसित हामी यही निर्णायक रुपमा भिड्यौं भने हामी हार्छौं । उसलाई परास्त गर्न त उसलाई गाउमै लैजानु पर्छ, जहाँ ऊ कमजोर छ ।

सरकार उत्तिकै झुक्दैन, संघर्ष अघि बढाउनै पर्छ । तर प्रमुख प्रतिपक्षमा सत्ताको भाग वण्डा गर्ने र संयुक्त सरकारमा जाने प्रवृत्ति त्यसको दक्षिणपन्थी पक्षमा मौजूद छ । यो प्रवृत्तिले नै संघर्ष तेजिलो र व्यापक पार्न बाधा खडा गरेको छ । यो →

प्रवृतिको म विरोध पर्छु । सबै हामी बामपन्थी शक्तिहरु दृढ र एकताबद्ध भएर एक मनले संघर्ष गरेमा नेपाली कांग्रेससित झुक्नु सिबाय अर्को उपाय बाँकी रहने छैन ।●

# संगठन सुदृढ र परिचालित भइरहेको छैन




**माधव नेपाल**
*सदस्य स्थायी समिति, नेकपा (एमाले)*
*अहिलेको आन्दोलनका निम्ति प्रमुख वार्ताकार*


...हामीले उपत्यका बन्द जस्तो बन्दको कार्यक्रममा त सफलता देख्यौं, तर जनसमुदाय जम्मा हुने (*Mass gathering*) खालको कार्यक्रममा सफलता देखिरहेका छैनौं । सभामा, जुलुसमा, धर्नामा जन समुदाय आईरहेको देखिन्न । कुनै कार्यक्रम त दिने, तर त्यसमा जन समुदाय आएनन् भने त्यसले राम्रो होइन, नराम्रो प्रभाव पार्छ ।

*Mass gathering* किन भईराखेको छैन त भने, आफ्नै शक्ति परिचालन भईराखेको छैन । सबै पार्टीमा आफ्नै कार्यकर्ता - शक्ति समेत परिचालन भईराखेको छैन, चाहे त्यो एमाले होस्, जनमोर्चा होस् वा मसाल । किन यस्तो भएका छ् त ? किनकि, प्रत्येक पार्टीका आफ्नै संगठनहरु सुदृढ हुन सकेका छैनन् । हाम्रो पार्टीभित्र भन्नुहुन्छ भने, महाधिवेशनपछि संगठन गठन-पुनर्गठन गर्न सकिएको छैन । केन्द्रिय समिति नबसेसम्म यसबारेमा ठोस निर्णय गर्न सकिदैन । अरु समूहका पनि आ-आफ्ना समस्या होलान् ।

यसरी आफ्नै पार्टी संगठन सुदृढ भएन भने संघर्षको आव्हान आव्हानमा मात्र सीमित हुन जान्छ । अहिले त्यही भएको छ ।

"नेपाल बन्द" आव्हान गरी दिनु सजिलो छ । साँच्चै यस्तो बन्दप्रति जनताको यस्तो समर्थन भईराख्नु संभव देखिन्छ त ? कुनै कुनै बेलामा प्रतिक्रियाको रुपमा, प्रतिकारको रुपमा बन्दको आह्वान गर्नु जायज ठहरिन्छ । त्यत्तिकै बन्द गर्नु चाहि. कतिको न्यायोचित हुन्छ ? -विचार गरिनुपर्छ ।

अहिले स्थानीय रुपमा नै जन-परिचालन गर्ने कार्यक्रम राखिनु पर्छ भन्ने हामीलाई लागेको छ । राष्ट्रिय र स्थानीय समस्या मिलाएर जिल्ला जिल्लामा नै संघर्षको कार्यक्रम तर्जुमा गर्नुपर्छ र जन परिचालन गर्नुपर्छ । यस्तो गरियो भने संघर्षको वातावरण बनाउन, जन-दबावको स्थिति तयार गर्न सकिन्छ । जुन जुन ठाउँमा जस्ता जस्ता संघर्षका रुप र तरीकाहरु उपयुक्त हुन्छन्, त्यस्ता रुप र तरीकाहरुको विकास गर्नु पर्छ । समय समयमा केन्द्रिय संघर्षका कार्यक्रम तयार गरेर दिन सकिन्छ ।

अहिले संघर्षको स्थिति नै छैन,- त्यो होइन । संघर्ष उठाउनलाई प्रयत्न कम भएको हो । भन्नलाई नेतृत्वका मानिसहरु भनीदिन्छन् वार्तामा, तर संगठन परिचालन छैन । हामीले त भनिरहेकै छौं कि संघर्षमा हाम्रो शक्ति परिचालन गर्न सकिएको छैन, तर समस्या के हो भने जसले हाम्रो शक्ति परिचालित छ भन्छ, उसको पनि छैन ।

अहिले गिरिजा सरकारको पेलेरै सन्धि ऐन संशोधन र टनकपुरको सवाल संसदको बहुमतबाट पास गर्ने जुन मुड छ, त्यसको हामीले प्रतिरोध गर्नै पर्छ । तर विचार गरिनु पर्ने कुरा के भने, टनकपुरकै सवालले मात्रै काठमाण्डुलाई त तताउँछ, तर देशलाई आन्दोलन उठ्न सक्दैन । त्यो सित जनताका अन्य प्रमुख स्थानीय समस्यालाई जोड्नै पर्छ । संघर्ष गर्ने निर्णय मात्र गरि दिएर हुँदैन । संगठन परिचालनको पक्ष ठीक भयो भने त निर्णय कार्यान्वियन हुन सक्छ । अहिले त्यही पक्ष कमजोर भई राख्या छ । कम से कम हाम्रो । ●

# कहाँ लाने र कहाँ टुंग्याउने स्पस्टता भएन




**-लिलामणि पोखरेल**
संसदीय दलका नेता
संयुक्त जनमोर्चा, नेपाल


आन्दोलनका आह्वानकर्ताहरु आन्दोलनमा पूरा दिलले(*full heartedly*) लागेका छैनन् । आधा मनले आन्दोलनमा सरीक हुनुका कारणले जनताको आन्दोलनमा अभिरुचि रहँदा रहँदै पनि आन्दोलन उठ्न सकिराखेको छैन ।

टनकपुरको सवाल मात्र होइन, विद्युत् आपूर्तिको समस्या, पानीको महशूलमा वृद्धि, महँगीको मार आदि समस्यालाई समेत जोडेर आन्दोलन उठाउँदा जनताको अत्यधिक समर्थन वृद्धि हुने स्थिति देखा पर्‍यो । तर आन्दोलनको नेतृत्वमा भने आन्दोलनको दिशाको स्पष्टता भएन । आन्दोलन कहाँ लाने र कहाँ टुंग्याउने भन्ने कुरामा नै स्पष्टता भएन । यो स्पष्टता संयुक्त जनमोर्चामै पनि भएन, जसको म सदस्य छु, आन्दोलनको भावी रुपरेखाबारे बसैमा पनि स्पष्टता रहेन । आवश्यकता पर्दा एक्लै आन्दोलन हाँक्न जुन आत्मबल हुनु पर्थ्यो, त्यो पनि भएन ।

नेपाली कांग्रेस जे जस्तो संझौता गरेर भएपनि वाम शक्तिको एकतालाई फुटाउन चाहन्छ । त्यसमा पनि खास गरेर एमालेलाई । अरु वामशक्तिमा ऊ गएपनि जाओस् न त भन्ने अवस्था पनि भई नराखेको स्थिति छ । यसरी आन्दोलनमा जान अर्ध-मनस्थिति, जनताको समस्याको परिपूर्तिको निम्ति नजाने स्थिति, यो आन्दोलन अधि बढ्दा कतै संसदमा विश्वास नगर्ने अरु शक्तिले आन्दोलनलाई कुदाउने त होइन भन्ने भयको स्थिति, यी सबको गठजोडले आन्दोलनलाई तेज र जनव्यापी बनाउन नसकिएको हो ।

उता नेपाली कांग्रेसको मनसाय आफूले गरेका निर्णयहरुलाई जुनसुकै बल उपायद्वारा पनि पारित गराईछोड्ने देखिएको छ । विपक्षलाई पेलेरै ठीक पार्ने उसको नियत देखिएको छ । हाम्रो मुख्य शक्ति भनेको जनता हो, सडक हो । प्रतिपक्षले के सोच्नु पर्छ भने त्यो पेलाइलाई रोक्नका निम्ति पनि संसद सक्षम भएन, संसदीय उपाय पर्याप्त भएन भने मूल आधार लिनु पर्ने जनता र सडकको दबाव हो । तर सडकको आन्दोलनबाट अलग्गिने , खालि संसद्मा मात्र सीमित हुने र खालि वैधानिक उपाय मात्र खोज्ने मानसिकता प्रतिपक्षको एउटा ठूलो हिस्सामा विद्यमान छ । तर बैधानिक र संसदीय उपायको त सीमा छ, जुन अहिले देखियो । संसदीय उपायबाट सरकारलाई बदमासी गर्नबाट रोक्न सकिएन, ऊ पेलेरै आयो । अब के गर्ने ? उपाय बाँकी रहन्छ - सडक दबावबाट सरकारलाई गलत निर्णय गर्नबाट रोक्ने ।

अरु सैद्धान्तिक मत भिन्नता जे सुकै रहेपनि -*People Oriented*) जनमुखी पार्टी हो भने सडक र जनताकै सहाराले यस्तो बदमासीलाई रोक्ने प्रयत्न गर्नु पर्ने हो, जुन भईराख्या छैन । अहिले आन्दोलन नबढ्नुको मुख्य कारण यही नै हो ।

अहिलेको खाँचो के हो भने *Cadre's Movement* (कार्यकर्तामा निर्भर आन्दोलन) होइन, जन परिचालन हुने खालको आन्नदोलन उठाउन जोड दिइनु पर्छ । उपत्यका बन्द भन्दा उन्नत स्तरको सडक आन्दोलन उठाउन प्रयत्न गर्नुपर्छ । अनि मात्र सरकारलाई तहमा ल्याउन सकिन्छ, नत्र सम्भव छैन । ●

# जानाजान संघर्ष स्थगन गरिएको हो




**-का. चन्द्रप्रकाश मैनाली**
सदस्य, स्थायी समिति ने.क.पा.(एमाले)


चैत्र १ को उपत्यका बन्द वडो सफल रह्यो । त्यसले आन्दोलनकारीको मागमा जनताको जागरुक समर्थन छ भन्ने देखायो । त्यसबेला

टनकपुर सम्झौता अनुमोदन गर्ने विषय र सन्धि ऐनलाई संशोधन गर्ने विषयमा सत्ता पक्ष र प्रतिपक्ष बीच वार्ता चलिरहेको स्थिति थियो । चैत्र १ पछि वार्ताको कुनै स्पष्ट नतीजा निस्किरहेको थिएन । वार्ताबाट सकारात्मक नतीजा निस्कने आशा पनि थियो । ननिस्कने सम्भावना पनि थियो । वार्ताको परिणाम ननिस्किईकन आन्दोलनको अर्को चरणको कार्यक्रम अघि सार्नु उपयुक्त नहोला भन्ने कुरामा आन्दोलनकारी बीच सहमति बन्यो । त्यसैले स्वाभाविक रुपले आन्दोलन नभएको जस्तो देखियो, यो वास्तवमा सचेतन रुपले भएको कार्यवाही थियो ।

एक हिउँदले जाडो जाँदैन । वार्ताबाट सकारात्मक नतीजा निक्लोस् भनेर वामपन्थीहरुले आफ्नो तर्फबाट सद्भावना देखाएका हुन । हामी वार्ताको लागि तयार छौं, र समस्या समाधानको लागि आफ्नो तर्फबाट गर्नु पर्ने सम्पूर्ण सहयोग गर्न हामी तयार छौं भनेर वाम पार्टीहरुले देखाए । वार्ताको फैसला नै नभईसकेको हुनाले संघर्षको चौथो चरण अघि नल्याइएको हो । आन्दोलन त्यसैले समाप्त गरिएको होइन, स्थगन मात्र गरिएको हो र यो जानाजान गरिएको हो । वामपन्थीहरुको यो सदभावलाई सत्ता पक्षले कमजोरीका रुपमा लियो । सद्भावलाई गलत ढंगले बुझेर आफ्नो कुरालाई पेल्ने रवैया जुन सत्ता पक्षले देखाइरहको छ, त्यो उसको अदूरदर्शिता हो ।

अहिले स्थितिमा परिवर्तन आइरहेको छ । सन्धि ऐन संशोधन बिधेयकलाई सरकारले अहिले बलजफ्ती पास गर्दैछ । यो टनकपुर सन्धि सम्बन्धमा सरकारी व्यवहारको सूचक हो । अब आन्दोलनकारीहरुले बसेर छलफल गरी आन्दोलनलाई सही र सशक्त दिशातर्फ लैजाने बेला आएको छ । अर्थात वार्ताबाट सकारात्मक नतीजा नआएको हालको स्थितिमा आन्दोलनकारी वाम पार्टीहरुले पुन: बसेर स्थितिको समीक्षा गरेर नयाँ योजना बनाएर आन्दोलन सशक्त पार्नु पर्ने समय आएको छ । अब मागहरुलाई फेरि निर्धारण गरिनु पर्छ । आन्दोलनको तरीका र चरित्रलाई पनि छलफल गरेर निर्धारण गर्नु पर्छ ।

अब वार्तालाई नै किन जोड दिइयो, संघर्षलाई तीव्रता दिन किन जोड दिइएन भन्ने जहाँसम्म सवाल छ, त्यसको एउटा होइन, तीन चार वटा कारण हुन सक्छन् ।

पहिलो कारण त, क्रान्तिकारी सिद्धान्तप्रतिको स्पष्टताको अभाव हुन सक्छ । आफूले लिएको सिद्धान्त क्रान्तिकारी छ भन्ने कुरामा आत्म विश्वासको अभाव भएको हुन सक्छ । दोश्रो कारण, संसदीय संघर्षलाई वाम संघर्षको प्रमुख रुप ठान्ने पार्टीको विश्लेषण हुन सक्छ । यसले पार्टीका बिभिन्न नीतिलाई प्रभाव पार्‍यो होला । सदन बाहिरको संघर्षमा, त्यसैले , चाहिंदो मात्राको जोड हुन आएन होला । तेश्रो, कति शक्ति कुन ठाउँमा विन्यास गर्ने भन्ने कुरामा पनि उपयुक्त सन्तुलन नमिलेको हुन सक्छ । चौथो, जनजीवनलाई प्रभाव पार्ने समस्यालाई अघि ल्याएर जनतालाई परिचालन गर्ने प्रयत्नको कमी भएको हुन सक्छ । यिनै कारणहरुको जोडले गर्दा अहिलेको आन्दोलनले चाहिंदो मात्रामा तीव्रता नलिएको होला ।









## संभना दहालको हत्याले आन्दोलनसँग के माग गरेको छ ?

# अहिलेको आन्दोलन किन तेजिलो र जनव्यापी हुन सकिरहेको छैन

– श्याम श्रेष्ठ

### अहिलेको परिस्थिति र अन्तरविरोध

अहिले नेपाल विचित्रको अन्तरविरोध र पीडा भोगिरहेछ ।

सर्वोच्च अदालतले प्रधानमन्त्री गिरिजालाई सन्धिलाई "समभदारी" भनेर राष्ट्रलाई ढाँट्ने राष्ट्रघाती र संविधान मिचाहा साबित गऱ्यो । ४६ साल बिर्साउने गरी हज्जारौं जनताहरु फैसलाको दिन सडकमा उत्रे । गिरिजा सरकारको कुनियत बिरुद्ध स्वस्फुर्त रुपमा अभिव्यक्त भएको यो व्यापक जन-असन्तोष र जनमतको बाढीलाई तुरुन्तै व्यवस्थित जन-आन्दोलनमा बदल्नु जरुरी थियो । तर दुःखको कुरा, बामपन्थी नेतृत्वले त्यतिखेर यस्तो गर्नु जरुरी ठानेन । त्यो भन्दा जरुरी कुरा अरु नै बन्यो । त्यसैले फगत व्यहोरा पुऱ्याउने, तर उद्देश्य सिद्धि गर्न मद्दत नपुग्ने खालका ढीलढाल र मनताता कार्यक्रमहरु आए । फलाम तातेको बेलामा घनले नहिर्काउनाले त्यो सेलायो ।

जब गिरिजा सरकारले संभना दहाललाई गोली ठोक्यो, वाम सांसदहरु सिंहदरवारको ढोकामा पूर्व घोषणा सहित शान्तिपूर्ण धर्ना दिंदा मुर्च्छा पर्ने गरी चुटिए, जनता फेरि आन्दोलित भए । चैत्र १ गतेको "उपत्यका-बन्द" ले तयार गरेको शून्य सडकमा फेरि हज्जारौं मानिसहरु विरोधमा उत्रे । वातावरण फेरि तात्यो । गिरिजा सरकारलाई धोडाबाट ओराल्ने मागसहित आन्दोलन गरिरहेका वामपन्थी शक्तिको निम्ति यो एउटा अत्यन्त अनुकूल वस्तुगत परिस्थिति थियो । तर यस पटक पनि यो तातोपनलाई अरु तेजिलो र जन-व्यापी कार्यक्रमद्वारा निरन्तरता र व्यापकता दिन वामपन्थी नेतृत्वले जरुरी ठानेन । चैत्र २४ गते "जन आन्दोलन दिवस" मनाउने जस्ता औपचारिकता पुऱ्याउने कार्यक्रम गर्न मात्र देशका सबैभन्दा शक्तिशाली ४ वाम समूहहरु सहमत भए । चैत्र १ को आन्दोलनबाट त्रसित सरकारले वामपन्थी शक्तिलाई सडकमा जानबाट रोक्न वार्ता र सहमतिको बहाना गऱ्यो । गिरिजा सरकारको नियतबाट राम्ररी परिचित, पटक पटक धोका खाईसकेको वामपन्थी नेतृत्व फेरि त्यही वार्ताको माकुरे-जालमा जानाजान हाम्फाल्यो ।

सर्वोच्च अदालतको फैसला के कुराको सबूद थियो भने, विद्यमान ऐन-कानून पनि गिरिजा सरकारको राष्ट्रघात र अप्रजातान्त्रिक हठको पक्षमा छैनन् । फैसलाको दिनको जनताको अभूतपूर्व चासो र उपत्यका बन्दमा देखिएको व्यापक जन-समर्थन के कुराको प्रमाण थियो भने- नेतृत्व दृढतापूर्वक र प्रष्ट लक्ष्य सहित मैदानमा आउने हो भने आम-जनता र कार्यकर्ता त्यसलाई ज्यूज्यानले साथ दिन तयार छन् । गणेशमानको चिठी के कुराको अभिव्यक्ति थियो भने गिरिजाको अराष्ट्रिय र असंवैधानिक हठ मन नपराउनेहरु कांग्रेसभित्र पनि बग्रेल्ती छन् । रा.प्र.पा. को सिंह दरवारको धर्ना के कुराको संकेत थियो भने यस मामलामा गिरिजाको सत्तासित उनीहरु पनि विरोध राख्छन्, यद्यपि त्यो भीनो नै किन नहोस् । हालै प्रगतिशील पेशागत बौद्धिकहरुले देखाएको →

# सम्भना दहालको हत्या प्रत्यक्षदर्शीको आँखामा

गत फागुन २२ गते सिन्धुलीमा चार वामपन्थी पार्टीहरुको शान्तिपूर्ण धर्ना कार्यक्रममा अन्धाधुन्द गोली, लाठी प्रहार गरी थुप्रै व्यक्तिहरुलाई घाइते बनाउने गिरिजा सरकारले सम्भना दहाललाई गोली प्रहारद्वारा हत्या गऱ्यो । शान्तिपूर्ण कार्यक्रम गर्दा समेत यसरी हिंसात्मक रुपले जनतामाथि प्रहार गर्ने वर्तमान सरकारको यस प्रवृत्तिले पञ्चायतकालीन सरकारी दमनको स्मृति गराउँछ । आफ्नो राष्ट्रघाती र जनघाती चरित्र छोप्न जनताले उठाएको संगठित आवाजलाई गोलीले दमन गर्ने यो सरकारको घृणित चाल सिन्धुलीको गोली काण्डले भन प्रष्ट्याएको छ ।

जथाभावी आफू गोली चलाउने तर उल्टै विपक्षी दलहरुलाई "हिंसात्मक" भएको आरोप लगाउने कार्य गर्न सरकार जहिले पनि पछि परेन । निर्दोष किशोरी सम्भना दहालको हत्या कांग्रेसी सरकारको अर्को कलंकको रुपमा इतिहासमा अंकित रहनेछ ।

प्रस्तुत छ- उक्त हत्या-काण्डको स्थलगत विवरण !

पत्रकार विवश वस्ती र स्व.सम्भनाका पिता शेषराज दहालसँग हाम्रा प्रतिनिधिले लिएको यस विवरणले आफ्नो परम्परा अनुसार दाहसंस्कार गर्न पनि नदिने अमानवीय कांग्रेसी संस्कारको पनि भण्डाफोर गरेको छ । - मूल्यांकन



**सम्भना दहाल:**

सिद्धेश्वर गा.वि.स. वडा नं. ६

जन्म मितिः- २०३४ माघ ५ गते बुधवार

आमाको नामः- कल्पना दहाल (इन्दिरा दहाल, नागरिकताको नाम)

योग्यताः- कक्षा दशमा पढ्दै गरेकी


सवद्धताः- उहाँका पिताका अनुसार उहाँ पहिले अ.ने.रा.स्व.वि.यू.(छैठौं) को समर्थक हुनुहुन्थ्यो ।

रुचीः- सांस्कृतिक फाँटमा (अखिलको झण्डा फरर.....लगायतका गीतहरुको गायनमा उहाँले भागलिनु भएको थियो ।)

सक्रियता र ऐक्यवद्धता र उनीहरुले वामपार्टी नेतृत्वलाई भेटेर देखाएको चिन्ता यो कुराको सबूद हो कि जन-आन्दोलन दृढतापूर्वक छेडिएमा उनीहरु अवश्य साथ दिनेवाला छन् ।

यता रासायानिक मलको भाउमा ३०० प्रतिशतको बृद्धिले आम ~~किसान~~ हरुलाई आक्रोशित बनाइरहेको छ । अचाक्ली महगी, जीविका नधान्ने ज्याला र पेशा- असुरक्षाले आम मजदूरलाई रुष्ट बनाइरहेको छ । गाउँहरुमा पंचायतकालीन शोषण र अत्याचार ज्यूँ का त्यूँ रहनु र कांग्रेसी ज्यादती बढ्नुले ग्रामिणहरुलाई आक्रान्त पारिरहेको छ । शहरमा विद्युत महशूल र पानी महसशूलमा चर्को बृद्धि र दैनिक आवश्यकताका वस्तुमा चर्को मूल्य बृद्धिले सबभन्दा तल्लो वर्गदेखि मध्यम वर्गसम्मलाई पनि हैरान पारिरहेको छ । यी सबै कुराको तात्पर्य के हो भने, शहर र गाउँ दुवैतिर वहुसंख्यक मानिसहरुलाई यथास्थितिमा ज्यून अत्यन्त मुश्किल र असंभव भइरहेको छ ।

जन-आन्दोलनको निम्ति अनुकूल वस्तुगत परिस्थिति भनेको यिनै परिस्थितिहरुको संयोग हो । सबैको दिल सुख्खा दाउरा झैं खग्रंग भईरहेको यस्तो वस्तुगत परिस्थितिमा आवश्यकता थियो- सवल र सुदृढ नेतृत्वको । दिल र दिमागमा आगो सल्[illegible]काउनेको । त्यस्तो दृढ र प्रष्ट नेतृत्वको, जसले जनताका यी समस्याहरुलाई वस्तुसम्मत, प्राप्य र मूर्त मागहरुमा सूत्रबद्ध गर्न जनतालाई अगुवाइ गरोस्, बढ्दो औकात अनुसारको चरणबद्ध संघर्षको कार्यक्रम तर्जुमा गरोस्, र संघर्षका कठीन मोडहरुमा



आन्दोलनकारीहरुलाई सही बाटो हिंड्न टर्च देखाओस् ।

त्यस्तो नेतृत्व भनेको नेपालको स्थितिमा संयुक्त वाम-शक्ति नै थियो । तसर्थ सम्पूर्ण आंक्रोशित तथा उत्पीडित वर्ग र जनसमुदायले अगुवाइका निम्ति आशाको आँखा वामपन्थी शक्तिमाथि नै फिंजाइरहेका थिए । संयुक्त वामपन्थी शक्तिले घोषित रुपमा गिरिजा सरकारको विरुद्ध आन्दोलनको थालनी गरिरहेको पनि थियो ।

तर अहिलेको अन्तरविरोध के हो भने, संयुक्त वामपन्थी शक्तिले
आन्दोलन त छेडेको छ , तर त्यसलाई दृढतापूर्वक टुंगोसम्म लैजाने तत्परता देखाईरहेको छैन । उसले अपराधी गिरिजा सरकारलाई घोडाबाट ओराल्ने ऐलान त गरेको छ, तर ओराल्नमा जरुरत पर्ने जनशक्ति परिचालन गर्न यो तम्तयार देखिन्न । उता गिरिजा सरकार भने जनशक्तिको भाषा बाहेक अरु कुनै भाषा बुझ्ने पक्षमा छैन । गिरिजा सरकार त्यस्तो वादशाह झैं देखा परेको छ, जो सजिलै घोडाबाट ओर्लिनेवाला छैन । ऊ उल्टो घोडाबाटै तरवारले जथाभावी जनतालाई फाँड्दैछ । सत्तामा आएको दुई वर्ष नबित्दै गिरिजा सरकारले यति धेरै निर्दोष जनता फाँडीसक्यो, जति ३० वर्षमा पंचायती

# गोली कसरी चल्यो

—प्रत्यक्षदर्शी पत्रकार **विवश वस्ती, "दृष्टि" प्रतिनिधिबाट**

**चा**र वामपन्थी समूहको त्यो दिन अर्थात फागुन २२ गते प्रजिअ कार्यालय शान्तिपूर्ण घेराउको कार्यक्रम थियो । ७.३० बजे १५ जना जति वामपन्थी कार्यकर्ताहरु प्र.जि.अ. कार्यालय अगाडि पुगेका थिए । तर विहान ७ बजे नै सी.डि.ओ. रामरतन मिश्र र ८ डि.एस.पी. दीपकसेन ठकुरीको नेतृत्वमा ३६ जना प्रहरीहरु प्र.जि.अ. कार्यालय अगाडि बसीसकेका रहेछन् ।

८.१५ तिर सिंधुली क्याम्पसका २० जना विद्यार्थीहरु घेराउकै सिलसिलामा प्र.जि.अ. कार्यालय अगाडि पुगेका थिए । प्रहरी भ्यान र सी.डी.ओ. को जीप ल्याउंदा मात्रै खोलिने प्रशासकीय भवन अगाडिको गेट त्यो दिन विहान ७ बजे नै खोलिएको थियो । र उक्त गेटलाई बन्द गर्न नदिनको निम्ति केही प्रहरी जवानहरुलाई गेट समात्न लगाइएको थियो ।

वामपन्थी कार्यकर्ताहरुले "अफिस समय नभईकन नै तपाईहरु किन आउनु भो ?" भनी सोद्धा- आज तपाईहरुको कार्यक्रम छ, ढुंगामूढा गर्न सक्नुहुन्छ, त्यसैले सुरक्षाको निम्ति आएको भनेर भन्नु भो । १० बजे भन्दा अगावै दक्षिण पूर्वी पर्खालबाट कर्मचारीहरु भित्र पसिसकेका थिए । वामपन्थी कार्यकर्ताहरुले प्रशासकीय अधिकृतलाई "हामी ठीक १० बजे यो गेट बन्द गर्ने छौं । हाम्रो कार्यक्रम शान्तिपूर्ण हुनेछ" भन्दा स्वयम् डी.एस.पी. ले "तपाईहरुसित शक्ति नै छैन, किन विवाद झिक्नु हुन्छ ?" भनेर शक्ति प्रदर्शनका धम्कीहरु दिए ।

ठीक १० बज्नु भन्दा ६ मिनेट अगाडि प्रहरी र धर्नामा बस्नेहरु बीच गेट तनातान भयो । एउटा गेट वामपन्थीहरुले ताने । तर अर्को गेट तान्न नपाउँदै विना पूर्वचेतावनी लाठी चार्ज गरे । लाठी चार्जमा एमालेकी गोमा देवकोटा, चित्र नारायण श्रेष्ठ, पुण्य हरि घिमिरे, गगा नेपाललाई गंभीर ढंगले चोट लाग्यो । अरु २०-२१ जना पनि पिटिए ।

नराम्ररी पिटिएपछि वाम कार्यकर्ताहरुले प्रतिरोधमा ढुंगा हाने, उता सी.डी.ओ.को ड्राइभर हनुमानले स्थितिलाई उत्तेजक बनाउँदै आन्दोलनकारीहरु माथि ढुंगा हान्यो । केही प्रहरी जवानहरुले पनि आन्दोलनकारीहरु माथि ढुंगा प्रहार गरे । प्रहरीले हानेको ढुंगाले कूलप्रसाद गौतमको टाउकोमा लाग्यो र टाउकोमा गंभीर घाउ लाग्यो ।

त्यही वेला डी.एस.पी.ले एक्कासी "गोली ठोक्" भन्ने आदेश दियो । एक्कैचोटि अश्रुग्यांस, हवाइ फायर र गोली चल्यो । यो घटना करीव १०.१५ तिर घटेको हो । एक जना आन्दोलनकारीले आफ्ना साथीहरुलाई "शान्त" भनेर संझाउँदै गरिरहेका थिए र वामपन्थी कार्यकर्ताहरुले ढुंगा वर्षाउन छोडे । तर केही राईफल नहुने प्रहरीहरुको तर्फबाट ढुंगा वर्षाउने कार्य जारी रह्यो ।

त्यति नै बेला प्रहरीहरु पर्खाल नाघेर आई खुल्ला मंच र अदालत अगाडिको चौतारामा वसिरहेका वामपन्थीहरुलाई लखेट्न र गोली बर्षाउन थाले । वहुसंख्यक वाम कार्यकर्ताहरु ग्वाङखोला नाघेर धुरा बजार अगाडिको खेतमा उभिइरहेका थिए भने केही वाम-कार्यकर्ताहरु हाते चौर र रातमाटा डाँडामा गएर बसेका थिए । यिनै तमासे समुदायहरुमाथि पनि प्रहरीले गोली वर्षाए ।

सवभन्दा पहिले बाटोमा मावल जान हिंडिरहेकी सम्झना दहालको कोखमा गोली गाल्यो र उनी त्यही ढलिन् । अझै गोली वर्षीरह्ने । वहुसंख्यक वाम कार्यकर्ताहरु ग्वाङखोला नाघेर धुरा बजार अगाडिको खेतमा उभिइरहेका थिइ भने केही वाम कार्यकर्ताहरु घट्टे चौर र रातमाटा डाँडामा गएर बसेका थिए । यिनै तमासे समुदायहरुमाथि पनि प्रहरीले गाली वर्षाए ।

सवभन्दा पहिले बाटोमा मावल जान हिंडिरहेकी सम्झना दहालको कोखामा गोली गाल्यो र उनी त्यहीं ढलिन । अझै गोली वर्षीरह्ने । गोलीले घरका छाना छानाका टायलहरु समेत फुटे । यही बेला धुरा बजारको खेतमा बसिरहेका धुव देवकोटाको टाउको ताकेर हानेको गोली उनको कानको टुप्पामा लाग्यो ।

उता रातमाटाको थुम्कीमा बसिरहेका आन्दोलनकारीहरु माथि पनि गोली चल्यो । वासुदेव देवकोटाको घुँडा पछाडिको पिंडौलामा गोलीले छेड्यो । संझनालाई सिंधुली अस्पताल लगियो । त्यहाँबाट एंवुलेन्सद्वारा जनकपुर लगियो । वासु देवकोटालाई एंवुलेन्सद्वारा जनकपुर लैजान अस्पतालमा पुऱ्याइयो । एंवुलेन्समा चढाउन लाग्दा ३ जना व्यक्तिहरु दीर्घराज श्रेष्ठ, सिद्धेश्वर गाविसका अध्यक्ष, विष्णु पौडेल (जिल्ला वन कार्यालयका खरदार) र डम्बर थापालाई प्रहरीले गिरफ्तार गऱ्यो । त्यही वेला प्रहरीहरुले लाठीचार्ज पनि गरे । अस्पतालमा जम्मा भएका जनसमुदायमाथि एक राउण्ड गोली पनि हान्यो । कूलप्रसाद गौतमको छाती ताकेर हानिएको गोली छल्दा काधमा घसिएर बाहिरगयो । उनको काँधमा अझै त्यसको कालो टाटो छ । यो २.३० बजेको घटना हो ।

साँढे ४ बजे जनकपुरबाट संझना दहालको मृत्यु भएको खवर सिंधुली आईपुग्यो ।

## त्यसपछि के के भयो ?

- गोली लागेको घटनापछि १ बजेतिर धुरा बजारबाट जन समुदायको ऱ्याली बजार परिक्रमा गरेर हाटेचौरमा पुग्यो र आमसभा भयो ।

- चैत्र ३ गतेको दिन अर्का १ जना भिमान गा.बि.स.का उपाध्यक्ष पुण्य हरि गिरफ्तार

- यस बाहेक १० जनालाई वारेण्ट जारी गरिएको छ ।
- वाम कार्यकर्ताहरुको अनुरोधमा बजार बन्द ।
- साँझ कर्फ्यु / सिंधुलीलाई दंगाग्रस्त क्षेत्र घोषणा ।
- गिरफ्तारहरुमाथि, प्रहरीहरुमाथि छुरी हानेको भन्ने झुठा मुद्दा लगाएर उनीहरुलाई सार्वजनिक अपराध ऐनमा हिरासतमा राखेको । ३ दिनसम्म खान नदिएको ।

तानाशाहीले फाँडेको थिएन।

तर बादशाहलाई घोडाबाट ओर्ल भनेर ऐलान गर्नेहरुले भने उसैसित संसदमा शान्ति र सहमति खोज्ने प्रयत्न गरिरहेछन् । कार्यकर्ता र जनता संघर्षको निम्ति तम्तयार छ । पटक पटकको घटनाले यसलाई पुष्टि गरिरहेछ । तर नेतृत्व संघर्षलाई उद्देश्यमूलक, तेजिलो र जनव्यापी बनाउने बिचारमा देखिन्न ।

आखिर यस्तो किन भइरहेछ ? यदि यतिखेर संघर्ष गर्ने परिस्थिति नै थिएन भने संघर्षको घोषणा नै गरियो किन ? संघर्षको ऐलान गरिसकेपछि फेरि त्यसलाई एउटा टुंगोसम्म लैजान दोमन किन ? के के ले छेंकिरहेकोछ नेतृत्वलाई-आन्दोलनलाई जनव्यापी र लक्ष्यमूलक बनाउन ?

यो दोमन र छेकेवार अहिले संयुक्त बामशक्ति भित्र विद्यमान विभिन्न विचारहरुको संयोगले गरिरहेको छ । एउटा विचार छ, संसदीय संघर्षलाई नै संघर्षको मूल धुरी बनाउने बिचार । अहिले जन आन्दोलन त बढाउँला, तर भरे संसदीय चुनावद्वारा आफै सत्तामा पुगियो भने त्यतिखेर भारत र नेपाली कांग्रेसले असहयोग गरिदियो भने फसादमा परिने त होइन ? त्यसैले दुवैलाई चिढाउनु ठीक छैन, बीचको संझौताको बाटो खोजिनु पर्छ भन्ने विचार । अर्को विचार अहिले उठाउन लागिएको शहरिया संघर्षलाई किन बेसी ध्यान र शक्ति लगाउने ? भन्ने विचार । तेश्रो विचार, हामी साना शक्ति छौं, ठूला शक्तिहरु नै संघर्ष तेज र व्यापक पार्न ध्यान दिएन भने हामीले दिएर के नै हुन्छ र ? भन्ने विचार ।

यी तीनै थरी बिचारहरु अहिले संघर्षरत बामशक्तिहरुमा बिद्यमान छन् । यी बिचारहरु भिन्न त छन् । तर एउटा कुरामा यी तीनै थरी बिचार बीच साझा सहमति देखिन्छ- त्यो हो, यो आन्दोलनलाई अरु तेज र व्यापक पार्न सकिन्न भन्ने सोच । यही समानता र साझा सहमतिका कारणले बस्तुगत परिस्थिति अत्यन्त अनुकूल हुँदा हुँदा हुँदै पनि अहिलेको आन्दोलनले गति लिन नसकेको रं आधा मनले संघर्ष भइरहेको हुनुपर्छ ।

जहाँ पनि आधा मनको संघर्षले नोक्सानी बाहेक कुनै अपेक्षित नतीजा ल्याउदैन । खुकुलो गरी समात्नु भनेको अपराधीलाई सरासर उम्काउनु हो । तर विडम्बना, हाम्रो यहाँ अहिले जनआन्दोलनका लागि अत्यन्त अनुकूल बस्तुस्थिति भएर पनि आधा मनको संघर्ष भइरहेछ र गिरिजा सरकारलाई खुकुलो गरी समात्ने काम भईरहेछ । यो निश्चित छ , आन्दोलनमा भएका यी कमी कमजोरी-नसच्याउने हो भने, गिरिजा सरकार यो आन्दोलनबाट चोखै उम्कनेछ र अरु कैयन् गुणा मैमत्त र तानाशाही भएर निस्लने छ । यसबाट जनताको पक्षमा निरासा छाउनेछ, उता शत्रुको पंक्ति भने अरु उत्साहित र अनियन्त्रित हुनेछ । सरकारले ब्याल ब्यालमै थुप्रै संझना दाहालको हत्या गरिरहन संभव हुनेछ ।

## गिरिजाको दाउपेच


गिरिजा सरकार अहिले व्यवधानका रुपमा रहेको सन्धि ऐन, २०४७ नै अनुकूल हुने गरी सच्याउने, त्यसपछि त्यसले बनाएको चोर-ढोकाबाट टनकपुरको मुद्दा संसदको साधारण बहुमतबाट जवर्जस्ती पास गर्ने दाउपेच बनाईरहेछ । ने.कां.को संसदीय दलको बैठकले त कृष्णप्रसाद भट्टराईकै उपस्थितिमा यो निर्णय गरिसकेको छ । अहिलेको वार्ता र सहमतिको नाटक त उपत्यका-बन्दको सफलताले पैदा गरेको संघर्षको ज्वालालाई सामसुम पार्ने नियतले मात्र प्रेरित देखिन्छ । सहमतिको नियत हुँदो हो त प्रतिपक्षको चरम आपत्ति र रोष्ट्रम घेराउ हुँदाहुँदै पंचायती निरंकुश शैलीमा राष्ट्रिय सभाबाट सन्धि ऐन जवबजस्ती पारित गरिने नै थिएन । राष्ट्रिय सभाको घटनाले-प्रतिनिधिसभामा कुन दृश्य-पटल देख्न पाइनेछ र नेपाली कांग्रेसको सरकारको दाउपेच के छ भन्ने कुरा उदाङ्गो पारिसकेको थियो ।

वामशक्तिलाई वार्तामा झुल्याउने, संघर्षलाई व्यापक र तेज हुन नदिने र संघर्ष शिथिल भएको मौका पारेर -प्रत्येक मुद्दालाई पेलेरै सिध्याउने गिरिजा सरकारको कूल दाउपेच यही देखिन्छ । भारतको "निजी" भ्रमणबाट फर्केर आएपछि गिरिजा सरकारको पेल्ने मानसिकता अरु प्रवल र सुदृढ भएको छ । भारतीय सरकारबाट प्राप्त ढाडसले नै गिरिजाको हठी मनोबललाई छुट दिएको हुनु पर्छ ।

संयुक्त वाम शक्तिको संघर्षमा अदृढता र आधामनको एवं मनतातो संघर्ष तथा धोका दिने निश्चित हुँदाहुँदै संघर्ष सिथिल पारेर वार्तामा सामेलिले गिरिजा सरकारलाई आफ्नो दाउपेच सफल पार्नमा राम्रो मौका प्रदान गरेको छ ।

गिरिजा सरकारले दाउपेचलाई असफल गराउने एउटै उपाय हो-सडकको जन-संघर्षको दवाब । त्यो दवाब सिर्जना गर्ने एउटै उपाय हो-माथि बताईसकिएका जनताका तात्कालीन मूलभूत समस्याहंरुलाई मूर्त र प्राप्य मागहरुमा सूत्रवद्ध गरेर तेजिलो र जनव्यापी आन्दोलनको लहर सिर्जना गर्नु । एउटा संयुक्त वाम तथा प्रजातान्त्रिक मोर्चाको निर्माण गरी त्यसको अगुवाइमा सशक्त जन आन्दोलन छेड्नु । यस्तो गर्नका लागि प्रत्येक बामशक्तिले आफ्नो संगठक र प्रचारकहरुको निर्णायक जत्थालाई त्यस कार्यमा तत्काल छुट्याउनु जरुरी हुन्छ । सदनको संघर्ष च्याट्टै छोड्नु जरुरी छैन । तर सबैभन्दा राम्रा→

## -उहाँकै बुबा शेषराज दहालबाट प्रत्यक्ष वर्णन-



फागुन २२: संझना, फुफू बज्यै र एउटा भाइ एवं साथीसंग उनको मावल कुँडुले जाँदै थिइन् -(सिंधुली बजारबाट घुरा बजार हुँदै कुँडुले जाँदै) । उनी घुरा बजारमा देव कुमारको होटेल अगाडि-बाटामा हिंड्दा हिंड्दै गर्दा उनको पेटमा गोली लाग्यो (देब्रे कोखबाट गोली पसी ढाडबाट बाहिर निस्कियो)। उनले "ऐया । मलाई गोली लाग्यो" भनिन् र त्यही ढलिन् ।

यो विहान १०:४५ को घटना हो । नजिकै शंकरनाथ शर्मा, अच्युतम ढकालले तत्कालै अस्पताल लगे । अस्पतालमा सलाइन चढाएर जनकपुर लान लाग्दा मैले बजारमा भेटें । दुर्भाग्य, उनी जनकपुर अस्पताल नपुग्दै उनको मृत्यु भइसकेको रहेछ । उनको शरीर सबै पहेंलो भएकाले गोली विषालु भएको बुझियो । मृत्यु कति खेर भयो, थाहै भएन ।

जनकपुर अंचल अस्पतालमा लासको पोस्टमार्टम गरियो । र लास त्यही जलाउन भनियो । तर मैले घरै लिएर जान्छु भनें । बेलुकी ६ बजेतिर वाम समूहको एउटा जुलूस आयो - लास लिन भनेर । उनीहरुलाई पनि म लास घरै लान्छु भनेर फिर्ता गरें । त्यसपछि जुलूसबाट आत्तिएको अस्पतालले लास चाँडै दिन हतारो गऱ्यो र लास त्यही जलाउन भन्यो । राती ९:३० बजे लास बुझियो । पुलिसले मुचुल्कामा भवितव्य परेर मरेको भनेर लेखेको रहेछ । मैले त्यो पुलीसको गोलीले मरेको भनेर लेख्न लगाएर मात्र सही गरें ।
राती ९:३० बजे ३००० रु भाडामा ट्रक लिएर १०-१२ जनाले लासलाई सिंधुलीतिर चलायौं । ढल्केबरसम्म पुलिसको भ्यानले पछ्याईरहेको थियो ।

हामी १२ बजे भिमान पुग्दा विमल शर्मा असईको नेतृत्वमा लास खोसेर जलाईदिनका लागि आदेश दिएर पठाएइको रहेछ । भिमानमा हामीलाई पिस्तोल सहितका प्रहरीहरुले रोके । मैले लास बुझेको भर्पाई समेत साथैमा लगेको थि एं । त्यसमा जातीय संस्कारअनुसार दाह संस्कार गर्न दिइएको भनेर लेखिएको थियो । मेरो जातीय संस्कारअनुसार लास तुनसाको मठमुनि राख्नु पर्ने भएकाले लास घर लैजान पाउँ भनी स्वीकृति माग्दा बाकीटकीद्वारा तुलसाको मठ त्यही बनाएर संस्कार गर्नू, लास खोसेर लैजाउनू भन्ने आदेश दिइयो ।



हामीलाई डर लाग्यो । लास भिमान मै राख्यौं । ट्रकलाई भाडा दिई त्यहींबाट फर्कायौं । भोलिपल्ट बिहान करीब २०० जति साथीहरु जम्मा भईसक्नु भएको थियो । बिहान ६ बजेतिर काठमाडौंबाट आएका ४ वटा रात्रिबस एक्कैचोटि त्यहाँ आईपुगे । त्यहीं बसमा सासद घनश्याम पौडेल र मदन ढुंगेल, र हरिबोल गजुरेल आउनु भएको रहेछ । उहाँहरुको भनाइबाट पनि लासलाई बसमै राखेर ४ वटा बसमा साथीहरु मिलेर पल्ने भनी हामी लास राखेको बसमा चढी गयौं । अब बसमा प्रहरीहरुले कुनै साथिलाई पनि चढ्न दिएन छन् र माईथानबाट बस फर्काउने आदेश दिएछन् ।

हामी पड्यौली दोभानमा पुग्दा करीब डेढ सय जति सशस्त्र प्रहरी एउटा ट्रक र एउटा भ्यानमा आएर बसेका रहेछन् । लासलाई त्यहाँबाट अघि बढाउन दिएनन् । सांसद्‌हरुले किन यसरी रोकेको भन्दा "यो आदेश हो, हजूर, हजुरहरु नै सि.डि.यो. साहेबसंग कुरा गर्नोस्" भनेपछि सांसदहरु सि.डि.यो. कहाँ कुरा गर्न जानु भो । यता हामीलाई जबर्जस्ती लास जलाउनलाई हस्तक्षेप गर्न थाल्यो । प्रहरी इन्सपेक्टरले "तपाईहरु राजनीति गर्नुहुन्छ, छिटै लास फिक्ने भए भिक्नोस्, तपाईहरु पनि ढुंगा लिएर ठीक पर्नुस्, हामी गोली हान्छौं " भन्यो ।

## छोरीलाई गोली हानीहालिस्, अब मलाई हान् भनेर मैले पुलिसलाई जवाफ दिएँ !

"हामी किन ठीक पर्नु ? छोरीलाई गोली हानीहालिस्, अब मलाई हान्" भनेर मैले जवाफ दिएँ ।

यसरी प्रहरीहरुले ४ पटकसम्म चिता बनाए । हामीले त्यो चिता चार पटकसम्मै बिगार्‍यौं । अनि प्रहरीहरुले माइक लगाएर "अब हामी लास जलाउँछौं" भन्न थालेपछि हामी त्यहाँ भएका १२-१४ जनाले चिता बनायौं र लासलाई चितामा राख्यौं । त्यसैबेला "दृष्टि"का प्रतिनिधि नवराज बस्नेतले फोटो लिन तयार हुदा फोटो लिन दिन्न भन्ने इन्सपेक्टरको भनाइमा उहाँले आँखाबाट आँसु भारेर "यो मेरो पत्रकार संघको र सिन्धुली जिल्ला अध्यक्षको छोरीको लास हो । मलाई थुने थुन्, क्यामेरा खोसे खोस्, गोली ठाके पनि ठोक् " भनी जबर्जस्ती २०-२५ वटा फोटो लिनु भयो ।

त्यसपछि लास चितामा हुँदै सांसदहरु आई पुग्नु भयो । उहाँहरुले "हामीले सि.डि.यो कहाँबाट अनुमति ल्यायौं" भन्नुभयो । तर लास चितामा राखीसकिएकाले अब यसको दाहसंस्कार यहीं गरौं भनेर मैले भनें । त्यहीं दाह संस्कार गरियो । त्यतिखेरसम्म सिन्धुलीलाई दंगाग्रस्त क्षेत्र घोषित गरीसकिएको थियो ।

त्यसैले, साथीहरु श्रद्धाञ्जली सभा त्यहीं नजिकै फोक्षेटारमा मनाउन ३ बजेको समय दिएर जानुभो । हामी ६ जना मात्र त्यहाँ रहीरह्यौं ।

चिता पखालेर हामी जब घर फर्कन लाग्यौं, प्रहरीहरुले हामी छ नै जनालाई भ्यानमा बस्न भन्यो । मैले त्यो इन्कार गरें । तर घर फर्कंदा सिन्धुलीमाडी बजारको पुच्छारमा एस.एस.पी. गाडी लिएर डि.एस.पी. सहित बसेको रहेछ । म पुग्नासाथ गाडीको ढोका खोलेर "सि.डि.यो. साहेबकहाँ जाउं, त्यहाँ सरकारबाट संवेदना आएको छ" भन्यो । मैले त्यो पनि इन्कार गरें । डि.एस. पी.लेमलाई तान्यो भन्यो - गाडी नचढे हिंडेर जाउं । मैले दाह संस्कार गरेर आएको , म त्यहाँ हैन घर जानुपर्छ भनेर घर नजिकै देखाएपछि घर गएर आउनुस् भनी छोडीदियो ।

उता घर गएपछि डि.एस.पि. सहित प्रहरीहरु मेरो घर गएका रहेछन् । श्रद्धाञ्जली सभामा हिंड्न लागेका संभनाका मामा नारायण देवकोटाले प्रहरीहरुलाई यो त ज्यादती भयो, यस्तो बेलामा पनि तपाईहरुले घर घेर्ने ? भनेपछि उनीहरु फर्केर गएछन् । यिनै परिस्थितिबाट म श्रद्धाञ्जली सभामा जान पाईन ।

यसपछि सिडियो को सहायक लेखापाल अर्जुन कार्की आएर मलाई "२५ हजार रुपैयां" बुझ, यो सि.डि.योको दोष होइन, डि.एस.पी. को दोष हो, त्यसैले सि.डि.यो साहेबले क्षतिपूर्ति पठाउनु भएको छ" भन्यो । मैले त्यो बुझ्न इन्कार गरें । तीन पटक सम्म उ आयो । मैले तेस्रो पटक अब आयौ भने म सहन्न, म तिमीमाथि नै जाई लाग्छु भनेपछि ऊ फेरि आएन । ●

संगठकहरु र बिचारकहरु त्यहीं मात्र केन्द्रित भइरहने हो भने जन-जागरण हुन्छ कसरी र जन आन्दोलन परिचालन हुन सक्छ नै कसरी ? संभावना नभएर होइन, प्रयत्न र प्राथमिकता नभएर अहिलेको संघर्ष शिथिल भएको हो र त्यसैले, सदन, सडक र अदालत तीन वटै क्षेत्रमा संयोजित काम हुनु पर्छ र सवैभन्दा वेसी प्राथमिकता जन-संघर्ष र सडकको संघर्षलाई दिइनु पर्छ । किनकि, त्यो भयो भने मात्र गिरिजाको सदन र अदालतको हरेक षडयन्त्र विफल पार्न संभव छ । सदनमा संघर्ष चल्दा बाहिर सडकमा देशभरी हज्जारौं- लाखौं मानिसहरुको जन-आन्दोलनको दवाव हुने हो भने, गिरिजाको सारा दाउपेज व्यर्थ हुने छ । जनसत्ता बलियो हुनेछ । जन-समस्या हल गर्ने संभावना वेसी हुनेछ । शत्रु कमजोर हुनेछ ।

### समय अझै छ

ठीक कुरा शुरु गर्न कहिल्यै ढीलो हुदैन । हामी गल्ती ठम्याउँछौं भने त्यो सच्याउने सवभन्दा महत्वपूर्ण क्षण वर्तमान हो, किनकि यौ मात्रै हाम्रो नियन्त्रणमा छ र हुन्छ ।

माथिका विचारको विस्तृत विवेचना यो छोटो लेखमा संभव छैन । तर जम्मा जम्मीमा भन्ने हो भने अहिले आन्दोलनमा गल्ती भइरहेछ । जनता र कार्यकर्ताको आन्दोलन गर्ने मनस्थिति छ । मौसमले पनि साथ दिएको छ । तर नेतृत्व तयार छैन । भन्नुको तात्पर्य, आन्दोलनले दायाँ गल्तीको बाटो समात्दैछ । यो गल्ती सच्याउनु जरुरी छ र संभव पनि छ ।

जसको लागि संसदीय संघर्ष नै प्राथमिक भएको छ, उहाँहरुको निम्ति पनि त चुनावमा जित्न लोकप्रिय त हुनु जरुरी छ, जन-विश्वास त प्राप्त हुनु जरुरी छ । राष्ट्रियता र जनजीविकाका यति टड्कारा समस्याहरुलाई उपेक्षा गरेर लोकप्रिय होइन्छ नै कसरी ? लोकप्रिय नभएर चुनाव जितिन्छ नै कसरी ? जसको लागि ग्रमिण संघर्ष प्रमुख भएको छ,



उहाँहरुको निम्ति पनि त शहरमा प्रतिक्रियावादी सत्ता कमजोर हुनु गाउँमा संघर्ष चर्काउँनका निम्ति अनुकूल अवसर हुनु सक्छ । फेरि राष्ट्रियता र जनजीविकाको सवालमा आम जनतामा जागरण आउनु र उनीहरु केन्द्रीय सत्ताको विरुद्ध खडा हुनु- कुनै पनि खालको संघर्ष उठान गर्नको लागि पनि अनुकूल कुरा हो । जो तुलनामा सानो शक्ति हुनुहुन्छ, उहाँहरुको संगठन वृद्धिको अपार संभावना पनि संघर्षमा नै निहित छ । जो संघर्षमा दृढतापूर्वक खडा हुन्छ र अगुवाई गर्न सक्षम हुन्छ, उसैले नै सवैभन्दा वेसी संगठन वृद्धि गर्ने संभावना हुन्छ ।

त्यसैले, बिचार अलग-अलग भए पनि जन-संघर्षको उठानमै सवैको हित छ । सघर्षमा सधैंभरी सफलता नै प्राप्त हुन्छ, यो निश्चित हुँदैन । तर आफ्नो तर्फबाट सधैंभरी सफलता नै प्राप्त हुन्छ, यो निश्चित हुंदैन । तर स आफ्नो तर्फबाट त्यसलाई सफल पार्ने अधिकतम र सचेत प्रयत्न हुनु पर्ने हुन्छ । प्रयत्न नै नगरी कुन संघर्ष सफल हुन्छ ? अहिलेको आवश्यकता त्यही प्रयत्नको हो । पहलको हो । वस्तुस्थिति अनुकूल भएको बेलामा एउटा सानो शक्तिले पनि सही र संगठित पहल गर्छ भने समय र शक्ति दुवै उसैको हातमा हुन्छ । गिरिजा सरकारको मैमत्तपनले मारिएका संभना दाहालजस्ता अनेकौं शहीदहरुको शहादतले अहिले जिम्मेवार शक्तिहरुसित यही पहलको माग गरेको छ । ●


**केवल दिनको रु. १०/- जम्मा गर्नु भई निम्न लिखित फाईदा उठाउनु होस् ।**

**१. सदस्य भएको मिति देखि २४ महिनाभित्र बिरामी भएमा अस्पतालमा लाग्ने औषधी खर्च निशुल्क पाउनु हुने छ ।**
**२.केही गरी सदस्यको मृत्यु भएमा परिवारले पूरा रकम फिर्ता पाउनु हुनेछ ।**
**३. सदस्य भएको मिति देखि ३ महिना पछि साना-तिना व्यापार गर्न साना-तिना उद्योग गर्न वा छोरा-छोरीहरुको व्यवहार गर्नको लागि सापटी पाउनु हुने छ ।**

अन्य जानकारीको लागि सम्पर्क राख्नुहोस् ।

**हिमालय ढिकुरी कार्यक्रम नेपाल**

ताहाचल, नेपाल फोन २७०५८६ ।

# लोडशेडिङ्ग किन भोग्नु परीरहेछ ?

अहिले नेपालीहरुले निकै ठूलो पैमानामा लोडशोडिङ भोग्नु परिरहेछ । दिन बिराएर, साँझ ५ देखि ८ बजेसम्म र फेरि बिहान ४ बजेदेखि बिहान ९ बजेसम्म लोडशोडिङ हुने गरिरहेछ । १०-१० घण्टा विजुलीको आपूर्तिबाट बंचित हुन परे पनि सरकारले विद्युत महशूल भने उत्ति नै उठाइरहेछ, जति २४ घण्टा विद्युत आपूर्ति गर्दा उठाउँथ्यो । अझ केही समय अघि मात्र न्यूनतम विद्युत महशूलमा १७२.७ प्रतिशत वृद्धि गरियो । यसको मतलब नेपालीहरु अहिले फगत १४ घण्टा विजुली बालेर २४ घण्टाको पैसा तिर्दैछन् र त्यो पनि पहिलेभन्दा करीब तेब्बर बेसी ।


अचाक्ली र अन्यायको यो भन्दा ज्वलन्त नमूना के हुन सक्छ ?

तर प्रश्न उठ्छ- यस्तो किन भईरहेछ ?

## तात्कालीक कारण

अहिले तत्काल यति ठूलो मात्रामा लोडशेडिङ गर्नुको कारण त कुलेखानीको पोखरीमा आवश्यकताभन्दा निकै थोरै पानी हुनु हो । कुलेखानी नेपालमा विद्युत आपूर्ति सबभन्दा बेसी चाहिने समय (peak period) मा सजिलैसित ९२ मेगावाटसम्म विद्युत आर्पूति गर्न सकियोस् भन्ने उद्देश्यले बनाइएको थियो । त्यस्तो बेसी विद्युत चाहिने समय (peak period) भनेको साँझ ५ देखि ९ बजेसम्मको समय र विहानको समय हो । तर सबभन्दा जरुरतको बेलाको विद्युत आपूर्तिको लागि भनेर वर्षाको पानीको आधारमा बनाइएको कुलेखानी योजनाको पोखरीबाट विद्युत आपूर्ति चाहियो भनेर अरु बेला पनि पानी तान्न थालियो । फलस्वरुप, एक विश्वस्त विद्युत-विज्ञका अनुसार त्यहाँ कम्तीमा १४ मिटर पानीको लेवल हुनु पर्नेमा यो फगत ६ मिटरको लेवलसम्म घट्न पुग्यो । त्यसमध्ये पनि ४ मिटर लेवल सम्मको पानी तान्दा, माटो-फोहोरसमेत आउने हुनाले त्यो अहिले प्राविधिक रुपले तान्न सकिन्न । यसको मतलब, तान्न सकिने पानीको लेवल अहिल फगत २ मिटर मात्र छ।अहिले अति जरुरी समयमा पूरै विद्युत आपूर्ति गर्दा त्यो बाँकी लेवल पानी पनि चाँडैनै सकिने भएकाले खटाई खटाई पानी तान्नु पर्ने भएको छ । त्यही कारणले अहिले सबभन्दा धेरै विद्युत चाहिने समयमा विद्युत आपूर्ति बन्द गर्नु परेको हो ।

त्यसैले अहिलेको लोडशेडिङ्को तात्कालीक कारण जलस्रोत मन्त्रालय र विद्युत प्राधिकरणको हेल्चक्र्याईं हो । पछि के हविगत हुने वाला छ भन्ने सवालमा विचारै नपुर्‍याईकन, बढ्दो विद्युत आपूर्तिको माग पूरा गर्न दीगो विकल्प सोच्नु, सिर्जना गर्नुको सट्टा आपत्कालीन भण्डारबाट जथाभावी पानी निकलिनाले अहिले हामीले यो लोडशेडिङ भोग्नु परेको हो । विद्युत आयोजनाको क्षमता नभएर लोडशेडिङ भएको होइन । विद्युत आपूर्ति गर्ने सरकारी निकायको वृद्धि र देश एवं



जनताप्रति जिम्मेवारपूर्ण व्यवहार नभएर यो हविगत व्यहोर्नु परेको हो । नत्र दिन विराएर peak period मा पनि विद्युत आपूर्ति गर्ने काम, जुन गरिएको छ, त्यसमा विद्युत आपूर्ति गर्न कसरी संभव हुन्थ्यो ? त्यो संभव भईराखेको छ । यसले देखाउँछ कि- हामीसित क्षमता त छ, तर अमूल्य स्रोत बेपर्वाह वश बेमौकैमा सिध्याएकोले हामीहरुसित अहिले पानीको स्रोतकै अभाव छ ।

तर कुलेखानी जस्तो आपत्कालीन स्रोतमाथि विद्युत आपूर्तिको बढ्दो माग पूरा गर्न भरपर्ने स्थिति चाहिं किन सिर्जना भयो त ? - समस्याको मूल जरो यसैमा लुकेको छ ।

## समस्याको जरो

सरकारले विगतमा खालि ठूला-ठूला आयोजनालाई मात्र जोड दियो, जसको लागि हामीसित न पूँजी नै थियो, न प्रविधि । सरकारले लघु, साना, र मझौला आयोजनाहरुमा जोड दिएन, जुन थोरै पूँजी र नेपालकै प्राविधिज्ञहरुमा भर परेर कार्यान्वयन गर्न संभव थियो । सरकारले कर्णाली र अरुण तेस्रोमा जोड दियो, तर पूर्वाधार त्यति धेरै नचाहिने काली गण्डकी, मोदी खोला र कन्काईमा जोड दिएन । यसमा जोड दिइएको भए काली गण्डकीबाट १०२ मेगावाट, मोदी खोलाबाट ११ मेगावाट र कन्काईबाट ६० मेगावाट विजुली ४-५ वर्षमै निकाल्न संभव थियो । जापानीहरुले १९८७ मै २२५ मेगावाट विद्युत निक्लने सप्त गण्डकी आयोजनामा चाख देखाएका थिए । तर त्यसमा नेपालको तात्कालीन पंचायती सरकारले भने चाख देखाएन र परियोजना-संभावना रद्द भयो । ५-१० वर्ष अगाडि ती आयोजनाहरुमा ध्यान एकतृत गर्न सकिएको भए, हामी अहिलेको विद्युत आपूर्तिको आवश्यकताको धेरैजसो भाग ती आयोजनाहरुबाट पूर्ति गर्ने हालतमा पुगिसकेका हुन्थ्यौं । यस्तो गर्न हामीसित पूँजीगत संभावना पनि थियो, प्राविधिक क्षमता पनि र बाटोको पूर्वाधार पनि, जस्तो- अहिले, झिमरुक आयोजना निर्माणाधीन छ, र त्यसबाट १० मेघावाट विजुली-अर्को वर्ष निक्लने संभावना छ, त्यस्तै संभावना ती आयोजनाहरुबाट पनि थियो ।

यति प्रवल संभावना हुँदा हुँदै पर्ना यी परियोजनाहरुमा किन ध्यान दिइएन त ?

किनकि, यी परियोजनाहरुबाट जलस्रोत मन्त्रालयका र अन्य संबन्धित ठाउँका नोकरशाहहरुलाई प्राप्त हुने कमिशन नगण्य वा शून्य हुन्थ्यो । ठूला आयोजनाहरुबाट भने निकै मोटो कमिशन प्राप्त हुन्थ्यो । विश्व बैंक जस्ता संस्थाहरु-नोकरशाहहरुलाई कमिशनले किनेर यस्ता आयोजनामा जोड दिन दबाव दिइरहेका थिए । कमिशनको स्वार्थकै कारणले-देशको हकमा निकै ठूलो नोक्सानी हुने शर्तमा पनि, जलस्रोत-नोकरशाहरुले फगत ठूला आयोजनाहरुमा प्राथमिकता दिए । अरुण र कर्णालीको सर्वेक्षणमा मात्र करोडौं रुपैयाँ सिद्ध्याए । तर मझौला, साना र लघु आयोजनाको संचालनमा ध्यानै दिएनन् ।

त्यसको प्रतिफल अहिले हामी भोग्दैछौं । हामीसित अहिलेको लागि मात्र कुनै ठूलो विद्युत आयोजना नभएको होइन, सन् १९९७ अर्थात २०५४ सालसम्म कुनै ठूलो विद्युत आयोजना संचालन हुने स्थिति छैन । एउटा खिम्ती आयोजना मात्र नर्वेलीहरुको सहयोगमा १९९७ सम्ममा तयार हुने संभावना छ, जसबाट ६० मेगावाट विजुली निक्लने छ । यसको मतलब लोडशेडिङ्को समस्या निकट भविस्यमा अरु विकराल हुने निश्चित छ ।

बर्तमान सरकार पनि पंचायती सरकार जस्तै, ठूला आयोजनाहरुकै फेरोमा छ । मझौला, साना र लघु आयोजनाहरुमा उसले पनि कुनै प्राथमिकता दिईरहेको छैन । यस्तो प्रतीत हुन्छ-ऊ पनि कमिशन-स्वार्थको बल्छीमा फँसेको छ । पश्चिमाली दाता राष्ट्रहरु र विश्व-बैंकहरु पनि ठूला आयोजनाकै निम्ति नेपाललाई प्रोत्साहित गर्दैछ ।

### नेपालमा अहिले अस्तित्वमा भएका जल विद्युत आयोजनहरु

| आयोजनाहरु | उत्पादन (मेगावाटमा) |
|---|---|
| पनौती | २.४ |
| त्रिशुली | २१ |
| सुनकोशी | १० |
| गण्डकी | १५ |
| कुलेखानी-१ | ६० |
| कुलेखानी-२ | ३२ |
| देवीघाट | १४ |
| मर्स्याङ्दी | ६९ |
| आँधी खोला | ५.१ |
| कूल जम्मा | २२८.५ |

(१ मेगावाट=१००० किलोवाट)

# निर्माणका निम्ति सहमत र प्रस्तावित



| प्रस्तावित | |
|---|---|
| झिमरुक, प्यूठान | १२.५ |
| अरुण-तेस्रो | ४०२ |
| काली गण्डकी-क | १०० |
| खिम्ती खोला | ६०.० |
| कूल जम्मा | ५७३.५ |

## निमार्णका निम्ति योजना गरिएका र प्रस्तावित

| आयोजना | विद्युत उत्पादन मेगावाट |
|---|---|
| १. बुढी गण्डकी | ६० |
| २. काली गण्डकी-ख | ६६० |
| ३. सप्त गण्डकी | २२५ |
| ४. कन्काई | ६० |
| ५. नौमूरे | २०० |
| ६. तल्लो अरुण | ३०० |
| ७. पश्चिम सेती | २८५ |
| ८. बाग्मती १४० देखि | २१० |
| ९. तामाकोशी-३ | १२३ |
| १०. भोटेकोशी-२ | ६९ |
| ११. आँधीखोला-१(पोखरी) | १८० |
| १२. माथ्लो अरुण | ३८० |
| १३. माथ्लो कर्णाली | २४० |
| १४. कर्णाली चीसापानी | १०८०० |
| १५. पञ्चेश्वर (महाकाली) | १००० |
| १६. पुवाखोला | ५ |
| | कूल जम्मा १५,३३७ |

## बाटोको पूर्वाधार भएका छिटै बन्न सक्ने मझौला र साना विद्युत आयोजनाहरु

| आयोजनाहरु | विद्युत उत्पादन |
|---|---|
| कन्काई | ६० मेगावाट |
| सप्त गण्डकी | २२५ ,, |
| पश्चिम सेती | ३६० ,, |
| बूढी गण्डकी | ६०० ,, |
| भोटेकोशी | ४८ ,, |
| मोदी | १० ,, |
| | जम्मा १३०३ मेगावाट |

स्रोत:- जल शक्ति आयोग सचिवालय, १९९२ तथा डा. हरिमान श्रेष्ठ।

→नोकरशाहहरु पुरानै छन्। अजित नारायणसिं, हर्षमान र कीर्तिचन्द ठाकुरहरु र अन्य दरवारिया मध्यस्तहरु अहिले पनि अत्याधीक प्रभावशाली र क्रियाशील छन्। यी तिन जल-स्रोत नोकरशाहरु हुन्, जसले हिजो मोटो कमिशनका लागि आजको यो भयावह लोड शेडिङको संकट निम्त्याएका थिए र देशलाई अन्धकारको अनिश्चित आहालमा धकेलेका थिए।

त्यसैले लोडशेडिङको पछाडि एउटा ऐतिहासिक कारण गर्भमा लुकेको छ। कमिशन-स्वार्थले पैदा गरेको गैर-जिम्मेवार र हचुवा विद्युत-योजनालाई प्राथतिकता। यो नै जरो ऐतिहासिक कारण थियो, जसले गर्दा हामी अहिले भयावह विद्युत संकट भोग्दैछौं र अरु कैयन वर्षसम्म भयावह-संकट भोग्न बाध्य छौं।

## संभावना र उपाय

सुनिदैछ- लोडशेडिङको समस्या टार्न वर्तमान गिरिजा सरकार-डिजेल प्लाण्ट स्थापना गर्न खोज्दैछ, या भारतीय भूमिमा स्थापित डिजेल प्लाण्टबाट जति महँगो परे पनि विद्युत खरीद गर्दैछ। यदि यो साँचो हो भने यी नेपालको लागि अर्को दुर्भाग्य हुनेछ।

लोडशेडिङको समस्याबाट उम्कने हो भने अहिलेको हाम्रो प्राथमिकता हुनु पर्छ- फेरि पनि पर्ता पर्ने र भौगर्भिक हिसाबले संभव हुने साना, मझौला र लघु परियोजनाहरुलाई जोड दिनु। खिम्ती, मोदी खोला, काली गण्डकी र कन्काई आयोजनाहरुलाई जोड दिने र सकेसम्म छिटो ती आयोजनाहरु पूरा गर्न शक्ति केन्द्रित गर्नु। बरु २-४ वर्ष विद्युत आपूर्तिको अभाव सहनु, तर हचुवा, र पर्ता नपर्ने एवं देश विदेशी ऋणको पासोमा मात्र पर्ने आयोजनाहरुमा हात नहाल्नु। हामीले यी र यस्ता मझौला र साना आयोजनाहरुमा प्राथमिकता दिएर बीचमा काम चलाउन डिजेल प्लाण्टमा हात हाल्नु मुनासीव र सही हुन सक्छ। तर यी आयोजनाहरुलाई पछि पार्ने गरी डिजेल प्लाण्टमा जोड दिनु आत्महत्या गर्नु सरह हुनेछ। यसबाट संकटै संकटको रफ्फू-चक्कर खडा हुने निश्चित छ, किनकि डिजेल प्लाण्ट सारै महंगो उर्जा शक्ति हो र यसले हाम्रो बढ्दै जाने दीर्घकालीन आवश्यकता धान्न असंभव छ। यसबाट हामी मझौला र साना आयोजनाहरुका लागि चाहिने पूंजी विनसित्ति फाँउछौं, पर्ता पनि हाम्रो लागि निकै महँगो पर्न जान्छ।

माथिका नदी आयोजना बाहेक हामी-केही वर्ष पछि नै सप्त गण्डकी (२ लाख २५ हजार किलोवाट), पश्चिम सेती (३ लाख ६० हजार किलोवाट) बूढी गण्डकी (६ लाख किलोवाट) र भोटेकोशी (४८ हजार किलोवाट) आयोजनामा हात हाल्न सक्छौं। यिनीहरुको लागि प्रवेश मार्गको जरुरत छैन। फगत समस्या पूँजीको मात्र छ। यी आयोजनाहरु मध्ये धेरै जसोको पूर्व-संभाव्यता र संभाव्यता-अध्ययन भईसकेको पनि छ। यी आयोजनाहरुको लागि चाहिने प्राविधिज्ञ पनि नेपालमै उपलब्ध छन्। यसबाट १५-२० वर्ष सम्मको विद्युत आवश्यकताको निकै ठूलो माग धान्न सकिन्छ। यति गर्दै हामी अरु थप संभावित आयोजनाहरुको परिचालन-तयारीमा जुट्न अहिलेदेखि नै सक्छौं र सक्नुपर्छ।

(मूल्यांकन आर्थिक समीक्षकबाट)

## आँखी झ्याल

### पूँजिवादी मुलुकको ताजा हाल

## औद्योगिक उत्पादनमा ह्रास

उन्नत पूँजीवादी मुलुकको औद्योगिक उत्पादनमा काफी ह्रास आएको छ। यो एक वर्षमा गत: नभेम्बर सम्ममा जापानको औद्योगिक उत्पादनमा ८ प्रतिशतले ह्रास आएको छ। जर्मनीको औद्यौगिक उत्पादन पनि यही अवधिमा ५.१ प्रतिशतले घटेको छ। यस्तै गरी फ्रान्सको औद्योगिक उत्पादनमा ३.८ प्रतिशतले, हलैण्डको ३.३ प्रतिशतले, स्पेनको ०.६ प्रतिशतले र इटालीको १.४ प्रतिशतले घटेको छ। यो घटनाले यी सबै मुलुकलाई आर्थिक मन्दीले ग्रस्त पारिरहेको देखाएको छ।

तथ्याङ्क स्रोत: London बाट प्रकाशित The Economist, January 23, 1993.

## बेरोजगारीमा वृद्धि

उन्नत पूँजीवादी मुलुकमा बेरोगारहरुको सेना दिन प्रतिदिन बढिरहेछ। London बाट प्रकाशित The Economist का अनुसार बरोजगारी यस प्रकार बढिरहेछ।

| | एक वर्ष अघि | अहिले |
|---|---|---|
| अष्ट्रेलिया | १०.६% | ११.३ % |
| वेल्जियम | ७.८ % | ८.६ % |
| क्यानाडा | १०.३% | ११.५ % |
| जर्मनी | ६.३ % | ७.४ % |
| हलैण्ड | ४.४ % | ४.५ % |
| जापान | २.१ % | २.३ % |
| स्पेन | १५.२% | १५.५ % |
| स्वेडेन | ३.५ % | ५.५ % |
| स्विट्जरलैण्ड | १.९ % | ४.२ % |
| संयुक्त अधिराज्य | ८.९ % | १०.३ % |
| अमेरिका | ७.१ % | ७.३ % |

## विश्व कम्यूनिष्ट आन्दोलन

### कम्युनिष्टहरुको अन्तर्राष्ट्रिय स्कूल

ग्रेट ब्रिटेन कम्युनिष्ट पार्टी, अस्थायी केन्द्रीय कमिटी (CPGB-PCC) को तत्वावधानमा गत १९९२ को सेप्टेम्बर-२६ देखि अक्टोबर २ सम्म ग्रीसको क्रीटमा कम्युनिष्टहरुको एउटा अन्तर्राष्ट्रिय स्कूल आयोजना गरियो।

उक्त स्कूलमा ग्रेट ब्रिटेन कम्युनिष्ट पार्टी, अस्थायी केन्द्रीय कमिटी (CPGB-PCC) लगायत कम्युनिष्ट पार्टी अफ टर्की (CPT), अर्गनाइजेशन अफ रिभोल्यूसनरी वर्कर्स अफ इरान (ORWI) र सोशलिष्ट युनिटी सेन्टर अफ इण्डियाँ (SUCI) का प्रतिनिधि कामरेडहरु विचार-विमर्शमा सहभागी हुनुभएको थियो। त्यस स्कूलमा सहभागी भएका कामरेडहरुभित्र सो स्कूलको वैचारिक अन्तर्क्रियाले धेरै जोश पैदा गरेको थियो र जीवन्त वातावरणमा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका समस्याहरु माथि अन्तर्क्रिया भएको थाहा भएको छ। उक्त स्कूलको समापन "अन्तर्राष्ट्रिय गीत" बाट भएको थियो।

# बँधुवा र खेतीहर महिला मजदूरहरु




गएको फागुन १ देखि ५ गते सम्म नेपालगंजमा INSEC अर्थात **अनौपचारिक क्षेत्र सेवा केन्द्रले** उत्पीडित महिलाहरुको लागि एउटा महत्वपूर्ण मंच आयोजना गरेको थियो । समाजमा विभिन्न किसिमले उत्पीडित महिलाहरु स्वयं विषय-विज्ञका रुपमा आफ्ना समस्याहरु बोलून्, छलफल गरुन् र निष्कर्ष निकालून् एवं आपसमा अन्तर्क्रिया गरुन् भन्ने उद्देश्यले आयोजना गरिएको त्यस मंचमा बँधुवा मजदूरहरु ३ जना, गलैंचा मजदुर २ जना, बंदिनीहरु २ जना, जारी समस्या पीडित महिला १ जना, राजनीतिक उत्पीडनमा परेका शहीदका पत्नीहरु २ जना, सिमेण्ट कारखाना पीडित महिलाहरु २ जना, पारिवारिक हिंसा पीडित-आफ्नै पतिबाट हात काटिएकी महिला १ जना, वेश्या बनाउन बेचिएकी तर संयोगवश उम्किन सफल भएकी महिला २ जनाले आफ्ना समस्या प्रस्तुत गरेका थिए, जुन अत्यन्त हृदयस्पर्शी र दर्दनाक थियो । आपसी छलफलबाट अन्तिम दिन ती समस्याहरुको समाधान पनि निकालिएको थियो ।

प्रस्तुत छ-त्यस मंचका सहभागीहरु मध्ये बँधुवा र कमैया महिला मजदूरहरुको जीवनको समस्या, उनीहरुको आफ्नै भाषामा ।

कमैया र बँधुवा महिला मजदूरहरु संगको यो अन्तर्वार्ता **मूल्यांकन** प्रतिनिधिका रुपमा जानु भएका हाम्रा प्रधान सम्पादकले नेपालगंजको त्यस मंच आयोजना- थलोमै लिनु भएको थियो ।

**अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको** अवसरमा नेपालका श्रमिक महिलाहरुको जीवनका समस्याहरु उनीहरुका आफ्नै मुखबाट प्रस्तुत हुनु निकै सान्दर्भिक हुने हामीले ठानेका छौं- कार्यकारी सम्पादक ।



## ऋण त लिने मात्रै हो, तिर्न चाहिं सकिन्न

### एक गहुँको दुई धान ऋण तिर्नु पर्छ ।

**– सन्तरानी,**
कमैया, बँधुवा मजदूर वर्दिया जिल्ला, कन्दरा

**० तपाईहरु कसरी कमैया बस्नु हुन्छ ? पूरै परिवार कमैया हुन्छ कि, एक जना मूली मात्र ?**

- एक जना घरको मूली मस्यौरा (ठेकिएको अन्न) मा त्यही मस्यौराबाट श्रीमतीले पनि काम गर्नुपर्छ । श्रीमतीलाई छुट्टै दिन्न । श्रीमान्कै मस्यौराबाट काम गराउँछ । केटाकेटीलाई पनि त्यै मस्यौराबाट पालनी गर्नु पर्ने हुन्छ ।

**० तपाईको परिवार चाहिं कति जनाको छ त ?**

- आठ जनाको छ ।

**० बँधुवा बस्दा कुन हिसाबले बस्नुहुन्छ ? दुई चार वर्षको लागि एक्कैचोटि कि एक वर्षको लागि एकचोटि ? कि कुन हिसाबले ?**

- काम राम्रो गर्‍यो भने जतिसुकै पनि राख्न सक्छ , कहिलेकाँही कहीं जानु पर्ने काम हुन्छ आफ्नो , जाँदाखेरी मालिकलाई रीस उठ्छ । रीस उठेपछि "मेरो काममा बसेर तँ अन्त जान्छस्" भनेर छोडिदिन सक्छ । यस्तो फेरबदल हरेक माघे संक्रान्तिमा हुन्छ । "मेरो सौखी पनि फिर्ता ले, तँ अन्तै काम गर्न जा, म अर्कै मान्छे ल्याउँछु" भन्छ ।

**० के हिसावले खान लाउन दिन्छ त उसले तपाईहरुलाई ?**

- खानलाई त्यै मस्यौरा दिन्छ, ७-८ बोरा धान वर्षको । त्यतिले नै हामीले गुजारा चलाउनु पर्छ । त्यतिले नपुगेर ऋण लागेको छ ।

**० नपुगेको घर खर्च कसरी चलाउनुहुन्छ त ? कसरी ऋण तिर्नुहुन्छ त ?**

- नपुगेकोमा ऋण लिन्छौं । ऋण लिएर केही पनि फाइदा हुदैन । बाँधा भएर खै तिर्नै सकिन्न । बस्ने वास छैन । लाउने कपास छैन । यसरी खाएको ऋण तिर्न मुश्किल पर्छ ।

**० ऋण तिर्ने कसरी त अनि ?**

- ऋण त लिने मात्रै हो, तिर्न चाहिं सकिन्न । ऋणले गर्दा जहिले पनि कमैयाको कमैया नै बस्नु पर्छ ।

**० ऋण कसकहाँ लिनु हुन्छ ?**

- मालिककहाँ ।

**० कुन दरमा ऋण दिन्छ त उसले ?**

- गहुँ खाए पछि एक गहुँको दुई धान लिन्छ । मकै खाएपछि एक मकैको दुई धान लिन्छ । त्यति गर्दा गर्दै हाम्रो ऋण बढ्दै जान्छ । तिर्न कहिल्यै सकिन्न ।

**० आफ्नो लुगाफाटो चाहिं कसरी चलाउनु हुन्छ त तपाईहरु ?**

- लुगाफाटो पनि त्यै मस्यौराबाटै चलाउनु पर्छ हामीले । त्यै ७ मुरी धान दिन्छ, त्यसैबाट चलाउनु पर्छ ।

**० चाडपर्व कसरी चलाउनु हुन्छ त ?**

- त्यो पनि ऋण लिएरै चलाउनु पर्छ ।

**० तपाईहरुको मुख्य मुख्य चाड-पर्व कुन कुन हो ?**

- सवभन्दा मूख्य चाड- दशैं, माघे संक्रान्ति, धुरेरी, होली हुन् ।

**० यस्तो कमैयाँ बस्ने थिति अन्यत्र कहाँ कहाँ देख्नु भएको छ ?**

- यो वर्दिया जिल्लाभरि यस्तै छ ।

**० तपाईको छोराछोरी कतिजना ?**

- तीन्टी छोरी छन्, दुईटा छोरा छन्, एउटी बुहारी छ । नाति-नातिनाहरु छन् ।

**० तपाईहरुको घरवास हुन्छ कि हुन्न त ?**

- हाम्रो घरवास कहीं हुन्न । हामीलाई घरवास भन्ने थाहै छैन ।

**० तपाईहरु कसरी बस्नु हुन्छ त अनि ?**

- हामी मालिकको जग्गामा झुप्रो बनाएर बस्छौं , मालिक फेरेपछि झुप्रो पनि छोडेर जानु पर्छ ।



# ज्याला लोग्नेमान्छेलाई वीस रुपियाँ, हामीलाई चाहिं दश रुपियाँ

– जुगरी
सुकुम्वासी, खेती मजदूर
वर्दिया, कन्दरा

**० जुगरी दिदी । तपाईहरुले कुन हिसावले काम गरिराख्नु भएको छ, अहिले ?**

– खटाएको दिनमा त खटाएको मजुरी काम गर्छौं । नखटाएको दिनमा त मजुरी खोज्नु पर्छ । टाढा टाढा जानु पर्छ । लाली वजार भन्छन्, नयाँ वस्ती, त्यहाँ काम गर्न जान्छौं । पहाडी मात्र छन्, हामीले जति काम गर्न सक्दैनन्-घरसर लिपा-पोताइमा । हामी कहिले घर लिप्छौं, मकै भाँच्ने वेला मकै भाँच्न जान्छौं, तोरी काट्ने वेला तोरी काट्ने, मकै छर्ने वेला मकै छर्के । यस्तै काम गरेर खान्छौं ।

**० यस्तो मजुरी गरेर लोग्नेमान्छे जति नै ज्याला पाउनु हुन्छ ?**

– लोग्नेमान्छे सरह दिनभरि हामी काम गर्छौं , ज्याला भने उनीहरु सरह हामीलाई मिलेको छैन ।

**० तपाईहरुले थाहा पाउँदादेखि अहिलेसम्म कति मालिक फेर्नु भो ?**

– ६ वटा मालिक फेरीसक्यौं ।

**० कमैया बस्दाखेरी, मालिकको काम भ्याएर अरुको काम गर्न दिन्छ कि दिन्न ?**

– उसको मात्र काम गर्नु पर्छ । अरुको काम गर्न दिन्न ।

**० तपाईहरु थारु जाति हो ? के कमैया सबै थारु नै छन् ?**

– हामी थारु हो । कमैया चाहिं अरु पनि छन् । जस्तो थापा भो ।

**० ज्याला तपाईहरुलाई कति, पुरुषहरुलाई कति ?**

– लोग्नेमान्छलाई ७ किलो, ६ किलो दिएपछि हामीलाई ४ किलो, ३ किलो दिन्छ । पैसा लोग्नेमान्छेलाई वीस रुपियाँ दिन्छ । हामीलाई चाहिं दश रुपियाँ मात्रै दिन्छ ।

**० त्यति ज्यालाले खान लाउन पुग्छ त ?**

– टर्छ पनि, टर्दैन पनि , के गर्नु हजूर ।

**० छाक नटरेको वेलामा के गर्नु हुन्छ त ?**

– हामी वनमा जे फल पाए पनि खाने गर्छौं । हातमा सीप छ, ढकिया बुन्ने, गुन्दरी बुन्ने, बेच्ने । यसरी गुजारा गर्छौं

**० तपाईहरु परिवारमा कति जना हुनुहुन्छ ?**

– हामी सात जना छौं । दुईटी छोरीको विहा भईसकेको छ । छोरा सानै छ । नातिहरु छन् ।

**० पाईहरुको घरवासको थिति के छ ?**

– नदीको ढीकमा फालेको छ हाम्लाई अहिले । नदीको पानी खाएर, नदीको छेउमा बसेका छौं । घरवास छैन हजूर, हाम्रो ।

**० नदीका ढीकमा जीवन बिताउने अरु कति मान्छे छन् त ? कुन नदीको ढीकमा ?**

– धरै छौं, अहिले वर्दियाको कन्दारामा बसेका छौं ।

## कमैया को हो ?

कमैया वस्तुतः कामदार त हो तर त्यसको हालत सामान्य कामदारको सरह नभै नेपाल लगायत विश्वमै उन्मूलन भैसकेको कमारा वा दास प्रथा, जसलाई बाँधा पनि भनिन्छ, सरह रहेको हुन्छ । त्यसैले यो मानव शोषण उत्पीडनको प्रतिविम्बको रुपमा सभ्य मानव जातिको निमित्त कलंकको रुपमा उपस्थित भएर रहेको छ ।

नेपालमा कमैया प्रथा भित्र बाँधा मजदूर पुस्तक (पृष्ठ ३७ बाट) इन्सेक नेपाल

नोटः यस पुस्तकमा वर्दिया, कैलाली र कंचनपुरका १७, ७२८ कमैयाहरु संगबाट तथ्य संकलन गरी अध्ययन गरिएको छ । – कार्यकारी सपादक

नोटः मस्यौरा = कमैयालाई खानको लागि दिएको खाद्यान्न ।

सौकी = मालिकसंग लिएको ऋण वा सापटी

## कमैयाको कामको समय

कमैयाले करीब करीब १८ घण्टा काम गर्नु पर्दछ । कमैया विहान ३ बजे नै उठ्दछन् र खेतीका लागि आवश्यक व्यवस्था गर्दछन् । गोरु लिएर १२ बजेसम्म जोत्छन् । त्यसपछि खाना खाएर खेतमा नै काम गर्दछन् । कामको कुनै सीमा हुदैन । खानाका लागि लाग्ने समय र सुत्ने ५,६ घण्टा बाहेक कमैयाको जिन्दगीमा कामै काम हुन्छ । खेतको काम सकिएपछि फुर्सत भयो भन्ने कुरा होइन । वनकस काट्न जंगल जाने, दाउरा काट्न जाने, त्यो नभएको अवस्थामा मालिकका घरेलु तथा अन्य आइपर्ने सबै काम गर्न ऊ तयार रहनु पर्दछ । उसले फुर्सद पाउने कुरा मालिकको दयामा निर्भर गर्दछ । काम गर्ने समय तोक्ने अथवा काम, आराम र मनोरञ्जनको नियमको माग गर्ने संभावना कमैया प्रथामा कतै हुँदैन ।



# रुसमा खाली भाँडा सहित जुलूस

सोभियत संघको विघटन हुनुभन्दा अगाडिसम्म धुमधामसंग मनाइने अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस यस पालि जनस्तरबाटै हजारौं हजार महिलाहरुको सहभागितामा पूंजीवादजन्य गरीबी र महंगीको विरोधमा खाली भाँडाकुँडा सहित जुलूस प्रदर्शन गरी सम्पन्न भएको छ ।

पूंजीवादी राष्ट्रपति येल्तसीनको तथाकथित सुधारबाट उत्पन्न गरीवी र महंगीको प्रतीकका रुपमा खली भांडाकुडा ठटाउँदै येल्तसीनको राजीनामा र पूंजीवादको विरोधमा लेनिनको विशाल शालिक भएको अक्टोवर स्क्वाएरमा भेला भएका सबै उमेरका महिलाहरुको जुलूस पूर्व सोभियत संघको कम्युनिष्ट पार्टीको केन्द्रीय कार्यालय रहेको स्टारिया प्लोइचाद सम्म भएको थियो ।

लामो विदाको कारणले सुनसान भएको सडकमा हऱसिया-हथौडा सिहतको रातो कम्युनष्टि भ्रण्डा एक हातमा, अर्को हातमा खाली भाँडा-कुँडा लिएका महिलाहरुको प्रदर्शनले महिलाहरुको मन-मस्तिष्कमा कम्यूनिष्ट बिचारको अस्तित्वलाई महशूस गराएको छ । —*—

## कमैया सम्बन्धी केही तथ्यहरु

* कमैयाहरु खास गरी पश्चिम नेपालको कैलाली, कञ्चनपुर र वर्दिया जिल्लामा पाइन्छन् ।
* यी तीन जिल्लामा थारु जनसंख्या २,१६,७७९ छ । थारु जनसंख्या मध्ये ९३.२ प्रतिशत कमैया छन् । वर्दिया जिल्लामा ९३.६५ प्रतिशत थारु जातिका कमैया छन् । कैलालीमा ९५.३५ प्रतिशत र कंचनपुरमा ९०.३५ प्रतिशत थारु जातिका कमैया छन् ।
* ९६.३% कमैया निरक्षर छन् ।
* १५.५% „ वीस वर्ष मुनिका छन् ।
* ७५.८७% „ ४० वर्ष मुनिका छन् ।
* हरेक कमैयाको सरदर ६.३४ सदस्य भएको परिवार छ ।
* ७३% कमैयाको आफ्नो घर छैन ।
* ९८.२% „ आफ्नो जग्गा छैन ।
* ३.३% कमैयाहरु चार पुस्तादेखि, २१.६३% कमैया ३ पुस्तादेखि र २८% कमैयाहरु दुई पुस्तादेखि कमैयामै छन् ।
* काममा अनुपस्थित हुने कमैयालाई प्रति दिनको रु. ५४ देखि रु. ३०० सम्म जरिवाना गरिन्छ ।

स्रोतः
१ पुस्तक

- महिला-दिबसको कार्यक्रम !
- अत्यन्त कम मानिसहरु सहभागी !
- सहभागीहरु मध्ये पनि धेरै जसो पुरुषहरु नै !

यसपालिको श्रमिक महिला दिवस आठ मार्च को दिनको चित्र माथिका भनाइहरुले स्पष्ट रुपमा उतारेका छन् । मंगलादेवीसिंहको नेतृत्वको महिला संघले आफ्नो कार्यालयमा गरेको सानो कार्यक्रमका अतिरिक्त काठमाडौंमा यस उपलक्ष्यमा विभिन्न कार्यक्रमहरु आयोजित भए ।

## दबाव समूहको कार्यक्रम

काठमाडौंको खुला मन्चमा महिलाहरुको हकहितको लागि स्थापित ५८ वटा संस्थाहरुको महिला-सुरक्षा दवाव समूहले आयोजना गरेको कार्यक्रम त पक्कै विशाल भयो होला ?

- यो प्रश्नको जवाफ पनि नकरात्मक नै छ । यसमा भएको उपस्थिति महिलाहरुको करीव २०० र पुरुषहरुको करीव ३५० जनाको मात्र थियो । ५८ वटा महिला - संस्थाहरुले हरेकले दश दश जना महिलाहरुलाई मात्रै त्यस कार्यक्रममा उपस्थित गराएको भएपनि कार्यक्रम ठूलै हुन्थ्यो र केही न केही कुराहरु जान्न-बुझ्न तिनीहरुले पाउँथे होलान् ।

यस कार्यक्रममा मंगलादेवी सिंह, सहाना प्रधान र शशी श्रेष्ठ जस्ता ठूला महिला संगठनहरुका नेतृहरुको पनि सहभागिता थियो । यसको बिषयवस्तु पनि सामाजिक सुधारका दृष्टिले निकै महत्वपूर्ण थियो- "बढ्दो सामाजिक व्यवहारका बिरुद्ध महिला आवाज" !

हाम्रो समाजमा बिहा-ब्रतबन्ध, न्वारन, पास्नी आदि जस्ता सामाजिक विधि -व्यवहारमा दिनदिनै बढ्दै गइरहेको तड्कभड्क र फजुल खर्चका बिरुद्व महिलाहरुलाई सचेत गराउने उद्देश्यले आयोजित यस कार्यक्रममा सुधारका दृष्टिले महत्वपूर्ण थुप्रै कुराहरु वक्ताहरुले उठाए । तर सरकारी संचार-माध्यम र अरु संचार-माध्यमहरुले पनि यी कुराहरुलाई खासै स्थान दिएको देखिएन । यसरी संचार-माध्यमहरुले पनि औपचारिकता मात्र पूरा गरे ।



←अष्टलक्ष्मी शाक्य



शशी श्रेष्ठ→



←जमुना थापा

# महिलाहरुको कार्यक्रमा पुरुषहरु ज्यादा




## प्रशिक्षण कार्यक्रम र विमोचन

सोही दिन नेपाल ट्रेड युनियन महासंघ (GEFONT) को कार्यालयमा श्रमिक-महिला प्रकाशनको विमोचन अष्टलक्ष्मी शाक्यले गर्नु भयो । सो श्रमिक महिला GEFONT को केन्द्रिय महिला मजदूर बिभागले प्रकाशित गरेको थियो ।

GEFONTले महिला मजदूर प्रशिक्षण कार्यक्रमको आयोजना पनि गऱ्यो । सीमित महिलाहरुको सहभागिता भए पनि उपयोगिताका हिसावले यो कार्यक्रम महत्वपूर्ण थियो । तर अष्टलक्ष्मी शाक्य लगायतका महिलाहरुको संगठन त्यस दिन यत्तिमै मात्र सीमित हुनुहुन्न थियो । आम-महिलाहरुमा बिचार लिएर जाने यस अवसरको खुला उपयोग गरिनु पर्दथ्यो । व्यापक स्तरमा कार्यक्रम आयोजित हुनु पर्दथ्यो । यसो नहुनुका पछाडि के कुराले भूमिका खेल्यो ?- त्यो बुझ्न सकिएको छैन ।

## बिचार- गोष्ठी

सोही दिन त्रिचन्द्र क्याम्पसमा मनकुमारीको अध्यक्षतामा एक बिचार-गोष्ठीको आयोजना भयो । नेपाल महिला संघ, एकता रा.सं. तयारी समितिले अयोजना गरेको सो गोष्ठीमा महिला-हक हितबारे पम्फा भुसाल, दीपेन्द्रबहादुर क्षेत्री, एमाले सांसद थममायाँ थापा, शोभा गौतम, संजमो सांसद अमिक शेरचन र नारायणी तिवारीले बोल्नु भएको थियो ।

बिचार-गोष्ठीमा सांसद अमिक शेरचनले दाइजो प्रथाको बिरोध गर्ने केही "जनपक्षीय" व्यक्तिहरुले छोरीलाई खालि हात बिहे गराई बिदा गरेको कुराको बिरोध गर्नु भयो । दाइजो नदिएर छोरासरह वा दाजुभाइसरह छोरी दिदी, बहिनीलाई अंश दिने घोषणा विहेकै दिनमा गरिएका अनुकरणीय उदाहरणहरु पनि आफूले देखेको पनि उहाँले व्यक्त गर्नु भयो । आयोजक महिला संघकी के.सदस्य नारायणी तिवारीले पार्टीहरुले महिला समस्यालाई उचित महत्व नदिएको तथ्य प्रस्तुत गर्नुभयो ।

यस बिचार-गोष्ठी उपयोगी रहेतापनि विचार मिल्ने अरु महिला संघहरु संग मिलेर व्यापक स्तरमा यो कार्यक्रम आयोजना गर्न सकिन्थ्यो । त्यसो नगर्नु जन-एकताका पक्षपातीहरुलाई खट्किने कुरा हो । साथै, यस कार्यक्रमको तयारी-पक्ष पनि फितलो देखिन्थ्यो । हतारमा कार्यक्रम गर्ने टुंगो गरिएको कुरा आयोजकहरुले नै प्रकट गरेका थिए । हतारोमा निर्णय गरी काम-चलाऊ कार्यक्रम गरेर सन्तुष्ट हुने यस रोगबाट कहिले हामी मुक्त हुने ? प्रश्न गर्नु जरुरी छ भन्ने हामीलाई लाग्छ ।

## सम्पत्तिमा समान हकबारे विचार-गोष्ठी

फागुन २७ र २८ गते अखिल नेपाल महिला संघले काठमाडौं कृषि आयोजना सेवाकेन्द्रको हलमा "सम्पत्तिमा महिलाहरुको समान अधिकारको प्रश्न" विषयमा विचार-गोष्ठीको आयोजना गऱ्यो । नव भारत टाइम्सकी पत्रकार तथा महिला नेतृ कात्यायिनीको सभापतित्वमा माया गीरीद्वारा उद्घाटित उक्त गोष्ठीमा तीन वटा कार्यपत्रहरु प्रस्तुत गरिएका थिए ।

० अन्तर्राष्ट्रिय महिला-आन्दोलन र सम्पत्तिमा समान अधिकारको प्रश्न
- का.मोहनविक्रम सिंहद्वारा लिखित र अजय शर्माद्वारा प्रस्तुत ।

० नेपालका ऐन-कानून र सम्पत्तिमा समान अधिकारको प्रश्न
- अधिवक्ता तथा प्राध्यापक नवराज सुवेदीद्वारा लिखित र प्रस्तुत

० महिला-मुक्ति आन्दोलन र सम्पत्तिमा समान अधिकार को प्रश्न
- का. दीनानाथ शर्माद्वारा लिखित र प्रस्तुत ।

यी तीन वटै कार्य-पत्रहरुमाथि विभिन्न विद्वान व्यक्तिहरुले टिप्पणी गर्नु भएको थियो ।

यस गोष्ठी र यसमा प्रस्तुत कार्यपत्रहरुको विषय अत्यन्त सान्दर्भिक थियो । महिलाहरुले पनि संपत्तिमा समान अधिकार पाउनु पर्छ भन्ने महत्वपूर्ण

विषयमा चर्चा परिचर्चाहरु केही बढ्न थालेको हालको स्थितिमा यस सम्बन्धमा गहिराइमा पुग्न सघाउ पऱ्याउने खालको पाइला थियो - यो गोष्ठी ।

यसमा प्रस्तुत कार्यपत्रहरुको टाइप-प्रति गोष्ठीमा सहभागीहरुलाई उपलब्ध गराइएको थियो । तर पनि ती कार्य-पत्रहरु र तिनीहरु माथिका टिप्पणीका मूलभूत बुँदाहरु सहित व्यापक अन्तरक्रियाका लागि प्रकाशित हुनसके यसबाट थप उपलब्धी हुने हाम्रो ठहर छ ।

खुला पोष्टरहरु समेतबाट प्रचार प्रसार गरिएको यस विचार-गोष्ठीमा अन्य प्रगतिशील महिला -संगठनहरुका व्यक्तिहरुको उपस्थिति कम हुनु सोचनीय विषय रहेको हामीले महशूस गरेका छौं । आम-महिलाहरुको महत्वपूर्ण सरोकारको विषयमा भएका यस्ता रचनात्मक कार्यक्रमहरु निश्चय नै सबैका लागि उपयोगी नै हुन्छन् । तर अरुले गरेका जत्ति नै महत्वपूर्ण कार्यहरुलाई पनि महत्व नदिने हाम्रो प्रगतिशील आन्दोलनको आम-रोगले गर्दा नै यस्तो भएको हो भन्ने हामीलाई लाग्छ "के" भन्दा बढी "कसले" ? भन्ने कुराका आधारमा कुनैपनि कुरालाई हेर्ने यो पूर्वाग्रही सोच हामीबाट कहिले हट्ने ? ●




# महिला दवाव समूहको कार्यक्रममा उठेका केही महत्वपूर्ण सन्दर्भहरु

○ महिला-दिवस मनाउने काममा पनि पुरुषहरुको वाहुल्यता हुने स्थितिलाई चिर्न महिलाहरुले नसक्नुमा पुरुष-प्रधान हाम्रो समाजमा महिलाहरुलाई यस्ता सामाजिक-विषयका कार्यक्रमहरुमा भाग लिन जान समाजले प्रोत्साहन नदिनु नै प्रमुख कारण हो । सचेत महिलाहरुले पनि यसका पक्षमा गम्भीरता लिन सकेका छैनन् ।

○ आमाले पनि बच्चा नरोई ऊ भोकाएको महशूस गर्दिन भने, महिलाहरुले पनि आफूले भोग्नु परेका पीडाहरु समाजलाई व्यक्त गर्नु पर्छ, नत्र समाजले त्यो पीडा महशूस गर्दैन ।

○ घरेलु काममा आफू डुबेर, आफैं त्यस कामलाई कम महत्व दिने काम स्वयं महिलाहरुले गरिरहेका छन् ।

○ बढ्दो तडक-भडक र फजूल खर्च रोक्न घरघरबाटै क्रान्तिकारी परिवर्तन गर्नुपर्छ । तडक-भडकको बढ्दो परंपराले समाजमा भ्रष्टाचार बढाएको छ । यसले गर्दा ठाडो असर महिलाहरुलाई नै परेको छ । छोरीहरु बाबुआमाका लागि झन ठूला बोझ भएका छन् ।

○ नारीहरुले दाइजो नलिऔं, अंश लिऔं ।

○ दहेज विरुद्ध कडाभन्दा कडा सजायँ हुनुपर्छ ।

○ छोरी कुनै दान गरिने "बस्तु" हैन । त्यसैले छोरीको "कन्यादान" नगरौं , उसलाई योग्य जीवन-साथी खोजिदिऔं ।

○ हुर्काउने क्रममा नै महिलाहरुलाई हाम्रो समाजले अन्याय गरेको छ । छोरालाई दूध र छोरीलाई तातो पानी खुवाउने परिवारहरु थुप्रै छन् । छोरीलाई एक्लै हिड्न नदिनाले गर्दा आत्म-विश्वास कम हुने हुन्छ ।

○ विवाहमा फजूल खर्च रोकौं । ब्रतबन्ध सामूहिक गरौं र फजुल खर्चबाट जोगिऔं ।

○ २५ तोला सुन लगाएर हिंड्ने आइमाईहरु पनि समाजमा छन् । गहनाहरु दासताका प्रतीक हुन्, पुरुषलाई आकर्षित गर्न गहना र सुगन्धहरु प्रयोग नगर, त्यो खर्च देशलाई आजाद गर्ने आन्दोलनमा प्रयोग गर भनी महात्मा गान्धीले भन्नु भएको थियो ।

○ गहना रुपी निस्क्रिय सम्पत्ति बेचेर उत्पादनमूलक व्यवसाय गरौं र महिलाहरु आत्मनिर्भर बनौं ।

○ तडक-मडक र फजूल खर्चको चलन समाजका १० प्रतिशत धनीहरुले मच्चाएका हुन् । बाँकी ९०% ले यो कुरा बुझ्नु पर्छ ।

○ २०३३ सालमा आएको "सामाजिक व्यवहार सुधार ऐन" लाई हालको नयाँ व्यवस्था आएपछि पल्टाएर पनि हेर्ने काम भएको छैन ।

○ आम जनतालाई घरमा न्यूनतम बत्ती बाल्न नपुग्ने स्थितिमा आफूले झिलिमिली बत्ती बाली तडकभडक गर्नु के सभ्यता हो ?

○ तडक-भडक खराब हो भन्ने कुरा बुझेर पनि हामीले व्यवहारमा त्यसलाई हटाउने कदम चालेका छैनौं, यो हाम्रो ठूलो कमजोरी हो । ●

- हरिगोविन्द लुईटेल

## विश्व कम्युनिष्ट आन्दोलन

# यूक्रेन कम्युनिष्ट पार्टीको महाधिवेशन

संसारलाई नै आश्चर्यचकित पार्ने गरी ३० लाखभन्दा बढी पार्टी- सदस्यता भएको यूक्रेनको सबै भन्दा ठूलो पार्टी यूक्रेनियन कम्युनिष्ट पार्टीको राष्ट्रिय महाधिवेशन गत फागुन २३ र २४ गते सफलतापूर्वक सम्पन्न भयो ।

पूर्व सोभियत संघको स्वतन्त्र गणराज्य यूक्रेनको खानीले भरिएको डोनटस्क प्रान्तको भेकयेभ शहरमा सम्पन्न उक्त महाधिवेशनमा यूक्रेनी संसदका "सामाजिक न्याय समूह" नाममा संगठित रहेका ८ जना कम्युनिष्ट बिधायकहरु सहित ३१८ जना प्रतिनिधिहरुको सहभागिता थियो । ती सहभागी प्रतिनिधिहरुमा अधिकांश युवाहरु थिए ।

प्रतिबन्धित कम्युनिष्ट पार्टी अफ यूक्रेन (CPU) लाई पुनर्स्थापित गर्ने उद्देश्यले आयोजित यस राष्ट्रिय महाधिवेशनले आफ्नो पार्टीमाथि लागिरहेको प्रतिबन्ध तुरुन्त हटाउन जोडदार माग गरेको छ । उक्त महाधिवेशनमा संसदीय "सामाजिक न्याय समूह" का संयोजक बोरिस ओलियानिकले यूक्रेनियन कम्युनिष्ट पार्टीको प्रतिबन्ध फुकुवा गराउने प्रस्ताव राजधानी किभ स्थित संसदको बैठकमा चैत्रको मध्यावधितिर प्रस्तावित गर्ने र ४५० जनप्रतिनिधिहरु मध्ये २४५ जनाले त्यस प्रस्तावको समर्थन गर्ने जानकारी दिएको कुरा बताउनु भएको छ । यस महाधिवेशनबाट यूक्रेनको राजनीतिमा उत्पन्न कम्युनिष्टहरुको बढ्दो दबावलाई सरकार र पुंजीवादी पार्टीहरुले पनि महशुस गरेका छन् र कडा प्रतिक्रिया जनाएका छन् ।

तथाकथित प्रजातन्त्रवादी रुख मुभमेन्ट (Rukh Movement) र अन्य "राष्ट्रवादी" देखि यूक्रेनी राष्ट्रपति लियोनिद क्राभ्चुक समेतले यूक्रेनियन कम्युनिष्ट पार्टीद्वारा जबर्जस्त उठाइरहेको एकीकृत सोभियत संघ र समाजवादको पुनर्स्थापनाको मागलाई कडा भर्त्सना गरेर बढ्दो कम्युनिष्ट-प्रभावबाट भयभीत स्वर प्रकट गरेका छन् ।

स्मरण रहोस्, गत मंसिर ३० गते रुसी संवैधानिक अदालतले येल्तसीनद्वारा सोभियत संघको कम्यूनिष्ट पार्टीमाथि प्रतिबन्ध लगाउने अध्यादेशलाई असंवैधानिक ठहऱ्याई केन्द्रिय समिति बाहेकका संगठनहरुलाई फुकुवा गरेपछि पूर्व सोभियत संघका बिभिन्न स्वतन्त्र गणराज्यहरुमा कम्यूनिष्ट पार्टीहरु पुनर्स्थापना गर्ने लहर चलेको छ । यसै सिलसिलामा गत माघको अन्ततिर मस्को शहर भन्दा बाहिर भएको महत्वपूर्ण भेलामा रुस लगायत यूक्रेन, बेलोरुस जस्ता स्वतन्त्र गणराज्यका कम्यूनिष्टहरुले कम्यूनिष्ट पार्टी पुनर्स्थापना गर्ने दृढता व्यक्त गरेका थिए ।

पुनर्स्थापित यस यूक्रेनी कम्यूनिष्ट पार्टीको लक्ष्यमाथि प्रकाश पार्दै त्यस महाधिवेशनका सभापति पिटर सिमोनेन्कोले पुरानो पार्टीको जस्तो कमाण्ड कम्युनिष्ट व्यवस्था होइन, नयाँ खाले समाजवाद स्थापना गर्ने कुरा बताउनु भएको छ । महाधिवेशनले समाजवाद नष्ट गर्ने र पूंजीवादको पुनर्स्थापना गर्ने विचारको जोडदार बिरोध गरेको छ । ●

होलीको उपलक्ष्यमा

# होशियार ! अरुलाई सताएर आनन्द लिने परपीडक संस्कृतिले जरा गाड्दै छ !

**- चन्द्रदेव नेपाली**

पोलिथिनको ठूलो बाल्टी भरिको पानीले जबर्जस्ती जीऊ निथुक्क भएर भिजेका श्रीमान राईजीलाई थाहा थियो कि थिएन कुन्नि- न्यूरोडको सडक छेउको एक घरको पाँच तला माथिको कौसीबाट तल सडकमा उनको टाउकोमा पर्ने गरी खन्याइएको त्यो फोहर पानी हाम्रो "महान" हिन्दू संस्कृतिको उपहार थियो । साथै, त्यसरी कौसीमा बसेर तल सडकमा हिडिंरहेका यात्रुहरुको शरीर र पोशाकहरु जवरजस्ती बरबाद गर्ने उक्त काम महान "सभ्यता"को परिचायक थियो ।

शिक्षण अस्पताल महाराजगंजमा इमर्जेन्सी विभागमा ल्याइएको सिकिस्त विरामी ९ महिने-बालकलाई थाहा थियो कि थिएन कुन्नि- उसको अनुहारमा बज्रेको रंग भरिएको बेलूनको लोला पुराणको कुनै हिरण्यकस्यपु नामक राक्षसकी होलिका नामक बहिनी जलेर भस्म भएको अवसरको खुसीयालीको उपहार थियो ।

काठमाडौं ठमेलमा गाँजा र चरेससेवी नशाखोर लफंगा-योराहरु दिनभर रंगमा रंगमग्गिएको देखेर कुनै उरण्ठेउलो केटोले आफ्नो सारा जीऊभरि डढेको मोविलको रंग घोप्टाईदिएको मार खानु परेको भलाद्मी विदेशी पर्यटकलाई थाहा थियो कि थिएन कुन्नि- उसले खानु परेको यो मारका पछाडि "विश्व-बन्धुत्वको भावना बढाउने" पवित्र उद्देश्य लुकेको थियो ।

यसै गरी, दुई हप्ता अघिदेखि नै सडक हिड्दा चारैतिरबाट गुण्डा-केटाहरुले प्रहार गरेको बेलूनको लोला आफूमाथि बर्सिएको चोट र अपमान खान बाध्य थुप्रै नेपाली महिलाहरुलाई जानकारी थियो कि थिएन कुन्नि- यो लोला प्रहार "विविध रंग रोगन रुपी ज्ञान-विज्ञानको लेन-देनको प्रतीक" थियो ।

माथिका घटनाहरु यसपालीको "फागु" (होली) को सन्दर्भमा काठमाडौंमा घटेका केही नमूना घटनाहरु मात्र हुन् । यस्ता घटनाहरु थुप्रै घटे । यत्तिसम्म पनि भयो कि फागु पूर्णिमा (फागुन २४ गते) का दिन हेटौंडामा फागु खेल्ने दुई समूहको झगडा पर्दा छुट्याउन जाने ४५ वर्षीय भोजबहादुर गौतम माथि खुकुरी प्रहार भएकोले उनको मृत्यु समेत भयो । केही व्यक्तिहरु घाइते भए ।

टोल-टोल, घर-घरमा जवर्जस्ती अरुलाई रंग, फोहर र पानी प्रहार गर्ने कामहरु व्यापक स्तरमा भयो । सवैभन्दा ज्यादा बिझ्ने घटना दुई हप्ता अघिदेखि नै सडकमा हिड्ने महिलाहरुमाथि हुन थालेको लोला-प्रहारको घटना थियो । शहर-बजारमा महिलाहरु सुरक्षित रुपले हिड्न पाएनन् । लोलाको प्रहार पर्नु, निथ्रुक्क हुने गरी भिज्नु र साथै वरपरका उत्ताउला पुरुषहरुको निर्लज्ज हाँसोको शिकार समेत बन्न पुग्नु-यस्तो स्थितिको सामना गर्न महिलाहरु बाध्य भए ।

"होली" को यो रुप र विकृतिले निकाल्ने निष्कर्ष के हो भने- हाम्रो समाजमा उच्छृंखलता र परपीडनको संस्कृति हावी हुँदैछ ।

एकातिर परंपरागत रीति रिवाजका नाममा यस प्रकारको विकृति बढ्दै छ भने अर्कोतिर हाम्रो समाजका कथित "सभ्यता र संस्कृतिका व्याख्याताहरु" यी विकृतिहरुका विरुद्ध चूँ सम्म पनि नबोली "होली" लाई माथि उल्लेख गरिएका "महान सभ्यताको प्रतीक", "होलिका र हिरण्यकस्यपु रुपी राक्षसी प्रवृत्तिधारीहरु प्रतिको विरोध," "विश्व-बन्धुत्वको सन्देशवाहक पर्व," "ज्ञानको लेनदेनको प्रतीक" अदि आदि थुप्रै अलंकार र विशेषणहरु दिएर व्याख्याहरु गर्ने गर्छन् । पहिले पहिले जस्तै यस्ता व्याख्याहरु सरकारी-संचार माध्यमहरुले यस पल्ट पनि फागु पूर्णिमाका दिनमा छापे, प्रचार-प्रसार गरे ।



विकृतिहरुका विरुद्ध सचेत रुपले प्रयत्न गर्ने र यस्ता विकृतिहरुबारे जनतालाई सचेत गराउने काम शून्य प्राय: नै भयो । हिजो पंचायती कालमा जनताको संगठित प्रयत्नहरुमाथि लाठी बर्सिन्थ्यो भने आज पार्टीहरु र विभिन्न राजनैतिक, सामाजिक संगठनहरु खुला भएका छन् । तर तिनीहरुमध्ये प्राय: सवैले यस विकारका विरुद्ध कुनै पनि आवाज उठाएनन्, उठाउने प्रयत्न गरेनन् । "प्रजातान्त्रिक सरकार"ले पनि औपचारिक "कडा सूचना" जारी गर्ने काम र नगन्य मात्रामा (त्यो पनि फागु पूर्णिमाको एक दिन मात्र) पुलिस बललाई केही प्रयोग गरेजस्तो मात्र गर्‍यो । खासै, कुनै ठोस प्रयत्न भएन । रेडियो नेपालले त त्यस दिन भारतमा फिल्महरुमा व्यावसायिक फिल्मी मसलाको रुपमा प्रयोग भएका होली -गीतहरु बारंबार बजाउनु नै आफ्नो एक मात्र परम कर्तव्य ठान्यो । यसरी होलीको नाममा यात्रुहरुमाथि बर्साइएका रंग, फोहर पानी र डढेको कालो मोविलसँगै सवै पक्षहरु सँगसँगै बगे- मानौं, यो सारा उच्छृंखलता एउटा स्वाभाविक र हुनै पर्ने कुरो हो, कसैले पनि यसको चिरफार गर्नु जरुरी छैन, विरोध गर्नु जरुरी छैन, यसका सामु चुपचाप नतमस्तक हुनु नै सवैको कर्तव्य हो ।

होली, यसको शुरुवातमा वसन्त ऋतुको आगमनको खुशीयालीमा खुशी मनाउने चाडको रुपमा पैदा भएको थियो ।

तराइ-क्षेत्र बाहेक नेपालका अन्य क्षेत्रहरुमा यो "होली" यसरी मनाउने यति व्यापक परंपरा पहिले थिएन । काठमाडौं उपत्यकामा त यो हिन्दू भारतीयहरुको प्रवेश र राणाकालीन शासकहरुको रंग-रेली मनाउने बिलाशी प्रवृतिको उपजको रुपमा फैलिन थालेको हो । पछि फिल्मी-प्रभावले गर्दा यसले आम-विस्तार पायो ।

यतिखेर एउटा महत्वपूर्ण कुरा उल्लेख गर्नु जरुरी छ, त्यो हो हाम्रो समाजमा उच्छृंखलता र परपीडनको पक्ष फैलिदै गएको कुराको प्रमाण होलीको यो रुपको व्यापक विस्तार हुनु पनि एक हो । विदेशबाट वा हाम्रै परंपराहरुबाट पनि त्यहाँ रहेका राम्रा र रचनात्मक कुराहरुको विस्तार यहाँ त्यति चाँडै हुन्न । केवल हल्का फुल्का, छाडा, उत्ताउला र अराजक पाराका कुराहरु मात्र फैलँदै छन् । फैलाईदैछन् । अरुलाई सताउने र त्यसबाट आनन्द अनुभव गर्ने पर-पीडक प्रवृत्ति के सभ्यताको प्रतीक हो ? के आधुनिकता भनेको यही हो ?

निश्चितै रुपले यहाँ एक सान्दर्भिक प्रश्न उठ्छ-किन यस्तो भइरहेछ ?

यसको जवाफ खोज्ने हो भने हामी देख्न सक्छौं- यसको कारण पूँजीवादले आफू टिकीरहन फैलाएको उपभोक्तावादी संस्कृति र व्यक्तिवाद नै हुन् ।

सामाजिक अन्याय, अत्याचार र विकृतिहरुका बारेमा गम्भीर भएर सोच्ने, चिन्तन गर्ने र परिवर्तनका व्यवहारिक पक्ष र प्रवृत्तिलाई पछाडि धकेलेर हल्का पाराले "जे छ खाऊ, लगाऊ, नाच, हाँस, अरुको र आफ्नो दु:खको जड कारणसम्म नपुग, अरुलाई सताऊ, गिज्याऊ र रमाइलो मान" भन्ने मान्यतायुक्त प्रवृत्तिलाई अगाडि ल्याएर स्थापित गराउन पूँजीवाद लागिपरिरहेछ । त्यसैले समाज

बाँकी ५४ पृष्ठमा

# बांगलादेशमा कम्युनिष्ट आन्दोलन



## कसरी अघि बढ्दैछ ?

प्रकृति र सैनिकहरुको निरन्तर प्रकोप, त्यस प्रकोपलाई साम्राज्यवादी स्वार्थवश प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्ने अमेरिकाको खाद्य-रणनीतिबाट उत्पन्न गरीवी, भोकमरी, अनिकालले ग्रस्त देश बांग्लादेशको कम्युनिष्ट आन्दोलन कस्तो छ ? छिमेकी देश नेपालका हामी नेपालीलाई बुझ्न खुल्दुली लाग्नु स्वाभाविक छ । यस खुल्दुलीमाथि पनि बंग्लादेशी कम्युनिष्ट नेता का. रानोको नेपाल भ्रमण, कम्युनिष्ट पार्टीको नाम परिवर्तनको हल्ला र विभिन्न कम्युनिष्ट घटकबीच सशस्त्र झडपका समाचारहरुले थप जिज्ञाशा पैदा गर्नुलाई झनै अस्वाभाविक मान्न सकिंदैन ।

### सैनिक शासन र हत्याको इतिहास

यही यथार्थलाई ध्यानमा राखेर बांग्लादेशी कम्युनिष्ट आन्दोलनको इतिहास पल्टाउने क्रममा स्वयं बांग्लादेश राष्ट्रकै इतिहासलाई याद गर्नुपर्ने जरुरी देखिन्छ । १९४७ सम्म अंग्रेजी सामाज्यवादको बूटमुनि थिचिएको बांग्लादेशको राष्ट्रिय मुक्ति पाकिस्तानको भूभागको रुपमा, पूर्वी पाकिस्तनको रुपमा भयो । यस नयाँ पराधीनतालाई पाकिस्तानी सैनिक तानाशाहहरुले अरु मजवूत पार्न खोजे । यसको परिणाम स्वरुप, पूर्वी पाकिस्तानमाथि काफी प्रभाव भएको "अवामी लीग" सन् १९७१ को चुनावमा बहुमत हासिल गरी राष्ट्रिय-सभामाथि प्रभुत्व जमाउन सफल भएकाले पुनः पूर्वी पाकिस्तान (बांग्लादेश) को राष्ट्रिय-मुक्तिको माग जोडदार रुपमा उठ्यो । बांग्लादेशको राष्ट्रिय मुक्तिको माग संसद र सडक समेतको संघर्षको मागमा परिणत भयो । अर्थात् राष्ट्रिय-मुक्ति आन्दोलन शुरु भयो ।

यस आन्दोलनको शुरुवातमा नै व्यापक दंगा-फसाद र पाकिस्तानी सैनिकहरुको आक्रमण भएकाले त्यसले गृहयुद्धको रुप लियो । यही मौकामा बांग्लादेशी राष्ट्रिय मुक्ति आन्दोलनलाई सघाउने नाममा "भारतीय शान्ति सेना"को नांगो प्रवेशले यो संघर्ष फेरि भारत-पाकिस्तान युद्धमा परिणत भयो । १० लाख मानिस मारिएको र १ करोड मानिस भारत भाग्न बाध्य पारेको यस युद्धको अन्त पछि "अवामी लीग"का नेता तथा मुक्ति-आन्दोलनका नेतृत्वकारी सेख मुजीवर रहमान प्रधानमन्त्री बने ।

सैनिक विद्रोहद्वारा प्रधानमन्त्री शेख मुजीवर रहमानको अगस्त १५, १९७५ मा हत्या गरी सैनिक शासन शुरु भएपछि बांग्लादेश सैनिक विद्रोह, प्रधानमन्त्रीको हत्या र पुनः सैनिक शासनको चक्करमा फँस्यो । सैनिक विद्रोहद्वारा नै शासन हत्याएका जियाउर रहमानको पनि हत्यापछि सत्तासीन भएका लेफ्टिनेन्ट जनरल हुसेन मुहम्मद एर्शाद पनि पूँजीवादी प्रजातान्त्रिक आन्दोलनपछि जेलको कोठरीमा बन्द भएका छन् ।

यसरी सैनिक शासनको भुमरीमा फँसिरहेको बांग्लादेशमा के कम्युनिष्टहरुले प्रभावकारी भूमिका खेल्न सकेनन् त ?

### कम्युनिष्ट आन्दोलन शुरु

यस शताब्दीको दोस्रो दशकतिरदेखि नै अंग्रेजी साम्राज्यवाद अन्तर्गतको दक्षिण एशियाली देशहरुमा कम्युनिष्ट आन्दोलनको जन्म र विकास भएको थियो । दक्षिण एशियाली मुलुकहरु मध्ये सवैभन्दा सचेत राष्ट्रिय र वर्गीय मुक्ति-आन्दोलनको लामो इतिहास रहेको भारतले छिमेकी बांग्लादेशको हरेक पक्षमा प्रभाव पारेको देखिन्छ । यसै सन्दर्भमा भारतीय कम्युनिष्ट आन्दोलनको उत्थान र विकासले त्यहाँ पनि सकारात्मक असर पारेको थियो । सन् १९२८ देखि नै भारतमा संगठित कम्युनिष्ट आन्दोलन चलेको प्रभाव स्वरुप बांग्लादेशमा पनि ३० को दशकदेखि नै छिटफुट कम्युनिष्ट आन्दोलनको शुरुआत भयो । सन् १९४३ मा गएर त पूर्वी पाकिस्तान कम्युनिष्ट पार्टी (*East Pakistan Communist Party*) को प्रथम महाधिवेशन नै सम्पन्न भयो ।

यसरी पूर्वी पाकिस्तान कम्युनिष्ट पार्टीको स्थापना, यसको प्रथम महाधिवेशन र महाधिवेशनबाट निर्वाचित नयाँ नेतृत्वले अत्यन्त गरीव बांग्लादेशीहरुमा आफ्नो जीविका र जनवादको स्थापनाको संभावनालाई ज्वलन्त पारीदियो । अर्कोतिर, यसले अंग्रेजी साम्राज्यवाद विरोधी राष्ट्रिय मुक्ति आन्दोलनमा थप योगदान पुऱ्याउन केही हदसम्म सहयोग गऱ्यो। तर बांग्लादेशी जनताको जीविका, जनवाद र राष्ट्रियताको समस्यालाई मार्क्सवादी ढंगले हल गर्ने सवालमा प्रथम बांग्लादेशी कम्युनिष्ट नेताहरुको संघर्ष र संघर्षको दिशा सम्बन्धमा केही प्रभावशाली भारतीय नेताहरुमा झैं केही भड्कावहरु शुरुमै देखिए ।

यस सम्बन्धमा बांग्लादेशी कम्युनिष्ट नेता का. अजय दत्त (बंगलादेश कम्युनिष्ट पार्टी-मालेका नेता) को मूल्यांकन यहाँ विचारणीय देखिन्छ, "यस क्षेत्रको कम्युनिष्ट आन्दोलन शुरुवातदेखि नै संशोधनवादी नेताहरुको प्रभुत्वमा थियो, जसका मुदुहरु कांग्रेसी, नेताहरु जस्तो कि नेहरु, सँग जोडिएका थिए । अतः तिनीहरुले सुधारवादी र संझौतावादी नीति लिए । यसको प्रतिक्रिया स्वरुप, यहाँ दुस्साहसवादी नीतिहरु, जुन सारमा ट्राट्स्कीवादीहरु हुन्, प्रकट भएर प्रजातान्त्रिक क्रान्ति र समाजवादी क्रान्ति एकै झट्कामा, एकै समयमा गर्ने विचार वि.टि. रणदिवे र भवानी सेनको नेतृत्वमा प्रवल रुपमा उठ्यो ।"

यी सबैको प्रत्यक्ष र अप्रत्यक्ष प्रभावमा बढेको बांग्लादेशी कम्युनिष्ट आन्दोलनलाई पनि संशोधनवादी नेतृत्वले अगाडि बढाउँदै लग्यो । उता ती दुस्साहसवादी "वामपन्थी" हरु र संशोधनवादी दक्षिणपन्थी नेतृत्वको संघर्षले विस्तारै चर्को रुप लिन थाल्यो । यी दुवै प्रभुत्वशाली नीतिहरुको संघर्षकै वीच केही क्रान्तिकारीहरुले संसारभरि विस्तारै प्राभावशाली बन्दै गएको माओ त्से तुङ विचारलाई अंगाल्दै सघर्ष गर्न थाले ।

### अन्तर-संघर्ष र फूट किन ?

का. माओ त्से तुङको नेतृत्वयुक्त चीनियाँ कम्युनिष्ट पार्टीको आह्वान र नेतृत्वमा चीनमा १९४९ मा जनवादी क्रान्ति सम्पन्न भएको थियो र त्यसभन्दा अगाडि देखि नै भारतमा सशस्त्र तेलङ्गाना किसान युद्ध शुरु भइसकेको थियो । तर यी संघर्षका अनुभवबाट पाठ सिक्नुको सट्टा तिनलाई ठाडै नकार्ने र दुत्कार्ने काम केन्द्रीय संशोधवादी नेतृत्वले गऱ्यो । संशोधनवादी नेतृत्वले मार्क्सवादी लेनिनवादी विचार र क्रान्तिकारी संघर्षलाई इन्कार गरी क्रान्तिकारीहरुमाथि नै दमन अभियान चलाउन थाल्यो । यसले पार्टीभित्र संशोधनवादीहरु र मार्क्सवादी-लेनिनवादीहरु बीच तीव्र अन्तरविरोध उत्पन्न गऱ्यो ।

यस अन्तरविरोधको तीव्रता अन्तर-पार्टी-संघर्षको रुपमा विकसित भयो । मार्क्सवादी लेनिनवादीहरुले चीनमा माओद्वारा चलाइएको सांस्कृतिक क्रान्ति र विश्वव्यापी संशोधनवाद विरोधी संघर्षको असरलाई महशूस गरी का. मोनीसिंहको नेतृत्व भएको नव-संशोधनवादी नेतृत्व विरुद्ध पूर्वी पाकिस्तानी कम्युनिष्ट पार्टी (*EPCP*) भित्र कठोर संघर्ष चलाए । यही संघर्षको क्रममा ती मार्क्सवादी लेनिनवादीहरुले पूर्वी पाकिस्तानी कम्युनिष्ट पार्टी, मार्क्सवादी-लेनिनवादी (*EPCP-ML*) का रुपमा आफूलाई संगठित गरे ।

यसै बीच का. माओको नेतृत्वमा भएको सांस्कृतिक क्रान्तिबाट उत्प्रेरित भएका का. चारु मजुमदारको नेतृत्वयुक्त भारतीय कम्युनिष्ट पार्टी मार्क्सवादी-लेनिनवादी) को आह्वानमा भारतभरि नक्सलवादी आन्दोलन चर्क्यो । यी दुवै संघर्षले सशस्त्र जनयुद्धलाई नकारी संसदीय बाटो समातिरहेका संशोधनवादीहरुको विरुद्ध जेहाद नै

छेडेको थियो । यसको जबर्जस्त प्रभाव नेपालमा जस्तै बंगलादेशमा पनि पऱ्यो । नक्सलवादी किसान संघर्षले नवगठित पूर्वी पाकिस्तानी कम्युनिष्ट पार्टी, मार्क्सवादी-लेनिनवादी (EPCP-ML) को बांग्लादेशी क्रान्तिको रणनीति र कार्यनीतिको निर्माणमा समेत गहिरो असर पाऱ्यो ।

सन् १९६७ मा पूर्वी पाकिस्तानी कम्युनिष्ट पार्टी, मार्क्सवादी-लेनिनवादी (EPCP-ML) को प्रथम महाधिवेशन भयो । यस महाधिवेशनले नक्सलवादी संघर्षलाई क्रान्तिकारी संघर्षको रुपमा मूल्याङ्कन गऱ्यो र का.चारु मजुमदारको नेतृत्वमा रहेको भा.क.पा. (मा.ले) सँग भ्रातृत्वपूर्ण सम्बन्ध समेत कायम गऱ्यो । यी सबका बावजूद, नक्सलवादी आन्दोलनका सऱ्हाहनीय र सिक्न योग्य पक्षहरु मात्र बांग्लादेशी कम्युनिष्ट आन्दोलनभित्र पसेनन्, अन्य नकारात्मक पक्षहरु सहित त्यसलाई यान्त्रिक रुपले बांग्लादेशमा पनि लागू गर्ने सोच पनि पस्यो । जन-युद्धमा व्यक्ति-हत्यालाई अनिवार्य र आम बनाउने, सर्वहारा; किसान जनसमूदायको संगठनको निर्माणमा वास्ता नगर्ने जस्ता दुई विषयमा नक्सलवादी आन्दोलनका नेतृत्वकर्ता का.चारु मजुमदारद्वारा अख्तियार गरेको यान्त्रिक भौतिकवादी चिन्तनलाई पनि यान्त्रिक रुपले नै ग्रहण गर्न खोजेको तथ्य का. अजय दत्तले प्रकाशित गर्नु भएको छ ।

बांग्लादेशको कम्युनिष्ट आन्दोलनमा यसरी पूर्वी पाकिस्तानी कम्युनिष्ट पार्टी र पूर्वी पाकिस्तानी कम्युनिष्ट पार्टी (माले) बीच विभाजन आइसकेको परिस्थितिमा १९७१ को बांग्लादेशको राष्ट्रिय-मुक्ति संघर्षले पू.पा.क.पा. (माले) भित्र पनि फाटो ल्याउने काम गऱ्यो । हुन त पाकिस्तानबाट पूर्वी पाकिस्तान (बांग्लादेश) को मुक्ति र त्यही मौका पारी बांग्लादेश भित्र पाकिस्तानसित लड्न सशस्त्र सेना पठाउने भारतीय विस्तारवादीहरुका विरुद्ध पूर्वी पाकिस्तानी कम्युनिष्ट पार्टी (माले)ले जनयुद्धको नेतृत्व गर्दै लड्यो । तर यो लडाईको क्रममा आफ्नै पार्टीभित्र पनि यस सम्बन्धमा मतभेद राख्ने तत्वहरुका विरुद्ध त्यसले लडाई गर्नु पऱ्यो । र अन्ततः भारतीय र पाकिस्तानी सैनिक हस्तक्षेप विरुद्ध जनयुद्ध गर्नुपर्ने बहुमतको विचारले नै जित्यो ।

तर विडम्बना, यो जित पनि अस्थायी साबित भयो । बांग्लादेशको स्वतन्त्रतापछि सन् १९७१ तिरै पाकिस्तानबाट बांग्लादेश छुट्टिनुको सवाल र भारतीय हस्तक्षेपको सवाललाई पुनः मूल्याङ्कन गर्ने कुरा पार्टीभित्र उठ्यो । यस रणनीतिक महत्वको सवालमा अन्तरसंघर्ष गरिहेका कामरेडहरुबीच मतैक्यता कायम हुन नसकेको मात्र होइन, यसै सवाललाई लिएर पूर्वी पाकिस्तानी कम्युनिष्ट पार्टी, माले (EPCP-ML) को केन्द्रीय समितिमा विभाजन आयो । बराबरी रुपमा विभाजित यस पार्टीकै गर्भबाट कम्युनिष्ट पार्टी अफ बांग्लादेश-माले (BSD-M.L.) को जन्म भयो ।

## कतिवटा कम्युनिष्ट पार्टीहरु छन् ?

यसरी एउटै कम्युनिष्ट पार्टी पनि क्रमशः टुक्रा टुक्रा हुँदै गएको पीडा भोग्दै अगाडि बढिरहेको बांग्लादेशको कम्युनिष्ट आन्दोलनको वर्तमानमा कम्युनिष्ट पार्टीको नाममा थुप्रै पार्टीहरु विद्यमान छन् । कम्युनिष्ट पार्टीकै नामले चिनिने पार्टीहरुमा

### बांग्लादेशी कम्युनिष्ट आन्दोलन र विविध विषयमा का. रानोसंग मूल्यांकनको कुराकानी

# संसदबाट समाजवादमा जान संभव छैन !


## का. हैदर अकबर खान रानो

का.मु. महासचिव/पोलिटव्यूरो सदस्य,बांग्लादेश श्रमिक पार्टी




**ο तपाईहरुको पार्टीको प्रभाव क्षेत्रलाई कसरी मूल्यांकन गर्नु हुन्छ ?**

- हाम्रो पार्टीको प्रभाव भित्र केही पकेट ग्रामिण क्षेत्र नभएका होइनन्, तर उल्लेखनीय रुपमा शहरी औद्योगिक मजदूरहरु हाम्रो प्रभाव क्षेत्र भित्र पर्दछन् । औद्योगिक मजदूरहरुमा पनि देशको मूल निर्णायक वस्तु-जूटको उत्पादनमा काम गर्ने विशाल संख्याका मजदूरहरुमा हाम्रो पकड छ, जुन संघर्षको नेतृत्वकारी शक्ति पनि हो । क्षेत्रको हिसावले देशको दोस्रो प्रमुख शहर चटगाउँमा हाम्रो प्रभाव बढी छ ।

**ο महिलाहरुमा नि ? तिनीहरुको प्रमुख समस्या के हो ?**

- त्यति बलियो छैन । त्यसको लागि बलियो पार्ने काममा लागिरहेका छौं । प्रमुख समस्याको सवालमा अन्य सार्क राष्ट्रका महिलाहरुको भन्दा खासै फरक छैन । तर नेपालको कस्तो छ, त्यो मलाई थाहा छैन । त्यहाँ महिलाहरु, विशेषतः गरीब महिलाहरु दोहोरो शोषणमा थिचिएका छन् । एकातिर श्रमिक भएकाले र अर्कोतिर स्वास्नी भएकाले महिलाहरु दोहोरो शोषणमा परेका हुन् ।

**ο अन्य पार्टीहरुसंग तपाईको पार्टीको सम्बन्ध कस्तो छ ?**

- यसबेला त्यहाँ ३ वटा संयुक्त मोर्चाहरु छन् । एउटा प्रमुख चर्चित ८ पार्टीको मोर्चा हो, जुन शेख हशिनाको नेतृत्वमा चलेको छ । अर्को ७ पार्टीको मोर्चा हो, जुन वर्तमान प्रधानमन्त्री खालेदाको नेतृत्वमा छ ।

अर्को संयुक्त मोर्चा हो- वाममोर्चा । ५ वटा वामपन्थी पार्टीहरुको संयुक्त मोर्चा । हामी यही वाममोर्चामा छौं । यस मोर्चामा **जातीय समाजतान्त्रिक दल, बांग्लादेश सोशलिष्ट पार्टी, बांग्लादेश सोशलिष्ट पार्टी, श्रमिक किसान समाजवादी दल** र हाम्रो **बांग्लादेश श्रमिक पार्टी** समाहित छन् ।

तर तथाकथित कम्युनिष्ट पार्टी अर्थात् रुस समर्थक **कम्युनिष्ट पार्टी अफ बांग्लादेश (CPB)** हाम्रो यस वाममोर्चामा छैन ।

**ο यी वामपन्थी पार्टीहरु मध्ये सबैभन्दा बलियो कुन हो त ?**

- यी सबै मध्ये हाम्रो पार्टीले मात्र गएको चुनावमा १ सिट जित्न सफल भएको छ ।

**ο चुनावमा धाँधली भएन त ? धाँधलीबाटै सत्तासीन मोर्चाले सरकार गठन गरेको हो कि ?**

- होइन, होइन, गएको चुनावमा धाँधली भएन । हाम्रो देशको इतिहासमै प्रथम पटक, सैनिक शासक एर्शादलाई जन-आन्दोलनबाट फ्याँकेर हामीले प्रधान न्यायाधीशको नेतृत्वमा अन्तरिम सरकार गठन गरेका थियौं, जसले राजनीति र चुनावमा भाग लिन नपाउने प्रावधान थियो । यसरी प्रथम पटक धाँधलीरहित ढंगले सम्पन्न चुनावमा कानूनी हिसाबले १ उम्मेदवारले ३ लाख टाकाभन्दा बढी खर्च गर्न पाउँदैन, तापनि कुनै पनि विजित सांसददेखि विजयको नजीक पुगेका उम्मेदवारहरुले समेत कम्तिमा ३० लाखदेखि १ करोड टाकासम्म खर्च गरे, अपवादको रुपमा हाम्रो पार्टीका सांसद बाहेक ।

**ο संसदबारे तपाईहरुको धारणा के छ ?**

- यो संसदको चुनाव भनेको पूँजीपति वर्गको चुनाव हो, जहाँ पूँजीले महत्वपूर्ण भूमिका खेल्दछ । प्रेसमाथि समेत धन्नासेठ पूँजीपतिहरुको आधिपत्य हुने भएकोले संचारमाथि पनि पूँजीकै प्रभुत्व हुने भयो र यसले स्वतन्त्र भूमिका खेल्न सक्दैन । जे होस्, संसदीय चुनाव मार्फत् समाजवादमा जान संभव छैन । त्यो त क्रान्ति मार्फत् मात्र जान सकिन्छ । जनताको सहभागिता र सक्रियतामा समाजवादमुखी क्रान्ति नै हुनुपर्दछ ।

**ο किन संसदमा गइरहनु भएको त ?**

- हामी संसदलाई उखेलेर फ्याँक्नका लागि त्यहाँ गइरहेका हैनौं । यहाँ अहिले पनि मार्शल ल, सैनिक शासन जस्ता अप्रजातान्त्रिक प्रावधानहरु छन्, जसको विरुद्ध लड्दै बढी प्रजातान्त्रिक अधिकार लिन हामी संसदमा गइरहेका हौं ।

सैनिक शासनभन्दा यो पूँजीवादी संसदीय प्रजातन्त्र प्रगतिशील छ । तर यो पूँजीवादी संसदीय प्रजातन्त्र, संसदीय व्यवस्था आदिले जनताका आधारभूत समस्याहरु समाधान गर्न सक्दैनन् । जनताका समस्याका जडहरु काट्न सक्दैनन् । अतः समाजवादले मात्र जनताका सबै समस्या समाधान गर्न सक्छ ।

बाँकी २२ पृष्ठमा

**पहिले पूर्वी** पाकिस्तान कम्युनिष्ट पार्टी अर्थात् हालको **कम्युनिष्ट** पार्टी अफ बांग्लादेश (बांग्लादेश कम्युनिष्ट पार्टी) **पूर्वी** पाकिस्तान कम्युनिष्ट पार्टी (माले) अर्थात् **बांग्लादेश** कम्युनिष्ट पार्टी (माले), बिप्लवि कम्युनिष्ट पार्टी र कम्युनिष्ट पार्टी अफ बांग्लादेश, मार्क्सवादी, लेनिनवादी (*BSD-M.L.*) हुन् । अन्य वामपन्थी पार्टीहरुमा बांग्लादेश श्रमिक पार्टी, जातीय समाजतान्त्रिक दल, बांग्लादेश सोशलिष्ट पार्टी, बांग्लादेश सोशलिष्ट पार्टी, श्रमिक किसान-समाजवादी दल हुन् ।

यी सबै कम्युनिष्ट र वामपन्थी पार्टीहरु **मध्येको एउटा** शक्तिशाली पार्टी बांग्लादेश श्रमिक **पार्टीले आफ्नो** मार्ग निर्देशक सिद्धान्तको रुपमा **मार्क्सवाद,** लेनिनवाद र माओ बिचारधारालाई **अंगालेको छ** । यस पार्टीले जस्तै मार्क्सवाद, लेनिनवाद र **माओविचारधारालाई** आफ्नो निर्देशक सिद्धान्त मान्ने अन्य **कम्युनिष्ट** पार्टीमा कम्युनिष्ट पार्टी अफ बांग्लादेश, (*BSD-ML*) पनि हो । अहिले यस ढंगले जाने पार्टीहरुमा केही भड्काव आएको देखिएको छ ।

## सैनिक तानाशाही विरोधी संघर्ष: संयुक्त मोर्चावन्दी

**पाकिस्तानबाट** बांग्लादेशको स्वतन्त्रता **प्राप्तिको संघर्षको** क्रममा अग्रिम दस्तामा बसी लड्दै आएको **पूर्वी पाकिस्तान** कम्युनिष्ट पार्टीले १९७१ को पाकिस्तानी **आक्रमण** र भारतीय फौजको प्रवेशको विरोधमा सशक्त रुपले लड्न नसकी केही ढुलमूलपन देखायो । तर **पूर्वी** पाकिस्तानी कम्युनिष्ट पार्टी (माले) ले भने **जनयुद्धको** नेतृत्व नै गरेर लड्यो । पछि बांग्लादेशको **स्वतन्त्रतापछि** क्रमशः सैनिक विद्रोह गरी **सैनिक शासन** चलाउने तानाशाही शासकहरु विरुद्ध भने **एक-डेढ** दशकसम्म एक्लाएक्लै लड्ने बाहेक विभाजित **कम्युनिष्ट** पाटीहरुले एकीकृत पार्टी निर्माण गरेर लड्न त कता हो कता, संयुक्त मोर्चासमेत बनाएर लड्न सकेनन् ।

अमेरिकी साम्राज्यवादद्वारा "खाद्य रणनीति" अन्तर्गत पालिएका-पोसिएका बांग्लादेशी **सैनिक** तानाशाही शासकहरुले प्रतिक्रियावादी अरब **राष्ट्रहरुको** साथ लिएर अमानवीय दमन चलाउँदै गए । [illegible]र रहमान, हुस्सेन मुहम्मद एर्शाद जस्ता ता[illegible]ही [illegible]को दमन, उत्पीडन खप्दै, **आन्तरिक** [illegible] र विभाजन भेल्दै अगाडि बढेको **बांग्लादेशी कम्युनिष्ट** आन्दोलनले ८० को दशकमा आएर [illegible] **संयुक्त** [illegible]म-मोर्चा निर्माणको आवश्यकता बोध गर्न थाल्यो । सैनिक शासनको विरोधमा, पुँजीवादी प्रजातन्त्रको प्राप्तिका लागि संयुक्त मोर्चा निर्माण गर्दै लड्नका लागि तात्कालीन सोभियत संघ समर्थक बांग्लादेशी कम्युनिष्ट पार्टी (*CPB*) को १९८० सम्पन्न तेस्रो राष्ट्रिय महाधिवेशनले वामपन्थी-प्रगतिशील पार्टीहरुको संयुक्त मोर्चा बनाउन विशेष भूमिका खेल्ने निर्णय गऱ्यो । तर यसले वाममोर्चा त होइन, नेशनल अवामी पार्टी-दुबै समूह, एकता पार्टी जस्ता ७ वटा सुधारवादी र पुँजीवादी पाटीहरुसँग संयुक्त मोर्चा कायम गऱ्यो ।

अर्कोतिर बांग्लादेश श्रमिक पार्टी सहितको जातीय समाजतान्त्रिक दल, बांग्लादेश सोशलिष्ट पार्टी, **बांग्लादेश सोशलिष्ट पार्टी,** श्रमिक किसान समाजवादी **दल** जस्ता ५ वटा वामपन्थीहरुको संयुक्त बाम-मोर्चा निर्माण भयो ।

यी दुई मोर्चा लगायत शेख हशिनाको नेतृत्वमा रहेको ८ पार्टीहरुको संयुक्त-मोर्चाको नेतृत्वमा एर्शादको सैनिक तानाशाही शासनको विरोधमा ठूलो जनसंघर्ष गरेर पूँजीवादी प्रजातान्त्रिक संसदीय व्यवस्था प्राप्त गर्न सफल भएको छ । यस संसदीय व्यवस्थालाई उपयोग गरी वाममोर्चामा समाहित कम्युनिष्ट पार्टीहरु र छुट्टाछुट्टै बसेर संघर्ष गरिरहेका कम्युनिष्ट पार्टीहरुले समाजवादको निमार्णका लागि कसरी अगाडि बढ्ने हुन्, सबै हेर्न उत्सुक छन् ।

# के बांग्लादेश कम्युनिष्ट पार्टी (CPB) लें नाम फेर्ला ?

**सो**भियत संघको पतन र पूर्वी यूरोपबाट समाजवाद पतन भई पूँजीवादी प्रजातन्त्रको लहर चलिरहेको यस स्थितिमा दिग्भ्रमित भएका विश्वका केही कम्युनिष्ट पार्टीहरुले आफ्नो नाम र काम परिवर्तन गरेको तथ्य सबैलाई थाहै छ । यसै सन्दर्भमा तत्कालीन रुस समर्थक मानिने एशियाको एउटा पुरानो कम्युनिष्ट पार्टी **बांग्लादेश कम्युनिष्ट पार्टी** (*CPB*) ले पनि आफ्नो नाम फेर्ने पो हो कि भन्ने संभावना निकै बढेको छ ।

हालै, फागुनको दोस्रो हप्तामा भएको यस पार्टीको केन्द्रीय कमिटीको विशेष बैठकमा आफ्नो पार्टीको नाम परिवर्तन गरी परिवर्तित समय अनुसार पूँजीवादी प्रजातान्त्रिक शैलीमा काम गर्ने पक्षमा अत्यधिक बहुमत-केन्द्रीय-सदस्यहरुले आफ्नो मत दिएपछि या संभावना बढेको हो । तापनि यसको सम्पूर्ण निर्णय आगामी विशेष पार्टी अधिवेशनमा हुनेछ । का. नुरुल इस्लाम नाहिदका अनुसार नाम परिवर्तनको पक्षमा ४० र विपक्षमा १३ मत खसेको सो बैठकमा काफी विवाद भएको र फूटको संभावना नभएको बताइएता पनि आगामी विशेष पार्टी अधिवेशनसम्ममा यो फूट प्रकट रुपमा आउने संभावना छ ।

यसैबीच, पार्टीको नाम फेर्ने पक्षमा नरहेका कम्युनिष्टहरुले पार्टी फूटको शर्तमा पनि 'मार्क्सवादी' ढंगले नै जाने र पार्टीको नाम र रातो झण्डा यथावत राख्ने दृढता प्रकट गरेको खबर पनि प्रकाशमा आएको छ ।

थहा भए अनुसार, उक्त बैठकमा पार्टीको नाम परिवर्तन गर्ने पक्षमा नरहेका १३ जना मध्ये एक तथा उक्त पार्टीका एक प्रमुख नेता का.मुजाहिदुल इस्लाम सलिमले पार्टीको नव-नामाकरणको कडा विरोध गर्दै भन्नु भएको छ-" केन्द्रीय कमिटीको यस निर्णयलाई महाधिवेशनले फ्याक्नेछ । हामी आफ्ना प्रस्तावनाहरु सदस्यहरु माझ प्रचार-प्रसार गर्नेछौं र सबै पार्टी सदस्यहरुले त्यस निर्णयको विरोध गर्ने छन् ।"

क. सलिम र उहाँका १२ जना सहयोगीहरुको विचारलाई पार्टी महाधिवेशन र कार्यकर्ताहरुले कतिको स्वीकार्ने छन् र पार्टीको नाम फेर्ने कुराको कित्तिको विरोध गर्ने छन् भन्ने कुरा उहाँहरुको कम्युनिष्ट-विचार, विचार अनुसारको कान्तिकारी आचरण र त्यसको सही ढंगको प्रचारले निर्धारित गर्ने कुरा हो । अत: यी कामरेडहरुले विगतमा रुसी संशोधनवादी तत्वहरु ख्रुश्चोभदेखि गोर्बाचोभसम्मले जुन जुन अपराध गरे, त्यही अपराधलाई पछ्याउने जडसूत्रवादी चिन्तन र व्यवहारबाट मुक्त भई अगाडि बढ्न सकेमा पार्टीको नाम र काम परिवर्तन गर्ने एवं संशोधनवादी नेतृत्वलाई उखेलेर फ्याक्ने अभियानलाई पार्टीका कार्यकर्ताहरुले साथ नदेलान् भन्ने प्रश्न नै उठ्दैन ।

## वांग्लादेशमा ६० लाख मजदूरहरु संघर्षमा

**बां**लादेशमा जूट, कपडा र चीनी कारखानाका मजदूरहरु, चार वटा राष्ट्रिय ट्रेड यूनियन र कर्मचारी संघहरुले न्यूनतम तलब र ज्याला निर्धारणको मागमा चैत्र २ र ३ गते ४८ घण्टे हडताल गरेका छन् ।

सरकारसितको वार्ता असफल भएपछि गरिएको सो देशव्यापी हडतालमा निजी क्षेत्रका ५० लाख, सार्वजनिक क्षेत्रका १० लाख २० हजार कामदारहरुले भाग लिएका छन् ।

धेरैजसो वामपन्थी तथा अन्य राजनीतिक दल, विद्यार्थी र पेशागत संगठनहरुको पनि ऐक्यवद्धतामा भएको सो हडतालपछि पनि मजदूरहरुको माग सरकारले पूरा नगरेमा मुलुकभर रहेका उद्योगधन्दा, यातायात, रेल र संचार ठप्प गर्ने धम्की संघर्षरत मजदूरहरुले दिएका छन् ।

[illegible]

**o [illegible] तपाईहरुले त्यस्तो कुनै मूर्त आन्दोलनहरु चलाइरहनु भएको छ ?**

- आन्दोलन भनेको निरन्तर प्रक्रिया हो । कहिले धिमा हुन्छ, त कहिले उच्चतातिर लम्कन्छ, तर [illegible]र भइरहन्छ । जस्तो-सैनिक शासक एर्शादको विरोधमा आन्दोलन अति उच्चतातिर, अति हिं[illegible] र मिलिटैण्ट भयो । अत: हामी आन्दोलनलाई निरन्तर प्रक्रियाको रुपमा उठाउँदैछौं-कहिले कि[illegible], कहिले मजदूर वर्गको त, कहिले विद्यार्थीहरुको समस्यालाई लिएर संघर्ष गरिरहेका छौं ।

**o यदि तपाईहरु सत्तामा आउनु भयो भने उद्योग, कृषि र अर्थतन्त्र आदि क्षेत्रमा के [illegible] परिवर्तन गर्नु हुन्छ ?**

- यो त धेरै विस्तृत प्रश्न भयो । छोटोमा भन्दा हामी वर्तमान अवस्थालाई एकै रातमा परिवर्तन गर्छौं भन्न सक्दैनौं । तर हामी विस्तारै श्रमिक वर्गको हितमा परिवर्तनका कामहरु थालनी गर्ने छौं । देशको अर्थतन्त्रलाई कुनै योगदान नगर्ने, तर लुटेरै मात्रै खाने वर्ग, दलाल पूंजीपति वर्गलाई निमिट्यान्न पार्छौं, जो विशेषत: व्यापार, स्मगलिङ्ग र चोरी गर्दैछन् । हामी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने नीति लिन्छौं । समाजलाई शोषण गर्ने मुट्ठीभर पूंजीपति शोषक वर्गलाई खत्तम गर्दै जानेछौं, जुन लामो प्रक्रियापछि मात्रै संभव हुन्छ ।

# तर समाजवादमा वर्ग संघर्ष जारी राखिएन



क. गोदेरीस गीर्ट

बेल्जियम श्रमिक पार्टी (Parti Du Travail De Belgique)
केन्द्रिय समितिका सदस्य

***० कमरेड, सोभियत संघ र पूर्वी यूरोपमा समाजवाद विफल हुनुको मूल कारण तपाई के ठान्नु हुन्छ ?***

*जरो कारण सोभियत कम्युनिष्ट पार्टी संशोधनवादी पार्टीमा बदलिनु हो, जुन १९५६ मा क.स्टालिन विरुद्ध गोप्य भाषण दिएर खुश्चोभले शुरु गरेका थिए । त्यतिखेर खुश्चोभले मार्क्सवाद लेनिनवादका आधारभूत सिद्धान्तहरुका विरुद्ध आक्रमण गरे, स्टालिनका सिद्धान्तमाथि पनि आक्रमण गरे । सर्वहारा वर्गको अधिनायकत्वको सिद्धान्त र समाजवादमा पनि वर्गहरु खतम भएका हुन्नन र वर्ग संघर्ष त्यस अवधिमा पनि जारी राख्नु पर्छ भन्ने सिद्धान्तमाथि आक्रमण गरे ।*

*आर्थिक रुपमा खुश्चोभ सोभियत संघमा पैदा भइरहेको नयाँ पूंजीजीवी वर्गको प्रतिनिधित्व गर्दथे ।*

*जुन समाजवाद लेनिन र स्टालिन मिलेर ३० वर्षको अवधिमा निर्माण गर्नु भयो, त्यो समाजवाद ढाल्न यो नयाँ पूंजीजीवी वर्गलाई ३५ वर्ष लाग्यो ।*

*सोभियत संघको कम्युनिष्ट पार्टी संशोधनवादी पार्टीमा परिणत हुनुका दुई वटा मुख्य मोडहरु छन् ।*

*पहिलो मोड, खुश्चोभ सत्तामा आउनु हो । उनले समाजवाद र पूंजीवादको बीचको संक्रमणकालको प्रतिनिधित्व गर्छन्, जसमा नयाँ पूंजीजीवी वर्ग र साम्राज्यवादी शक्तिले राजनीतिक र विचारधाराका क्षेत्रमा कब्जा जमाउन शुरु गरे ।*

*दोस्रो मोड, गोर्वाचोभ सत्तामा आउनु हो । उनले "ग्लास्नोष्ट" र "पेरेस्त्रोइका" को नारा भट्याउदै सोभियत संघमा पूंजीजीवी वर्ग र साम्राज्यवादीहरुको सत्ता स्थापना गरे ।*

*यस हिसावबाट हेर्दा सोभियत संघमा र पूर्वी यूरोपमा समाजवादी बिचारधारा बिफल भएको होइन, संशोधनवादी बिचारधारा बिफल भएको हो ।*

***० किन संशोधनवादले समाजवादी व्यवस्थालाई बिस्थापित गर्न सक्यो ? त्यो पनि, त्यो मुलुकमा, जहाँ मार्क्सवाद लेनिनवादको सिद्धान्तले [illegible] थियो ?***

*यस्तो हुन सक्नुका पछाडि कैयन कारणहरु छन् । पहिलो कारण के हो भने तपाई २०-३० वर्षमा- प्रतिक्रान्तिकारी शक्तिलाई पूर्ण रुपमा नष्ट पार्न सक्नु हुन्न । सामन्त वर्ग र पूंजीपति वर्गलाई वर्गका रुपमा त नष्ट गरियो, तर प्रतिक्रान्तिकारी शक्तिहरुले पार्टीभित्र काम गर्दै रहे । साम्राज्यवादीहरुले, गुप्तचर संस्था CiA हरुले, पूंजीवादीहरुले आफ्नो रणनीति बदले र उनीहरुले मार्क्सवादी लेनिनवादी बिचारधारालाई खत्तम पार्ने र समाजवादलाई ढाल्न पार्टीभित्र काम गर्नमा ध्यान दिए । यो पहिलो र मुख्य कारण हो ।*

***लेनिन, स्टालिनले विकसित गरेको कम्युनिष्ट पार्टीभित्र खुश्चोभ जस्तो संशोधनवादी मानिस कसरी महामन्त्री हुनसक्ने गरी बांकी बच्न सक्यो ? किन पार्टीभित्र त्यस्ता पूंजीवादी-साम्राज्यवादी तत्वहरु बांकी रहन सके ?***

*कम्युनिष्ट पार्टी भनेको कुनै एकात्मक इकाई (Monolithic block) होइन । प्रत्येक कम्युनिष्ट पार्टी भनेको निकै कठीन वर्ग संघर्षको मंच हो । समाजभित्रको वर्ग संघर्ष पार्टीभित्र पनि प्रतिबिम्बित हुन्छ । सोभियत संघको कम्युनिष्ट पार्टीमा शुरुदेखि नै मेन्सेभिक धार थियो । तिनीहरुलाई राजनीतिक र बिचारधारात्मक रुपमा लेनिनले पराजित गर्नु भयो र स्टालिनले पनि । तर उनीहरुको कार्यनीतिक दाउँपेच पार्टीभित्र पसेर काम गर्ने रह्यो । त्यसैले उनीहरुको बैचारिक धार बिरुद्ध पार्टीभित्र संघर्ष चल्यो । स्टालिनले पनि क्रमशः त्यो धार बिरुद्ध संघर्ष चलाउनु भयो ता कि सर्वहारा वर्गको अधिनायकत्व मजबूत पार्न सकियोस् र पार्टीभित्र सही लाइन अप्नाउन सकियोस् । यो एउटा कारण हो ।*

*अर्को कारण हो, स्टालिनको मृत्यु ।*

*स्टालिनको मृत्यु पछि म्यानेन्कोभ, मोलोतोभ र संभवतः ख्रूश्चोभको त्रिपक्षीय सत्ता स्थापना भयो, तर खुश्चोभले सैनिक बिद्रोह गरेर सत्ता हत्याए । खुश्चोभले त्यसपछि नोकरशाही र पूंजीवादी बाटो समाते । यसरी पार्टीभित्र संशोधनवादी र अवसरवादी तत्वलाई पूर्णतया खतम गर्नु असंभव छ । त्यसैले, पार्टी वर्ग-संघर्षको मंच हो । पार्टीभित्रको वर्ग-संघर्षमा मार्क्सवादी लेनिनवादीहरुले पनि जित्न सक्छन्, संशोधनवादीहरुले पनि । यही कुरा सोभियत संघको पार्टीमा पनि भएको हो ।*

***यो असफलताबाट के पाठ सिक्नु जरुरी छ ?***

*पहिलो पाठ के हो भने - समाजवादको निर्माणमा कम्युनिष्ट पार्टीको नेतृत्वको प्रश्न निर्णायक प्रश्न हो ।*

*दोस्रो, समाजवादमा पनि सर्वहारा वर्गको अधिनायकत्वलाई सुदृढ पार्न वर्ग संघर्ष जारी नै राख्नु पर्दछ । समाजवादी निर्माण जति उँचाईमा जान्छ, वर्ग संघर्ष अरु तेज र कठीन हुन्छ ।*

*तेस्रो, समाजवाद समाजवादी-जनवादको विकासबाट मजबूत हुन्छ ।*

*चौथो, समाजवादको सर्वश्रेष्ठता साबित गर्न बैज्ञानिक र प्राविधिक क्रान्ति जरुरी छ । साम्राज्यवादलाई परास्त गर्नु र सामाजवादले आफ्नै खुट्टामा उभिनु सबैभन्दा अत्याधुनिक बैज्ञानिक र प्राविधिक जानकारीबिना संभव छैन ।*

*पांचौं, पार्टीले मार्क्सवाद-लेनिनवाद र सर्वहारा अन्तर्राष्ट्रवाद अख्तियार गर्नुपर्छ र स्वनिर्भर स्थिति बनाई राख्नु पर्छ ।*

*छैठौं, पार्टीभित्र जनवादी केन्द्रियतालाई सही ढंगले लागू गर्नुपर्छ र क्रान्तिकारी स्पिरिट कायम गर्न सक्नुपर्छ ।*

*यो पाठ सिक्ने क्रममा क. माओ-त्सेतुङका यी भनाइहरु मनन गर्नु नितान्त जरुरी छ- "समाजवादी समाजले निकै लामो ऐतिहासिक अवधि ओगट्छ । समाजवादी युगभरी- पूंजीपति वर्ग र सर्वहारा वर्ग बीचको वर्ग संघर्ष जारी नै रहन्छ । समाजवादी बाटोले जित्छ कि पूंजीवादी बाटोले जित्छ- प्रश्न अझै बांकी नै रहन्छ ।" भनाइको मतलव - पूंजीवादी पुनर्स्थापनाको खतरा बांकी रहन्छ । आर्थिक क्षेत्रमा र उत्पादनका साधनहरुमा समाजवादी क्रान्ति हुनु मात्र पर्याप्त छैन ।*

*यसका साथसाथै यसको स्थिरता सुनिश्चित गर्न राजनीति र बिचारधाराको क्षेत्रमा पनि पूर्ण समाजवादी क्रान्ति हुनु जरुरी छ । बिचारधारा र राजनीतिको क्षेत्रको संघर्षमा समाजवादले जित्ने हो कि पूंजीवादले जित्ने हो, यो निधो गर्न निकै लामो समयावधी चाहिन्छ । यो प्रश्नको टुंगो लगाउन केही दर्जन वर्षहरु पर्याप्त छैनन् । अन्तिम विजयको लागि शायद सय वर्ष अथवा सैयौं वर्ष लाग्न सक्छ । समाजवादको यो ऐतिहासिक अवधिमा हामीले सर्वहारावर्गको अधिनायकत्व कायम गर्नु पर्छ । समाजवादी क्रान्तिलाई अन्तसम्म चलाउनु पर्छ- यदि हामी पूंजीवादको पुनर्स्थापना हुनबाट रोक्न चाहन्छौं भने । हामीले साम्यवादमा संक्रमण गर्नका लागि समाजजीद निर्माण गर्नु पर्छ ।"*

बेल्जियम श्रमिक पार्टी विद्यार्थी आन्दोलनबाट फैलदै मजदूर आन्दोलनको रुपमा विस्तृत भएको यूरोपेली कम्युनिष्ट पार्टी हो । माओ विचारलाई अहिले पनि समय सान्दर्भिक मान्ने यस पार्टीका युवा केन्द्रिय सदस्य क. गोदरीस गीर्ट गएको माघमा नेकपा एमाले-महाधिवेशनमा काठमाडौं आउनु भएको थियो । त्यस अवसरमा हाम्रा प्रधान सम्पादकले वहाँसंग लिनु भएको अन्तर्वार्ताको मूलभूत अंशको नेपाली अनुवाद यहाँ प्रस्तुत गरिएको छ । - मूल्यांकन

# अमेरिकाको विश्व सम्राट बन्ने विशाल योजना

# खतरनाक गोप्य दस्तावेज, जुन गोप्य रहेन

अमेरिका विश्वमा के चाहन्छ ? ऊ कसरी संसारभरि एक छत्र प्रभुत्व जमाउन चाहन्छ ? विश्वका प्रत्येक क्षेत्रबारे उसको नीति र लक्ष्य के हो ? - यो थाहा पाउन अब अनुमानमा भौतारिनु पर्दैन । एक वर्ष अघि मार्चमा अमेरिकाबाट प्रकाशित हुने अखवार न्यूयोर्क टाइम्सले अमेरिकी रक्षा नीति संबन्धमा सार्वजनिक पारीदिएको एउटा गोप्य कागजातले ती सारा रहस्यहरुलाई उदाङ्गो पारिदिएको छ।

त्यो अति महत्वपूर्ण कागजातको नाउँ- आर्थिक वर्ष "१९९४-१९९९ को लागि रक्षा संवन्धी योजना निर्देशिका । ४६ पृष्ठ लामो त्यस दस्तावेजले संसारको कुन भागबारे अमेरिकाको गुप्त लक्ष्य र योजना के छ भन्ने कुरा उदाङ्गो पारेको छ । अमेरिकी रक्षा मन्त्रालयले कहाँ, के का लागि, कसरी बजेट छुट्याउने भन्ने समस्या हल गर्न अमेरिकी रक्षा सम्बन्धी नीतिका तात्कालीन सहायक सेक्रेटरी पाउल डी. ओल्फोवित्जद्वारा यो दस्तावेज तयार पारिएको थियो ।

## अमेरिकी रक्षा नीतिको लक्ष्यः

यो दस्तावेज सोभियत संघको विघटन र त्यहाँ समाजवादी व्यवस्था खतम भएको परिप्रेक्ष्यमा अमेरिका विश्वको एक मात्र महाशक्ति राष्ट्र कसरी बनीरहने र संसारभरि कसरी एकछत्र प्रभुत्व जमाउने भन्ने सम्बन्धमा आधारित छ ।

यो दस्तावेजमा प्रष्ट रुपमा भनिएको छ- सोभियत संघको पतन भएपछि अमेरिका विश्वको एक मात्र बाँकी बचेको महाशक्ति हो ।"यो एक्लो महाशक्तिको स्थितिलाई निर्वाह गर्नका लागि अमेरिकाले आवश्यकता पऱ्यो भने सैनिक-शक्ति प्रयोग गर्नु पर्छ ।"

यसको तात्पर्य के हो भने अमेरिका अब आफू महाशक्ति-राष्ट्र भईराख्न जुनसुकै मूल्य चुकाउन पनि तयार छ । ऊ आफू बाहेक अरु कसैलाई पहिलेको सोभियत संघ जस्तो महाशक्ति बन्न नदिने पक्षमा छ ।

कागजातमा प्रष्टै लेखिएको छ- "शीत युद्ध उताको युगको लागि हाम्रो रक्षा नीतिको पहिलो लक्ष्य, चाहे सोभियत संघमा होस् वा अन्यत्र, पहिलेको सोभियत संघ जस्तो चुनौति दिन सक्ने नयाँ प्रतिस्पर्धी पैदा हुन नदिनु" हुनुपर्छ ।

यस्तो नयाँ प्रतिस्पर्धी पैदा हुन सक्ने क्षेत्रहरु कुन कुन हुन त ?

दस्तावेजमा यी क्षेत्रहरु "पश्चिम यूरोप, पूर्व एशिया, पहिलेको सोभियत संघका क्षेत्रहरु र दक्षिण पश्चिम एशिया" बताइएको छ । यी क्षेत्रहरुमा साधन स्रोतहरु कुनै शक्तिको "सुदृढ नियन्त्रणमा पऱ्यो भने विश्व-शक्ति पैदा गर्न काफी" हुने तथ्य दस्तावेजले औंल्याएको छ । त्यसैले, यी क्षेत्रहरुमा कुनै शत्रुतापूर्ण शक्तिलाई प्रभुत्व जमाउनुबाट रोक्नु" अमेरिकाको "नयाँ क्षेत्रीय रक्षा- रणनीति" हुनु पर्छ भनेर यसमा बताइएको छ । दस्तावजेमा स्पष्ट रुपमा भनिएको छ-"त्यस्ता अरु सक्षम राष्ट्रहरु र तिनीहरुका गठबन्धनहरु छन्, जसले निकट भविष्यमा क्षेत्रव्यापी वा विश्वव्यापी प्रभुत्व जमाउने रणनीतिक लक्ष्यहरु र रक्षा-शक्ति विकास गर्न सक्छन् । हाम्रो रणनीति अहिले त्यस्तो कुनै सक्षम विश्व प्रतिस्पर्धी पैदा हुनुबाट रोक्नुमा फेरि केन्द्रित हुनुपर्छ । "



यो लक्ष्य निकै खतरनाक छ । यस अनुसार भविष्यमा अमेरिकाले थुप्रै युद्धहरु जन्माउने निश्चित छ । किनकि अमेरिकाको एकछत्र महाशक्ति बन्ने महत्वकांक्षामा चुनौति पुऱ्याउने गरी कुनै विकासशील वा विकसित राष्ट्रले विकास गर्नासाथ अमेरिकाले यस रणनीति अनुसार उसका विरुद्ध सैनिकशक्ति प्रयोग गर्ने छ । यदि सोभियत संघमा फेरि कम्युनिष्टहरु सत्तामा आए र त्यहाँका साधन-



## एकछत्र विश्व सम्राट बन्ने अ

### विश्वका विभिन्न भागबारे अमे

**मूल चासो:**
सोभियत संघ धराशायी भएको परिप्रेक्ष्यमा अमेरिकाको मूल चासो क्षेत्रीय सैनिक चुनौतिहरु नै हुनेछन् ।

**नाटो र पश्चिम यूरोप :**
o "पश्चिमको रक्षा र सुरक्षाको मूल साधनको रुपमा र यूरोपेली सुरक्षा मामलामा अमेरिकी प्रभाव र सहभागिता कायम गर्ने प्रमुख साधनका रुपमा नाटोलाई बचाउनु ।"
o "यूरोपेली एकता प्रयासलाई सघाउनु तर नाटोलाई पछि पार्ने गरी फगत यूरोपेली सुरक्षा व्यवस्था पैदा हुनुबाट रोक्नु ।"

**पूर्व सोभियत संघ :**
"कुनै शत्रुतापूर्ण शक्तिले त्यहाँको साधन स्रोतमाथि सुदृढ नियन्त्रण कायम गर्न नसकोस् भनेर सुनिश्चित गर्नु ।" यसकालागि सर्व श्रेष्ठ उपाय· यसका उत्ताराधिकारी राज्यहरु, विशेषतः रुस र यूक्रेनलाई शान्तिपूर्ण प्रजातन्त्र र बजार-आधारित अर्थतन्त्र स्थापना गर्ने तिनीहरुको प्रयत्नमा सघाउनु ।"

**ल्याटिन अमेरिका :**
"क्यूबाको राम्रो आन्तरिक स्थितिले अमेरिकी नीतिमा नयाँ खतरा पैदा गर्छ । त्यसैले क्यूबाबाट हुन सक्ने अनिश्चित घटनाको सामना गर्न क्षमताहरु पैदा गर्नु"

**शीतयुद्ध पछिको युगमा अमेरिकी रक्षा रणनीतिक**

**उद्देश्यः**
" सोभियत संघमा वा अन्यत्र, पहिलेको संघ जस्तो खतरा पैदा गर्न सक्ने नयाँ प्र पैदा हुनुबाट रोक्नु ।"

**रणनीति**
o "विश्वको एक मात्र बाँकी बचेको महाश स्थिति कायम राख्न आवश्यकता परेमा अमे सैनिक शक्ति पनि प्रयोग गर्न पर्छ ।"
o "हामीले कुनै पनि शत्रुतापूर्ण शक्तिलाई क्षेत्रमा प्रभुत्व कायम गर्नबाट रोक्न कोशीस पर्छ, जसको साधन स्रोतमाथि सुदृढ नियन्त्रण कायम भयो भने विश्व शक्ति पैदा हुन पर्याप्त हुन्छ "

स्रोत:
(१) Facts on File, मार्च १२,१९९२ अमेरिकाबाट प्रकाशित
(२)Proletarian Era, जुन २६, १९९२, भारतद्वारा प्रकाशित
(३) New York Times





स्रोतमाथि कब्जा जमाए भने त्यो अमेरिकाको महत्वाकांक्षाको निम्ति बाधक हुने छ र उसले त्यहाँ पनि सैनिक-शक्ति प्रयोग गर्ने छ। यो लक्ष्यले के पनि छर्लंग पारेको छ भने ती प्रतिस्पर्धी हुन सक्ने राष्ट्रहरु र तिनका स्रोत-साधनमाथि अमेरिकाले चाहिं हर तरहले नै किन नहोस् प्रभुत्व जमाउन कोशीस गर्नेछ।

अहिले सोभियत संघबाट तत्काल केही समयसम्म कुनै टड्कारो खतरा नभएको विश्लेषण गर्दै दस्तावेजले भनेको छ-"सोभियत संघको पतन भएको परिप्रेक्ष्यमा अमेरिकाको " मुख्य चासो" क्षेत्रीय सैनिक चुनौतिहरु हुनेछन्।"

## लक्ष्य प्राप्तिका उपायहरु :

एकलौटी विश्व-सम्राट बन्ने अमेरिकाको आकांक्षा पूरा गर्न पूर्व सोभियत संघमा अमेरिका "कुनै शत्रुतापूर्ण शक्तिले त्यहाँको साधन स्रोतमाथि सुदृढ नियन्त्रण कायम गर्न नसकोस् भनेर सुनिश्चित" गर्न चाहन्छ। यसका लागि ऊ सर्वश्रेष्ठ उपायका रुपमा विशेषत: रुस र यूक्रेनमा पूँजीवादी बजार-व्यवस्था र राजनीतिक प्रणाली स्थापना गर्ने शक्ति र प्रयत्नहरुलाई सघाउने पक्षमा छ। यसको विपरीत, यो व्यवस्था पल्टाउने प्रयत्नहरुलाई ऊ सैनिक शक्तिद्वारा कुल्चने पक्षमा छ।

विश्व चक्रवर्ती सम्राट बन्नाका लागि अमेरिका आफ्नै मित्र राष्ट्र भनिएका सम्पूर्ण पश्चिमी यूरोपेली मुलुकहरुको संयुक्त सैनिक गठबन्धन समेत हुन नदिने पक्षमा छ। यस्तो गठबन्धन भयो भने उत्तर एटलाण्टिक सन्धि संगठन (NATO) विना कामको हुन जाने र यूरोपको सुरक्षा मामलामा अमेरिकाको प्रभाव र भूमिका खतम हुने दस्तावेजको विश्लेषण छ। त्यसैले यूरोपेली सुरक्षा मामलामा अमेरिकी नियन्त्रण कायमै राखिछोड्न अमेरिकाले NATO लाई नै कायम राख्ने कुरा दस्तावेजले देखाएको छ।

दस्तावेज अनुसार अमेरिका पूर्वी यूरोपका समाजबादी बाटो छोडेका मुलुकलाई यूरोपेली साझा पूँजीवादी बजारको सदस्य बनाएर अल्झाईराख्न चाहन्छ।.र NATO को ती देशहरुसंग घनिष्ठ संबन्ध रहोस् भन्ने चाहन्छ,ता कि ती मुलुकहरुमा फेरि कहिल्यै पनि समाजवादी व्यवस्था कायम हुन नसकोस् र कायम भएमा NATO को सैनिक शक्ति प्रयोग गरेर त्यसलाई दवाउन सकियोस्। दस्तावेजमा प्रष्टतापूर्वक भनिएको छ- "यदि सोभियत संघका उत्तराधिकारी राज्यले यो (पूर्वी यूरोपेली) क्षेत्रमा खतरा पैदा गरे भने पूर्वी यूरोपेली माटोमा NATO ले यो खतरालाई खतम पार्नु पर्छ।"

कागजातले एशियालाई "परंपरागत कम्युनिष्टहरुको सबैभन्दा धेरै केन्द्रिकरण भएको घर" बताएको छ। त्यसैले यो "खतरा"को सामना गर्न दस्तावेजले अमेरिकालाई "प्रशान्त क्षेत्रको पहिलो दर्जाको सैनिक शक्ति भईरहने स्थिति निर्वाह गर्नुपर्छ" भनेको छ।

भारत दक्षिण एशियाको महाशक्ति हुन नसकोस् भन्ने कुरामा दस्तावेजले ध्यान दिन माग गरेको छ। दस्तावेजले प्रष्टतापूर्वक लेखेको छ "अमेरिकाले दक्षिण एशियाका अन्य राज्यहरुमा भारतको प्रभुत्ववादी आकांक्षालाई निरुत्साहित पार्नु पर्छ।" यसको मतलब अमेरिका भारतलाई दक्षिण एशिया क्षेत्रको सैनिक खतरा ठान्छ र दक्षिण एशियामा आफ्नो प्रभुत्व जमाउन भारतलाई यो क्षेत्रमा हस्तक्षेप गर्न निरुत्साहित गर्नु जरुरी ठान्छ।

कागजात अनुसार मध्यपूर्वको "तेलमा अमेरिका र पश्चिमको पहुँच बढाउनु" अमेरिकाको रक्षा नीतिको उद्देश्य हो। यो उद्देश्य सिद्धि गर्न अमेरिकालाई दस्तावेजले "यो क्षेत्रको सबैभन्दा शक्तिशाली वाह्य शक्ति बन्न" आग्रह गरेको छ।

खाडी युद्धको नाटक अमेरिकाले किन रच्यो ? मध्यपूर्व शान्तिवार्ताको नाटक अमेरिका किन गर्दैछ ? यसको रहस्यको स्पष्ट उद्‌घाटन दस्तावेजको माथिको अंशले गरेको छ- यसरी यी सारा नाटकको उद्देश्य मध्यपूर्वको तेलमा अमेरिकी र पश्चिमी प्रभुत्व बढाउनु हो भन्ने कुरा यसरी उदाङ्गो भएको छ।

दस्तावेजले ल्याटिन अमेरिकामा क्यूबालाई सबभन्दा खतरनाक शक्ति घोषित गरेको छ। "क्यूबामा राम्रो आन्तरिक स्थितिले अमेरिकी नीतिको लागि नयाँ चुनौति खडा गर्छ र यसले अमेरिका र उसका मित्रहरुलाई सैनिक खतरा पैदा गर्छ। दस्तावेजले यस्तो विश्लेषण गरेको छ।"

दस्तावेजले अमेरिकालाई के माग गरेको छ भने " हाम्रो कार्यक्रमले क्यूबाको विविध सैनिक शक्तिको सामना गर्न सक्ने क्षमता पैदा गर्नु पर्छ। यो नीति अनुसार अमेरिकाले लेटिन अमेरिकामा आक्रमणको तारो समाजवादी क्यूबालाई बनाउन खोजेको प्रष्टै देखिन्छ।

यी सबै उपाय अप्नाएर अमेरिका विश्वको नयाँ एकछत्र चक्रवर्ती सम्राट बन्न चाहन्छ भन्ने तथ्य दस्तावेजले उद्‌घाटन गरेको छ।

यो रहस्य पत्रिकाबाट खुलेपछि यसले विश्वव्यापी रुपमा तीता प्रतिक्रियाहरु जन्मायो। चारैतिरबाट, अमेरिकाका आफ्नै मित्रराष्ट्रहरुबाट समेत दबाव ओइरिनाले अमेरिकाले यो दस्तावेजको सट्टा अर्को तयार पार्ने नाटक गऱ्यो। तथापि अहिलेका संसारभरीका घटनाहरुले देखाईरहेछन् - अमेरिका अहिले पनि यही दस्तावेज अनुसार चल्दैछ।

नयाँ राष्ट्रपति क्लिन्टनले पनि यही घोषणा गरेका छन् - अमेरिकाको संसारको एक मात्र बाँकी बचेको महाशक्ति राष्ट्र र नेता हुने परराष्ट्र नीति उनको शासन कालमा पनि बदलिने छैन।

# ने अमेरिकी विराट योजना

## अमेरिकी रक्षा-नीति के ?

ो युगमा
रणनीतिको

,पहिलेको सोभियत
सक्ने नयाँ प्रतिस्पर्धी
नु।"

बचेको महाशक्तिको
ता परेमा अमेरिकाले
गर्न पर्छ।"
शक्तिलाई एउटा
रोक्न कोशीस गर्नु
मामाथि सुदृढ
विश्व शक्ति
हुन्छ "

१९९२

२६, १९९२, SUCI.

**पूर्वी यूरोप :**

○ "पूर्वी यूरोपेली मुलुकलाई यूरोपेली समुदायको सदस्य बनाउने कुरामा समर्थन गर्नु र नाटो र पूर्वी यूरोप बीच घनिष्ट सवन्ध स्थापना गर्न समर्थन गर्नु"

○ "तर यदि सोभियत संघका उत्तराधिकारी राज्यले यो क्षेत्रमा खतरा पैदा गरे भने पूर्वी यूरोपेली माटोमा नाटोले त्यो खतरालाई खत्तम पार्नु"

**पश्चिम यूरोप, पूर्व एशिया, पूर्व सोभियत संघ र दक्षिण पश्चिम एशिया:**

"यी राष्ट्रहरु तथा तिनीहरुको गठबन्धन त्यस्ता सक्षम प्रतिस्पर्धी राष्ट्र हुन सक्छन् जो भविष्यमा क्षेत्रीय वा विश्व व्यापी प्रभुत्व हुने गरी रणनीतिक लक्ष्य र रक्षा-शक्ति विकास गर्न सक्छन्। हाम्रो रणनीति अहिले यस्तो भावी विश्वव्यापी प्रतिस्पर्धा पैदा हुनुबाट रोक्ने" हुनुपर्छ।

**एशिया र प्रशान्त क्षेत्र :**

○ "भारत र पाकिस्तानको आणविक हतियार विकास गर्ने थप प्रयत्नमा रोक लगाउनु।" "दक्षिण एशियाका अरु राज्यमाथि भारतको प्रभुत्ववादी आकांक्षालाई निरुत्साहित पार्नु"

○ "एशिया, र प्रशान्त क्षेत्रमा पहिलो दर्जाको सैनिक शक्तिको स्थिति कायम गर्नु।"

○ "दक्षिण कोरियालाई सैनिक सहायता दिईरहनु"

**मध्यपूर्व**

"मध्य पूर्व क्षेत्रमा सबैभन्दा प्रभुत्वशाली बाह्य शक्तिका रुपमा रहनु र यो क्षेत्रको तेलमा अमेरिका र पश्चिमको पहुँचलाई जोगाईराख्नु।"

# "सिम्मा" पछिको गीति नाटक "कहाली"



**ग**त फागुनको तेस्रो हप्ता काठमाण्डौंमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको हलमा गीति-नाटक कहाली तीन दिनसम्म प्रदर्शित भयो । इन्द्रेणी सांस्कृतिक समाज (इसास)द्वारा चर्चित गीति नाटक "सिम्मा" पछि प्रस्तुत यो दोस्रो गीति नाटक थियो ।

रायनद्वारा लिखित तथा संगीतवद्ध र हरिदर्शनधारीद्वारा निर्देशित यो गीति नाटक मूलत: एड्स रोगका विरुद्ध जन-चेतनाको अभिवृद्धि गर्ने उद्देश्यले तयार भएको थियो । यो करीव दुई घण्टा लामो थियो ।

मुलुकमा हाल जनपक्षीय कला क्षेत्रमा शिथिलता देखा परेको समयमा तयार भई प्रस्तुत यस गीति नाटकले सक्रियताको एउटा कडी थपेको छ ।

प्रज्ञा-भवनको हलमा सकेसम्म आधुनिक मंचन-व्यवस्था कायम गरी यो प्रदर्शित भएको थियो ।

"इसास माध्यमिक विद्यालय" का विद्यार्थीहरुले कक्षामा रोगहरुबारे शिक्षिकाबाट बुझ्ने, जान्ने क्रमबाट यो गीति-नाटक शुरु हुन्छ । यसभन्दा अघि उनीहरुले "अज्ञानको पर्दा हटाई ज्ञान बुद्धिदेऊ" भन्ने कक्षा-गीत गाईसकेका हुन्छन् ।

रोगहरुबारे शिक्षिकाले कुरा बुझाउँदै जाँदा एड्स रोगको प्रसंग निस्कन्छ । यसबारे बढी कुरा जान्न विद्यार्थीहरुलाई लिएर शिक्षिका अस्पताल जान्छिन् ।

डाक्टरसंग "एड्स" बारे जान्ने जिज्ञासा राखेपछि डाक्टरले यसबारे विस्तृत बयान गरीदिन्छन् । अरु थप कुरा बुझाउन एउटी एड्स रोगीसंग उनीहरुको भेट गराइन्छ । उक्त एड्स रोगी महिलाले आफ्नो इतिहास बताउँछिन् । कसरी जाली फटाहाले भुक्याएर भारतको बेश्यालयमा पुऱ्यायो र त्यसपछि उनले कति यातना भोग्नु पऱ्यो ? यसको बयान उनीहरुले सुन्छन् ।

"जसरी पनि एक पल्ट गाउँमा पुग्ने मन थियो ।

मलाई बेच्ने पापीको रगत पिउने मन थियो"

— एड्स विरुद्ध सामाजिक चेतना फैलाउन जरुरी भएको सन्देश बोकेर फर्केका विद्यार्थीहरु समाजमा यो चेतना फैलाउने काम फर्कदादेखि नै शुरु गर्छन । गीति-नाटक सकिन्छ ।

बीचमा रेडक्रस ब्लड-बैंक अगाडि रगत बेच्न बाध्य कुनै निर्धन विवश व्यक्तिलाई देखेर बच्चाहरुले जिज्ञासा राखेको र निजले आफ्नो गरीवीको कारण रगत नभएको शरीरबाट रगत बेच्न आफू बाध्य भएको कुरा बताएको दृष्य पनि देखा पर्छ ।

यसरी यस गीति नाटकले एड्स जस्तो घातक रोगका विरुद्ध जुध्न आम-जनतालाई सचाउ पुऱ्याउने जनदायित्व निर्वाह गरेको छ । संगीत र निर्देशन पक्ष अत्यन्त स्तरीय भएको दर्शकहरुले महसूस गरे । सुसन मास्के, रायन, अमरराज शर्मा, अंजना गुरुङ्ग र विजया शर्माका स्वरहरुले दर्शकहरुलाई निकै आकर्षित गरेका थिए । शहर-बजारका क्षेत्रहरुमा स्वास्थ्य-चेतना वृद्धि गर्न यस्ता कार्यक्रमहरु उपयोगी हुने हुन्छन् । गाउँहरुतिर लैजानु पर्दा मंच-व्यवस्था केही सरल बनाइनु जरुरी हुन्छ ।

"सिम्मा" को छाप बोकेर हेर्न गएका दर्शकहरुलाई भने "कहाली" ले सन्तुष्टी दिन सकेन । विषय-वस्तु नै फरक क्षेत्रको परेकोले पनि यसो भएको हो । तर यस गीति नाटकमा एड्ससँग संबन्धित हुने गरी नै पनि कथानकमा अरु प्रभावकारिता ल्याउन सकिने देखिन्छ । एड्स फैलनुको मूल कारण सामाजिक, राजनैतिक कारणसम्म कथानक पुगेको छैन । यो नै यस गीति नाटकको सबैभन्दा कमजोर पक्ष हो । लोक-लयमा आधारित हल्का शैलीका गीतहरुको कमी पनि खट्किन्थ्यो । कलाकारहरुको अभिनय प्राय: सबैको स्तरीय रहेको थियो ।



फोटो- शान्तिकाजी

## हरि दर्शनधारी

गीति-नाटकहरु "सिम्मा" तथा "कहाली" का सफल निर्देशक हरि दर्शनधारीले थुप्रै जनपक्षीय नृत्य र नाटकहरुको निर्देशन गरी सक्नु भएको छ । "कहाली" मा करीब ६० जना कलाकारहरुलाई प्रभावकारी तरीकाले प्रस्तुत गर्न सक्नुमा उहाँको लगनशीलता र खुबी झल्किएको छ । इसासद्वारा दुई वर्षअघि प्रस्तुत सांस्कृतिक कार्यक्रमको एउटा नृत्यमा २७ जना कलाकारहरुलाई उहाँले एकै दृश्यमा मंचमा प्रस्तुत गर्नुहुँदा पनि उहाँको यो क्षमता प्रदर्शित भएको थियो ।



## अमरराज शर्मा

"कहाली" मा डाक्टर पात्रको गीत गाउनु हुने अमरराज शर्माको स्वर र गायनबाट दर्शकहरु अत्यन्त प्रभावित भएका देखिन्थे । लामो समयदेखि जनपक्षीय गीत-संगीतको क्षेत्रमा काम गर्दै आउनु भएका श्री शर्माले गत वर्षहरुमा गाउनु भएको गजल "लेखीरहे छु यो चिठ्ठी तिमीलाई ......." जस्ता गायनहरुले दर्शक-श्रोताहरुमा गहिरो छाप छोडेका छन् ।



## सुसन मास्के

चर्चित गीति नाटक "सिम्मा" समेतकी मूल गायिका सुसन मास्केको स्वर लहरीले आम जनमानसमा ठूलो ख्याति कमाएको छ । नाकको रोगले केही समय उहाँलाई सताएको थियो । तर हाल उहाँ स्वस्थ्य हुनुहुन्छ ।

"कहाली" मा पनि उहाँ मूल गायिका हुनुहुन्छ । उहाँ र कहालीकी अर्की गायिका अन्जना गुरुङ्ग र विजया शर्मा लगायतका राम्रा प्रतिभा भएका तर अरुको तुलनामा प्रचारमा कम आएका जनपक्षीय प्रतिभाहरुको क्रियाशीलतामा वृद्धि हुने कहिले ? यतिखेर जनमानसले यो गम्भीर प्रश्न उठाइरहेको छ ।




**ने**पाली जनपक्षीय गीत-संगीत क्षेत्रका थोरै चर्चित र सृजनशील हस्तीहरु मध्येका एक मानिने कलाकार **रायन** भन्नु हुन्छ -" कतिपय संघ-सस्थाहरुले **"कहाली"** प्रदर्शन गरीदिनका लागि अनुरोध गरेका छन् । हामी उनीहरुसंग कुराकानी गर्दैछौं र कहाँ कसरी यसलाई लैजान सकिन्छ, त्यो छलफल गर्दैछौं" ।

यसै सन्दर्भमा रायनसँगै हामीले मुलुकको वर्तमान सांस्कृतिक स्थिति र अन्य विषयहरुमा पनि कुराकानी गरेका थियौं । प्रस्तुत छ, कुराकानीका केही अंशहरु:

**० "कहाली" को प्रदर्शनपछि तपाईहरु अरु के कार्यक्रमको तयारी गर्दै हुनुहुन्छ ?** - यसबारे हामी सरसल्लाह गर्दैछौं । केही समयपछि नै एउटा गीति-कार्यक्रम राजधानीमा मंचन गर्ने बारे सोच्दैछौं । गाउँ घरमा आम-जनताको बीचमा कसरी कार्यक्रम लिएर पुग्ने भन्नेमा पनि हामी बिचार विमर्श गरिरहेका छौं ।

**० अरु खाले गीत-संगीतहरु दिनदिनै दोहोऱ्याएर बजाउने-सुन्ने गरिएका पाइन्छन् । रेडियो-टि.भी.ले एउटै गीतलाई पटक पटक दोहोऱ्याउने गरेको पाइन्छ । तपाई जनपक्षीय कलाकर्मीहरुसँग पनि धेरै अघिदेखिका जनप्रिय गीतहरु थुप्रै छन् तर तपाईहरु किन ती गीतहरुलाई केही पल्ट केही ठाउँहरुमा गएर सीमित रुपमा मात्र प्रस्तुत गर्नु हुन्छ ? आम-जनतामा सजिलै पुग्नको लागि गीति-क्यासेट तयार गरी उत्पादन-वितरण गर्न सकिन्न ?**

- निश्चित रुपले नै यो कुरा साँचो हो कि स्वस्थ्य जनपक्षीय गीतहरुको माग जनताले गरिरहको छ तर हामीले यो माग पूरा गर्न सकेका छैनौं । हामीसंगै मात्र नयाँ-पुराना गरी ५-६ वटा गीति-क्यासेटलाई पुग्ने गीतहरु छन् । यिनीहरुलाई आम जनतासम्म लैजानु जरुरी भएको महशूस हामीले पनि निश्चिय नै गरेका छौं । यसका लागि आवश्यक स्रोत-साधनको भने कमी नै रहेको छ र पनि हामी यस दिशामा कृयाशील हुने पक्षमा छौं ।

**० नेपालको वर्तमान कला-संस्कृतिको स्थितिप्रति तपाईको धारणा के छ ?**

- मुलुकको वर्तमान कला-संस्कृतिको स्थितिप्रति म बिल्कुलै सन्तुष्ट छैन । झन झन छाडा र बिकृत संस्कृतिको विकास ज्यादा भएको छ । पश्चिमी अश्लील संस्कृतिको विस्तार चिन्ताजनक तरीकाले हुँदैछ ।

सरकारबाट यस्ता बिकृतिको बिरुद्ध र मौलिक एवं स्वस्थ्य संस्कृतिको विकासको लागि, संरक्षणको लागि सचेत प्रयत्न हुनु पर्ने हो । तर यतातिर सरकार चिन्तित नै देखिदैन । कला-साहित्य एवं संचारका क्षेत्रमा चरम कांग्रेसीकरण गर्न मात्र सरकार व्यस्त छ ।

हलहरु, रेडियो, टि.भी. आदिमा छाडा स्तरहीन कार्यक्रमहरुको बाहुल्यताको प्रभावले नै हो-सानासाना बच्चाहरुमा एवं बच्चाहरुमाथि पनि बलात्कार जस्ता बिकृतिहरु थपिदै गएका छन् । खुला नग्न-फिल्महरुले यसमा झन थप टेवा पुऱ्याएका छन् ।

स्वस्थ्य र जनपक्षीय गीत, संगीत, साहित्य, फिल्म आदि कलाकर्महरुलाई सरकारी स्तरबाट प्रोत्साहन मिल्नुको साटो उपेक्षा भइरहेको हालको स्थितिमा हामी जनपक्षीय कलाका पक्षपातीहरुले सशक्त र संगठित भएर अघि बढ्नु पर्ने आवश्यकता म देख्दछु ।

खेलकूद

# टेनिस जगतमा देब्रेहरुको कमाल

-कुमार लामा

**टे**निस खेल-जगतका प्रसिद्ध खेलाडीहरु मोनिका सेलेसदेखि मार्टिना नभ्रातिलोभ्ना र गोरान इभान्सेभिक, पिटर कोरिया, ग्वे फर्गेट, जोन म्याकन्रो, हेनरी लेकोन्टेका साथै जिम्मी कोन्नर्सबीच के भिन्नता छ, के समानता छ ? यी वर्तमानका टेनिस च्याम्पियनहरु र भूतपूर्व च्याम्पियनहरु रोड लेभर, जेरोस्लेभ ड्रोब्नी, नील फ्रेजुर टोनी रोच, म्यानुअल ओरेन्टस लगायत ग्वुलेर्मो भिलासबीच के समानता छ त ?

यी सबै टेनिस-जगतका वर्तमान र भूतपूर्व च्याम्पियनहरु बीच एउटा ठूलो समानता छ-त्यो हो देब्रे हातले खेल्नु ।

हो, यी खेलाडीहरु विश्व च्याम्पियन हुनुमा पनि यही देब्रे हातले खेल्ने बानीले ठूलो भूमिका खेलेको बिचार बिशेषज्ञहरुको छ, त्यो पनि टेनिस कोर्टमा यसले बिशेष महत्व राख्छ । बिशेषज्ञहरुका अनुसार देब्रे हातले खेल्ने देब्रे-टेनिस-च्याम्पियनहरुलाई टेनिस कोर्टमा आफ्नो सबै भन्दा सुविधाको क्षेत्र देब्रे साइडबाटै खेल्ने मौका मिल्छ ।

क्रोयशियाका इभान्सेभिकलाई प्रशिक्षण दिने अष्ट्रेलियाली कोच बब ब्रेटका अनुसार यदि देब्रे हाते टेनिस खेलाडीलाई बिभिन्न उपायबाट फाइदा उठाउने ज्ञान छ भने ऊ कोर्टमा भयंकर डरलाग्दो ढंगले बिजय हासिल गर्ने उत्साहका साथ ओर्लन सक्छ ।

इभान लेण्डलका प्रशिक्षकको अनुभवमा देब्रे हाते खेलाडीले बिपक्षीलाई शुरु देखि अन्तसम्म पनि दु:ख दिइरहन र बिजय हासिल गर्न सक्छ । अझ



७० वर्ष अगाडिदेखि टेनिस खेललाई बिशेष ध्यान दिई हेर्दै आइरहेका प्रख्यात टेनिस-फेशन डिजाइनर टेड टिम्लिङ्गले त देब्रे खेलाडीहरुको खेलमाथिको प्रभुत्व र प्रभावलाई ध्यानमा राखी यो असमानता हटाउन दाहिने हाते र देब्रे हाते खेलाडी बीचको खेलको नियममै परिवर्तन गर्ने माग गरेका थिए । उनले देब्रे हाते खेलाडीले खेलको शुरुमा कोर्टको देब्रे हाततिरबाट आफ्नो सर्भिस गर्नुपर्ने प्रस्तावसमेत राखे ।

यो असमानता १९८७ विम्बल्डन क्राउनका लागि दायाँ हाते स्टेफी ग्राफले देब्रे हाते नभ्रातिलोभ्नालाई चुनौति दिएर खेल्दा असफलताको मुख देख्नुपरेबाट प्रष्ट देखिएको थियो । त्यसबाट पाठ सिकी स्टेफी ग्राफले त देब्रे हातबाट खेल्ने तरीका र प्रविधि समेत सिक्न थालिन्, जसको परिणाम स्वरुप नभ्रातिलोभ्नालाई पराजित गरी विश्वको नम्बर १ खेलाडी भईछाडिन् । यो उपाधि पनि फेरि अर्की देब्रे हाते खेलाडी मोनिका सेलेसले खोसिन् र उनी १९ वर्षको उमेरमै विश्व प्रसिद्ध नम्बर १ खेलाडी बनिन् ।

वर्तमानमा विश्वकी ३ नम्बरकी टेनिस च्याम्पियन ग्याब्रिएला सावितिनीका अनुसार मोनिका सेलेसको मानसिक, शारीरिक र प्राविधिक सक्षमतालाई हराउन [illegible] गाह्रो छ , तर त्यसमा पनि देब्रे हाते खेलाडी हुनुको गुणले भने यसलाई झन गाह्रो पारेको छ ।

खेलाडीहरुका बिगत र वर्तमानका यी अनुभवबाट पनि सिद्ध भएको देब्रे हाते खेलाडीहरुको सफलतालाई अहिले बैज्ञानिक परीक्षणले पनि सिद्ध गरेको छ । केही समय अगाडि कोलम्बिया युनिभर्सिटीका डाक्टरहरुले यस सम्बन्धमा अनुसन्धान गरी पत्ता लगाएका छन् -देब्रे हाते खेलाडीहरुमा तीन- आयामिक सजगता र सचेता हुन्छ, उच्च गुण र क्षमता हुन्छ । अझ आँखा र हातको उच्च संयोजन हुन्छ ।

सूचना स्रोत: मिसेलानी / दि सण्डे स्टेटम्यान रिभ्यू

# नेपाली




# के यसरी नै पूरा हुन्छ सबैको मनकामना ?

## *"यसरी नै पूरा होस् सबैको मनकामना !"*

*पर्दामा यो वाक्य देखापर्छ । यसपछि लगत्तै समाप्त हुन्छ नेपाली फिल्म-**मनकामना** ।*

*हालै राजधानीका विभिन्न हलहरुमा एकसाथ प्रदर्शित यस फिल्मले पर्दामा यो अन्तिम दृश्य सँगसँगै दर्शकहरुको मनमा एउटा प्रश्न उतिखेरै पैदा गर्छ । त्यो प्रश्न हो- के यसरी नै पूरा हुन्छ सबैको मनकामना ?*

*मानिसहरुको मनमा थुप्रै मनोकामनाहरु छन् । मानिसहरु थुप्रै समस्याले पीडित छन् । उनीहरु ती समस्याहरु र तिनको जरो कारणबाट मुक्त हुने कामना गर्दछन् । तर के उनीहरुको मनको यो कामना यस फिल्मका निर्देशक डा. सुवोधकुमार पोखरेलले फिल्ममा प्रयोग गरेका फर्मूलाहरुकै जस्तो कोरा कल्पनाको आडमा पूरा हुन्छ ? यदि पूरा हुंदो हो त यो संसारमा यति धेरै दुःख र सन्ताप नै बाँकी रहने थिएन । किन चाहिन्थे यत्रा विधि दार्शनिकहरु, वाद-सिद्धान्तहरु, बाटो-औजारहरु र संघर्ष एवं वलिदानका श्रृंखलाहरु ?*

*फिल्म **मनकामना**ले दिएको सन्देश हो- चाहेको कुरा प्राप्त गर्नमा बाधाहरु आइलाग्छन् तर देवी मनकामनाको शरण परेमा ती बाधाहरुमाथि विजय प्राप्त गर्न सकिन्छ ।*

*यस फिल्ममा यस्तै हुन्छ । कलेजमा पढ्दा करोडपति **दामोदरराज**को छोरो **विनय** र एउटा सामान्य ट्याक्सी ड्राइभर **रुद्रप्रसाद**की छोरी **सविता**का बीच भएको प्रेममा बाधा आइपर्छ । विनयको बाबु र उसको साथी, जो खलनायकको पनि वाबु हुन्छ , को जाल-झेलका कारण सिंगापुर गएको विनय घर फर्कदा सविताहरु शहर छोडेर गाउँ गइसकेका हुन्छन् । अविवाहित अवस्थाको उसको गर्भबारे खलनायकको गुण्डादलले गाउँमा बेइज्जती गरिदिएपछि भागेकी सवितासँग विनयको भेट ४-५ वर्ष पछि हुन्छ-मनकामनामा ।*

*सविताले मनकामना मन्दिरमा प्रार्थना गर्दा विनय चढेको प्लेन काठमाडौंमा उत्रिनु, **बाबाजी**ले बच्चा र सवितालाई आश्रय दिनु, प्रार्थनाका सिलसिलाहरु नै पूनर्मिलनको लागि कारक-तत्वको रुपमा रहनु, नायिकाले देवीको प्रार्थना गरेपछि तुरुन्तै वेहोश नायकको होश खुल्नु, कमजोर नायकमा मनकामनाको दर्शन र नामले ठूलो शक्ति पैदा भई खलनायकको गुण्डा दलले भक्कूमार कुटाइ खानु आदि आदि संजोगहरु फिल्ममा दर्शाइएका छन् ।*

*फिल्मलाई बिकाउ बनाउन प्रयोग गरिने सूत्रहरु मध्ये भारत-नेपालमा प्राय: प्रयोग हुने एउटा सूत्र धार्मिक पक्ष पनि हो । देवी देउताका मन्दिर वा तस्वीर अगाडि एउटा भजन गाएर प्रार्थना गरेपछि भयंकर ठूलाठूला समस्याहरुबाट पनि तुरुन्तै नाटकीय पाराले मानिसहरु मुक्त भएको देखाउने काम यिनीहरुले गर्छन् । समस्या समाधानका वास्तविक बाटोहरु खोज्नबाट मानिसहरुको ध्यान अन्तै मोडेर- कुनै अलौकिक शक्ति वा भाग्यको भर पर्न सिकाउने घातक-सन्देश यिनीहरुले दिन्छन् ।*

***मनकामना** फिल्म हेरेका केही प्रबुद्ध दर्शकहरुले हाँसो गरेका छन्- तै डा. सुवोध कुमारले नायिकाको भजन-प्रार्थनाबाट देवीले सर्पको रुप लिएर खलनायकको खुट्टामा, डसिदिएको दृश्य चाहिं राखेनछन्, यत्ति गरी नै सकेपछि नेपालको दक्षिणी सीमापारी प्राय: प्रयोग हुने यो फिल्मी-मसलाको हुवहू नक्कल गर्नमा चाहिं किन कंजुसी गरिएको होला ? व्यंग्यपूर्ण प्रश्न उठेको छ ।*

*विज्ञान-प्रविधिको विशेष ज्ञान प्राप्त नेपालका डाक्टरहरु पनि समाजिक यथार्थबाट पर रहेको काल्पनिक प्रेमको दुनियाँ खडा गरेर मारमुंग्री एवं सस्ता प्रेमालाप र प्रेम दृश्यहरुको भूलभुलैयामा "देवी-देवता" को प्रार्थना मिसाएर "**मनकामना**" जस्तो फिल्म बनाउनतिर लाग्ने हो भने नेपाली फिल्ममा नेपाली सामाजिक यथार्थ कहिले र कसले संगेट्ने ?*

*नेपाली फिल्मको स्तर कहिले बढ्ने ?*

**- हरिगोविन्द लुईटेल**



# क्यान्सर हुनबाट बच्न के गर्नु पर्छ ?

**-विनय काफ्ले**

**धुम्रपान छोड्नुहोस्:** *फोक्सोको क्यान्सर मध्ये ८७ प्रतिशत क्यान्सर धुम्रपानबाटै हुने गरेको छ । पुरुषको फोक्सोको क्यान्सर मध्ये ९० प्रतिशत र महिलाहरुको मध्ये ७९ प्रतिशत धुम्रपानबाटै हुने गर्छ । क्यान्सरबाट हुने मृत्युहरु मध्ये ३० प्रतिशत मृत्यु धुम्रपानबाटै हुन्छ । चुरोट नखानेहरु भन्दा दिनको दुई वा त्यो भन्दा बढी बट्टा चुरोट खानेहरुको फोक्सोको क्यान्सरबाट मृत्यु हुने संभावना १५ देखि २५ गुना बेसी हुन्छ ।*

*त्यसैले फोक्सोको क्यान्सर हुनै नदिने हो भने धुम्रपान छोड्नु होस् ।*

## बढी चिल्लो भएको भोजन नखानुहोस् ,त्यसको सट्टा सागपात र फलफूल बढी खानुहोस् :

*Colon, छाती, गर्भाशयको क्यान्सर धेरैजसो मोटा मानिसहरुलाई हुने गर्छ । बढी चिल्लो भएको भोजनले छाती, Colon र Prostate क्यान्सरको विकासमा सहयोग पुऱ्याउँछ । भिटामिन ए र सी बेसी भएका सागपात र फलफूलहरु प्रशस्त भएको भोजनले धेरै किसिमको क्यान्सरको सम्भावनालाई घटाउँछ । त्यसैले खानामा चिल्लो बोसो पदार्थको मात्रा घटाउनु होस् । खानामा हरियो सागपात र फलफूलको मात्रा बढाउनु होस् ।*

## मद्यपान छोड्नुहोस् वा कम गर्नुहोस्:

*मुखको क्यान्सर, कण्ठको क्यान्सर, घाँटी र श्वास नलीको क्यान्सर र कलेजोको क्यान्सर धेरैजसो रक्सी बढी खानेहरुलाई हुने गर्छ । अझ यसमा थप उनीहरु धुम्रपान वा सुर्ति वा खैनी चपाउने पनि भईदिए भने यो संभावना अरु बेसी हुन्छ । त्यसैले मदिरापान छोड्नुहोस् वा झन् झन् कम गर्दै लानुहोस् ।*

## धूवाँरहित सुर्तिको प्रयोग पनि छोड्नुहोस् :

*सुर्ति चपाउने, खैनी खाने बानीले मुखको, कण्ठको, घाँटीको र श्वास नलीको क्यान्सरको संभावनालाई एकदम बेसी पार्छ । त्यसैले यी कुरा खाने बानी घटाउनुहोस् र हटाउनुहोस् ।*

*एस्ट्रोजनको प्रयोग गर्न छोड्नु होस् :*

*नछुने बन्द भएको समस्या हल गर्न Estrogen प्रयोग भर्ने गरिएको पाईन्छ । यसले Endometrial क्यान्सरको संभावना बढाउँछ । Estrogen को सट्टा Progesterone निहित भएको उपचार गरेमा यस्तो क्यान्सरको खतरा कम हुन्छ ।*

*स्रोत : American Cancer Society, 1991*

केही हप्ता अघि ने.टि.भि.ले पाकिस्तानी टेलिफिल्म "कसक" का श्रृंखलाहरुको प्रशारण सक्यो । पाकिस्तानी फिल्मी कलाकारहरुको अभिनय क्षमताको झलक र फिल्ममा पात्रहरुको मनोदशाको सुक्ष्म-चित्रणका हिसाबले सफल यो टेलीफिल्मले समाजको कुनै आम-घटनामा आधारित कथानक भने बोक्न सकेको छैन । समाजमा कहिलेकाँही घट्नसक्ने घटनालाई आधार मानी बनाइएको यो फिल्म मूलत: नायिका सब्रिनाको कीर्ते सही चोरी गरी चेकबाट अफिसको २० लाख रुपियाँ झिकी खाने सोही अफिसकै जाली व्यक्तिको अपराधले सब्रिनालाई दिएको हण्डरको चित्रण वरिपरि घुमेको छ । यो घटना सब्रिनालाई एक ताका हराएकी आफ्नी नातिनी शमाइलको रुपमा स्वीकार्ने "दादी अम्मा" र "दादा अब्बा" को घरमा जोडिन पुग्छ ।

छ-सात वर्षको छोरो सनीलाई लिएर बाँचेकी एक्ली सब्रिनालाई चेक काटेर अफिसको पैसा खाएको आरोप जब लाग्छ, र उनले यो झूठो अपराध आस्वीकारेमा छोरो सनीमाथि खतरा पैदा गर्ने धम्की अपराधीले दिन्छ, तब ऊ लुक्न बाध्य हुन्छे । साथीकहाँको लुकाइ पनि साथीको श्रीमानले यसरी आफूकहाँ ऊ लुकेकी कुरा मन नपराएको कारण सम्भव हुँदैन । तब सब्रिनाको सहयोगीको रुपमा वकिल नविल देखा पर्छ । उसले सब्रिनालाई "दादा अब्वा" को घरमा हराएकी नातिनीको रुपमा राख्ने बन्दोवस्त गर्छ र सब्रिनालाई चोरी मुद्दाबाट बचाउँछ पनि । वास्तविक अपराधी पक्डिन्छ । यो कुरा "दादा अब्बा"लाई पनि थाहा भैसकेको हुन्छ ।

घटनाका यी मोडहरुपछि अपत्यारिलो किसिमले थाहा हुन्छ - नबिलले सब्रिनालाई मद्दत गरेको त सब्रिनासँग बिहे गरी दादा अब्बाको संपत्ति हात पार्न पो रहेछ ।

## पाकिस्तानी टेलिफिल्म

## "कसक"

घटनाका उतार-चढावहरुको क्रमका अन्तमा नविलले सब्रिनालाई संपत्तिको लागि गरेको सहयोग साँच्चिकै "प्रेम" मा बदलिन्छ र पनि सब्रिना उप्रति आस्वस्त बन्न सक्तिन र उनीहरु छुट्टिन्छन् ।

घर छोड्नुपर्दा, लुकेर, भागेर, अर्काकी नातिनी हुँ भनी झुठ बोल्नु पर्दा सब्रिनाको मन असामन्जस्यमा पर्न गएको, बच्चासँग बिछोड हुँदा आमा र बच्चा दुबैमा तीव्र छटपटी भएको र एकातिर नबिलको उदार सहयोग, अर्कातिर उसको संपत्तिमुखी निच नियत देख्दा सब्रिनाको मनमा एकसाथ पल्हाएको अन्तरद्वन्दको मनोवैज्ञानिक चित्रण फिल्ममा अत्यन्त कुशल रुपले गरिएको छ । सब्रिना आफ्नी नातिनी हैन भन्ने जान्दा जान्दै पनि उप्रति आत्मीय बनेको सुझवुझपूर्ण व्यक्तित्वको रुपमा देखा पर्ने "दादा अब्बा" निकै उदार र मानवीय देखिन्छ ।

जम्मामा यस टेलिफल्म "कसक" कलात्मक हिसाबले राम्रो तर कथानकको हिसाबले सामान्य फिल्म हो । मनोवैज्ञानिक आरोह-अवरोह र पात्रहरुको विविध विशेषतायुक्त चरित्र एवं अभिनय कौशलले छोडेको छाप बाहेक ने.टि.भि.मा प्रस्तुत अन्य पाकिस्तानी टेलिफिल्महरुको तुलनामा यसले खासै कुनै तीक्ष्ण सामाजिक प्रभाव भने छोड्न सकेन । यद्यपि यसले विश्वासमा पारेर हस्ताक्षर चोरी-गर्ने व्यक्तिको व्यवहार र सब्रिनाप्रति त्यत्रो ठूलो विश्वासिलो देखिने आत्मीय व्यवहार गर्ने व्यक्ति नबिलको पैसामुखी नियत दर्शाएर पूँजीको पछिपछि दौडेको व्यक्तिवादी अमानवीय समाजको चरित्र उदाङ्गो पार्ने काम भने गरेको छ । सानोतिनो लालोपोतो र क्षणिक आकर्षणका आधारमा प्रेम गर्ने र हचुवामा विश्वास गर्ने प्रेमी-प्रेमिकाहरु हाम्रो समाजमा पनि छन् । उनीहरुलाई नबिलको भित्री नियतको यो चित्रणले निकै बेर सोच्न बाध्य पार्छ ।


उसले पैसाको लागि नै सब्रिनाप्रति आत्मीयता दर्शाएको रहेछ भन्ने कुरा धेरै समयसम्म सब्रिनाले र दर्शकहरुले पनि पत्याउन सक्दैनन् ।

कविता

# गढतीरको ढुंगामा आमाको संझना



-पारिजात



कुन भंज्याङदेखि
कुन अनकंटार व्याँसीमा
कुन असिनाहरुसंग
अन्भाएर लखेटिएकी म
मेरी आमै । भन कुन जुनिमा
म तिम्रो आगन टेक्न आउँला,
मेरा माइती राजै ।
कुन साइतमा अब मैले
तिम्रो मुख देख्न पाउँला ?

यति खेर म कुन्नि के नाउँ गरेको
खोलाको गढतीरमा बसेकी छु
एक्ली छु, घुम्टोभित्र छु
यतिखेर मेरो आँशुले
गढतीरको ढुंगा भिजाउँदैछ
ए नी ....... लै लै
यो खोलाको पानीले काँहाँ गएर बिसाउँदो हो,
मेरो माइती भन्ज्याङको फेदलाई
यसले छुन्छ कि छुदैन ?

ऊ त्यो कालो काले, सिकटे सिकटे
रिठ्ठे सार्की भन्थे
नाउँ नलिनू भन्थे
त्यही हो मैले लोग्ने भन्नु पर्ने
सधैं सधैं माया गर्नु पर्ने
सधैं सधैं उसको कुरा मान्नु पर्ने
उसको लात बात सबै सहनु पर्ने
लोग्ने भनेको के हो मेरी आमा ?
संगिनी खेल्दा त सबैले लोग्ने रिझाउनु मात्र भन्थे
घाम साक्षी छ, आकाश साक्षी छ
जीवनमा माया कसको हुँदैन
तर मेरो मायाको मोल कसैले जोखिदिएन ।

कुजात भएर क्षेत्रीको छोरो ताक्ने
धूल्यानमा बसी ठूला घरे ताक्ने
तेरा भाँड पातकी बेश्ये भन्दै
मुखियाले गाउँ थर्काएको
म कहिले बिर्सी सकूँ मेरी आमा ।
सिनु खाने जात ।
तेरी छोरीलाई बिहे गरेर पठाइ दे
होइन भने कपाल खौरेर
नांगो झार पारेर
गाउँ घुमाउँछु भनी मुखिया गर्जेको ।
मेरा बुढा बाबैले कहिले बिर्सेलान् ।
मुखियाको छाती र मेरा बाबैको छाती
एउटै होइन र मेरी आमा ?
मेरा बाबै मात्रै ढुंगा हो र ?

उफ् । जेठको यो घाम
ओझेल लाग्ने ठाउँ छैन
असिन पसिन भएकी छु
खेताँ काम गर्दा जस्तै,
यो त बिहे हो
आइमाईको जातलाई खै र सुख मेरी आमा ?
भोक लाग्यो खाऊँ खाऊँ नभन्नु रे
सहनु रे, पर्खिनु रे,
संगिनी खेल्दा यसै भन्थे दिदैहरु ।

कति ढीलो गरी भोज खाएका यी जन्तहरुले
फेरि यिनीहरु छिल्लिएका कति नि ?
बोल्नु हुने नहुने सबै बोल्छन्
म एउटी आइमाईको इज्जत राखी दिदैनन्
त्यसै त हेप्दा र'छन्, बिष्टहरुले
हे दैव । परायको घराँ बस्ने कसरी ?
मेरी आमा ।
मुटुमा एक जना राखेर
अर्कोसंग जुनी बिताउँ कसरी ?
सपनीमा एक जना आउँछ
विपनीमा अर्कोलाई बोलाउँ कसरी ?

## कुराकानी:का. कंचन कुमारसँग

# भारतमा द्वन्द्वरत साँस्कृतिक धाराहरु कुन कुन हुन ?

गत फागुन ३ र ४ गते काठमाण्डौमा का. गोन्जालो जीवन प्रतिरक्षार्थ गठित दक्षिण एशियाली क्षेत्रीय सम्मेलनमा भाग लिन का. कन्चन कुमार यहाँ आउनु भएको थियो । उहाँ त्यस क्षेत्रीय समितिका संयोजक हुनुहुन्छ । भारतको प्रगतिशील सहित्य क्षेत्रमा र बौद्धिक कृयाकलापहरुमा सक्रिय का. कन्चन कुमार आफूलाई नक्सलबादी आन्दोलनको उपजको रुपमा मान्नुहुन्छ । विप्लवी रचयिता संघ (Revolutionary Writers Asociation) संग संवद्ध उहाँ प्रगतिशील हिन्दी एवं वंगाली साहित्यको लेखन, अनुसन्धान र समालोचनामा पनि कृयाशील हुनुहुन्छ ।

फागुन ७ गते श्यामप्रसाद शर्मा, खगेन्द्र संग्रौला लगायत केही नेपाली साहित्यकारहरु र का. कन्चन कुमारका बीच एउटा भेटघाटको आयोजना भएको थियो । सो भेटघाटका अवसरमा का. कंचन कुमारसँग विविध विषयहरुमा कुराकानी भएको थियो । प्रस्तुत छ- सों सन्दर्भमा उहाँसंग भएको कुराकानीको केही सान्दर्भिक अंशहरु: कार्यकारी सम्पादक

***भारतमा प्रगतिशील संस्कृतिको वर्तमान स्थिति कस्तो रहेको छ ?***

*जहाँ वर्ग संघर्ष तीब्र भएको छ, त्यहाँ साम्राज्यवादी भ्रष्ट संस्कृतिको आक्रमणको प्रतिकार गर्न र त्यसको प्रवाहलाई रोक्न सकिएको छ । त्यस्ता ठाउँहरुमा वैकल्पिक जन-संस्कृति तयार भएको छ । गीत, नाटक मंचन र कलाका अन्य रुपहरुको माध्यमबाट यो काम गरिएको छ । विभिन्न जन सांस्कृतिक मण्डलीहरुद्वारा जन-संस्कृतिको प्रचार-प्रसार गरिएको छ ।*

*जहाँ वर्ग संघर्षको गति मन्द छ, त्यहाँ प्रगतिशील सांस्कृतिक प्रवाहको निर्माण गर्न सकिएको छैन । तथापि, जाग्रत युवा-शक्तिका सांस्कृतिक क्रियाकलाप मार्फत प्रतिक्रियावादी अवसानमुखी सांस्कृतिक आक्रमणको प्रतिकार गर्ने प्रयत्न भने भइरहेको छ ।*

***तपाई महान सर्वहारा सांस्कृतिक क्रान्तिको पक्षधर व्यक्ति हुनुहुन्छ । नेपाल र भारतको जनवादी आन्दोलनको वर्तमान सन्दर्भमा यो सांस्कृतिक क्रान्तिको व्यावहारिक रुप के हो ? यसबारे तपाईको धारणा के छ ?***

*माओले चीनमा शुरु गर्नु भएको सांस्कृतिक क्रान्ति सांस्कृतिक क्रान्ति मात्र नभई एक राजनैतिक क्रान्ति थियो । सर्वहारा वर्गलाई सत्तासीन तुल्याउनु यसको उद्देश्य थियो । सांस्कृतिक मंचमा, पार्टीका कतिपय प्रमुख पदमा बाँकी बसेको पूँजीवादको स्थानमा समाजवादलाई स्थापित गर्न यो गरिएको थियो ।*

*क्रान्तिकारी गतिविधिका साथसाथै यो सर्वहारा-संस्कृतिक क्रान्तिका तत्वहरु लागू हुन्छन्, समाविष्ट हुन्छन् । हाल पेरुको क्रान्तिमा कृषिको सामूहिकीकरण, जो त्यहाँ गरिदैछ, त्यो पनि सास्कृतिक क्रान्तिको एक रुप हो, जसले सर्वहारा वर्गको भावी सत्तालाई निर्माण गर्छ ।*

*नेतृत्व र समाजमा वर्ग भावनाको रुपान्तरण र सर्वहारा वर्गको नै प्रभुत्व स्थापना संस्कृतिक क्रान्तिका प्रमुख तत्वहरु हुन् । सत्ता-प्राप्तीको प्रक्रियामै यी तत्वहरुको विजारोपण र विकास हुनुपर्दछ । नेपाल र भारत जस्तो स्थितिका मुलुकहरुको जनवादी आन्दोलनमा पनि अहिलेदेखि नै यी तत्वहरुको विजारोपण र विकासमा हामीले ध्यान दिनुपर्छ भन्ने मेरो धारणा छ ।*

***भारतमा यसतर्फ के कस्ता कार्यहरु भएका छन् त ?***

*भारतीय जनवादी आन्दोलनभित्र "गाउँ जाऔं " अभियान चलाउने, जनभावनामा एकाकार हुने, वर्ग परिवर्तन गर्ने, सांस्कृतिक पुनर्संस्कार गर्ने आदि पक्षमा कामहरु भएका छन् । अनेकौं जनताले क्रान्तिका लागि आत्म वलिदान दिएका छन् ।*

*तर भारतमा अर्को एउटा कुरा पनि देखियो-त्यो हो नेतृत्वमा संशोधनवादले टाउको उठाइरहनु। सांस्कृतिक क्रान्ति प्रभावकारी ढंगले लागू गर्न नसक्नुको नतीजा हो यो ।*

*यद्यपि भारतमा नक्सलवादी आन्दोलनमा सांस्कृतिक टोलीहरुले खेलेको भूमिका उल्लेखनीय छ । आन्ध्र प्रदेशको सांस्कृतिक आन्दोलनमा त पेकिङ्ग अपेराको सामूहिक लेखन जस्ता प्रणालीहरु पनि लागू भएका छन् । आम शोषित पीडित जनताको पंक्तिबाट निर्माण हुने सांस्कृतिक आन्दोलन नै सांस्कृतिक क्रान्तिको प्रखर अभिव्यक्ति हो । साधारण मात्र औपचारिक शिक्षा पाएका वा औपचारिक शिक्षा एकदमै नपाएका सांस्कृतिक कर्मीहरुबाट पनि यो आन्दोलन निर्मित भइरहेछ । यसमा जनताबाट लिएर जनतालाई नै दिने का. माओको मूल शिक्षाको अनुशरण गर्दै भावना र विचारको, "माथि" र "तल" दुबैतिर दोहोरो सञ्चार कायम गरी अगाडि बढ्नु जरुरी छ । नत्र जनवादी केन्द्रियताको द्वन्द्वात्मक संबन्ध उपेक्षित हुने छ । यसो हुँदा जनवाद दबिने छ र केन्द्रियता तानाशाहीका रुपमा लादिने डर हुने हुन्छ, जसले आन्दोलनमा जडता पैदा गर्ने गर्छ ।*

***भारतमा मूल रुपमा अहिलेको सांस्कृतिक क्षेत्रको कूल स्थिति कस्तो छ ? छोटकरीमा भन्नु पर्दा यसबारे के भन्नु हुन्छ ?***

*अहिले भारतमा दुई थरी सांस्कृतिक धाराहरु एक आपसमा युद्धरत छन् । एक बुर्जुवा सांस्कृतिक धारा, जसले समाजवादको मृत्युको गीत गाउने गर्छ र यसको भविष्यहीनताको राग अलाप्छ । यो अवसानमुखी धाराले आम जनतामा निराशा र विकृति फैलाउने काम गरिरहेछ । संशोधनवादीहरु पनि घुमाई फिराई यही धाराको पक्ष-पोषण गरीरहेछन् ।*

*अहिले भारतमा चलेको मन्दिर-मस्जिद विवादको व्यापक सांप्रदायिक दंगाको स्थितिलाई यसको उदाहरण मान्न सकिन्छ । बुजुर्वाहरु यो वा ऊ किसिमले सांप्रदायिकतालाई बढावा दिइरहेछन् भने कतिपय संशोधनवादीहरु पनि सांप्रदायिकताको विरोध गर्ने तर गान्धीवादको स्थापना गर्ने वा धर्ममा रहेको अनुदार पक्षको विरोध गरी उदार पक्षको नाममा धार्मिक अन्धताकै स्थापना गर्नतिर लागेका छन् ।*

*दोस्रो धारा हो- क्रान्तिकारी सांस्कृतिक धारा । यो धाराले समाजमा नयाँ प्रगतिशील तत्वको उदयको पहिचान गरी तिनलाई अभिव्यक्ति दिइरहेछ । परिवर्तनका लागि अनिवार्य सशस्त्र संघर्षप्रति जनतालाई शिक्षित-दीक्षित तुल्याउँदै सजगता पैदागर्ने र त्यस संघर्षबाट जन्मने नयाँ मानवको चित्रण गर्ने काम यसले गरिरहेको छ ।*



### का. कन्चन कुमारसँगको कुराकानीमा आएका केही रोचक र उपयोगी प्रसंगहरु

*० भारतमा केही क्षेत्रहरुमा श्रव्य-उपन्यास अर्थात आम निरक्षर जनताले बुझ्ने वोलीचालीको भाषामा लेखिएको उपन्यास पनि केही प्रयोगमा ल्याइयो, जसलाई पढ्न सक्नेहरुले बाचन गरेर अपठितहरुलाई सुनाउने गरिन्छ ।*

*० भारतमा सांस्कृतिक क्षेत्रमा एकताका चलाईएको व्यापक विचार अन्तर्क्रिया (Poly-Mix) को अनुभवले शिक्षा दिएको छ कि- विचार अन्तर्क्रियाले विचार स्पष्टताका लागि अत्यन्त महत्वपूर्ण भूमिका खेल्दछ । नेपालमा पनि व्यापक संख्यामा कार्यरत वामपन्थी कार्यकर्ताहरु र शुभेच्छुकहरुका बीच विविध विषयहरुमा व्यापक विचार अन्तर्क्रिया चलाएर नै वैचारिक स्पष्टता र परिपक्वपनामा अभिवृद्धि गर्न सकिने छ ।*

# हाम्रो समाजबारे सही बिचार कसरी बनाउने ?

## मानिसलाई मात्र थाहा छ कि-मानिसलाई थाहा छ ।

*हामी सबैजना सही बिचारको मालिक बन्न चाहन्छौं । तर मूल प्रश्न के हो भने विचार नै के हो ? र, विचार कसरी सही बन्छ ? के सही विचार मानिसको दिमागमा आफ से आफ पैदा हुन्छ ?*

हामी जब नूनिलो बस्तु खान्छौं, हाम्रो इन्द्रियले नूनको स्वाद चाल पाउँछ । अनिमात्र हाम्रो दिमागले विचार बनाउन सक्छ कि-बस्तु नूनिलो छ । त्यसैले बस्तु नूनिलो छ भनेर हामीले जुन विचार बनाउँछौं, त्यो विचार बस्तुको नूनिलोपनको हाम्रो दिमागमा परेको प्रतिविम्व अर्थात छायाँ हो । हाम्रो विचार वा चेतनाभन्दा बाहिर नूनिलो बस्तु स्वतन्त्र रुपमा अस्तित्वमा छ । जब नूनिलो बस्तुले हाम्रो इन्द्रियमा स्पर्श गर्छ, हामी बल्ल बस्तु नूनिलो छ भनेर थाहा पाउँछौं र विचार बनाउँछौं । त्यसैले बस्तु नूनिलो छ भन्ने विचार बस्तुको नूनिलोपनको उपज हो । नूनिलो वस्तु नै अस्तित्वमा नहुँदो हो त वस्तु नूनिलो छ भन्ने विचार कदापि उब्जने थिएन ।

यसरी कुनै पनि विचार भनेको बस्तुको हाम्रो दिमागमा पर्ने प्रतिविम्ब हो । फोटो जस्तो । हाम्रा इन्द्रियहरु वस्तुलाई विभिन्न ढंगले स्पर्श गर्ने साधनहरु हुन् । कानको स्पर्श गर्ने ढंग सुन्नु हो, नाकको स्पर्श गर्ने ढंग सुँघ्नु हो र आँखाको स्पर्श गर्ने ढंग देख्नु हो , त्यस्तै जिब्रोले स्वाद लिएर र छालाले छोएर बस्तुलाई स्पर्श गर्छ । स्पर्श गर्ने ढंग अलग अलग भए पनि सबै इन्द्रियले स्पर्श गर्ने नै काम गर्दछन् । स्पर्शबाट संवेदना पैदा हुन्छ, जस्तो नूनिलो वस्तु खाए पछि जिब्रोमा नूनिलोपनको संवेदना अनुभूति हुन्छ, त्यही संवेदना जब दिमागसम्म पुग्छ, वस्तु नूनिलो छ भनेर थाहा लाग्छ र विचार बन्छ ।

विज्ञानले भन्दछ- मान्छेको दिमाग पनि एउटा वस्तु हो तर सबैभन्दा उन्नत र संगठित वस्तु । यसमा वस्तुको जुन प्रतिविम्ब उत्रिन्छ , त्यो ऐनामा अनुहारको प्रतिविम्व उत्रिएजस्तो वा क्यामेराको रीलमा रुखको चित्र उत्रिएजस्तो मात्र चाहिं हुँदैन । प्रतिविम्वन गर्ने साधारण क्षमता त ढुंगा, बालुवामा पनि हुन्छ । त्यहाँ पाइला टेक्नुहोस्, त्यसको छाप बस्छ । पानीमा पनि हुन्छ । त्यसमा मानिसको अनुहार देखिन्छ । तर तिनीहरुमा त्यो संवेदनशीलता हुँदैन, जुन रुख, पात र जनावरहरुमा हुन्छ । बिरुवा र जनावरहरु सम्वेदनशील हुन्छन् र संवेदनाको प्रतिक्रिया पनि जनाउँछन् । तर तिनीहरु संवेदनालाई छानवीन गर्ने र संश्लेषण गर्ने क्षमता राख्दैनन् । तिनीहरुलाई यो थाहा हुन्न कि-उनीहरुलाई थाहा छ ।

मानिसको दिमाग मात्रै लामो श्रमपछि यस्तो बस्तु बनेकोछ, जसले इन्द्रियमार्फत संवेदनाबाट प्राप्त अनेकौं सूचनालाई एक साथ थुपार्न सक्छ, आवश्यकता परेजति निकालेर फेरि केलाउन सक्छ र संवेदनाबाट प्राप्त थुप्रै सूचनाहरुलाई समेटेर अर्थात संश्लेषण गरेर, वस्तुको जटील चित्र प्रतिविम्वित र पुनर्रचना गर्न सक्छ । मानिसलाई मात्र थाहा छ कि-उसलाई थाहा छ ।

यही मानव मस्तिष्कले गर्ने जटील प्रतिविम्वन, छानवीन, संश्लेषण, र पुनर्रचना गर्ने प्रक्रियाको नाम विचार हो ।

त्यसैले, विचारबारे धारणा बनाउँदा प्रष्ट हुनु पर्ने कुरा के हो भने, वस्तु-जगतको मानव मस्तिष्कमा हुने जटील प्रतिविम्वन, प्रतिविम्व-संश्लेषण र पुनर्रचना नै विचार हो । विचार भन्दा बस्तु-जगत बाहिर छ र स्वतन्त्र रुपले अस्तित्वमा छ ! वस्तु नूनिलो छ भनेर हामी तब मात्र थाहा पाउँछौं जब हाम्रो इन्द्रियमा वस्तुको नूनिलोपनले स्पर्श गर्छ र त्यो संवेदना हाम्रो मस्तिष्कसम्म संचार हुन्छ । तर प्रश्न के हो भने, जबसम्म नूनिलो वस्तुसँग हाम्रो इन्द्रियको स्पर्श हुँदैन, के वस्तु जगतमा नूनिलो बस्तु भन्ने कुरा नै हुँदैन ? वैज्ञानिकहरुले माछामा भिटामिन "ए" हुन्छ भनेर पत्ता लगाए र माछाको लीभरबाट भिटामिन "ए" बनाउन थाले । प्रश्न के हो भने- वैज्ञानिकहरुले माछामा भिटामिन "ए" छ भनेर थाहा पाउनु र बिचार बनाउनु अघि माछामा भिटामिन "ए" थिएन ?

अवश्य थियो । त्यसैले त संवेदना र बिचार भनेको वस्तुजगतको उपज हो , त्यसकै दिमागमा पर्ने असर हो । र बस्तुजगत हाम्रो संवेदना र विचार भन्दा बाहिर स्वतन्त्र रुपमा अस्तित्वमा छ । माछामा भिटामिन "ए" भए जस्तो । हाम्रो विचारले त माछामा भिटामिन "ए" हुन्छ भनेर वास्तविकताको प्रतिविम्वन र प्रतिविम्व संश्लेषणसम्म गरेको हो । मानिसले यो प्रतिविम्वन गर्न नसकेको स्थितिमा पनि संसारमा माछाहरु थिए र माछामा भिटामिन "ए" थियो ।

## सही र गलत बिचार के हो ?

यसरी विचार भन्ने कुरा वास्तविकता र वस्तु जगतको मानव मस्तिष्कमा पर्ने प्रतिविम्वन, प्रतिविम्वको संश्लेषण र पुनर्रचना हो भने सही विचार भनेको सही प्रतिविम्वन र सही संश्लेषण र पुनर्रचनाको उपज हो । त्यस्तै गलत विचार गलत प्रतिविम्वन, गलत संश्लेषण र पुनर्रचनाको उपज



हो । हामीले डोरीलाई डोरीकै रुपमा प्रतिविम्वन गर्‍यौं र विचार बनायौं भने त्यो सही प्रतिविम्वन भयो र त्यसैले हाम्रो विचार पनि सही हुने भयो । हामीले डोरीलाई सर्पको रुपमा प्रतिविम्वन गर्‍यौं भने त्यो गलत प्रतिविम्वन भयो । त्यसैले डोरीलाई सर्प ठान्ने हाम्रो विचार सही हुने नै कसरी ? त्यसैले हाम्रा विचार सही हुन्छन् कि गलत, त्यो हाम्रो इच्छामा भर पर्दैन । हामी बस्तुजगतको कति दुरुस्त चित्र उताछौं वा प्रतिविम्वन गर्छौं । हामी प्रतिविम्वको कति दुरुस्त संश्लेषण र पुनर्रचना गर्छौं, त्यो कुरा यसमा भर पर्छ ।

हामी नेपाली समाजबारे सही विचार बनोस् भन्ने चाहन्छौं भने सबभन्दा जरुरी कुरा हो- यसको यथासंभव दुरुस्त चित्र उतार्नु । यदि हामीले उतारेको चित्र नै गलत वा खोटपूर्ण भयो भने त्यो चित्रका आधारमा बन्ने विचार सही हुने कसरी ? त्यसैले सही विचारको मुहान बस्तु-जगतको सही र दुरुस्त प्रतिविम्वन, प्रतिविम्व संश्लेषण र पुनर्रचना गर्ने प्रयत्न हो, त्यो बस्तुजगत जुन हाम्रो चेतनाभन्दा बाहिर छ र, हरदम गतिशील छ ।

वस्तु जगतको सही वा दुरुस्त प्रतिविम्वन गर्ने सवालमा तीन वटा मुख्य प्रश्नहरुमा हाम्रो ध्यान जानु जरुरी छ ।

*पहिलो सवाल हो- के मानिसले प्रयत्न गर्‍यो भने वस्तु जगतको प्रतिविम्वन सही वा दुरुस्त हुन सक्छ ? के मानिसले वस्तु जगतलाई जस्ताको तस्तै थाहा पाउन सक्छ ?*

सारा आध्यात्मवादीहरु भन्छन्- यो थाहा पाउन सकिन्न ।

तर बस्तुवाद र विज्ञानले भन्छ- यो थाहा पाउन संभव छ । बस्तु जगतको प्रतिविम्वन सही वा दुरुस्त पार्न संभव छ ।

*अर्को, के हाम्रो प्रतिविम्वन र प्रतिविम्व-संश्लेषण एवं पुनर्रचना पूर्णतया दुरुस्त र अन्तिम हुन्छ ?*

विज्ञानले भन्छ- यो पूर्णतया दुरुस्त र अन्तिम भने हुँदैन । किनकि हाम्रो ज्ञान र क्षमताको सीमाले गर्दा वस्तु जगतका थुप्रै पक्षहरु अझै हाम्रो जानकारीबाट छुट्न सक्छन् । त्यसैले मानव-ज्ञान जहिले पनि अपूर्णताबाट पूर्णतातिर र अज्ञातबाट ज्ञाततिर बढ्छ । मार्क्सको पालासम्म अणु पनि विभाजित हुन सक्छ भनेर मानिसले पत्ता लाउन सकेको थिएन । तर लेनिनको पालामा यो पत्तो लाग्यो । लेनिनको पालामा अणुबाट एटम बम जस्तो अपार विध्वंशकारी शक्ति पैदा हुन सक्छ भने थाहा थिएन । तर स्टालीनको पालामा यो पनि पत्तो लाग्यो । त्यसैले बस्तु जगतको हाम्रो प्रतिविम्वन, त्यसको संश्लेषण र पुनर्रचना पूर्णतया दुरुस्त वा अन्तिम भने हुँदैन । हाम्रो ज्ञान-क्षमताको सीमाले गर्दा यो दुरुस्तको नजीक वा करीव दुरुस्तै मात्र हुन्छ । त्यसैले, कुनैपनि

विचार अन्तिम वा अपरिवर्तनीय भन्ने हुँदैन ।

तेस्रो, विचार सही कि गलत, त्यसको नापजोख गर्ने आधार के ?

कुनै पनि विचारको सहीपनाको कसी वा आधार व्यवहार नै हो । जुन विचार सामाजिक व्यवहारमा उतार्दा वास्तविकतासित मेल खान्छ, त्यो सही विचार हो । जुन विचार सामाजिक व्यवहारमा उतार्दा वास्तविकतासित मेल खाँदैन, त्यो गलत विचार हो । जुन विचार सामाजिक व्यवहारमा लागू गर्दा अपेक्षित नतीजा निकाल्छ, त्यो सही विचार हो । जसले त्यस्तो नतीजा निकाल्दैन, उल्टो वा अरु नतीजा निकाल्छ, त्यो गलत विचार हो । मानिस आफ्नो काममा सफल हुने हो भने उसले हरहमेशा, आफ्नो विचारलाई वस्तु जगतसित मेल खान्छ या खान्न होशियारीपूर्वक निरीक्षण गरिरहनु पर्छ र आफ्ना विचारहरुलाई, बाह्य वस्तु-जागतसित मेल खाने पार्नु पर्छ । अनि मात्र उसले अपेक्षित नतीजा पाउन सक्छ । नत्र उसको असफलता निश्चित छ । लाखौं वर्षको यो अवधिमा मानिस जनावरबाट भिन्न विचारशील प्राणी हुन सकेको नै लगातार श्रम, लगातार प्रयोग र व्यवहारबाट प्राप्त ज्ञान र अनुभवहरुको संश्लेषणले गर्दा हो । त्यसैले विचार विकासको मूल कडी व्यवहारमा त्यसको प्रयोग र प्रयोगबाट प्राप्त ज्ञान र अनुभवको संश्लेषण हो ।

— प्रज्ञानरत्न

## एशियाली देशहरुमा कम्युनिष्ट पार्टीहरुको जन्म

इण्डोनेशियन कम्युनिष्ट पार्टी सन् १९२०
मंगोलियन पिपुल्स रिभोल्यूशनरी पार्टी सन् १९२०
टर्की कम्युनिष्ट पार्टी सन् १९२०
इरानी कम्युनिष्ट पार्टी सन् १९९२
चीनीया कम्युनिष्ट पार्टी सन्१९२१
जापानी कम्युनिष्ट पार्टी सन् १९२२
कोरियन श्रमिक पार्टी सन् १९२१
भारतीय कम्युनष्टि पार्टी सन् १९२८
भियतनामी श्रमिक पार्टी सन् १९३०
फिलिपाइन कम्युनिष्ट पार्टी सन् १९३०
मलेशियन कम्युनिष्ट पार्टी सन् १९३१
इराकी कम्युनिष्ट पार्टी सन् १९३४
सिलोन कम्यूनिष्ट पार्टी सन् १९४०
बर्मीज कम्युनिष्ट पार्टी सन् १९४३
कम्बोडियन कम्युनिष्ट पार्टी सन् १९४५
प्याथेट लाओ सन् १९४५
नेपाल कम्युनिष्ट पार्टी सन् १९४५

## एशियाली देशमा भएका क्रान्तिहरु

मंगोलियामा सन् १९२४
उत्तर भियतनामामा सन् १९४५
उत्तर कोरियामा सन् १९४६
चीनमा सन् १९४९
कम्पुचियामा सन् १९७५
पूरै भियतनाममा सन् १९७५

# चेतनास्तर कि हठवाद ?

## कसैले जीवन आहुती दिँदैमा त्यो महान कार्य भैहाल्छ ?



समाजमा परिवर्तनका खातिर त्याग बलिदानको आवश्यकता त सँधै पर्दछ । बिना त्याग बलिदान कुनै महत्कार्यको सम्पादन हुन सक्तैन । त्याग, बलिदान र इमान्दारी भनेका अत्यावश्यक र आधारभूत कुरा हुन् । तर केवल त्याग र बलिदानले कुनै अभिष्ट प्राप्त हुन सक्तैन ।

इतिहासमा थुप्रै त्याग-बलिदानका कथा र प्रसंग पाउँछौं, कति बीर पुरुषहरुले जीवनको आहुति दिएका पाउँछौं । आज पनि समाज परिवर्तनका लागि धेरै राजनैतिक कार्यकर्ताहरुले जीवन होमीराखेका छन् । उनीहरु जीऊ-ज्यान अर्पेर हिंडिरहेका छन् । व्यक्तिगत सुख-सयललाई त्यागेका छन् । परिवारप्रति असहयोगी बनेका छन् । त्यस्ता राजनैतिक नेता-कार्यकर्ताहरुको इमान्दारी र त्यागमाथि कुनै शंका छैन , उनीहरुको आत्मउत्सर्ग उच्चकोटीकै छ । तर यति हुँदा हुदै पनि उनीहरुको जीवनमा कुनै गति, उनीहरुको आन्दोलनमा कुनै गति देखा परेको छैन । यसको कारण के हो ?

कुनै आन्दोलन ठीक दिशामा निर्देशित हुनका लागि, कुनै अभिष्ट प्राप्तिको लागि चेतनाको भूमिका सर्वोपरि हुन्छ । मजदूर-आन्दोलन भनेकै अत्यन्त सचेत आन्दोलन हो । वर्ग विभाजित समाजमा वर्गीय चेतनाले मानिसलाई यता वा उता लाग्न उत्प्रेरित गरिरहन्छ । र, समाजमा विद्यमान प्रभुत्वशाली वर्ग-चेतनाले वर्गस्तरमा प्रभाव पारिरहेको हुन्छ । उदीयमान चेतनालाई धुन्ने, छेक्ने, र त्यसलाई विकृत पार्ने काम गरिरहेको हुन्छ । त्यसकारण, वर्गीय अवधारणाहरुमा स्पष्ट नभै, वर्गगत मूल्य र मान्यताहरुले सज्जित नभै कुनै पनि आन्दोलन अगाडि बढ्न सक्दैन ।

त्याग-बलिदान सचेतन् भूमिकामा निर्वाह हुन पुगेमा मात्र त्यो वास्तविक त्याग-बलिदान हुन्छ । वस्तुगत सोचाइबाट निर्मित उत्सर्गले मात्र वास्तविक जीवनमा कुनै योग पुऱ्याउन सक्तछ । आत्मगत (*Subjective*) सोचाइबाट संचालित उत्सर्गहरुले कुनै योग पुऱ्याउन सक्तैनन । तिनले त अरु भ्रमहरु पैदा गर्दछन्, निराशा, हतोत्साह र क्लेशहरु जन्माउँछन् । यसबाट जीवन र समाजलाई कुनै प्रेरणा हुँदैन ।

यस कारण, त्याग र बलिदानलाई मात्र हेरेर कुनै मूल्यांकन गर्न सकिन्न । कसैले जीवन आहुती दिँदैमा त्यो महान कार्य भैहाल्छ भन्ने छैन । बलिदानको एउटा पक्ष मात्र मानिसलाई मूल्यांकन गर्ने कुरो होइन । साथै बलिदान नै नभएको , आत्मउत्सर्ग नै नभएको विचार पनि कुनै कामको हुन्न । विचार र भावनाको उच्च किसिमको समन्वय वा यिनको द्वन्दात्मक सम्बन्धमा नै सही धारणा बन्न सक्छ ।

वर्ग-सचेत नभएको त्याग र बलिदानले हठ र अन्धता जन्माउने गर्दछ । कुनै कार्यकर्ताले आफू लगनशील भएकै कारणले आफू सबैभन्दा ठीक भएको ठहऱ्याउन पुग्दछ र आफ्ना होचपोच विचारहरुलाई सही विचार ठान्न पुग्दछ । र, ऊ मुद्धाग्रही बन्ने संभावना हुन्छ । साथै, यसरी निर्मित भएका धारणाहरुले समाजमा कुनै पनि सहयोग पुऱ्याउन सक्तैनन् । बरु तिनले, हठवादिता, अन्धतालाई बढावा दिन्छन्, जसले सिद्धान्तलाई धर्मशास्त्रको रुपमा र संगठनलाई कुनै मतवादी सम्प्रदायको रुपमा विकास गराउँछ । सिद्धान्तलाई गतिशील भन्न छोडेका हुन्नन् तर सही-चिन्तन वा चिन्तन प्रकृयामा एक किसिमको रुकावट (*Stagnation*) आईसकेको हुन्छ ।

"यसरी वैज्ञानिक सिद्धान्त वा द्वन्दात्मक सिद्धान्तहरु पनि एक किसिमले रुढी चिन्तन र संप्रदायमा फेरिन पुग्दछन ।

आज मार्क्सवादी आन्दोलनमा पनि यही भइरहेको छ । आन्दोलनकारीहरु यथेष्ठ रुपमै सम्प्रदायवादी, हठवादी हुन पुगेका छन् । एउटा पक्षलाई मात्र हरेर मूल्यांकन गर्ने, कुनै एक समयमा निर्धारित भएका रणनीति र कौशललाई सर्वकालीन बनाउने र सिद्धान्तलाई शास्वत रुपमा ग्रहण गर्ने आदि असंगतिहरुले मार्क्सवादी आन्दोलन भरिएको छ । मार्क्सवादको नाममा मार्क्सवादलाई नै बदनाम गर्ने, यसलाई रुढी चिन्तन र सम्प्रदायवादमा फेर्ने काम भैरहेको छ ।

त्यसकारण आफ्नो यो हठवादी मतवादी चिन्तन प्रकृयाबाट मुक्ति पाउनका लागि हामीमा त्याग र बलिदान मात्र भएर पुग्दैन । यी रुढी धारणाहरुलाई हामीले फेर्नु पनि जरुरी छ । चेतनास्तर भनेको कुनै सूचनाहरु र जानकारीहरुको पोको वा सामान्य ज्ञानको पुस्तक होइन, यो त सांस्कृतिक-वैचारिक स्ट्याण्डर्ड हो भन्ने बोध हुनु जरुरी छ । आजको अचेत स्थितिलाई सचेतन-आन्दोलनमा नफरेसम्म समाज परिवर्तन गर्ने हाम्रो अभिष्ट केवल कुरो मात्र हुनेछ ।

— डी० आर० पोखरेल


# प्राथमिक कण र पदार्थको बनावट

# एक मिटरको खरबौं भाग सानो अंशको पनि अध्ययन भइरहेछ

एउटा सानो परमाणु एक मिटरको लाखौं भागको एकभाग जति आकारको हुन्छ । साथै, परमाणुको बीचमा रहने न्युक्लिअसको आकार अझ एक मिटरलाई खरबौं भागमा बिभाजन गर्दा पाइने एक भाग जति हुने गरेको कुरा आज साधारण ज्ञानको रुपमा लिने गरिन्छ । एक शताब्दीको जटील र महत्वपूर्ण अनुसन्धान अर्को शताब्दीमा साधारण ज्ञानको रुपमा रहेको हुन्छ भन्ने धारणा आजभोलि हामीहरु धेरैले महशूस गर्दै आएका छौं । पदार्थको बनावट सम्बन्धी धारणा वा सापेक्षताको सिद्धान्त जस्ता यस शताब्दीका महत्वपूर्ण एवं जटील अनुसन्धान आजभोलि सर्वसाधारणकै मुखबाट पनि सुन्न सकिने अवस्था रहेको यथार्थले माथिको भनायईलाई पुष्टि गर्छ ।

अझ दूर संचार एवं अन्य केही क्षेत्रमा भएको प्रगति वा विकास देख्नेवाला वा कम्प्पूटर अथवा साधारण क्याल्कुलेटर प्रयोग गर्ने जो सुकैले पनि आजको उपलव्धीबाट सन्तोष लिएको भए तापनि धेरै जसोलाई नै १९५० को दशकमा पत्ता लगाइएका अर्ध-सुचालक (Semiconductor) को अविष्कार गर्ने नोबेल पुरस्कार बिजेता बार्डिन, ब्रिटन र शरले जस्ता विश्व विख्यात बैज्ञानिकहरुको नाम थाहा नभएको पनि हुन सक्छ । तर तिनीहरुले पत्ता लगाएका बैज्ञानिक खोजबाट हुन पुगेको प्रविधिको विकासलाई भने कसैले पनि नकार्न मिल्दैन ।

यसबाट के पनि प्रष्ट हुन्छ भने बैज्ञानिकहरुले भन्ने गरेको बाक्य "बिज्ञान बृक्ष हो र प्रविधि त्यसमा फल्ने फल हो" लाई पूर्ण रुपले स्वीकारेको देखिन्छ । त्यसैल संक्षपमा भन्नुपर्दा विज्ञान अघि अघि सर्दै गएको देखिन्छ भने प्रविधि बिज्ञानको सिद्धान्तलाई प्रष्ट पार्दै पछि पछि दगुरीरहेको पाइन्छ । यहाँ यी दुवै क्षेत्र वा बिधाको संमिश्रणबाट आजभोलि सुक्ष्म प्राथमिक कण (Elementary perticles) को सम्बन्धमा गरिएको आधुनिक अनुसन्धानको



बिवेचना गर्ने प्रयास गरिएको छ ।

न्युक्लिअसभित्र बिद्युतीय गुण नदेखाउने कण न्युट्रनको आविष्कार सन् १९३२ मा चाडविकले जब गरे, त्यसपछि अरु अरु कण सम्बन्धमा खोजि हुन थाल्यो र कुनै बेला यस्तो स्थिति पनि आइपुग्यो, जुन बेला विश्वको प्रमुख समाचार यस्ता कणहरुको अविष्कार गरिएको सम्बन्धमा नै पनि हुन पुग्यो र त्यतिखेर नयाँ कण पत्ता लागेको यो कुरा झण्डै दिनहुं जस्तो पाठकले पढ्न पाउँथे । हिजो आज एकातर्फ यस्ता कणहरु मध्ये धेरै चांहीं क्वार्क (Quarks)बाट बन्ने गरेको बुझिएको छ भने अर्कोतर्फ यस्तो सुक्ष्म-कण क्वार्क पनि बिभिन्न किसिमका भएको जनाइन्छ ।

सन् १९७८ मा पाँचौं किसिमको क्वार्क अमेरिकाको सिकागो नजीक रहेको फर्मि प्रयोगशालामा आविष्कार भयो र त्यसलाई बटम क्वार्क (Buttom Quark) भनियो र यसको जोडी टप (Top) क्वार्कको सम्बन्धमा खोजि शुरु भयो । सैद्धान्तिक तवरले के पत्ता लगाइएको थियो भने यस्ता आधारभूत कण क्वार्क एक्ला एक्लै रुपमा नरहेर जोडी जोडीमा रहने गर्दछन् । त्यसैले बटम क्वार्कको जोडी टप क्वार्कको पनि अस्तित्व हुनु पर्ने कुराको प्रयोगात्मक तवरले खोजि शुरु भयो र अन्ततः फर्मि प्रयोगशालामा रहेको ठूलो यन्त्र टेभाट्रन -Tevatron_ को सहायताबाट आज माथि उल्लिखित टप क्वार्कको अस्तित्व पनि फेला पार्न सकिएको कुरा प्रकाशमा आएको छ ।

क्वार्क र इलेक्ट्रन जस्ता कणहरुबाट ठोस पदार्थ बनेको हुन्छ र तिनीहरुलाई आपसमा अड्याउन सक्ने बल या बिद्युतीय क्षेत्र पनि अन्य बोजोन -Boson) समूहमा पर्ने कणहरुबाट नै प्राप्त हुने कुरा बताइन्छ । सबभन्दा पछाडि प्राप्त भएका बोजोन कणहरु जुन क्रमशः १९८२ र १९८३ मा पत्ता लगाइएका थिए, तिनलाई W (डब्लु) र Z (जेड) नामाकरण गरिएको मात्र हैन Z बोजोनको खिइने प्रक्रिया (Decay Process) को अनुसन्धानबाट क्वार्क केवल ६ किसिमका मात्र हुनसक्ने बताइन्छ । यी दुई बोजोन कण (W र Z) प्राप्त गरेबाट सन् १९८४ मा सी. रुबिया र एस. भान्डरबिलले नोबेल पुरस्कार प्राप्त गरेकाले यस बिधामा काम गर्नेहरुलाई अझ प्रोत्साहन पुगेको हुनुपर्छ भन्नु यहाँनिर प्रासंगिक नै हुने देखिन्छ ।

माथि उल्लेखित यन्त्र टेभाट्रनको तुलनामा युरोपको कण भौतिक शास्त्र (Particle Physics) को केन्द्रको रुपमा रहेको स्विट्जरलैण्ड र फ्रान्सको सीमानामा पर्ने जेनेभा शहरको बाहिरपट्टि राखिएको २७ कि.मि. लामो सुरुङमा अवस्थित ठूला-ठूला कणको ठक्करावटबाट हुने प्रतिक्रिया अध्ययन गर्ने ठूला ठूला यन्त्रहरु जुन

## १९९२ मा कुन कुन वैज्ञानिक आविस्कार र उपलब्धीहरु भए ?

### * २४ लाख वर्ष पुरानो मानव अवशेष प्राप्त

२५ वर्षको अध्ययन पछि, केन्यामा २४ लाख वर्ष पहिलेको मानव खप्परको टुक्रा भेटिएको छ । Homo लाइनको मानवको पुर्खाको अवशेषमध्ये यो सबैभन्दा पूरानो अवशेष मानिएको छ । यो उपलब्धिबाट वर्तमान मानवको पुर्खा पहिले ठानिए भन्दा ५ लाख वर्ष अघि पनि अस्तित्वमा रहेको थाहा भएको छ । यसअघि वर्तमान मानवको पुर्खा १९ लाख वर्ष अघि अस्तित्वमा रहेको ठानिएको थियो ।

### * संभवत: सवभन्दा विशाल र पुरानो जैविक पदार्थको अवशेष प्राप्त

करीब १०० टन गह्रौ, (नीलो ह्वेल जतिकै तौल भएको), १,५०० देखि १०,००० वर्ष अघि पुरिएको, जैविक पदार्थको अवशेष अमेरिकाको मिचिगन राज्यको क्रिष्टल फल्समा भेटिएको छ । यो संभवतः अहिलेसम्मको सवभन्दा विशाल र पूरानो जैविक वस्तु मानिएको छ ।

### * शुरु मानव उत्पत्ति- अफ्रिकामा होइन, चीनमा भएको प्रमाण प्राप्त

१९८९/९० मा चीनमा उत्खनन् गरेर भेटिएका ३ लाख ५० हजार वर्ष पुराना मानव खप्परहरुको अध्ययनले-अहिलेसम्मको शुरु-मानवको उत्पत्ति अफ्रिकामा भएको थियो भने प्रचलित सिद्धान्तलाई चुनौति दिएको छ । यो अध्ययनले के देखाएको छ भने मानवको विकास स्वतन्त्र रुपमा चीन र संसारका अन्य भागमा भएको थियो ।

### * शुरु-मानव कहिले अफ्रिकाबाट अन्यत्र फैलियो ?

पूर्व सोभियत संघको जर्जियामा करीव १६ लाख वर्ष पुरानो मानव बंगारा भेटिएको छ । यो बंगारा मानवको पुर्खा Homo Sapiens भन्दा अघिल्लो Species-Homo erectus को मानिएको छ । यदि यो कुरा पुष्टि भयो भने मानवको पुर्खा १० लाख वर्ष भन्दा अघि नै अफ्रिकाबाट अन्यत्र फैलिएको थियो भन्ने कुराको यो पहिलो भरोसिलो प्रमाण हुनेछ । ●

तथ्य स्रोत:- The World Almanac, Book of Facts, 1993, न्यूयोर्क, अमेरिका

राखिएका छन्, तिनीहरुको शक्ति उपार्जन गर्ने क्षमता टेभाट्रनको भन्दा कम भएको हुँदा र यस बिधामा भएको प्रगतिलाई बिचार गरेर यूरोपको केन्द्र *CERN* का बैज्ञानिकहरु अझ ठूलो यन्त्र वृहत ह्याड्रन कोलाइडर *-Large Hadron Collider* को आवश्यकता महशूस गरिरहेका छन् भन्ने समाचार प्रकासमा आएको छ । यति मात्र हैन यसको लागि करीब १ अरब ४० करोड अमेरिकी डलरको आवश्यकता पर्ने कुरा पनि जानकारीमा आएको छ । यूरोपियन केन्द्र (*CERN*) को बजेटको व्यवस्था युरोपियन देशहरुको कूल वार्षिक आयको आधारमा दिइने रकमबाट हुने गरेको कुरा पनि सर्वबिदितै छ । हाल आएर स्पेनको बढ्दो आर्थिक विकासले गर्दा करीब २१ करोड अमेरिकी डलरबाट बनाउन सकिने टाउ (*Tau*) एवं चार्म *-Charm* कोलाइडर फ्याक्ट्री *CERN* मा नराखी स्पेनमै राख्नु पर्ने धारणा स्पेनको रहेको कुरा प्रकाशमा आएको छ । साथै, त्यहाँ यस बिधाका बैज्ञानिकहरुको संख्या करीब १२० जना रहेको कुरा पनि प्रचारमा आएको छ । स्पेनले १९८० को दशकमा जुन रुपले आफ्नो आर्थिक अवस्था सुदृढ गऱ्यो, त्यसै अनुसार सन १९९२ मा करीब २ करोड ५० लाख अमेरिकी डलर *CERN* लाई बुझाएबापत त्यसको फिर्ता स्वरुप आफ्ना बैज्ञानिकहरुको काम गर्ने थलो बनाएको मात्र हैन, स्पेनले जसबाट आफ्नो उद्योगको विकास गर्न बजार प्राप्त गरेको छ ।

माथि उल्लेखित जटील सुक्ष्म प्राथमिक कणहरुलाई बिद्युत चुम्बकीय क्षेत्रमा पारेर अत्यधिक गति, जुन करीब करीब प्रकाशको शून्यमा हुने गतिको समीपमा पुऱ्याइन्छ । (आइन्सटाइनको सिद्धान्त अनुसार कुनै पनि बस्तुको गति शून्यमा अर्थात कुनै पनि माध्यम नभएको अवस्थामा हुंने प्रकाशको गति भन्दा बढी हुनै सक्तैन) त्यस अवस्थामा अन्य पदार्थमा ठक्कर दिंदा हुने प्रक्रियाबाट बिभिन्न किसिमका नयाँ कण एवं शक्ति उपार्जन हुने कुरा पनि माथि उल्लेख गरीसकिएको छ । फर्मि प्रयोगशालामा अविस्कार भएका टप क्वार्क र करीब त्यसै बेला युरापको *CERN* मा राखिएको एक यन्त्रबाट चार किसिमका अनिश्चित घटना घटेको कुरा पनि चर्चामा आएको छ । त्यसमा इलेक्ट्रनको धक्काबाट दुई लेप्टन्स र दुई बिश्वासै गर्न नसकिने शक्तिशाली गामा विकिरण प्राप्त भएको र कम्प्यूटरको विश्लेषणबाट उपलब्ध नजीजासँग तुलना गरेर हेरेपछि माथि उल्लेखित गामा विकिरण कुनै नयाँ नजानिएको कणको खियावटबाट बन्न पुगेको हुन सक्ने पनि अन्दाज गरिएको छ । बिगत दुई दशक भन्दा बढीका बर्षहरुमा (सन् १९७१ देखि १९९२ सम्म) भएका भौतिक शास्त्रका बिभिन्न विधामा गरिएका प्रमुख अनुसन्धान मध्ये जम्मा आठ वर्षमा( १९७५,१९७६,१९७९,१९८०,१९८५,१९८८,१९९० र १९९२) यी नै सुक्ष्म तर जटील कणहरुको सम्बन्धमा उल्लेखनीय देन दिएबापत नोबेल पुरस्कार प्राप्त भएको कुरा पनि जानकारीमा आएको छ । यसमध्ये ए. बोहर, बी. मोटेलसन र जे. रेनबाटरले परमाणु भित्र रहने न्युक्लिअस भित्र हुने सामूहिक गति एवं कणहरुको गतिको अविस्कार गर्नुका साथै यसै सम्बन्धबाट न्युक्लिअस भित्रको बनावट सम्बन्धी सिद्धान्त प्रतिपादित गरे बापत सन् १९७५ मा नोबेल पुरस्कार प्राप्त गरेका थिए भने सन् १९९० मा पुगेर जे. आइ. फ्रिडम्यान, एच् डब्लु. केन्डन र आई. इ. टेलरले "क्वार्क मोडेल" विकास गर्न चाहिंने इलेक्ट्रनको प्रोटन र न्युट्रनसँग हुने इन इलास्टिक स्क्याटरिङ्ग (*Inelastic Scattering*) पद्धतिको विकास गरे बापत सो पुरस्कार प्राप्त गरेथे।


त्यसै गरी सुक्ष्म कण छुट्याउन सक्ने यन्त्र (*Electronic particle detector*) जसबाट बृहत शक्तिशाली कणहरुलाई यस्ता ठूला यन्त्र एक्सिलरेटर भित्रै हुने धक्काबाट प्राप्त सुक्ष्म कणहरुको दिशा पनि जान्न सकिने तरीका पत्ता लगाएबापत जि. चार्पाकलाई सन् १९९२ को नोबेल पुरस्कारबाट सम्मानित गरिएको छ ।

यस्ता कणहरुको ठक्रावटबाट कति शक्ति उपार्जन हुन सक्छ भन्ने कुराको लागि आणविक शक्तिको निम्नानुसार अन्दाज गर्न सकिन्छ ।

एउटा युरेनियम २३५ को न्युक्लिअसमा न्युट्रनले धक्का दिंदा दुई तत्व बेरन र कृप्टनका साथै न्युट्रन र भयंकर शक्ति प्राप्त हुन्छ, जसलाई आणविक शक्ति भन्ने गरिएको छ । सर्वप्रथम यस्तो आणविक शक्तिको खुल्ला प्रयोग जापानका हिरोसिमा र नागासकीले सन् १९४५ मा बेहोर्नु परेको कुरा पनि सर्वबिदितै छ र यो प्रविधिको विकास आइन्स्टाइनको पिण्ड र शक्ति सम्बन्धी खोजबाट हुन सकेको कुरा प्रष्ट नै छ । माथि उल्लेखित प्रतिक्रियामा प्रतिक्रिया अगाडिको युरेनियमको भार भन्दा पछि बेनेका नयाँ दुई तत्वको भारमा कमी देखिन्छ । सो कमी भएको भार नै शक्तिमा परिर्वतन हुँदा त्यो भयंकर शक्तिको रुपमा बाहिर आउँछ ।

यसरी हेर्दा पदार्थको बनावटको सम्बन्धमा एकातर्फ प्रचुर ध्यान दिएको कुरा थाहा हुन आएको छ भने त्यो पदार्थलाई शक्तिमा परिर्वतन गर्दा प्राप्त हुने शक्ति भयंकर ठूलो हुने हुँदा जुनसुकै रुपमा प्रयोग गर्न सकिने तथ्य पनि आज सबैले महशूस गरेका छन् भन्दा अत्युक्ति हुने देखिदैन ।

पदार्थको बनावट सम्बन्धमा भित्र खोतलेर अन्वेषण गर्नु आज निकै महत्वपूर्ण हु दै आएको देखिन्छ । यसै शताब्दीको शुरुतिर पत्ता लगाइएको परमाणविक बनावट अहिले आएर त्यति साधारण रुपमा नभएको कुरा पनि प्रष्ट हुन आएको छ, जसलाई निम्नानुसार बताउन सकिन्छ ।




यी तथ्य भनाइलाई ध्यान दिंदा भौतिक शास्त्रका विभिन्न विधा मध्ये आज भोलि "पार्टिकल फिजिक्स" जुन रुपबाट विकास हुदै आएको देखिन्छ, त्यसले पदार्थको बनावट झन जटील भएको जानकारी दिएको मात्र हैन, अत्यधिक आणविक शक्ति उपार्जन गर्ने नयाँ नयाँ पद्धिति दिन पर दिन बढ्दै गएको तथ्यांकलाई छर्लङ्ग पारेको पाइन्छ । अझ गजबकै कुरा यो संयाग नै भनौं, यस शताब्दीका पहिला केही दशकं भित्रै परमाणुको बनावट सम्बन्धी धारणा एन्. वोहरले पत्ता लगाएवापत नोबेल पुरस्कार प्राप्त गरेका थिए भने परमाणुको न्युल्किअसभित्र हुने बिभिन्न प्रतिकृया पत्ता लगाएवपात उनका छोरा ए. वोहरले १९७५ मा नोवेल पुरस्कार प्राप्त गरेको कुरा माथि नै उल्लेख भइसकेको छ । आज भोलि हर बिधामा भएको प्रगति र बिकासलाई केलाउँदा र एक दशक भित्रै यति नयाँ सिद्धान्त र तिनको प्रयोगबाट हुने प्रविधिको विकासलाई हृदयंगम गर्दा आजको मानिस कुन सीमाना पुगेर रोकिने होला भन्ने उत्सुकताको जवाफ शायद यतिबेला कसैले दिन सक्ने स्थिति छैन भन्नु अस्वाभाविक पनि देखिदैन ।

स्रोतः

१. साइन्टिफिक अमेरिकन, अप्रिल १९८३
२. नोवेल लेक्चर सेरिज रिपोर्ट वर्ल्ड साइन्टिफिक, अटम १९९२
३. साइन्स न्युज, अक्टोवर २४, १९९२
४. द इकोनोमिष्ट, डिसेम्बर १२, १९९२

विज्ञान / प्रविधि

## पृथ्वीमा ठक्कर लाग्न सक्ने

## नयाँ उपग्रह !

अन्तरिक्षको कुनै ठाउँमा पृथ्वीसँग ठक्कर लाग्न सक्ने एक माइल चौडा भएको पहाड जस्तो उपग्रहको अस्तित्व भएको अमेरिकी बैज्ञानिकहरुले पत्ता लगाएका छन् ।

बैज्ञानिक जोन डि. च्यादरको अध्यक्षतामा गठित दुई सदस्यीय च्यादर अध्ययन समितिले गरेको अध्ययन अनुसार उपग्रह पृथ्वीसँग ठोक्किन गएको खण्डमा परिणाम भयंकर खतरापूर्ण हुनसक्छ । त्यसैले अन्तरिक्षमा दुर्घटना हुनु अगाडि नै यो चिन्ताजनक समस्याको खतराबाट जोगिने उपायको खोजी गर्नु आवश्यक हुने कुरा त्यस समितिले जनाएको छ । अन्तरिक्षको त्यो उपग्रह एक सेकेण्डमा २० माइल (३६ किलोमिटर) को गतिले सूर्यको परिक्रमा गरिरहेको छ । उपग्रह ठूलो आकारको भएकोले त्यसको बैज्ञानिक जानकारी लिन गाह्रो भइरहेको छ ।

बैज्ञानिक जोन डि. च्यादरको भनाइ मुताबिक अहिलेसम्मको लागि पृथ्वीको सबैभन्दा ठूलो आणविक अस्त्रको शक्ति पनि त्यो उपग्रहको तुलनामा सानो ठहरिन्छ । समितिको सुझाब के छ भने, आणविक प्रविधि प्रयोग गरेर त्यो उपग्रहलाई पृथ्वीको सतह नजिक होइन, टाढा कुनै ठाउँमा विष्फोटन गराउनु पर्छ । त्यसबाट उपग्रहका टुक्राहरुबाट पृथ्वीलाई हानी पुग्ने खतरा कम हुन सक्छ ।

## वामपन्थी नेताहरुका विचारहरु कति समान, कति असमान ?

# नेपाली कम्युनिष्ट आन्दोलनको आधारभूत समस्या के हो ?

मूल्यांकनले अंक ५ देखि नेपालको कम्युनिष्ट आन्दोलनका आधारभूत समस्याहरुका बारे नेपाली कम्युनिष्ट आन्दोलनका नेताहरुको विचार लिई अन्तर्क्रियाका लागि क्रमश: प्रकाशित गर्दै आएको छ ।

हालको स्थितिमा निश्चय नै नेपाली कम्युनिष्ट आन्दोलनले व्यापक जन-समर्थन प्राप्त गरेको छ र यो आन्दोलन मुलुकको एक महत्वपूर्ण शक्तिको रुपमा स्थापित पनि भएको छ । तर यसका सामु गंभीर समस्याहरु पनि विद्यमान छन् । यतिका वर्षको यात्रापछि पनि किन नेपालमा क्रान्ति संभव भइरहेको छैन र किन क्रान्तिबारे स्पष्ट खाका बन्न पनि सकिरहेको छैन ?- यो प्रश्नले आन्दोलनका सहभागीहरु र शुभेच्छुकहरुलाई निरन्तर घच्घच्याई रहेको छ । जरो कारण पत्ता लागाएमा मात्र ती समस्याहरु वा कमजोरीहरु हटाउनतिर सही रुपले हाम्रो प्रयत्न अघि बढ्न सक्दछ ।

यसै धारणालाई आत्मसात गरी हामीले यसबारे उपरोक्त नेताहरु सँगबाट संकलन गरेका विचारका मूल मूल बुँदाहरुका सारहरुलाई एकसाथ यहाँ प्रस्तुत गरेका छौं । विभिन्न पार्टीका नेताहरुका यी विचारहरु बीच के कति समानता छन्, के कति असमानता छन् भन्ने कुरा बुझ्न र यस महत्वपूर्ण विषयका बारेमा आफ्नो पनि धारणा बनाउन पाठकहरुलाई यसले मद्दत पुऱ्याउने आशा हामीले लिएका छौं ।

-मूल्याङ्कन ।

## क. मोहनबिक्रम सिंह

हामी प्रायश : तात्कालीन राजनीतिक र व्यावहारिक विषयमा अल्मलिएका छौं । सैद्धान्तिक प्रश्नहरुमा हाम्रो भूमिका अत्यन्त पछि परेको छ । संपूर्ण कम्युनिष्ट आन्दोलनको पछौटे सैद्धान्तिक स्तरले गर्दा नै यस्तो भएको हो ।

त्यसैले पिछडिएको सैद्धान्तिक स्तरका कारणले पैदा भएको सैद्धान्तिक अस्पष्टता नै हाम्रो कम्युनिष्ट आन्दोलनको आधारभूत समस्या हो ।

## क. मदन भण्डारी

एक, हामीले प्रभावशाली कम्युनिष्ट दर्शन, सिद्धान्त र राजनीति त अप्नायौं । तर त्यसलाई कार्यान्वयन गर्नको लागि जुन हाम्रो वस्तुगत स्थिति छ, त्यो चाहिं पछौटे र भिन्न रह्यो । दुई, यस्तो पिछडिएको र भिन्न स्थितिमा त्यो सिद्धान्तलाई जसरी रचनात्मक ढंगले प्रयोग



गर्ने नयाँ विशेष नीति बन्नु पर्थ्यो, त्यो बन्न सकिरहेको छैन । तीन, पार्टीका नेता र कार्यकर्ताको चरित्र र जीवन शैली साम्यवादको कसीमा घोटेर हेर्दा ठीक हो भनेर सावित गर्ने स्थिति बनेको छैन । यी तीन वटा समस्याहरु हाम्रो आन्दोलनका आधारभूत समस्याहरु हुन् ।



यी तीन मध्ये पनि मूल रुपमा भन्ने हो भने रचनात्मकताको अभाव नै मूल समस्या हो ।

## क. प्रचण्ड

मूलभूत रुपमा दुई वटा समस्या छन्: एउटा- वस्तुगत समस्या, अर्को- आत्मगत समस्या ।

वसतुगत समस्याका तीन कारण छन्: पहिलो, हाम्रो आर्थिक, राजनीतिक र सामाजिक विकासको अवस्थाले गर्दा यहाँ निम्न पूँजीवादी चिन्तन हावी हुनु । दोस्रो, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा प्रतिक्रान्तिकारी धार हावी हुनु र त्यसको असर यहाँको आन्दोलनमा पर्नु । तेस्रो, अन्तर्राष्ट्रिय साम्राज्यवादले समाजवादको पतन भयो भनेर प्रचार गर्नु र त्यसले यहाँको निम्न पूँजीवादी मानसिकतामा असर गर्नु ।

आत्मगत समस्या के हो भने, नेपालको कम्युनिष्ट आन्दोलनमा यहाँको वर्ग स्थिति र क्रान्तिको स्वरुपबारे प्रष्ट खाका नबन्नुको कारणले शुरुदेखि अहिलेसम्म मूल रुपमा दक्षिणपन्थी अवसरवादी प्रवृति हावी रह्यो ।

यी दुई समस्या मध्ये पनि तुलना गरेर भन्नु पर्दा, नेपालको आर्थिक, सामाजिक अवस्थामा यहाँको नेतृत्वले माओले मार्क्सवाद लेनिनवादलाई जुन उँचाइमा पुऱ्याउनु भएको थियो, त्यो सिद्धान्तलाई व्यवहारमा लागू गर्न नसक्नु नै मूल समस्या हो ।

## क. रोहित

नेपालको कम्युनिष्ट आन्दोलनले मार्क्सवाद, लेनिनवाद र माओ विचारधारालाई भावुक रुपले स्वीकार गर्नु, नेपालको वस्तुगत परिस्थितिलाई हेरेर लागू गर्ने कुरामा धेरै कमी कमजोरी देखा पर्नु नै हाम्रो आन्दोलनको मूल समस्या हो ।



हाम्रो देशको मुख्य समस्या के हो, हाम्रो मुख्य प्रहार लक्ष्य कुन हो, हामी कुन बाटो लाग्ने, कसरी लाग्ने र केही वर्ष पछि हामी कुन ठाउँमा कसरी पुग्ने भन्ने कुराको समेत हामीसँग कुनै त्यस्तो खाका रहेन । अहिलेसम्म पनि यी कुराहरुमा अल्मल नै छ । यी यस्ता कुरामा अल्मलाहट हुनु अर्थात हामी आत्मगत रुपले क्रान्तिको निम्ति तयार नहुनु नै हाम्रो आन्दोलनको आधारभूत समस्या हो । हामीले भौतिक परिस्थिति र आत्मगत परिस्थितिबारे राम्ररी चिन्तन गर्नै नसकेको जस्तो मलाई लाग्छ ।

## क. विष्णुबहादुर मानन्धर

हामीले मार्क्सवादलाई मान्यौं । तर मार्क्सवादरुपी विज्ञानलाई हाम्रो आफ्नो अवस्थामा कसरी लागू गर्ने भन्ने कुरामा चाहिं हाम्रा कमजोरी, त्रुटीहरु रहन गए । हामीले अरु कुरालाई चाहिं समात्यौं तर त्यसलाई विशेष रुपमा कसरी लागू गर्ने ? त्यसमा त्रुटी कमजोरी रहन गए ।



यहाँको सामाजिक स्तर के छ ? विकासको कुन स्तरमा हाम्रो समाज छ ? यहाँको वर्ग विश्लेषण के हो ? यहाँ कुन कुरा समात्ने, कुन फाल्ने ? यी सब कुरामा हामीले सतही अध्ययन मात्र गर्‍यौं, गहिराइमा अध्ययन गर्न सकेनौं । नतिजा के भयो भने- हामीले अध्यारोमा हाम्फाल्ने काम मात्र गर्‍यौं ।

त्यसैले मूल समस्या आफ्नो परिवेश र अवस्थाबारेको सही समझमा रहेको कमि हो । ठोस स्थितिको ठोस विश्लेषणमा हाम्रो कमी रह्यो ।

## क. शंभुराम श्रेष्ठ

आधारभूत समस्या तीन वटा छन्: पहिलो, ४३ वर्ष बित्दा पनि बाहिरको किताब



पढ्नु, अनुभव लिनु तर नेपालको क्रान्तिको सिद्धान्त चाहिं नबन्नु हो । जुन क्रान्ति हामीले यहाँ गर्नु छ, त्यसैको सिद्धान्त हामीसित भईदिएन । शुरुदेखि अहिलेसम्म हामीसित यो समस्या विद्यमान छ । दोस्रो समस्या, कम्युनिष्ट आन्दोलन फुटेर टुक्रा टुक्रामा विभाजित हुनु हो । तेस्रो, ख्रुश्चोभ र गोर्वाचोभको नेपालको आन्दोलनमा परेको प्रभाव हो ।

हाम्रो क्रान्तिको सिद्धान्त नबन्नुको पछाडिको जरो कारण - नेपाली कम्युनिष्ट आन्दोलनमा उद्देश्यको गंभीरता (Seriousness of Purpose) नहुनु हो ।

यी समस्याहरु मध्ये पनि मुख्य समस्या के हो भने, हामीले मार्क्स, एंगेल्स, लेनिन, स्टालिनको अध्ययन त गर्‍यौं, तर त्यसलाई पचाएनौं र पचाएर नेपालको वस्तुगत परिस्थितिमा के फीट खान्छ भन्ने विचार गरेर लागू गरेनौं ।

विचार स्रोत:

१. क. मोहन विक्रम, मदन भण्डारी, र प्रचण्डका विचारहरु: मूल्याङ्कन, अंक ५ बाट
२. क. शंभुराम र कृष्णदासका विचारहरु: मूल्याङ्कन अंक ६ बाट
३. क. विष्णुबहादुरका विचारहरु: मूल्याङ्कन अंक ७ बाट

# रुसी कम्युनिष्ट पार्टीहरु एकीकरणतिर !

सोभियत संघको विघटन, समाजवादको पतन र नांगो पूंजीवादी प्रजातन्त्रको पुनर्स्थापना पछि "नयाँ जार शासक" का रुपमा देखापरेका रुसी राष्ट्रपति बोरिस येल्तसिनद्वारा सोभियत संघको कम्युनिष्ट पार्टी (CPSU) र कम्युनिष्ट - राष्ट्रवादीहरुको संयुक्त मोर्चा नेशनल साल्भेशन फ्रन्टमाथि प्रतिबन्ध लगाउने अध्यादेश जारी भएपछि पूर्व सोभियत संघका विभिन्न गणराज्यहरुमा कम्युनिष्टहरु छिन्नभिन्न र प्राय: नष्ट नै भए कि भन्ने भ्रम पार्न पूंजीवादी-साम्राज्यवादीहरुले भरमग्दूर प्रयास गरे । तर यथार्थ के हो त ?

सोभियत समाजवादी सत्ता पतन भएतापनि अहिले कजाखस्तान, ताजिकिस्तान र लिथुआनियाको सत्तामै कम्युनिष्टहरु चुनाव र सशस्त्र संघर्षबाट आसीन रहेका छन् । यस स्थितिमा जर्जिया, लात्भिया र इस्टोनियामा कम्युनिष्टहरुको सशस्त्र र सडक-संघर्षले सकारात्मक परिणाम निकाल्ने संभावना देखिएको छ ।

१९ ७ देखि सोभियत समाजवादी सत्तालाई नेतृत्व गर्दै आइरहेको सोभियत संघको कम्युनिष्ट पार्टी (CPSU) माथि रुसी राष्ट्रपति बोरिस येल्तसिनले प्रतिबन्ध लगाउनु भन्दा अगाडि नै उक्त पार्टीबाट फुटेर गएका सोभियत क.पा.का केन्द्रीय कमिटीका सदस्य तथा इतिहासकार रोय मेद्भेदेवको नेतृत्वमा गठित सोसलिष्ट पार्टी अफ लेबोर र नीना आन्द्रीभाको नेतृत्वमा गठित अल

### "मजदूरहरुलाई सत्ता हस्तान्तरण गर !"

यूनियन अफ सोभियत कम्युनिष्ट पार्टी (बोल्शेभिक्स) र प्रतिबन्धपछि गठित मार्क्सवादी प्लेटफर्मले कार्य गर्न थालेका थिए । सोभियत क.पा. का १४% सदस्यहरुको समर्थन रहेको मानिने मार्क्सवादी प्लेटफर्म पनि अलेक्जेन्डर बुज्गालीनको नेतृत्वयुक्त समूह त्यहाँबाट फूटेर सोसलिष्ट पार्टी अफ लेबोरमा समाहित भए भने बाँकी अन्य समूहले भने यी विभिन्न समूह र व्यक्तिमा विभाजित र असंगठित कम्युनिष्टहरुलाई कम्युनिष्टहरुको एकीकृत मोर्चा निर्माण गर्ने प्रयासमा लागी परीरहे ।

हाल रुसी सोशल डेमोक्रेटिक लेबोर पार्टी (बोल्शेभिक्स), अल यूनियन अफ सोभियत कम्युनिष्ट पार्टी (बोल्शेभिक्स), सोभियत संघको कम्युनिष्ट पार्टी (CPSU) वा रुसी कम्युनिष्ट पार्टी (बोल्शेभिक्स), सोसलिष्ट पार्टी अफ वर्किङ्ग पिपुल्स र रसियन कम्युनिष्ट वर्कर्स पार्टी जस्ता आधा दर्जन भन्दा बढी कम्युनिष्ट पार्टीहरु कार्यरत छन् । यी कम्युनिष्ट पार्टीहरु बीच कार्यगत एकता, संयुक्त मोर्चा र एकीकृत पार्टी नै निर्माण गर्नका लागि लामो प्रयासपछि केही सफलताका चरणहरु समेत पार गरि सकिएको थाहा भएको छ ।

विशेषत: लेनिनवादी सिद्धान्त र पूर्व सोभियत संघको पुनर्गठनका पक्षधर यी पाँचवटा कम्युनिष्ट पार्टीहरुवीच एकीकृत पार्टी निर्माणको क्रममा यी पार्टीका तल्ला पार्टी संगठनहरु, पार्टी सदस्य र कम्युनिष्ट व्यक्तिहरुको यस्तो खुकुला ढंगले जोडिएका संगठन पश्चिम साइबेरियामा मात्रै दुई दर्जन भन्दा बेसी निर्माण भैसकेका छन् भने यूरोपीय रुसका शहरहरुमा पनि निर्माण हुँदैछन् । यसै बीच साइबेरियाकै अकादेम्गोरोडोक शहरको जिल्ला-पार्टी पनि का. गेन्नाडी शेभेभ्ककोवका नेतृत्वमा गठन हुनासाथ पार्टी सदस्यता-प्राप्तिको लहर चलेको तथ्य त्यस पार्टीका संगठनकर्ता अनातोली ल्यूभ्कोभले बताएका छन् ।

का. गेन्नाडीका अनुसार यी समाजवादउन्मुख कम्युनिष्ट पार्टीहरुको छाता-संगठनको रुपमा निर्माण गरिएको खुकुलो एकीकृत पार्टीद्वारा विशेषत: का. लेनिनले पहिले दिनु भएको नारा "मजदूरहरुलाई सत्ता हस्तान्तरण" लाई चरितार्थ गर्न संघर्षका कार्यक्रमहरु थालनी गरिदैछ । यसरी पूर्व सोभियत संघमा समाजवादको पुनर्स्थापनाका लागि एकीकृत पार्टीको निर्माणको र संघर्षकै क्रमको थालनीले सोभियत जनतामा नयाँ आशाको किरण संचार गरेको देखिन्छ ।


साप्ताहिक **जनादेश**
साप्ताहिक **पृष्ठभूमि**
पढ्नु भयो ?

**भैरव ट्राभल्स**
काठमाडौंबाट राजविराज हुदै धरान, विराटनगर र रेड्ढेली बस नम्बर ४१६०,४१५९, ४९३३, ४९३२


कर्मचारी संगठनको दोस्रो राष्ट्रिय अधिवेशन अन्तरिम मन्त्री मण्डलको आश्वासन र आफ्नै पूर्व राजनीतिक-घोषणा र माग समेतलाई लत्याएर गिरिजा-सरकारले कर्मचारी-आन्दोलनलाई अन्यायपूर्वक दबाउने क्रममा आश्वासन दिएको थियो – आन्दोलन स्थगित गरिएमा कर्मचारीका मागहरु सरकारले क्रमशः पूरा गराउने छ र आन्दोलनकारी कर्मचारीहरुलाई कुनै कारवाही गरिने छैन।

आफ्नो बचनबद्धताको ठीक उल्टो गिरिजा सरकारले कर्मचारीमाथि प्रतिशोधात्मक व्यवहार शुरु गर्‍यो। आन्दोलनकारी कर्मचारीहरुले ग्रेड रोक्का, घटुवा लगायत अवकाशको शीकार समेत हुनुपर्‍यो। यसरी गिरिजा सरकारले ऐतिहासिक जन-आन्दोलन २०४६ का आफ्ना निर्णायक सहकर्मीहरुमाथि निर्लज्ज तरीकाले विश्वासघातको लात बर्सायो।

यस स्थितिमा कर्मचारी आन्दोलनको संवाहक "नेपाल निजामति कर्मचारी संगठन" हाल के गर्दैछ ? यो कुरा आम-जिज्ञासाको बिषय हो।

यसै सन्दर्भमा, सो संगठनले यसै महिना गर्न प्रस्तावित गरेको दोस्रो राष्ट्रिय अधिवेशनको सिलसिलामा यस अधिवेशन आयोजक समितिका संयोजक श्री सीताराम नेपालसंग हामीले केही कुराकानी गरेका थियौं। माथि उल्लेखित बिषय परिस्थितिका कारण संगठनका अध्यक्ष लगायत आधाभन्दा बढी पदाधिकारी र अन्य तहका पदाधिकारीहरुको समेत पदाधिकार नरहने स्थिति आएपछि मुलुकको ऐन-कानून बमोजिम स्थापित र सरकारबाट बिधिपूर्वक दर्ता गरिएको यस संगठनलाई बिधानतः सक्रिय पार्न र राष्ट्रिय अधिवेशन आयोजना गर्न समेत गठित यस आयोजक समितिले अधिवेशनलागि आवश्यक तयारी सम्पन्न गरेको कुरा संयोजक श्री नेपालसंगको कुराकानीबाट थाहा भएको थियो। प्रस्तुत छः यस बारेमा उहाँसंग भएका कुराकानीका मूल अंशहरुः

# हामी प्रशासनलाई जनमुखी र सेवामूलक बनाउन सदा तत्पर छौं



–सीताराम नेपाल,
संयोजक,
दोस्रो राष्ट्रिय अधिवेशन आयोजक समिति

० तपाईहरुको यो दोस्रो राष्ट्रिय अधिवेशनको तयारी पक्ष कत्तिको प्रभावकारी रहेको छ ?

- हामीले, यस समितिको गठन पश्चात अधिवेशनको तयारीका साथै सबै जिल्ला तथा विभागीय कार्य समितिहरुले गर्नु पर्ने कामहरुका निर्देशनहरु पठाईसकेका छौं। बाहिर जिल्लाका र उपत्यकाका कर्मचारी साथीहरु अत्यन्त उत्साहित ढंगले काममा जुटिरहनु भएको छ। हाल सदस्यता नवीकरण र वितरण प्रभावकारी ढंगले तीव्र गतिमा अघि बढ्दैरहेको र केही जिल्लाहरुमा नयाँ कार्य समितिको गठन तथा केन्द्रिय प्रतिनिधि चयन गर्ने काम समेत पूरा भै धमाधम केन्द्रमा आइपरेका छन्। नीकट भविष्यमा नै आफ्नो दायित्व पूरा गर्न यस समिति सक्षम हुने छ भन्ने कुरामा हामी उश्वस्त छौं।

० संगठनको अधिवेशनमा र संगठनमा नै सहभागिता कस्तो रहला ?

- अधिवेशनमा अधिराज्यका सबै जिल्लाहरुबाट र उपत्यकाका सबै विभागीय समितिहरुबाट सहभागिता रहने अनुमान गरिएको छ। गत अधिवेशनमा पारित भए बमोजिम बिधानतः प्रतिनिधिहरुको संख्यामा कमी भएतापनि प्रतिनिधित्वको हिसावले व्यापक रुपमा प्रायः सबै विभागीय समितिहरुबाट सहभागिता रहनेछ। बरु गत अधिवेशनमा पनि प्रतिनिधित्व हुन नसकेका उपत्यकाभित्रका कार्यालयहरुबाट समेत यस अधिवेशनमा प्रतिनिधित्व हुने भएको छ।

जहाँसम्म संगठनमा सहभागिताको कुरा छ, यस सम्बन्धमा सरकारले पेशागत संगठनको काम, कर्तव्य र मर्यादाको अपहेलना गरी केवल आफ्नो स्वार्थवश चाकडी चाप्लुसी गर्ने अर्को कथित कर्मचारी संघ जन्माएर पालनपोषण गरेको छ। त्यसैको इसारामा राजनितिबाट अलग रहेका सोझा, इमान्दार, कर्तव्यनिष्ट एवं पेशागत हकहितप्रति समर्पित आम कर्मचारीहरुप्रति दुर्व्यवहार गरेको हुँदा कर्मचारीहरु यस संगठनमा बढी आस्थावान भएता पनि एक किसिमको आतंकले गर्दा त्रसित छन्, र पनि यसबाट संगठनमा सहभागितामा खास असर पर्दैन।

० तपाईहरुको संगठनप्रति सरकारको धारणा हाल कस्तो रहेको छ ?

- कर्मचारी संगठनले स्थापना कालदेखि नै यसले प्रशासनभित्र रहेका भ्रष्ट जनविरोधीहरुको कारवाहीको माग गर्दै आयो। यही मागलाई लिएर २०४७ पौष ५ गते श्री ५ को सरकारसँग सम्झौता पनि भएको हो र उक्त सम्झौता कार्यान्वयनमा लागू नभएपछि पुनः संगठनले बाध्यतावश आन्दोलनमा जानु पर्‍यो।

यसरी पटक पटक भ्रष्ट तथा जनविरोधी कर्मचारीको कारवाहीको माग राखेर आन्दोलन गर्दा ती भ्रष्ट जनविरोधी उच्च पदस्थ व्यक्तिहरु संगठनको विरुद्ध जानु स्वाभाविक नै थियो। उनीहरुले नै सरकारलाई हाम्रो विरुद्ध उक्साईरहे। सरकार पनि उनीहरुकै लहै लहैमा लागेर उनीहरुलाई काखी च्याप्ने र हाम्रो बिरुद्ध दमन गर्ने स्तरमा उत्रियो। यसले गर्दा संगठन सरकारको बिरोधी हो कि भन्ने भ्रम पनि जन्मेको पाइन्छ। तर वास्तवमा हामी श्री ५ को सरकारका कर्मचारी हौं, हामी सरकार बिरोधी हुने भन्ने प्रश्नै उठ्दैन।

हामी के कुरामा विश्वस्त छौं भने- प्रजातान्त्रिक सरकार सधैं अप्रजातान्त्रिक रुपमा हामीमाथि खनीरहन सक्दैन। हामी सदा प्रशासनलाई जनमुखी र सेवामूलक बनाउन तत्पर रहेका छौं, जसले गर्दा कुनै न कुनै दिन सरकारले हामीसंग सहयोग लिनै पर्ने छ।

० कर्मचारी संघले चाहिं तपाईहरुको राष्ट्रिय सम्मेलनप्रति कस्तो रवैया अप्नाएको छ ?

- उनीहरु निमुखा कर्मचारीहरुको बलमा होइन, सत्ताको बलमा जुटेका, रा.स.स., गो.प., रेडियो, टि.भी.मा मात्र देखा परेका हुंदा र हामी स्वतन्त्र रुपमा संगठित भएको हुंदा उनीहरु ईर्ष्या, डाहले मुर्छित छन्। नकरात्मक रुपमा पेश भएका छन्। हामी सबै एउटै शक्ति, एउटै संगठनको नीति बोकेर पेशागत हकहित र स्वतन्त्रताप्रति समर्पित भएकाले संघका साथीहरुलाई पनि एकै ठाउँमा जुट्न, कर्मचारीहरुको एउटै शक्तिमा आवद्ध हुन आव्हान गर्दछौं।

० अरु केही भन्नु छ कि ?

- कर्मचारी आन्दोलनको क्रममा विभिन्न आरोप लगाई कर्मचारीहरुलाई क्षतविक्षत पारेपनि सरकारले संगठनलाई भने प्रतिवन्ध लगाउन सकेन। यो बैधानिक संगठनमा नियम बमोजिम काम गर्न नि.से.नि. र बर्तमान पारित निजामती बिधेयकले समेत वंचित गरेको छैन। हाम्रो संगठित हुने बैधानिक अधिकारलाई उपभोग गर्न र अधिवेशन सफल पार्न आर्थिक, भौतिक, नैतिक सहयोग गर्न यसै पत्रिका मार्फत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक आव्हान गर्दछु।

## कर्मचारी सङ्गठनको सूचना

नेपाल निजामती कर्मचारी सङ्गठनको दोश्रो राष्ट्रिय अधिवेशन चैत्र २८ । २९ गते काठमाण्डौंमा हुने भएकोले उक्त अधिवेशनमा भाग लिन सबै जिल्लाका प्रतिनिधिहरु विधानसङ्गत ढङ्गले आउन हुन अनुरोध गरिन्छ। साथै, कर्मचारी आन्दोलको सिलसिलामा अवकाश पाउने र आमरण अनसनमा सहभागी हुने सबै कर्मचारीहरु समेतलाई अधिवेशनमा भाग लिन हार्दिक अनुरोध गरिएको छ।

– दोश्रो राष्ट्रिय सम्मेलन आयोजक समिति

## कर्मचारी संगठनको गतिविधि

# सन्धि ऐनमा संशोधन किन गरिंदैछ ?




**आ**खिर नेपाली कांग्रेसको सरकारले प्रतिपक्षको जोडदार विरोध र रोष्ट्रम घेराउका बाबजूद राष्ट्रिय सभाबाट नेपालको सन्धि ऐन २०४७ संशोधन गर्ने प्रस्ताव जबर्जस्ती "ध्वनिमतको आधारमा" भनेर पास गऱ्यो । यो प्रास्तवित ऐन संविधानको धारा १२६ विरोधी छ । राष्ट्रिय सभामा यो प्रस्ताव पास गरेको प्रक्रिया देख्ने जोसुकैले महशूस गर्न सक्थे- गिरिजा सरकारको लागि ध्वनिमत भनेको सहभागीहरुले समेत थाहा नपाउने गरी हो-हल्लाका बीचमा जसरी भएपनि मन लागेको प्रस्ताव पास गर्ने प्रक्रियाको नाम हो ।

जनमत विपरीत थोरै मान्छेको स्वार्थको लागि थोरै मान्छेले जथाभावी प्रस्ताव पास गर्ने यो ढंग तत्कालीन राष्ट्रिय पंचायतमा पंचायती निरंकुश शासकहरुले प्रस्ताव पास गर्ने ढंग भन्दा केही फरक थिएन । यो घटनाले देखाएको छ - आचार र संस्कृतिमा निरंकुश पंचायती शासक भन्दा नेपाली कांग्रेसको सरकार अलिकता पनि फरक र उन्नत छैन । प्रजातन्त्रको झण्डा उचाले पनि दुबैको आचार र संस्कृति एउटै छ, उही निरंकुश सामन्ती संस्कृति । त्यस्तो ठालु संस्कृति, जसलाई जनमत र जनहितको कुनै मतलब हुँदैन ।

संविधानको धारा १२६ र सन्धि ऐन २०४७ नेपालको जनमतको प्रष्ट अभिव्यक्ति हो । त्यसले कुनै पनि सरकारलाई राष्ट्रिय हित विपरीत जथाभावी सन्धि गर्न प्रतिवन्ध लगाएको छ, तर राष्ट्रलाई विश्वासमा लिएर राष्ट्रिय हित अनुकूल सन्धि संझौता गर्न कुनै तगारो हालेको भने छैन । नेपालको जनमत पनि संविधान निर्माणको बेलामा ठूलो छलफल पछि यो प्रावधान राखिएको हो । कसैलाई पनि "देश बेच्ने" अवसर नदिन यसो गरिएको थियो ।

तर आश्चर्यको कुरो, नेपाली कांग्रेसको गिरिजा सरकारले भने यही जनमत र संविधान तथा ऐनको प्रावधानलाई नै बाधक संझेको छ । यो उसको लागि घाँटीमा झुण्डिएको गोमन साँप जस्तै भएको छ, जसलाई उ मौका पाउनासाथ मिल्काउन चाहन्छ । अहिलेको यो सन्धि ऐन संशोधन गर्ने प्रस्ताव उसको त्यही मनसायको खुलस्त अभिव्यक्ति हो ।

यो सन्धि ऐन संशोधन प्रस्ताव अब प्रतिनिधि सभाबाट पनि पास भयो र लालमोहर पायो भने संविधानको धारा १२६ (२) को त्यो प्रावधान पंगु हुनेछ । यस अन्तर्गत सरकारले गर्ने व्यापक, गंभीर र दीर्घकालीन प्रकृतिको शान्ति र मैत्री सन्धि, सुरक्षा र सामरिक संबन्ध बारेको सन्धि, स्रोत र त्यसको उपयोगको बाँडफाँड सम्बन्धी सन्धिलाई संसदको दुबै सदनको उपस्थित सदस्यको दुई तिहाईबाट पास गराउनु पर्थ्यो । तर यो संशोधन प्रस्ताव पास भयो भने संशोधित सन्धि ऐनको दफा ४ उपदफा २ को ङ अनुसार सन्धिको प्रकृति छुट्याउने हक सरकारको हुनेछ । सरकारले कुनै सन्धिलाई पनि प्रतिनिधि सभाको साधारण वहुमतबाट पारित गरे पुग्ने साधारण प्रकृतिको हो भनेर छुट्याउन सक्नेछ । यसैको उपदफा (ग) अनुसार "प्रचलित कानूनको कुनै प्रावधानको प्रतिकूल हुने" सन्धिलाई पनि सरकारले - प्रतिनिधि सभाको साधारण बहुमतद्वारा पास गरे पुग्ने भनेर छुट्याउन सक्नेछ । यस अनुसार त यही सन्धि ऐनको प्रतिकूल हुने सन्धिलाई पनि उसले प्रतिनिधि सभाको साधारण वहुमतबाट पास गर्न सक्नेभयो ।

अर्को खतरनाक प्रावधान मूल ऐनको दफा ५ को सट्टा भनेर प्रस्तावित दफा ५ को उपदफा ३ छ । यस अनुसार प्रतिनिधि सभामा कुनै सन्धि पेश भयो भने त्यसको ३३ प्रतिशत संसद सदस्यले पुनर्मूल्याङ्कनको निम्ति विशेष संयुक्त समिति गठन गरियोस् भनेर लिखित माग गरे भने बढीमा १५ जनाको प्रतिनिधि सभाबाट २ जना र राष्ट्रिय सभाबाट १ जनाको हिसाबमा यस्तो समिति गठन त हुन्छ तर त्यो समितिमा को बस्ने भनेर छानेर पठाउने अधिकार चाहिं -"आ-आफ्नो सदन"लाई हुने बताइएको छ । यसरी छान्दा सदनमा बहुमत जसको हुन्छ, उसैको मानिस जित्ने निश्चित छ । भनाइको मतलब त्यो समितिमा सरकारकै मानिसहरु पर्नेछन्, विपक्षी पर्ने छैनन् । योस्तो भयो भने के मतलब हुनेछ - संयुक्त समिति गठन हुनुको ? सरकारले चाहे अनुसार समितिले कुनै पनि सन्धिबारे मनपरी मूल्याङ्कन गर्दै प्रतिनिधि सभाको साधारण वहुमतबाट पास गर्ने स्थिति स्वत: पैदा हुनेछ ।

यो स्थितिमा संविधानको धारा १२६ पूरै पंगु हुनेछ । सन्धि ऐन २०४७ को प्राण नै खत्तम हुनेछ ।

यति खतरनाक संशोधन गिरिजा सरकार किन पेश गर्दैछ ? केले गिरिजा सरकारलाई यस्तो संशोधन पास गर्न प्रेरित गर्दैछ ? मूल प्रश्न यो हो ।

यो सन्धि ऐन संशोधनको प्रेरणा स्रोत-टनकपुरको हालको विवादास्पद सन्धिलाई र त्यस्तै भविष्यमा अरु थुप्रै राष्ट्रघाती सन्धिलाई संसदको वहुमतले सजिलै पास गर्न सकिने स्थिति पैदा गर्नु हो । यो संशोधन मार्फत सरकार त्यस्तो कानूनी स्थिति ल्याउन प्रेरित देखिन्छ, जसमा सरकारले जे जस्तो सन्धि गर्छ, संसदले बिना रोकटोक त्यसलाई पास गर्छ, कुनै अंकुश लाउन सक्दैन । यो भनेको, त्यस्तो कानूनी स्थिति हो, जसमा देशभक्ति र राष्ट्रहितको हिसाबले लिइने अडान चाहिं गैरकानूनी बन्छ । यो संशोधन पास भयो भने सरकारले भविष्यमा थुप्रै "टनकपुर सन्धिहरु" गर्न सक्छ, जसमा संसद तमासे मात्र बन्नेछ । नेपालका प्राकृतिक स्रोतहरु एक एक गरी राष्ट्रहित विपरीत अरुलाई सुम्पने कार्य हुन सम्भव हुनेछ, जस्तो टनकपुरको मामलामा भयो ।

त्यसैले यो संशोधन पछाडिको गिरिजा सरकारको नियत अत्यन्त खराब छ र राष्ट्रहितको विरुद्ध छ । यसको विरोध गर्नु सबै देशभक्त नेपालीको कर्तव्य हो । अहिले यो हरफ लेख्दासम्म राष्ट्रिय सभाबाट मात्र यो पास भएको छ । नियतै खराब भएपछि यही ढंगबाट उसले प्रतिनिधि सभाबाट पनि पास गर्न प्रयत्न गर्नेछ । त्यतिखेर सडकको शक्ति भएन भने फगत संसदको विरोधले मात्र यसलाई पास हुनबाट जोगाउन सकिएला ? जिम्मेवार शक्तिहरुले सोच्न जरुरी छ । ●

## असफल सैनिक विद्रोहका नायकहरुको मुद्दा वैशाखमा पुन: शुरु हुने

**सो**भियत समाजवादी शासनमा विस्तारै पूँजीवादको पुनर्स्थापना गर्ने संशोधनवादी नेता ख्रुश्चोभ र ब्रेझनेभको परम्परा बोकेका पूर्व सोभियत राष्ट्रपति मिखाइल गोर्बाचोभको सत्ता पल्टाउन गत १९९१ को अगष्ट १८ देखि २१ सम्म असफल सैनिक विद्रोह गर्ने इमर्जेन्सी कमिटीका नायकहरुको मुद्दा आउँदो वैशाख २ गतेदेखि फेरि शुरु गर्ने निधो गरिएको छ । मास्को जेलबाट माघ १३ गते मात्रै रुसी सर्वोच्च अदालतको आदेशमा रिहा भएका १२ जना सैनिक विद्रोहका नायकहरुको वैशाखमा शुरु हुने मुद्दाको फैसलाबाट उनीहरु सबैलाई आजीवन कारावासदेखि मृत्युदण्डको सजायसम्म सुनाइन सक्ने अनुमान छ । तर यस फैसलाले येल्तसीनको पूँजीवादी प्रणालीबाट मोहभंग भएका रुसी जनताले समाजवादी व्यवस्थाप्रति आस्था प्रकट गर्दै सडक संघर्षलाई अरु निम्त्याउन सक्ने र संसदीय संघर्षलाई पनि तीव्र पार्न सक्ने संभावना व्यक्त गरिन थालिएको छ ।

रुसी कम्युनिष्ट पार्टीको अधिवेशनमा सम्मानित पाहुनाको आतिथ्य पाएर सभास्थल पुगेका ती विद्रोहीहरुले आत्मालोचनाका स्वरहरु व्यक्त गरेका छन् । वैशाखको फैसलालाई "ऐतिहासिक मुद्दा" ठान्ने के.जी.बी. का पूर्व प्रमुख तथा विद्रोही नायक, भ्लादीमीर क्रुचकोफ महान कम्युनिष्ट पार्टी र सोभियत संघको पुर्स्थापना गर्नुपर्ने कुरामा जोड दिंदै उक्त सैनिक विद्रोहको सम्बन्धमा भन्नु हुन्छ- "प्रत्येक व्यक्तिले आफ्नो जीवनमा थुप्रै गल्तीहरु गर्छन् , एक न एक व्यक्तिले ती गल्तीहरुबाट निस्कर्ष निकालीहाल्ने छन् र त्यस निस्कर्षलाई भविष्यमा उपयोग गर्नेछन् । यदि हामीले हाम्रो उद्देश्य प्राप्त गर्न सकेनौं भने त्यसको अर्थ पक्कै कहीं हामीले गल्ती गरेको नै ठहर्छ ।" ●

# भरत देवकोटाको हत्या र त्यसपछिको कांग्रेसी राजनीति



**ग**त चैत २ गते पुल्चोक इन्जिनियरिङ क्याम्पसमा ने.वि.संघ र अखिल पक्षीय विद्यार्थीहरुका बीच भएको कुटपीटबाट घाइते भएका ने.वि.सं.पक्षीय विद्यार्थी (पहिले अखिल छैठौं पक्षमा रहेका) भरत देवकोटाको मृत्युको घटना र त्यसपछिका घटना-क्रमहरुले वर्तमान नेपाली कांग्रेस सरकारलाई सस्तो र गैर जिम्मेवार "राजनीतिबाज" प्रमाणित गरेको छ।

उक्त दिनको भीडन्तमा मूल रुपमा कुन पक्ष दोषी थियो भन्ने कुरा छानवीनको विषय हो। तर विपक्षको जोडदार मागका बावजूद पनि सरकारले यसबारे छानवीन गर्न कुनै निस्पक्ष आयोग गठन गरेन। उल्टो, अखिल पक्षीय विद्यार्थीहरुलाई छानी छानी गिरफ्तार गर्दैछ। आफ्नै ने.वि.संघ पक्षीय साथी भरतलाई "अखिल" भन्ठानेर खुकुरी प्रहार गर्ने व्यक्तिको रुपमा विपक्षी विद्यार्थी संगठनद्वारा प्रमाण र किटानी साथ अभियोग लगाइएका कांग्रेस समर्थक विद्यार्थी संगठनका श्याम मोहन रंजितकार (मोहन श्रेष्ठ) लगायतका व्यक्तिहरुलाई चाहिं सरकारले केही नगुर्नले सरकारको पक्षपातपूर्ण रवैया अरु प्रष्टिएको छ।

पुल्चोक क्याम्पसको सो भीडन्तलाई एवं दुवै पक्षका थुप्रै व्यक्तिहरु घाइते हुनुलाई र जुन पक्षका भएपनि भरत देवकोटा जस्ता यो देशका एक जना युवा विद्यार्थीको मृत्यु हुनुलाई कसैले पनि राम्रो मान्ने कुरै छैन। भरत देवकोटाको मृत्युमा विपक्षी विद्यार्थीसंघ र विपक्षी राजनीतिक व्यक्तिहरुले पनि दुःख व्यक्त गरे। यो दुःख लाग्नु पर्ने विषय नै हो। तर भरत देवकोटाको मृत्युको मूल जिम्मेवारी भने कांग्रेसी सरकारले नै लिनु पर्ने कुरा घटना र तथ्यहरुले पुष्टि गरेका छन्।

विद्यार्थीहरु बीच क्याम्पस हाताभित्र भीडन्त हुँदाको समयमा अनियन्त्रित स्थिति देखेर तत्समयमै विपक्षी सांसदहरुद्वारा सदनमा गृहमन्त्रीको ध्यानाकर्षण गराइएको हुँदाहुँदै पनि प्रहरी पठाउन जानाजान विलम्ब गरिएको देखिन्छ। क्याम्पस प्रशासन र राज्य-प्रशासन दुवैले "अखिल पक्षले कुटाइ खाओस्, अनि मात्र पुलिस पठाउँला" भन्ने कुत्सित जालसाँझीपूर्ण सोच राखेको देखिन्छ। यसैकारण घटनाले उग्र रुप लियो र भरत देवकोटाको मृत्युसम्म घटना अगाडि बढ्यो।

सो घटना घटेको दिन ११.३० बजे पुल्चोक क्याम्पस प्राध्यापक संघका अध्यक्ष श्री राजेन्द्रप्रसाद अधिकारीले क्याम्पस प्रमुखलाई स्थिति अनियन्त्रित भएकोले प्रहरी बोलाउन सुझाव गर्दा, प्रहरी बोलाईसकिएको कागज आफूलाई देखाइएको र मेन गेटको ताल्चाको साँचो कसैले लुकाइदिएको भनी बताइएको कुरा श्री अधिकारी सँग हामीले सम्पर्क गर्दा उहाँले बताउनु भएको छ।

क्याम्पसले साँचो हराएको कुरा गुर्न र गृहमन्त्रीले १.० नबजी प्रहरीले क्याम्पस प्रवेश-अनुमति नपाएको झूठ बोल्नुका पछाडि यही "अखिलले कुटाइ खाइहालोस्" भन्ने आशय सत्तापक्षले लिएको प्रष्ट हुन्छ।

वीर अस्पतालमा उपकरण बिग्रेको भनी उचित उपचार हुन नसक्नु पनि भरत देवकोटाको मृत्युको एउटा कारण हो, जसमा प्रत्यक्षतः वीर अस्पतालको सरकार- नियन्त्रित प्रशासन जिम्मेवार छ।

भरत देवकोटाको मृत्युपछि सत्तापक्षले उनको मृत्युलाई राजनीतिक गोटी बनाउन अख्तियार गरेको व्यवहार अर्को उल्लेखनीय पक्ष रह्यो। "शव-यात्रा" मा "अखिल चोर-देश छोड्", "लालसलाम चहिँदैन, मान्छे मार्न पाईदैन" भन्ने नारा गुञ्जियो। तर गैर-जिम्मेवार प्रहरी प्रशासन र अस्पताल प्रशासनका बारेमा चूँ सम्म पनि बोलिएन। यसबाट भरत देवकोटाको मृत्यु प्रति दुःख र हत्याका कारणीहरुप्रति घृणा व्यक्त गर्नुभन्दा बढी सस्तो राजनीति गर्ने मौका छोप्न सत्तापक्ष र यसका समर्थकहरु लागेको प्रस्ट हुन्थ्यो।

ठीकै छ, गणेशमान लगायतका कांग्रेसीहरुले भरत देवकोटाको शवमा फूल चढाएर श्रद्धाञ्जली व्यक्त गर्नु उहाँहरुको अधिकारको कुरा हो, त्यो उहाँहरुले गर्न पाउनु पर्छ। तर गणेशमानजस्ता कांग्रेसहरु प्रत्यक्ष रुपले सोझै सरकारद्वारा मारिएकी संझना दहालको हत्यामा भने किन सहानुभूतिका दुई शब्द पनि बोल्दैनन्? किन संझना दहालको शव यात्रासम्म पनि हुन दिइन्न? यहाँसम्म कि, संझना दहालको चाहिं आफ्नो परम्परा अनुसार दाहसंस्कारसमेत दिइन्न। किन? भरत देवकोटा नेपाली नागरिक भएजस्तै के संझना दहाल पनि नेपालकी छोरी थिइनन्?

व्यवहारमा विहारी-ढाँचाको सस्तो र स्तरहीन कपटपूर्ण दाउपेचलाई नै "राजनीति" को रुपमा लिने हाम्रा कांग्रेसी विहारीशैलीका नेताहरुसामु यो प्रश्नको तौल कति रहला? यसै भन्न सकिन्न।

# ने.क.पा. संयुक्तको एकता महाधिवेशनले कोसँगको एकतालाई जोड दियो?

**का.** विष्णुबहादुर मानन्धरले नेतृत्व गर्नु भएको नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) को "एकता महाधिवेशन" गत चैत २ गते गौर, रौतहटमा संपन्न भएको छ। ३४ जिल्लाको प्रतिनिधित्व भएको सो महाधिवेशनले ४६ सदस्य भएको केन्द्रिय परिषदका अतिरिक्त का.विष्णु ब.मानन्धरको नेतृत्वमा ९ सदस्यीय केन्द्रिय कार्यसमिति र ५ सदस्यीय केन्द्रिय सचिवालयको पनि गठन गरेको छ।

चैत्र ११ गते का. मानन्धरले पत्रकार सम्मेलन गरी महाधिवेशनबारे विभिन्न जानकारीहरु दिनु भयो।

"सशक्त र संगठित जन-संघर्षहरु उठाउनका लागि" अधिवेशन वाम-एकताको पक्षमा रहेको कुरा यसको दस्तावेजमा उल्लेख भएपनि "तर वाम-एकताका लागि न पर्खी हाम्रो पार्टीले अरु प्रजातान्त्रिक पार्टीहरुसँग पनि आपसी समझदारी तथा संयुक्त कारवाहीका लागि प्रयासहरु जारी राख्ने" भनी उल्लेख गर्नुले कतै यो पार्टीले मुलुकमा विद्यमान सशक्त वाम शक्तिभित्रै कार्यगत एकता खोज्नुभन्दा बढी ने.का. र अरु सानातिना शक्तिहरुसँग नजीक हुनुलाई मात्रै पो महत्व दिने त हैन भन्ने प्रश्न पैदा गरेको छ। टनकपुर लगायतको विषयको वाम-संघर्षमा संलग्न हुन यस पार्टीले पहलकदमी किन लिएन?- यसबारे जनताको गुनासो रहेको छ।

महाधिवेशनले सोभियत संघको कम्यूनिष्ट पार्टी र सोभियत समाजलाई जडता र अन्तरविरोधको अवस्थाबाट बाहिर निकाल्न र समाज निमार्णको गतिलाई बढाउन गोर्वाचोभको ग्लास्तनोस्ट र पेरेस्त्रोइका आवश्यक थियो भन्दै, तर त्यसले विभिन्न कारणवश लक्षित बाटो लिन नसकेको कुरा ठहर गरेको छ।

"बहुदलीय अभिव्यक्ति स्वतन्त्रताको रुपलाई अकुण्ठित रुपमा कायम रहन दिनु पर्छ भन्ने सैद्धान्तिक अडान" पनि यस पार्टी महाधिवेशनले तय गरेको छ।

अधिवेशनले वर्तमान राष्ट्रिय, अन्तर्राष्ट्रिय र वर्गीय स्थितिमा एउटा संयुक्त वामशक्ति मात्र नेपाली कांग्रेसको विकल्प हुन सक्ने ठहर गरेको छ। त्यसैले, यसले कांग्रेस इतर प्रजातन्त्रवादीहरु (रा.प्र.पा.बाहेक) र वामपन्थीहरुको वाम-प्रजातान्त्रिक राष्ट्रिय-मोर्चा जरुरी भएको ठहर गरेको छ। वर्तमान प्रजातन्त्रलाई वाम-उन्मुख बनाउने आशयमा जोड दिँदै उक्त महाधिवेशनले अन्तर्राष्ट्रिय, राष्ट्रिय अन्य सवालहरुमा पनि धारणाहरु बनाएको छ। नेपाली कांग्रेसलाई प्रजातान्त्रिक शक्तिको रुपमा लिंदै यसले, तर, वामशक्तिको मूल प्रतिद्वन्दी यो भएको कुरा मानेको छ।

नेपाल अहिले प्रजातान्त्रिक क्रान्तिको चरणमा भएको मान्दै यस महाधिवेशनले मजदूर, किसान, मध्यम वर्गी तथा राष्ट्रिय औद्योगिक पूँजीपति वर्गहरुसमेतको सहभागिता भएको संयुक्त-मोर्चाको नेतृत्वमा प्रजातान्त्रिक क्रान्तिलाई अगाडि बढाउँदै लग्नु पर्ने कुरा स्वीकार गरेको छ।

# एक वर्ग किलोमिटरका लागि एउटा बम राख्ने अमेरिकाविरुद्ध उत्तर कोरियाली कदम



## स्यावास- उत्तर कोरिया !

"टिम स्पिरिट" अभ्यासमा अमेरिकी र दक्षिण कोरियाली सेना

उत्तर कोरियाले यही फागुन ३० गते आणविक अप्रसार सन्धिबाट साहसपूर्वक आफ्नो नाम फिर्ता गरेको छ । त्यो सन्धिमा हस्ताक्षर गर्ने ४५ राष्ट्र मध्ये आफ्नो नाम फिर्ता गर्ने उत्तर कोरिया पहिलो राष्ट्र भएको छ ।

दक्षिण कोरियाले "Team Spirit" नाममा उत्तर कोरियाको सीमा क्षेत्रमा अमेरिकाको उक्साहट र सहभागितामा ठूलो पैमानाको सैनिक अभ्यास गरेको बिरोधमा उत्तर कोरियाले यो निर्णय गरेको हो । तर यो निर्णयको औचित्य र सन्दर्भ यतिमा मात्र सीमित छैन ।

दक्षिण कोरिया अमेरिकाले १००० वटा परमाणविक शस्त्रास्त्र थुपारेको छ, जसको शक्ति १३ हजार किलो टन छ, जुन हिरोसिमामा खसालेको अणुवमभन्दा एक हजार गुना बेसी छ । १९८५ सम्ममा दक्षिण कोरियामा बिभिन्न थरीका १७२० वटा आणविक हातहतियार भएको समाचार पश्चिमाली संचार माध्यमहरुले दिईरहका छन् । १९७६ मै दक्षिण कोरियामा ५४ वटा आणविक हतियार प्रहार गर्ने संवाहकहरु (Carrier) तैनाथ गरिएको थियो । अहिले त B–52, F–16 जस्ता अत्याधुनिक बमवर्षक बिमानहरु पनि अमेरिकाले त्यहाँ तैनाथ गरेको छ । यति धेरै आणविक शस्त्रास्त्रहरु र बमवर्षक बिमानहरु फगत उत्तर कोरियालाई खत्तम गर्न मात्र लक्षित छैन, उत्तर कोरियाको निहुँ पारेर पूरै पूर्व एशिया र दक्षिण पूर्व एशियालाई लक्ष गरेर अमेरिकाले त्यहाँ त्यति ठूलो पैमानामा आणविक हात हतियार थुपारेको कुरा स्पष्ट छ ।

सैनिक बिज्ञहरुको मूल्यांकन के छ भने अमेरिकाको कूल जम्मै आणविक हातहतियारमध्ये आधा उसले पूर्व एशियामा थुपारेको छ र यसको हिसाव ल्याउँदा प्रत्येक एक स्क्वायर किलोमिटरका लागि एउटा बम हुन्छ । यो NATO ले यूरोपमा तैनाथ गरेको आणविक हतियार भन्दा ४ गुना बेसी छ ।

यसरी दक्षिण कोरियामा अमेरिकी आणविक हतियारको भण्डार र सैनिक सक्रियता फगत उत्तर कोरियाको लागि मात्र खतराको संकेत होइन । पूरै एशियालाई यसबाट टड्कारो खतरा छ । तर आश्चर्य, अमेरिका आफूले चाहिं यति धेरै आणविक हतियार दक्षिण कोरियामा थुपारेर उत्तर कोरियालाई चाहिं आणविक हतियार बनाउन र त्यो प्रसार गर्न प्रतिबन्ध लगाउदैछ । उत्तर कोरियाको आणविक हात हतियार निर्माण सुविधा अमेरिकाको कठपुतली अन्तर्राष्ट्रिय आणविक निरीक्षण संस्था IAEA लाई देखाउन दबाव दिंदैछ । रुस र चीनलाई डलरले किनेर उनीहरु मार्फत समेत यस्तो गर्न उत्तर कोरियामाथि अनावश्यक दबाव सिर्जना गर्दैछ । IAEA ले पटक पटक निरिक्षण गरेर उत्तर कोरियामा आणविक अस्त्र छैन भनेर प्रमाणित गरिसक्यो । तर पनि उत्तर कोरियामाथि आणविक हतियार अझै बनाईरहेको र त्यसले एशियालाई खतरा पुऱ्याउने आरोप लगाइरहेको छ ।

यस परिप्रेक्ष्यमा उत्तर कोरियाको आणविक प्रसार सन्धिबाट हट्ने निर्णय उचित र न्यायपूर्ण छ । दक्षिण कोरियामा अमेरिका आणविक हतियार थुपार्छ भने स्वरक्षाको लागि आणविक हतियार बनाउनु उत्तर कोरियाको पनि न्यायपूर्ण हक हो । अमेरिकाले दक्षिण कोरिया र पूर्व एशियामा यति धेरै आणविक हतियार थुपार्दा चाहिं एशियालाई खतरा नहुने, उत्तर कोरियाले स्वरक्षाको लागि आणविक हतियार बनाउन खोज्यो मात्रै भनेपनि त्यो चाहिं एशियाकै लागि खतरा हुने भन्ने अमेरिकी प्रचार र तर्कमा कुनै तुक छैन । एउटाले आक्रमणको लागि खुकुरी र तरवार समेत राख्न हुने, अर्कोले स्वरक्षाको लागि जुडो कराँते समेत सिक्न नहुने भन्ने तर्क कति न्यायसम्मत हुन्छ ?

अमेरिकाको यस्तो "जसको लाठी उसको भैंसी" प्रवृतिको विरोध गरेर उत्तर कोरियाले साहसपूर्ण निर्णय गरेको छ । तर यो न्यायपूर्ण र ठीक कदम चाल्दा विश्वको जनमतलाई कसरी त्यसको पक्षमा तान्ने र विश्वका न्यायप्रेमी शक्तिसिद्ध कसरी एकतावद्ध हुने भन्ने सवालमा भने उत्तर कोरियाले पर्याप्त होस पुऱ्याउन जरुरी छ । नत्र ठीक कुरा गरेर पनि अमेरिकाले उत्तर कोरियालाई एक्लो पार्न बेर छैन ।

एशियाका सम्पूर्ण उत्पिडीत राष्ट्र र जनसमुदायले उत्तर कोरियाको कदमलाई भरथेग र समर्थन दिनु जरुरी छ । किनभने, पूर्वी एशियामा र दक्षिण कोरियामा अमेरिकी आणविक हात हतियार र त्यसलाई प्रहार गर्ने साधनको भण्डार फगत उत्तर कोरियाको मात्र चासोको विषय होइन । त्यो हामी सबैका लागि टड्कारो खतरा हो । हामीले माग गर्नु पर्छ- संसारका अन्य भागबाट जस्तै कोरियाली प्रायद्वीप र पूर्वी एशियाबाट सारा आणविक हतियार तुरुन्त हटाऊ ।

यसै सन्दर्भमा अमेरिकाले उत्तर कोरिया बिरुद्व आर्थिक प्रतिवन्ध लगाउने प्रस्ताव अमेरिकी विदशमन्त्री वारेन क्रिष्टोफरले अमेरिकी कंग्रेसको उपसमितिमा दर्ता गरेका छन् । यो प्रस्ताव अन्तर्राष्ट्रिय आणविक सन्धिबाट उत्तर कोरियाले आफ्नो समर्थन फिर्ता लिएको प्रतिक्रियामा गरिएको हो ।

अमेरिकाका बिदेशमन्त्री वारेन क्रिष्टोफरले उत्तर कोरियामाथि यस्तो प्रतिवन्ध लगाउन अमेरिकाका एशियाली मित्रहरु समेत सहमत भएको जानकारी दिएका छन् । ती एशियाली मित्रहरु को हुन्, उनले त्यो चाहिं बताएनन् ।

अमेरिकाले उत्तर कोरियामाथि आर्थिक प्रतिवन्ध लगाएमा त्यहाँ निर्यात गरिने तेल, ग्यांस, खाद्यान्न, अन्य कच्चा पदार्थहरु निर्यात गर्न रोकिने कुरा अमेरिकी बिदेशमन्त्रीले बताएका छन् ।

यसैबीच, यस प्रस्तावलाई अस्वीकार गर्दै चीनको विदेश मन्त्रालयले उत्तर कोरिया र अन्तर्राष्ट्रिय ऊर्जा आयोगबीच समस्या धैर्यपूर्वक छलफल गरेर सुल्झाइनु पर्दछ भनेको छ । चीनले आर्थिक प्रतिवन्धबाट समस्या सुल्झिनुको साटो झन जटील हुने राय व्यक्त गरेको छ । उत्तर कोरियाप्रति चीनको यस समर्थनले साम्राज्यवादको विरोधमा संघर्षरत उत्तर कोरियालीहरुको मनोबल निकै बढ्ने देखिन्छ । ●

## मूल्याकनको सूचना

- मूल्यांकन विचार-अन्तर्क्रियामुखी पत्रिका हुनाले संपादक मण्डलको सामूहिक प्रतिकृयादेखि बाहेक यसमा प्रकाशित सबै लेख-रचनाप्रति संवन्धित लेखकको व्यक्तिगत जिम्मेवारी हुनेछ। संपादक-मण्डलको विचारउपर पनि विचार-अन्तर्क्रियालाई स्वागत गरिने छ।
- मूल्याकनका लागि सल्लाह-सुझाव, प्रतिकृया एवं लेख-रचनाहरू पठाउनु हुन समस्त बौद्धिक व्यक्ति व्यक्तित्वहरूसँग हामी हार्दिक अनुरोध पर्दछौं।
- हल्का र आधारहीन प्रचारबाजी हैन, तथ्यपूर्ण र जिम्मेवार विचार-आदान-प्रदान मूल्याकनको अभिष्ट भएकोले रचनाहरूमा समाविष्ट तथ्यहरूका स्रोतहरू खुलाएर पठाई सहयोग गर्नु भएमा आभारी हुने थियौं।
- अस्वीकृत लेख रचनाहरू फिर्ता गर्न प्रायः संभव नहुने हुनाले प्रतिलिपि आफूसँग राख्न नभुल्नु होला। लेख-रचनाको सामान्य संपादनको अधिकार संपादक मण्डललाई रहने छ। तीन अंकसम्म प्रकाशित नभएको रचना अस्वीकृत भएको ठहरिने छ।
- बैचारिक बहस र छलफलमा शिष्टतापूर्ण भाषा प्रयोग होस् भनी लेखक, विचारकहरूसँग विशेष अनुरोध गर्दछौं।

## बहुदलीय प्रजातन्त्र कस्तो लागिरहेछ ?

# जन आन्दोलनमा भूमिका खेल्ने बौद्धिकहरुको अनुभूति

देशमा जन-आन्दोलनबाट बहुदलीय प्रजातन्त्र आएको अहिले तीन वर्ष पुगेको छ । यो विन्दुमा जन आन्दोलनको कठीन मोडमा यसलाई बचाउन क्रियाशील भूमिका खेल्ने बौद्धिकहरु कसरी सोचिरहेछन् ? के अपेक्षा राखेर उनीहरु आन्दोलनमा ज्यूज्यान लगाएर होमिएका थिए ? अहिले नेपाली कांग्रेसको नेतृत्वमा तीन वर्षको बहुदलीय प्रजातन्त्रको अभ्यासपछि उनीहरु के अनुभूति गरीरहेछन् ? के उनीहरुको अपेक्षा पूरा भईरहेको छ ? हामीले जन-आन्दोलन भएको तीन वर्ष पुगेको उपलक्ष्यमा यस पटक यिनै महत्वपूर्ण प्रश्नहरुबारे तात्कालीन सोलिडारिटी ग्रुपका केही प्रमुख र सक्रिय तथा सहयोगी सदस्यहरुका विचार प्रस्तुत गरेका छौं । हामीले प्रोफेसनल सोलिडारिट्री ग्रुपका सबै क्रियाशील सदस्यहरुको विचार दिने योजना गरेका थियौं । तर केहीले अहिले विचार दिन असमर्थता प्रकट गर्नु भएको, र केहीले विचार दिन सहमत भएर पनि समयमा विचार उपलव्ध नभएको र कोही भेटिंदै नभेटिनु भएकाले, उपलव्ध व्यक्तिहरुको विचार प्रस्तुत गरेका छौं ।

हामीले उहाँहरु सबैसित दुई वटा प्रश्न गरेका थियौं -

● के अपेक्षा राखेर बहुदलीय प्रजातन्त्र ल्याउन जन आन्दोलनमा सरीक हुनु भएको थियो ?

●● यो तीन वर्षको दौरानमा नेपाली कांग्रेसको नेतृत्वमा जुन बहुदलीय प्रजातन्त्रको अभ्यास नेपालमा भइरहेछ, त्यो कस्तो लागिरहेछ ? के ती अपेक्षाहरु पूरा भईरहेछन् ?



### सुशील चन्द्र अमात्य

अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक संगठन

● हामी शिक्षकहरु मात्र नभएर सम्पूर्ण नेपालीहरुले राजनीतिक हिसावले पूर्ण प्रजातन्त्र पाउने इच्छा राखेका थिए । पंचायती व्यवस्था निरंकुश थियो, जसमा निर्दोष र निर्वोध जनताले पनि दुःख कष्ट भोग्नु परेको थियो । त्यो परिवेशमा जनताले परिवर्तन चाहेका थिए । त्यो परिवर्तन भनेको राजनीतिक परिवर्तन, सामाजिक परिवर्तन र आर्थिक परिवर्तन थियो । देशमा पूर्ण रुपमा मानव अधिकारको वहाली होस् र आर्थिक जीवनमा ठूलो सुधार होस् र सामाजिक जीवनमा सुनिश्चितता होस् । यही अपेक्षा गरेर त्यो उकुसमुकुसको वातावरणमा परिवर्तन गर्न जनता अगाडि बढे र आ-आफ्नो ठाउँबाट योगदान पुऱ्याए । त्यही क्रममा हामी शिक्षकहरुले शैक्षिक गतिविधिद्वारा देशमा परिवर्तन ल्याउने अपेक्षा गरेर काम गऱ्यौं । तर पंचायती शासकहरुले हामीलाई त्यस्तो कामै गर्न दिएनन् । पछि हामीले महशूस गऱ्यौं - वास्तवमा यहाँ राजनीतिक परिवर्तन बिना शैक्षिक फाँटमा कुनै सुधार गर्न सकिन्न । त्यही अनुभूतिले गर्दा परिवर्तनको निम्ति जुन आन्दोलन चल्यो, त्यसमा हामीले पनि योगदान दियौं । एक दशकको अवधिमा करीब दर्जन हाम्रा शिक्षक साथीले जीवन वलिदान गर्नुभयो।

●● बाहिरी रुपमा परिवर्तन भएको आभाश त निश्चितै रुपमा भएको छ । संविधान भो, आमनिर्वाचन भो, निर्वाचित सरकार छ र अहिले संसद छ र संसदमा सत्ता पक्ष र प्रतिपक्ष सबै कार्यरत छन्, तर जनताले जुन आशा र आकांक्षा राखेका थिए, त्यो चाहिं पटक्कै पूरा नभएको उनीहरुले महशुस गर्न थालेका छन् ।

जनताले मानव अधिकारको पूर्ण बहालीको आशा राखेका थिए । त्यो पटक्कै पूरा नभएको महशूस भइराख्याछ । तपाई हामीले जतातते देखिराख्या छौं,



### डा.मथुरा प्र. श्रेष्ठ

अध्यक्ष,
सामाजिक उत्तरदायित्वको लागि चिकित्सकहरु,
भू.पू अन्तरीम स्वास्थ्य मन्त्री

● जनताको इच्छा र आकांक्षा तथा जनताको आवाजलाई बेवास्ता गर्ने प्रणाली त्यतिखेर विद्यमान थियो । त्यसलाई समाप्त पार्नु नै सम्पूर्ण बौद्धिकहरु र सचेत जनताहरुको दायित्व थियो । यो दायित्व बोधका कारणले हामी जन आन्दोलनमा सरीक भएका थियौं ।

नेपाल एउटा अत्यन्त पिछडिएको मुलुक हो । यहाँको विकासको लागि प्रजातान्त्रिक वातावरण जरुरी थियो । यही जरुरत पूरा गर्न जन आन्दोलन छेड्नु जरुरी भएको थियो ।

मानव अधिकारको अटुट रुपमा हनन् भईराखेको थियो । मानव अधिकारको बहालीको पूर्वाधारको लाथि प्रजातन्त्रको जरुरत थियो ।


समाजमा अन्याय विद्यमान थियो । यो अन्यायको कारणबाट समाजका विभिन्न वर्गहरुका बीचमा आर्थिक, सामाजिक र सांस्कृतिक दूरी पैदा भएको थियो । यो समस्या हल गर्न पनि प्रजातन्त्रको जरुरी भएको थियो र प्रजातन्त्रको लागि-जन आन्दोलन ।

यसरी मानव अधिकार, सामाजिक न्याय, र विकासको निम्ति अनुकूल प्रजातान्त्रिक वातावरण ल्याउने अपेक्षा राखेर सम्पूर्ण जनताको सहभागितामा जन-आन्दोलन भएको थियो र हामी पनि त्यसमा सरीक भएका थियौं ।

एउटै पार्टीको नेतृत्वमा यस्तो जन-आन्दोलन सम्भव थिएन । पार्टीहरु संयुक्त भएकाले अब देश विकासका लागि यिनीहरु मिले भन्ने मनोभाव जनतामा पैदा भयो । यही भावनाले अत्यधिक जनताहरु आन्दोलनमा सरीक भएका थिए, जसभित्र हामी पनि पर्छौं ।

●● अहिले तीन वर्षको दौरानमा यस्तो स्थिति पैदा भएको छ, जसलाई प्रजातान्त्रिक व्यवस्था भनेर मान्न पनि अप्ठेरो भएको छ । यस्तो किन त भने हिन्दुस्थानमा जस्तै

**दुई वर्षमै जनताहरु निराश भएका छन्**



**अहिले नेपालमा एउटा पार्टीको सर्वसत्तावाद खडा भएको छ**

सुशीलचन्द्र अमात्य

देशमा सामाजिक असुरक्षा छ, बलात्कार छ, हिंसा छ । हिजो पंचहरुले हरेक चीजलाई पंचायतीकरण गर्न खोजेका थिए, गिरिजा सरकारले सबै चीजलाई कांग्रेसीकरण गर्न खोजीराखेको छ । आर्थिक क्षेत्रमा हिजोको तुलनामा पनि स्थिति अरु बिग्रेको छ । विसंगतिहरु देखा परेका छन् । प्रत्यक्ष रुपमा जनताले आफ्नो दैनिक आवश्यकताका वस्तुहरु सुपथ मूल्यमा आपूर्ति होस् भन्ने चाहन्छन् । तर वास्तविकतामा त्यसको ठीक उल्टो भइरहेछ । हरेक चीजको अचाक्ली मूल्य वृद्धि भइराखेको छ । तस्करी उत्तिकै भई राखेको छ । हिजो पंचायती कालमा कार्यालयमा जाँदा जुन प्रकारको भ्रष्टाचारको गुनासो हुन्थ्यो, त्यो सैयौं गुणा बढेको अहिले जनताले अनुभूति गरेका छन् ।

राजनीतिक हिसाबले भन्ने हो भने पनि त्यस्तो संतोष गर्ने ठाउँ कतै पनि पाइएको छैन । राष्ट्रियताको सवालमा भनौं, सार्वभौमिकताको सवालमा भनौं, देश पहिलेभन्दा पछिल्तिर गएको छ । जनताले त्यस निम्ति आवाज उठाउँदा गिरिजा सरकारले त्यसमाथि सोच्ने गरेको पाइएको छैन । संसदमै पनि प्रतिपक्षले राखेका महत्वपूर्ण मुद्दालाई सरकारले पटक्कै सुनेको छैन । अल्पमतको पनि कदर गर्नु पर्छ भन्ने जुन सिद्धान्त हो, त्यसलाई इन्च मात्र पनि पूरा गरेको भेटिएको छैन । हिजो पंचायती कालमा "सबै नेपाली पंच सबै पंच नेपाली" भन्ने गरिन्थ्यो । पंच नहुने जतिलाई नेपालीको व्यवहार नै हुँदैनथ्यो । अहिले सबै नेपाली कांग्रेस,सबै कांग्रेस नेपाली हुनु पर्ने स्थिति पैदा गरिएको छ । कांग्रेस नहुने हो भने नेपाली नै नठहर्ने स्थिति भएको छ । कर्मचारमा हेर्नुहोस्, शिक्षकमा हेर्नुहोस्, जहाँसुकै, जुनसुकै फाँटमा हेर्नुहोस् । कांग्रेस भयो भने त्यो चोर नै किन नहोस्, सज्जन ठहर्छ । कांग्रेस भएन भने जतिसुकै सज्जन भएपनि त्यो सज्जन ठहरिन्न । व्यापक कांग्रेसीकरण भएको छ जताततै ।

यी सब कारणले गर्दा बहुदलीय प्रजातन्त्र आएको दुई वर्ष भएको छैन, जनताहरु यसबाट निराश भएका छन् । फेरि यसमा परिवर्तन चाहिरहेका छन् । पढेलेखेका बुद्धिजीवीहरु समेत यसबाट निराश भएका छन् । यो निराशा कायम भईराख्यो भने थोर बहुत राजनीतिक स्वतन्त्रता जुन प्राप्त भएको छ, त्यो खत्तम हुने स्थिति पनि आउन सक्छ । ■

डा. मधुरा प्र. श्रेष्ठ

अहिले नेपालमा एउटा पार्टीको सर्वसत्तावाद खडा भएको छ ,हठवाद र मूढवाद स्थापना भएको छ । एउटा पार्टीले जे भन्यो त्यो अरु पार्टीले मान्नै पर्ने, नेताले जे भन्यो जनताले त्यो मान्नै पर्ने, आलोचना र विवेचना गरेर सत्य तथ्यमा आधारित भएर अघि बढ्नुको सट्टा मुढे बलले सब कुरा पेल्ने स्थिति यहाँ अहिले विद्यमान छ । यो ज्यादै नराम्रो स्थिति हो ।

सबै जिम्मेवार पार्टी र शक्तिहरु मिलेर देशको विकासको लागि अघि बढ्नु पर्ने ऐतिहासिक दायित्व जन-आन्दोलनले सुम्पेको थियो । यो दायित्वलाई नेपाली कांग्रेसको सरकारले पूरै बेवास्ता गरेको छ । हामी नै ठूलो, हामी नै ठीक भन्ने रवैया यसले अपनाएको छ ।

सार्वभौमसत्ता सम्पन्न जनताले ५ वर्षको लागि शासन गर्ने जिम्मेवारी एउटा पार्टीलाई सुम्पेको थियो, एउटा व्यक्तिलाई हैन । र यस निम्ति पार्टीले जनताको इच्छा र आकांक्षा अनुरुप आफ्नो सरकारलाई निर्देशित र नियन्त्रित गर्ने संयन्त्र विकास गर्नु पर्थ्यो । तर नेपाली कांग्रेसले यो गर्न सकिरहेको छैन । गणेशमानले भने जस्तो कुकुरले पुच्छर हल्लाउनु पर्नेमा, पुच्छरले चाहिं कुकुर हल्लाई रहेछ । अझ, पुच्छरले कुकुर मात्र होइन, राष्ट्रसिंगैलाई मनपरी हल्लाई रहेछ, जनताको इच्छा र आकांक्षा समेतलाई नियन्त्रित गर्दैछ । यो प्रक्रियालाई म प्रजातन्त्र भन्न सक्दिन ।

परराष्ट्र नीतिको सम्बन्धमा पनि यो सरकारले टनकपुरको संझौता मार्फत नेपाललाई अन्तर्राष्ट्रिय जगतमा एउटा स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्रका रुपमा होइन भारतसंग विशेष सम्बन्धको नाममा भारतको पुच्छर राज्यको रुपमा, भारतको Vassalstate को रुपमा चिनाउने कार्य गरेको छ ।

मानव अधिकारको सवालमा पनि कुनै सन्तोषजनक स्थिति छैन । छेकथुन गर्ने स्थिति उस्तै छ । जथाभावी जनतामा गोली चलाउने र पंचायती गृहमन्त्रीले जस्तै वक्तव्य जारी गर्ने प्रक्रिया उस्तै छ । प्रजातन्त्र आएपछि पनि एउटा पुलीस अफिसरले जे जे ड्राफ्ट गर्‍यो त्यही कुरा निर्वाचित मन्त्रीले बोल्ने कार्य भइरहेछ । झ्यालमा बसेको मानिसलाई, पसलमा बसेको मानिसलाई गोली हान्ने, बाटोमा हिंडिरहेको मानिसलाई गोली हान्ने, यो कस्तो खालको प्रजातन्त्र हो ? कतै प्रहरीमा पुनरोत्थानवादी तत्वको त नियन्त्रण छैन ? मलाई त शंका लागिरहेछ ।

त्यसैले अहिलेको व्यवस्थालाई प्रजातन्त्र भन्न पनि मलाई हिच्किचाहट लागिरहेछ । ■

# अपेक्षा गरेको एउटै पनि सरकारबाट पाएको छैन



-आनन्ददेव भट्ट

● **मे**रो अपेक्षा के थियो भने देशमा हुकुमशाही निर्दलीय पंचायती व्यवस्थाको अन्त होस् र राजाको अत्यन्त सीमित अधिकार भएको बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना होस् । देशमा भ्रष्टाचार, नातावाद, कृपावाद कमिशनतन्त्रको अन्त गर्न र जनताको आधारभूत आवश्यकता पूरा गर्न इमान्दारीपूर्वक प्रयत्न गर्ने सरकार बनोस् भन्ने मेरो अपेक्षा थियो । विदेशसित भएका सबै असमान सन्धि खारेज गरी समानताको आधारमा सन्धि गर्न, महिला वर्गलाई संपत्ति लगायत सबै कुराहरुमा समान अधिकार दिने, सबै जाति र भाषालाई समान व्यवहार गर्ने, दलित वर्गलाई विशेष संरक्षण गर्ने, जोताहा किसानलाई जमीन र सुकुम्वासीलाई काम र आश्रयको व्यवस्था गर्ने, सामाजिक न्यायमा आधारित समाज स्थापना होस्- यही आशा राखेर म जन आन्दोलनमा सरीक भएको थिएँ ।

●● अत्यन्त दुःख पूर्वक भन्नु पर्छ म जत्तिको समाजको एउटा पढेलेखेको चेतनशील नागरिकले त छोडौं, हामीले यो प्रश्न कुनै पनि अनकन्टार गाउँको वा अँध्यारो गल्लीको छिंडीमा जीवन गुजार्न बाध्य नेपाली नागरिकलाई सोध्नु भो भने उसले प्रष्ट भन्ने छः मैले आशा गरेको एउटै कुरो पनि यस गिरिजा सरकारबाट पाएको छैन । कुनै पनि जनतालाई सर्वप्रथम चासो पर्ने कुरा गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षा सम्बन्धमा नै हो । यहाँ विगत दुई वर्षमा महँगी कुनै दिन रोकिएन, बजार भाउ कहिल्यै स्थिर बसेन, विजुली र पानीको भाउ समेत ३।४ दोब्बरले बढेको छ र उल्टो बढी पैसा तिरेर पनि न विजुली बाल्न पाइन्छ, भनेको बेलामा न आघाउँजी पानी खान पाइन्छ, लुगा धुने, नुहाउने आदिको कुरै छोडौं ।

शहर बजार, गाउँ गाउँको वातावरण अति दूषित भैसकेको छ ।

डाक्टर देखाउने खर्च र औषधि खर्च उस्तै बढेको छ । स्कूलमा फी बढेको छ, भर्ना हुन अझ झन गाह्रो भैरहेछ । घर भाडाले आकाश छुँदैछ । बजारमा कपडा किन्न गयो छोइसक्नु छैन । अझ भारतेली बजारलाई यस सरकारले नेपालमा आँखा चिम्म गरी हुलेकाले यहाँ सक्कलीभन्दा नक्कली सामानको ओइरो लाग्ने गरेको छ । न जाँच छ न पडताल छ । कमीसन ख्वाई कालो धन्दा गर्नेहरु मालामाल हुँदैछन् । वर्क - पर्मिट छैन र विदेशीहरु ससुराको घरमा बसेभन्दा सजीलोसित पाहुना लाग्दैछन् । उनीहरु हाम्रो देशलाई दुहुन मात्र सिपालु छन् ।

अब रह्यो सुरक्षाको कुरा । यहाँ बालिकाहरुको बलात्कार बढ्दो छ, समाजमा अराजकता, बेथिति, व्यसन र निस्क्रियता चर्को हुँदैछ । पढेलेखेका, डाक्टर, इन्जीनियर जस्ता दक्ष जनशक्तिलाई काम छैन । ती बेरोजगार छन् । तिनले के खाने ? तिनले आफ्ना बाबुआमा, दिदी बहिनीलाई कसरी पाल्ने ? उनको भविष्यको त कुरै पर छ, बर्तमान नै स्पष्ट छैन । हाम्रा चेली-बेटीको विदेश निकासी झन् बढ्दो छ । नेपाली जनशक्ति विदेश भासिंदो छ, त्यसलाई रोक्ने कुनै योजना छैन । हाम्रो प्राचीन कला, संस्कृति, मन्दिर, गुम्बा, मस्जीद आदि सबै भत्कँदै छन्, त्यसलाई न सरकारले स्याहार्दै छ, न समाजले नै केही गर्न सकेको छ । समाजमा १।२ प्रतिशत मानिस रातका रात करोडपति र अरबपति बन्छन तर ९० प्रतिशत जनता गरीबीको शीकार बन्दै व्यथित जीवन बिताउने गर्छन् । अझ पुगेन भनेर जनता जब कुनै जायज माग माग्न संगठित हुन्छन्, जुलुस निक्छन्, सरकार आँखा चिम्लेर गोली चलाउँछ । निरपराध मानिसहरु मारिन्छन् । उनीहरु न्यायिक जाँच गर भन्छन् सरकार वास्तै गर्दैन । त्यही सिलसिलामा टनकपुरको बाँध सम्बन्धी सन्धि जस्तोमा सरकार हस्ताक्षर गर्छ र नेपालको सम्पूर्ण सम्पदा भारतमा जिम्मा लगाउन चाहन्छ । उसका यस्ता राष्ट्रघाती नीतिप्रति जनता कुनैपनि हालतमा समर्थन जनाउन तैयार छैनन् । यसमा अझ बढी दुःखको कुरो के छ भने नेपाली कांग्रेस पार्टीभित्र कार्यरत धुप्रै राष्ट्रप्रेमी, जनप्रेमी नेता र कार्यकर्ताहरु यस सर्वसत्तावादी, राष्ट्रघाती गिरिजा सरकारलाई दबाव दिइरहनु भएको छैन । यो भन्दा बढी घातक अवस्था देश र जनताका निम्ति अरु के हुन सक्छ ? ■

# नयाँ बोतल झनै नाजुक हुनसक्छ भन्ने अनुमानै गर्न सकेनछौं



– इश्वरीचन्द्र शर्मा,
इन्जिनियर, भू.पू. अध्यक्ष
इन्जिनियर्स एशोसिएसन

● बिकास तथा विकासको प्रतिफलमा सबै नेपाली सहभागी बन्न सक्ने र पाउने खास प्रजातान्त्रिक वातावरण निर्माण होस् भनेर पंचायत शासन पद्धतिको विकल्पका लागि हामी संघर्षमा उत्रेका थियौं ।

●● परिणाम यसरी "मिस फायर" भयो कि शीकारको सट्टा शीकारी ढल्यो । अझ त्यसमा नया भनेको बोतल नै फुटेर चुहिरहेको रक्सी देखिरहनुपर्दा नयाँ बोतल झनै नाजुक हुनसक्छ भन्नेतिर हामीले अनुमान गर्नै सकेनछौं ।

यो कटु अनुभवले मलाई यो निस्कर्षमा पुग्न विवश पारेको छ कि समष्टिगत रुपमा मानवीय तथा सामाजिक विकासको पूरक अर्थमा राजनीतिको संस्थागत संस्कारको (संस्थागत राजनीतिक संस्कार होइन ।) विकास र स्वयं त्यसलाई परिचालन गर्नसक्ने ज्ञान, क्षमता तथा सबल नेतृत्वको अभावमा जुनसुकै व्यवस्थालाई जस्तो परिवर्तन गरेपनि अपेक्षित परिणाम प्राप्त हुनसक्दैन ।

पार्टी र बर्तमान सरकारसित रत्तिभर प्रशासनिक ज्ञान र अनुभव छैन । यो पृष्ठभूमिमा यसको २ बर्षको अवधि लामो होइन, त्यसैले यस अवधिमा विशेष अपेक्षा राख्नु र त्यसको सापेक्षतामा सरकारले केही गर्नसकेन भन्नु बौद्धिक दुर्बलता ठहरिएला । त्यसैले आजको गंभीर पक्ष यो होइन जस्तो लाग्छ मलाई । चिन्ताको गंभीर विषय त सरकारले अवलम्बन गर्न चाहेको आर्थिक नीति र राजनीतिको परिचालनमा सही दिशाबोधको अभाव हो । अर्थात, धनी मुलुकले आफ्नो आर्थिक सुरक्षा प्रत्याभूतिका लागि उसले हामीलाई अप्नाउन सल्लाह दिएको, तर हाम्रो संस्कार, संस्कृति, आवश्यकता र हित विपरीतको आर्थिक प्रणाली तथा राजनीतिको अवलम्बनप्रति सरकारको बफादारीपूर्ण प्रतिबद्धता, जसले मुलुकलाई अन्धकार भविष्यतिर धकेल्ने प्राय: निश्चित छ । ⊘



# सरकारको काम बहुदलीय प्रजातन्त्र विपरीत छ

*अधिवक्ता बालकृष्ण नेउपाने*

● कानूनको शासन, कानून भन्दा माथि कोही नहुने, जनताको इच्छा अनुसार शासन व्यवस्था संचालन हुने, जनताको भावना बमोजिम देशको विकास हुने, बहुदलीय व्यवस्थाले राष्ट्रियताको संरक्षण गर्ने र नेताले जनतालाई दिएको बचन पूरा गर्छन भन्ने अपेक्षा गरेर जन आन्दोलनमा सरिक भएको थिएँ । बहुदलीय व्यवस्थाले पंचायती व्यवस्थामा हुन नसकेको विकास गर्ला, देश आत्म निर्भर होला भन्ने म लगाएत सम्पूर्ण नेपालीका इच्छा थियो ।

●●जनता जुन कुरा सोचेर जन आन्दोलनमा सरिक भए, गिरिजा सरकारले त्यसको ठीक विपरीत काम गरेको छ । राष्ट्रियताको प्रश्नमा गिरिजा सरकारले अरु देशसँग आत्म-समर्पण गरीसकेको छ । यो सरकारका काम कारवाही हेर्दा नेपालको राष्ट्रियतालाई कमजोर बनाउने काम मात्र गरेको देखिन्छ । २०३६ सालको जनमत संग्रहको मतदाता नामावलीमा बहुदलीय व्यवस्थालाई हराउन विदेशीको नाम लेखिएको थियो भने नेपाली कांग्रेस पार्टीले २०४६ सालमा आफैले विरोध गरेकोमा आज आफ्नै सरकार गठन भएपछि त्यस्ता विदेशीहरुलाई नेपालको नागरिकता दिने भनी नागरिकता नियमावली बनाउनुले यो पार्टीको छवि बिग्रेको छ । विदेशीलाई नेपाली सरह रोजगार दिने गरी श्रम ऐन बनाई नेपालीको भन्दा भारतीयको हित संरक्षण गर्न सरकार तल्लीन देखिन्छ । नागरिकता नियमावली र श्रम ऐनलाई यथावत राख्ने हो भने नेपालीहरु नेपालमा नै अल्पमतमा पर्नेछन् ।

जुन अपेक्षा राखेर नेपाली जनता जन आन्दोलनमा सरिक भए, त्यो अपेक्षा पूरा भएको छैन । संयुक्त वाम मोर्चा र नेपाली कंग्रेसले आन्दोलन गर्दा जुन माग राखी आन्दोलन गरे, आफू सरकारमा आएपछि आफूले राखेका माग के थिए, सो कुरा बिर्सेका छन् । जन आन्नदोलनमा भारतको सहयोग भएको कुरा यदाकदा सुनिनमा आएको छ । यो सरकारको काम हेर्दा भारतको हित गर्ने मात्र देखिन्छ । यसको टड्कारो उदाहरण टनकपुर नै हो । सीमा नदीको आधा आधाको हकलाई करीब १ प्रतिशत दयाको रुपमा लिई सबै भारतलाई छोडेकोले नेपाली कांग्रेस पार्टी मात्र भारतमुखी होइन, सरकार पनि भारतमुखी रहेछ भन्ने प्रष्ट देखिएको छ ।

सरकारको संचालन बहुदलीय प्रजातन्त्रको सिद्धान्त अनुरुप भएको छैन । जनता र प्रतिपक्ष एकातिर छन् भने सरकार त्यसको ठीक विपरीत देखिन्छ । संविधानको उल्लंघन र मानव अधिकारको हनन् गरी जनताउपर गोली हान्ने काम मात्र सरकारको हो कि भनी शंका गर्ने अवस्था आएको छ । संविधान विपरीतको सन्धि ऐन जारी गर्ने, सानो भन्दा सानो कुरामा विदेशी सल्लाह लिन विदेश जाने र नेपालको अर्थतन्त्रलाई भारतीयकरण गर्ने काम गरिएको छ । त्यसैले, सरकारको काम कारवाही जन आन्दोलनको भावनाको विपरित छ ।

सरकारको गत २ वर्षको काम कारवाही बहुदलीय प्रजातन्त्रको विपरीत भएकोले अहिलेका घटनाक्रम हेर्दा यो भन्दा पंचायत राम्रो थियो भन्ने पनि यदा कदा सुनिन थालेको छ । गिरिजा सरकारले मित्रराष्ट्र चीन सरकारले नेपाली जनताको लागि स्थापना गरीदिएका उद्योग समेत निजीकरणको नाममा चलन चल्तीको मूल्य भन्दा कम मूल्यमा भारतीयलाई बिक्री गरी आफ्नो भारत-भक्ति प्रष्टसँग देखाएको छ । गिरीजा सरकारको काम कारवाही हेर्दा नेपालको राष्ट्रियता जोगाउनलाई अन्य विवाद छोडेर राष्ट्रप्रेमी नेपालीहरु एक हुनुपर्ने आवश्यकता टड्कारो रुपमा देखा परेको छ । ⊘

# जन आन्दोलनमा मेरो सहयोग र सक्रियता झण्डै झण्डै व्यर्थमा खेरगएछ



कल्याणदेव भट्टराई

● देशमा सही राजनीतिक व्यवस्था नभएसम्म देशको चौतर्फी विकास हुन सम्भव छैन भन्ने मेरो सोचाइ रहेको थियो र अहिले पनि छ । तात्कालीन स्वेच्छाचारी एकतन्त्रीय पंचायती व्यवस्थाको अन्त गरेर बहुदलीय प्रजातन्त्र मार्फत देशका व्याप्त भएका विसंगतिहरु, जस्तो- मानव अधिकारको हनन्, गैर प्रजातान्त्रिक चरित्र, भ्रष्टाचार, कमीशनखोरी आदि इत्यादिलाई खत्तम गरेर देशको चौतर्फी विकास गर्दै देशलाई खुशहालीतिर लैजान सकिन्छ भन्ने विश्वास गरेर म जन आन्दोलनमा सक्रियतासाथ लागेको थिएँ ।

मेरो लागि मूल साध्य देशको विकास थियो, नेपालीको खुशहाली थियो र साधन बहुदलीय प्रजातान्त्रिक व्यवस्था । यो नै मेरो आन्दोलनमा जानाको मूल कारण थियो ।

●● विगत तीन वर्षमा राजनीतिक साधनलाई छाडेर मेरा कुनै पनि आशा पूरा भएको पाइनं । सानो अवधिमा नै देशले विकास गर्छ, सारा विसंगति हटेर जान्छ, त्यस्तो सोचाई मेरो छैन । आलाउद्दीनको बत्ती कोहीसंग पनि छैन । त्यसैले रातारात कुरा ठीक हुने कल्पना कसैले पनि गरेको

४८ पेजको बाँकी

सुधारकहरु र खासगरी समाजवादीहरुले यस कुरामा अत्यन्त चनाखो हुनै पर्छ।

खेल्नै पर्ने भए हानीकारक नहुने सामग्री र शैली अप्नाएर अरुलाई सताएर हैन, आफू आफूबीच खेल्ने र अनिश्चित रुपले १०-१५ दिन अगाडिदेखि हैन, कुनै निश्चित एक दिन मात्र खेल्ने स्वस्थ परंपराको निर्माण गर्नमा राजनैतिक पार्टी र सामाजिक संस्थाहरुले अभियान नै चलाउनु जरुरी छ । तर अहिले त होलिको नाममा भांगको लड्डुको खुला किन-बेच र प्रयोग समेत अत्यन्त बढेको छ। होलिका-दहनका लागि भन्ने नाममा जवरजस्ती चन्दा उठाएर नशा-सेवन गर्ने प्रवृत्ति पनि, खासगरी तराइक्षेत्रमा युवाहरुमा बढेको छ । चोक चोकमा आगो बाल्ने काममा थुप्रै दाउरा र अन्य इन्धनको नाश बढ्दैछ । यी बिकृतिहरु र विकृतिका स्रोतहरु विरुद्ध सचेत रुपले समाजका नेतृत्वदायी बर्गले हस्तक्षेप गर्नु जरुरी छ।

यो हस्तक्षेप नगर्ने हो भने समाजमा उपभोक्तावादी संस्कृतिको फैलावट बढ्दै जानेछ र उरन्ठेउलो र छाडा व्यक्ति र जमातहरुको सनक र विकृत चाहनाको पछि पछि लागेर समाज लुरुलुरु भड्खालोमा जाकिन पुग्नेछ।

४३ पेजको बाँकी

थिएन र मैले पनि गरेको थिईन।

तर दुःखको कुरा, विकास भएन भन्ने होइन कि विकास गर्नको लागि आवश्यक दिशाबोध नै बर्तमान सरकारले देखाउन सकेन। अहिले आएर के जानकारीमा आयो भने हामी जस्ता गैर-राजनीतिज्ञहरुको लागि जुन कुरा साधन भन्या' छौं त्यो राजनीतिज्ञको लागि साध्य हुँदो रहेछ, विकासलाई जुन हामी साध्य भन्छौं, त्यो राजनीतिज्ञहरुको लागि जनता झुक्क्याएर मूर्ख बनाउने साधन हुँदोरहेछ। मैले अहिले आएर बुझेको कुरा यो हो।

अब हेर्नुहोस्, विगतका ३ वर्षमा पंचायतका विसंगतिहरुलाई हटाउन कुनै न कुनै कदम त अवश्यै चाल्नु पर्थ्यो। त्यो पनि चलेन र त्यो चाल्ने आँट र इच्छाशक्ति पनि सरकारले देखाएन । "कमीशन खानु गैर-कानूनी होइन", "भ्रष्टाचार त भएको छ तर कार्वाही गर्न प्रमाण छैन," भन्ने जस्ता वाहियात कुरा गरेर वर्तमान सरकारले पंचायती विसंगतिहरुलाई नै संबर्द्धन गर्दैछ, जसलाई हटाउन हामी आन्दोलनमा लागेका थियौं। तिनै विसंगतिलाई अहिले कानूनी मान्यता प्रदान गर्दैछ। यो नै मूल रुपमा दुःखको कुरा हो।

यसको साथै प्रजातान्त्रिक संस्कार पनि सरकारले देखाउन सकेन। पोहोर चैत्र २४ गते गोली चल्यो। त्यस हत्याकाण्डमा म "नागरिक छानबीन आयोग"को सदस्य थिएँ। हामीले निस्पक्षताका साथ छानबीन गर्यौं। बालकलाई गोली लागेको छ, आफ्नो घरमा बसेकी महिलालाई गोली लागेको छ, कैयन निरपराध व्यक्तिलाई गोली लागेको छ, त्यसको निष्पक्ष सामान्य जाँचबुझ गर्न समेत सरकार तयार छैन। उल्टै गोली हान्नु सही थियो भनी पंचायती तालमा सरकार विज्ञप्ती निकाल्छ। हाम्रो एउटा सानो विज्ञापन दिन समेत सरकार रोक लगाउँछ। सदनमा आएर मन्त्रीजी के भन्छन् भने "के छाप्ने, के नछाप्ने त्यसमा हामीले कुनै रोक लगाउने गरेका छैनौं।" यो खुलेआम झुठ भयो, यो पनि ठीक भएन।

पक्रिएका बन्दीलाई खुट्टामा पोलिन्छ। त्यसको जाँचबुझ गर्ने र दोषीलाई दण्ड दिने त यो सरकार इच्छासम्म पनि व्यक्त गर्दैन। यसले गर्दा त परिवर्तनको अनुभूति नेपाली जनताले गर्नै सकेनन्। यस्तो मेरो सोचाइ छ।

सामान्य राजनीतिक लाभलाई छाडेर वर्तमान व्यवस्था पञ्चायतभन्दा फरक भएको वर्तमान सरकारले देखाउनै सकेन, चाहेन पनि।

त्यसलै म अत्यन्तै निराश भएको छु। जन आन्दोलनमा मेरो सहयोग र सक्रियता झण्डै झण्डै व्यर्थमा खेरगएछ भन्ने महशूस भइरहेछ।

नयाँ वर्ष २०५० को
शुभारम्भको अवसरमा
समस्त
देशवासीहरुमा

हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं

-धुलिखेल
नगपालिका,
काभ्रे

काठमाडौंबाट बुटवल, भैरहवा
पाल्पा, नेपालगंज, दाङ, पोखरा,
भरतपुर (टाडी), हेटौंडा, वीरगंज,
जनकपुर र त्रिशुली
जान आउन परे संझनुहोस्
साझा यातायात

दृष्टि
साप्ताहिक
—अवश्य पढ्नुहोस्।—

नयाँ वर्ष २०५० को
शुभारम्भको अवसरमा
समस्त देशवासीहरुमा

हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं

श्री पशुपति बिस्कुट
इण्डष्ट्रिज (प्रा.लि.)

सम्झनुहोस्

अनुभवी तथा दक्ष
प्राविधिज्ञहरुद्वारा इनार र
बोरिङ गरी पानी निकाल्नको
लागि सम्झनुहोस्।

सम्पर्क:
अक्सन रोअर पम्प
मैतीदेवी, धोवीखोला पुल
फोन : ४१५८४९
समय: १० देखि ५ सम्म



# वाइ वाइ

## तैयारी चाउचाउ

नयाँ वर्ष २०५० को शुभारम्भको अवसरमा समस्त

देशवासीहरुमा हार्दिक मंगलमय

शुभकामना व्यक्त गर्दछौं

**Always Remember Us For:**

Water Turbine, Steel Structures & Workshop
Facility with Up to Date Machine

Complete Hydropower Generating Equipment,
Trusses, Suspension Bridges, Steel Furnitures
& Other Mechanical Engineering Works.

*Please contact us for your service at:*

**Balaju Yantra Shala (P.) Ltd.**

Balaju Industrial District
Balaju, Kathmandu. P.O.Box 209
Tel: 272147, 270894, Fax: 977-1-272379
Tlx: 2429 BYS NP

## नेपाल कोरिया मैत्री-संघ
## इन्द्रेणी सांस्कृतिक समाज (इसास)

को निमन्त्रणामा

प्रजातान्त्रिक जन-गणतन्त्र कोरिया

बाट आएको सांस्कृतिक टोलीद्वारा प्रस्तुत हुने

# विविध सांस्कृतिक कार्यक्रम

अवश्य हेर्नुहोस् ।

स्थानः प्रज्ञा भवन, कमलादी

मितिः २०४९ चैत्र २८ गते । दिनको २.० बजे

चैत्र २९ गते । साँझ ५.३० बजे

टिकट दरः रु. २००।-, १००।-, ५०।- र २५।- र १५।- मात्र

टिकट पाईने स्थानः प्रज्ञा भवनको मूल गेट


## हामी सेवाको लागि तयार छौं ।

रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र, राईजिङ्ग नेपाल र अरू विभिन्न पत्र-पत्रिका मार्फत् छिटो र आकर्षक विज्ञापन गराउनु परेमा सम्पर्क राख्नुहोला ।'कम्प्यूटरबाट टाइप सेटिङ, ग्राफिक डिजाइनका साथै स्क्रिन प्रिन्टिङ्ग र अफसेट प्रिन्टिङ्गको लागि पनि सम्झनु होला ।

**अभ्युदय एडभर्टाइजिङ्ग एजेन्सी**

पो. ब. नं. २९९८, न्यूरोड,
(रञ्जना हल अगाडि)
फोन: २२७७९९






# पाठकको कुरो

## नेपाली रोग ?

आजको नेपाली राजनैतिक सन्दर्भमा वर्षौं-वर्षदेखि प्रजातन्त्र, मानव अधिकारको लागि सधैं आन्दोलित हुने नेताहरुका विचारहरु पढ्न पाउँदा हामीलाई खुसी लागेको छ । तर आज प्रजातन्त्र आएपछि देशको कुनै पनि पार्टी भित्र दुई विचारधारा भएका नेताहरु देखिन्छन्, एकथरि कुर्सीको लालचमा फसेका छन् भने अर्को थरि आफ्नो क्रान्तिकारी आन्दोलनलाई नेपाली जनताको साथमा लान चाहन्छन् तर जे होस् तपाईहरुको कार्यक्षेत्र सफल हुँदै जावोस् ।

यतिमात्र नभई पत्रिकाको बारेमा भन्नै पर्ने कुराहरु के छन् भने यो पत्रिकालाई पनि नेपाली रोग लागे जस्तो लाग्यो, किनकि अपार पाठकहरुको माझमा चाँडो आइपुग्न सक्तैन र पाठकहरु खिन्न मन लिन पुग्दछन् । विज्ञान स्तम्भ स्वागत योग्य छ । अझ सामान्य ज्ञान प्रतियोगिता, कोठेपद जस्ता कार्यक्रमहरु पत्रिकामा राखिए अझ पाठकहरुको न्यानो माया पत्रिकाले पाउँथ्यो की ?

- पदम कुमार राई "अकेला"
केन्द्रिय प्रविधि क्याम्पस
हात्तीसार, धरान ।

## उचित र पठनीय

बहुदलीय व्यवस्थाको स्थापनासँगै नेपालमा पत्रकारिताको क्षेत्रमा केही आसाको संचार भयो । यसै क्रममा वामपन्थी विचारलाई समेट्दै विचार अन्तर्क्रियामुखी "मूल्याङ्कन" पत्रिका निस्केको पाउँदा र अझ यसले नेपालका तमाम वामपन्थीहरुलाई एउटै मञ्चमा उभ्याई भण्डै बहसको रुपमा ल्याएको वामपन्थी आन्दोलन उद्देश्य, लक्ष्य, र विशिष्ट परिस्थिति तथा क्रान्ति आदिको विषयमा लेख, अन्तवार्तामार्फत ठोस निस्कर्ष निकाल्न मद्दत गर्नेछ भनी आशा गरिन्छ । अङ्क ९ मा नेपालमा नयाँ-जनवाद नै किन र कसरी ? भन्ने शीर्षकमा नेपालका बामपन्थी आन्दोलनका शीर्षस्थ नेताहरुको विचार-अन्तर्क्रिया ज्यादै उचित र पठनीय लाग्यो ।

मीनबहादुर पराजुली थापा, "सगुन" हेमजा- १
कास्की

## साउदी अरबबाट--

मैले साउदी अरबको मरुभूमिमा बसेर पनि मातृभूमिबाट प्रकाशित भएको भू.पू साप्ताहिक, हाल मासिक "मूल्याङ्कन" अङ्क ९ प्राप्त गरें । पत्रिकाको सबै स्तम्भ राम्रो लाग्यो । अझ प्रत्रिका मासिक रुपमा प्रकाशित भएपछि सबै वामपन्थीहरुको साझा मंचको रुपमा सबैलाई एउटा थलोमा ल्याई सबै वामन्थीहरुलाई एकता मंच जस्तो भएकोमा अतिनै खुशी लाग्यो ।

जनताहरु पनि आज वामपन्थी एक भएको चाहेको छ । तर जनताले अनेक कोशिश गर्दा पनि वामपन्थीलाई एक बनाउन नसकेको स्थितिमा आज जनताको आवाज लिएर मूल्याङ्कन आएकोमा मूल्याङ्कनलाई शुभकामना छ । बधाइ छ । जयबिक्रम श्रेष्ठ "फकिरा" बुष्टान सकाका साउदी अरब

## क.सीतारमैया गिरफ्तार

म रोगको उपचारका लागि आन्ध्र प्रदेश, कृष्णा जिल्लाको अनामपुडी गाउँमा आफ्नै साली रामुलाम्माको घरमा रहिरहनु भएको बखत यही चैत्र ७ गतेको मध्य राति १२.३० बजे, भारतको "नक्स लबाडी गुरिल्ला विरोधी कमाण्ड"का सादा पोशाकका प्रहरीहरुले ७४ वर्षीय क. सीतारमैयालाई घरमा छापा मारेर अश्चर्यजनक रुपले गिरिफ्तार गरेका छन् । १० वर्ष अगाडि पक्रिएपनि फुत्किनु भएका उहाँको सुराक मात्र दिने मानिसलाई पनि भा.रु. ५ लाखको पुरस्कार दिने भारत सरकारको घोषणा थियो ।

१७ वर्षको उमेरमा तात्कालीन भा.क.पा.बाट पार्टी जीवन शुरु गर्नु भएका क. सीतारमैया चारुमजूमदार पछिका अर्का सबैभन्दा चर्चित बामपन्थी नेताका रुपमा चिनिनु हुन्छ । शुरुमा तेलंगाना किसान विद्रोहबाट र पछि नक्स लवाडी किसान आन्दोलनबाट प्रभावित उहाँले भा.क.पा. (माले) माथिको चर्को दमनपछि सन् १९८० मा पिपुल्स वार ग्रुप गठन गर्नुभएको थियो । त्यहाँदेखि उहाँको नेतृत्वमा अन्ध्र प्रदेशमा लगातार साशस्त्र किसान विद्रोह चल्दै आएको छ ।

उहाँलाई अहिले अत्यन्त कडा सुरक्षामा हैदराबादको राज्य गुप्तचर हेडक्वार्टरमा राखिएको छ । पेरुका कामरेड गोन्जालोलाई जस्तै उहाँलाई पनि धुप्रै मानिसको ज्यान लिएको र आतंक मच्चाएको मुद्दा लगाइएको छ । त्यस मुद्दामा उहाँलाई मृत्यु-दण्ड पनि हुन सक्छ । तर उहाँका केही नातेदार, केही स्थानीय मानव-अधिकार संगठन र भू.पू. रेल मन्त्री जर्ज फर्नान्डिज बाहेक भारतका कम्युनिष्ट पार्टीहरुले उहाँको रिहाइ र बचावटको लागि उल्लेखनीय अवाज उठाइरहेका छैनन् । यो आश्यर्यको कुरा भएको छ ।

## छाप्दा छाप्दै

## टनकपुरको मामलामा सर्वसम्माति यो



सभामुख ढुंगाना

पंक्ति लेख्दा (चैत २४ गते) सम्म सभामुख दमन ढुंगानाको प्रयत्नमा आज संसदमा टनकपुरको बाँध परियोजना र सन्धि ऐन संशोधनको मामलामा एउटा सर्वसम्मतिको फर्मूला प्रतिपादन भएको खबर प्राप्त भएको छ।

यो फर्मूला अनुसार सरकारले टनकपुर मुद्दा "व्यापक" गंभीर र दीर्घकालीन प्रकृतिको नभएकोले प्रतिनिधि सभाको बहुमतबाट पास गरियोस् भनेर प्रस्ताव राख्नेछ । प्रतिपक्षको तर्फबाट क. मदन भण्डारीले संसदको दुवै सदनको क्षेत्राधिकारको सवाल भएकोले यसलाई प्रतिनिधि सभामा छलफल नगरियोस् भनेर प्रस्ताव गर्न हुनेछ । वाम सांसद भीमबहादुर श्रेष्ठले "यसले पार्न सक्ने असरको मूल्याङ्कन र सदनको क्षेत्राधिकार निर्धारण गरी प्रतिवेदन पेश गर्न दुवै सदनको १५ सदस्यीय संयुक्त समिति गठन गरियोस् भनेर नाम सहितको प्रस्ताव राख्नुहुनेछ । र, सर्व-सम्मतिले सता पक्षको ८ प्रतिपक्षको ७ सदस्य भएको त्यस्तो समिति गठन हुनेछ, जसमा हरेक निर्णय सर्वसम्मतिबाट हुनेछ । त्यसपछि सरकारले सन्धि ऐन संशोधनको विधेयक दफावार छलफलको निम्ति संबन्धित समितिमा पठाइयोस् भनेर प्रस्ताव गर्नेछ । यसरी दुवै सवाल- यो अधिवेशनबाट पास नभए आगामी अधिवेशनमा निर्णयार्थ जानेछ ।

यो फर्मूला जन-संघर्ष उठाउन बेतयार मनस्थितिमा प्रतिपक्षको निम्ति नाक बचाउने बाटो भएको छ । सत्ता पक्षको सन्धिको प्रकृति सम्बन्धी अडान यथावत भएकोले यो उसको लागि त्यो बेलामा टनकपुर मुद्दालाई पर सार्ने मौका भएको हुन सक्दछ, जुनबेला वर्षा-याम हुने हुनाले सडक-आन्दोलन हुने संभावना कम हुन्छ ।


प्रकाश साप्ताहिक पढ्नु भयो?

२०५० नववर्षले
सबत्र
सुख शान्ति
ल्याओस्

नेपाल बैंक लिमिटेड





उच्च कोटिको बेलायती
मेशिनद्वारा उत्पादित
आधुनिक फिनिशिङ्ग प्लान्टबाट
फिनिश्ड भएको
टायगर, डाय, स्पाईडर
मोजाको लागि
सम्झनुहोस् !

उत्पादकः नेपाल निटिङ्ग इण्डष्ट्रिज प्रा.लि.
पाइने ठाउः लक्ष्मीदास हरिदास
ठहिटी फोनः २-२१८२५

नयाँ वर्ष २०५० को
शुभारम्भको अवसरमा समस्त
देशवासीहरुमा
हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं


-खाद्य उद्योग प्रा.लि.
हेटौडा

# अव जतातत‍ै भौंतारिनु पर्दैन

सोलार
वाटर हिटर

सुपथ मूल्यमा

पाँच वर्षको ग्यारेन्टीका साथ
धमाधम विक्री हुँदैछ ।




SOLAR

सम्पर्क स्थान:-

नयाँ वानेश्वर,

*होटेल एभरेष्टको लाइनमा* फोन नं. २१५६९८



# नेबिको

नयाँ
आवश्यकता

बिस्कुटहरु

तपाईको स्वास्थ्य, वचत
र सम्मान प्रति जत्तिको
होसियार छ त्यत्तिकै
आफ्नो गुणस्तर प्रति छ।




नेबिको प्रा. लि.
काठमाडौं, नेपाल

MULYANKAN
A magazine for Thougnt-Interaction

ल.पु.जि.प्र.का द.नं. ११।०४९।५० म.क्षे.हु.नि./हु.द.नं. ४८।०४९।५०

# बोर्डिङ्ग पास - समयको उपहार

एक वृद्ध महिला जमले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन्। छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन्। बडो उत्सुकताका साथ पर्खिरहेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको "पुष्पक विमान" को परिकल्पनामा मग्न छिन्।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिंडाईको दुख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन्। अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरू छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास - अमूल्य समयको उपहार ।

देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न





शाही नेपाल वायुसेवा

जति उड्यो उति उडौं उडौं लाग्ने